# आवधिक विकास योजना

(आ. व. २०७८/७९ – २०८२/८३)



## गाउँ कार्यपालिकाको कार्यालय
## सुनकोशी गाउँपालिका
## रामटार, सिन्धुली
## बागमती प्रदेश

# सुनकोशी गाउँपालिकाको आवधिक योजना

(२०७८/७९-२०८२/८३)

**Periodic Plan of Sunkoshi Rural Municipality, Sindhuli**

<u>आर्थिक तथा प्राविधिक सहयोगः</u>

## प्रदेश सुशासन केन्द्र

## प्रदेश प्रशिक्षण प्रतिष्ठान जावलाखेल, ललितपुर

## बागमती प्रदेश

<u>प्राविधिक सहजिकरणः</u>

भिजन सेन्चुरी ईन्स्टिच्युट प्रा. लि.

बानेश्वर, काठमाण्डौ

२०७८



**शुभकामना मन्तव्य गाउँपालिका अध्यक्ष**

नेपालको संविधानले नेपाल संघिय गणतान्त्रीक मुलुकमा परिणत भएको व्यवस्था गरे अनुरुप संविधानको अनुसूचि ८ मा उल्लेखित २२ वटा अधिकारको प्रयोगको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई स्थानीय सरकारलाई मुर्तरुप दिएको छ । उक्त ऐनको परिच्छेद ६ दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था भए अनुरुप गाउँपालिकाको विकासलाई योजनावद्ध रुपमा अगाडि बढाउने हेतु सुनकोशी गाउँपालिकाको आवधिक विकास योजना (२०७८/७९—२०८२/८३) तर्जुमा गरिएको छ । यसलाइ गाउँकार्यपालिकाको वैठक तथा गाउँसभाबाट स्वीकृत गरी गाउँ विकासको मार्गदर्शक र महत्वपूर्ण दस्तावेजको रुपमा ग्रहण गरिएको छ ।स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु नै स्थानीय विकासका अगुवा तथा नेतृत्वकर्ता भएको हुँदा यस आवधिक विकास योजना तर्जुमाका सम्पूर्ण प्रक्रियामा शूरुदेखिकै मार्गदर्शन तथा पहलकदमी रहेको सन्दर्भमा आगामी दिनमा यस योजनाको प्रभावकारी कार्यान्वयनमा पनि सबै क्षेत्रको अपनत्व र प्रतिबद्धता निरन्तर रहने विश्वास लिइएको छ ।

गाउँपालिकाका विषयगत क्षेत्रका विज्ञहरु भनेको यहाँ स्थित विषयगत शाखाका कर्मचारीहरु नै हुन् । यी विषयगत शाखाहरुको सहयोग र सहभागिताविना प्रस्तुत आवधिक विकास योजनाले पूर्णता पाउन सक्दैनथ्यो । अन्त्यमा, यस दस्तावेजलाई तर्जुमा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष योगदान गर्नुहुने निर्वाचित जनप्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न विषयगत शाखाका कर्मचारीहरु, गाउँपालिकाका कर्मचारीहरु, स्थानीय वुद्धिजिविहरु, पत्रकारहरु र यस कार्यमा प्रत्यक्ष, परोक्षरुपमा सहयोग पुर्याउनु हुने सम्पूर्ण संघ संस्था तथा महानुभावहरु प्रति धन्यवाद प्रकट गर्न चान्हछु । योजना तर्जुमाका क्रममा जिल्ला, प्रदेश र संघिय सरकारका प्रतिनिधिहरुको सहयोग र समन्वयका लागि हार्दिक आभार प्रकट गर्दछु । यस आवधिक विकास योजना तर्जुमा गर्ने कार्यमा सहजीकरण गरी प्राविधिक सहयोग प्रदान गर्ने भिजन सेन्चुरी ईन्स्टिच्युट प्रा. लि. मध्यपुर, ठिमीका विज्ञहरूको टोलीलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

...............................

**दिपा बोहोरा (दाहाल)**

**अध्यक्ष**



**शुभकामना मन्तव्य गाउँपालिका उपाध्यक्ष**

नेपाली जनताको लामो समय देखिको त्याग, वलिदानीपुर्ण पटक—पटकको आन्दोलन र संर्घषबाट जारी भएको नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम भएको छ । नेपालमा पुरानो राज्य संरचनाको विघटन भई नयाँ संरचनाको ढाँचामा प्रवेश गरेको छ । संघीय संरचना अनुसार नै स्थानीय तहको निर्वाचन सम्पन्न गरी सवै स्थानीय तहमा जन निर्वाचित जन प्रतिनिधिहरुले नेतृत्व गरिरहेका छन् । नेपालमा नयाँ संविधान वमोजिमको संघीय ढाँचाको राज्य संरचना कार्यन्वयन गर्ने पहिलो चरणमा हामीलाई जनताले निर्वाचित गरेर पठाएका छन् । हाम्रो संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी स्वाधिन, समुन्नत तथा समाजवादउन्मुख अर्थ व्यवस्था मार्फत समृद्ध नेपालको निर्माण गर्ने परिकल्पना गरेको छ । यसैगरी संयुक्त राष्ट्र संघद्धारा, सन् २०१६ देखि २०३० सम्मकालागि विश्वव्यापी विकास एजेण्डाको रुपमा विभिन्न १७ वटा दीगो विकासका लक्ष्यहरु निर्धारण गरिएका छन् ।

यसै सन्रदभमा संविधानले निर्देश गरेअनुसारको नीतिसंग समायोजन हुने गरी सुनकोशी गाउँपालिकाले पनि आफ्नो दीगो विकासका लक्ष्य हाँसिल गर्न आफ्नो योजनावद्ध आवधिक योजना तर्जुमा गर्न वान्छनीय भएको ठानेको थियो । सोही निर्णयलाई प्रोत्साहन गर्ने हेतुले प्रदेश सुशासन केन्द्र, बागमती प्रदेश, जावलाखेल, ललितपुरले यस गाउँपालिकाको आवधिक योजना तयार पार्न छनौट गरेको थियो । त्यस अनुसार करिव ५/६ महिनाको अवधि लगाएर प्रारम्भिक तथ्यांक संकलन सहित सम्पुर्ण विषयवस्तु र क्षेत्र समेटिने गरी विभिन्न चरणमा जनस्तरवाट र बिज्ञहरुवाट सुझावहरु संकलन गरी आगामी ५ वर्षको आवधिक योजनाका साथै ३ बर्षको मध्यकालीन खर्च संरचना निर्माण गरिएको छ । जैविक विविधताले भरिपूर्ण प्रचुर प्राकृतिक सम्पदा र साँस्कृतिक विशेषताहरु भएको सुनकोशी गाउँपालिकामा जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहनाअनुसार योजनावद्ध विकास गर्ने यो प्रतिवेदन एउटा मार्गदर्शक मार्गचित्र हुनेछ । यो योजना तयार गर्नको लागि प्रत्यक्ष, अप्रत्यक्ष रुपमा योगदान गर्नु हुने सम्पूर्ण हाम्रा शुभचिन्तक विज्ञ विद्धानहरु, आम जनसमुदाय तथा यसमा आ—आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका भिजन सेन्चुरी ईन्स्टिच्युट प्रा. लि. मध्यपुर, ठिमीका विज्ञहरूको टोलीलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।.

.................................

**दिर्व सिं मुक्तान**

**उपाध्यक्ष**



**शुभकामना मन्तव्य प्रमुख प्रसासकिय अधिकृत**

सुनकोशी गाउँपालिकाको  आबधिक योजना तयार गरी गाउँपालिकाको कार्यालयमा प्रस्तुत गरिएको अबस्थामा प्रस्तुत आवधिक योजनाले यस गाउँपालिकाको सर्वाङ्गिण विकासका निमित्त महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा  लिइएको छ । स्थानीय विकासमा स्थानीय परम्परागत सीप, ज्ञान र प्रविधिको मौलिकपनको जगमा टेकेर परिमार्जन गर्दै आधुनिक विकासको थालनी गर्ने अभिप्राय यस आवधिक योजना प्रतिवेदनको रहेको पाइएको छ । त्यसैले स्थानीय स्तरमा रहेको परम्परागत सीप, ज्ञान र प्रविधि जो शताब्दीयौंदेखि यस स्थान विशेषको भूगोलमा अनुकुलन भएको छ, त्यसलाई नै परिमार्जन गर्दै आधुनिकीकरणको बाटो समाएर स्थानीय विकास गतिविधि प्रबर्धन गर्नुपर्दछ । बाहिरबाट हुने सहयोग र लगानीको प्रवेश स्थानीय विकासका हितमा निष्कपट रुपमा उपलब्ध हुनु पर्दछ जसले आम जनताको जीवनस्तर उकास्न भरसलाग्दो र भरपर्दो भुमिका खेल्न सकोस  भन्ने हाम्रो मान्यता रहेको छ । सुनकोशीबासी आम जनता र जनताद्धारा निर्वाचित जनप्रतिनिधिहरुको वर्तमान नेतृत्व अत्यन्त सचेत, जागरुक र गतिशील छ । उहाँहरुकै सक्रिय सहभागितामा यो आबधिक योजना माथिबाट तल होइन कि तलदेखि माथि को नमूनामा तयार गरिएको छ । किनभने अध्ययनको सबै चरणमा सामुहिक रुपमा वहाँहरुले नै स्वतस्फूर्त रुपमा छलफल समेत गरी सर्वसम्मत ताली बजाएर पारीत भई यो आवधिक योजना प्रतिवेदन तयार भएको हो

सुनकोशी  गाउँपालिकाको यो आवधिक योजना तयार गर्ने क्रममा प्रत्यक्ष-परोक्ष रुपमा सहयोग गर्ने सबै प्रति आभार ब्यक्त गर्न चाहन्छु । साथै यो प्रतिवेदन तयार गर्दा महत्वपूर्ण सुझाव प्रदान गर्ने स्थानीय नागरिक समाज, राजनैतिक पार्टीका सम्बधध व्यक्तित्वहरु सम्पूर्णमा धन्यवाद व्यक्त चाहन्छु । साथै सुनकोशीबासी आम जनता जो जसले यो प्रतिवेदन तयारीको शिलशिलामा आआफ्नो क्षेत्रबाट जे जस्तो सल्लाह सुझाव दिएर सहयोग गर्नुभयो उहाँहरु सबैमा धन्यवाद व्यक्त गर्न चाहन्छु । अन्तमा आ—आफ्नो भूमिकामा रहेर योगदान दिनु भएका भिजन सेन्चुरी ईन्स्टिच्युट प्रा. लि. मध्यपुर, ठिमीका विज्ञहरूको टोलीलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।.

.................................

**वसन्त न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

**संक्षिप्त रुप**

| | |
|---|---|
| आ.ब. | अर्थिक बर्ष |
| गा.पा. | गाउँपालिका |
| मे..टन | मेट्रिक टन |
| रु. | रुपैया |
| कृ.आ.यो. | कृषि आवधिक योजना |
| कि.मि. | किलो मिटर |
| के त. बि. | केन्द्रिय तथयाक बिभाग |
| GESI | Gender and Social Inclusion |
| IEE | Initial Environmental Examination |
| HDI | Human development Index |
| NHDR | Nepal Human Development Report |
| HIMS | Health Information Management System |
| EIMS | Education Information Management ङ्कystem |

# बिषयसूची

**परिच्छेद १ परिचय** ........ १
**१.१ पृष्ठभूमि** ........ १
**१.२ गाउँपालिकाको वस्तुस्थिति** ........ २
१.२.१ उचाइको हिसाबले भूभागको बर्गीकरण ........ ३
१.२.२ हावापानी ........ ५
१.२.३ भिरालोपन ........ ५
१.२.४ भू-उपयोग ........ ६
**१.३ आवधिक योजना तजुर्माका उद्देश्यहरू** ........ ७
**१.४ योजना निर्माण विधि र प्रक्रियाहरू** ........ ७
**१.५ योजना तर्जुमाका आधारहरू** ........ ९
**१.६ सीमाहरू** ........ ९
**परिच्छेद २ समष्टिगत योजनाको अवधारणा** ........ ११
**२.१ पृष्ठभुमि** ........ ११
**२.२ योजना खाका** ........ ११
२.२.१ दीर्घकालीन सोच ........ ११
२.२.२ लक्ष्य ........ ११
२.२.३ उद्देश्य ........ ११
२.२.४ रणनीति तथा कार्यनीति ........ ११
**२.३ सुनकोशीका गौरवका आयोजनाहरू** ........ १४
**२.४ समग्र अपेक्षित उपलव्धिहरू** ........ १५
**२.५ वित्तीय व्यवस्थापन** ........ १६
२.५.१ सार्वजनिक स्रोत परिचालनको आधार ........ १६
२.५.२ कुल वित्तीय लगानी ........ १७
२.५.३ लगानीका क्षेत्रहरू ........ १७
**२.६ सार्वजानिक खर्च र खर्च बेहोर्ने श्रोतहरू** ........ १८
**२.७ सार्वजनिक खर्चको बाँडफाँट** ........ २१

परिच्छेद ३ सुनकोशी गाउँपालिकाको समष्टिगत आर्थिक नीति........ २२
३.१ सार्वजनिक खर्च........ २२
३.२ राजस्व........ २४
३.३ सार्वजनिक ऋण........ २६
परिच्छेद ४ आर्थिक विकास क्षेत्र........ २९
४.१ कृषि र पशुपन्छी विकास........ २९
४.२ पर्यटन विकास........ ३६
४.३ लघु उद्यमशिलता विकास र स्व—व्यवसाय प्रवर्धन........ ३९
४.४ वित्तिय संस्था र सहकारी क्षेत्र परिचालन........ ४२
४.५ उद्योग, बाणिज्य तथा आपुर्ती........ ४५
४.६ खाद्य सुरक्षा र गरिवी निवारण........ ४८
४.७ सिंचाइ तथा जलस्रोत........ ५२
परिच्छेद ५ सामाजिक विकास क्षेत्र........ ५५
५.१ जनसङ्ख्या तथा बसाइँसराइ........ ५५
५.२ शिक्षा........ ५७
५.३. खानेपानी, सरसफाई र स्वच्छता........ ६१
५.४ स्वास्थ्य र पोषण........ ६४
५.५ महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू........ ६७
५.६ युवा तथा खेलकुद........ ७१
५.७ समाजिक सुरक्षा तथा संरक्षण........ ७५
परिच्छेद ६ पूर्वाधार विकास क्षेत्र........ ७७
६.१ ऊर्जा........ ७७
६.२ यातायात पूर्वाधार........ ८०
६.३ आवास तथा बस्ती विकास........ ८५
६.४ सञ्चार तथा सुचना प्रविधि........ ८८
६.५ फोहोर मैला तथा ढल निकाश........ ९१
परिच्छेद ७ वन वातावरण र विपद् व्यवस्थापन........ ९३
७.१ जलवायु परिवर्तन अनुकुलन........ ९३
७.२ विपद् व्यवस्थापन........ ९७

७.३ वन तथा भू-संरक्षण ........................................................................................१००
परिच्छेद ८ संस्थागत विकास ........................................................................................१०३
८.१ सेवा प्रवाह तथा सुशासन ........................................................................................ १०३
८.२ मानव संसाधन तथा संस्थागत क्षमता विकास ........................................................................................१०८
८.३ तथ्याङ्क प्रणाली ........................................................................................१११
८.४ शासकीय सुधार ........................................................................................११३
८.५ प्रशासकीय सुशासन ........................................................................................११५
८.६ वित्तीय सुशासन ........................................................................................११७
८.७ भ्रष्टाचार निवारण ........................................................................................११९
परिच्छेद ९ अन्तरसम्बन्धित बिषय ........................................................................................१२१
९.१ सुरक्षा ........................................................................................१२१
९.२ मानव अधिकार ........................................................................................१२३
९.३ संघीय शासन प्रणाली ........................................................................................ १२५
९.४ स्थानीय तहको सन्तुलित विकास ........................................................................................ १२७
परिच्छेद १० योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ........................................................................................१२९
१०.१ योजना तर्जुमा र कार्यान्वयन ........................................................................................ १२९
१०.२ आयोजना बैंक ........................................................................................१३२
१०.३ योजना कार्यान्वयन गर्न अन्तरसरकार समन्वय ........................................................................................ १३४
१०.४ अनुगमन तथा मूल्याङ्कन ........................................................................................१३६
१०.५ अनुसन्धान तथा विकास ........................................................................................ १३८
परिच्छेद ११ कार्यक्रम खाका ........................................................................................१४०
परिच्छेद १२ नतिजा खाका ........................................................................................१६३
अनुसूची ........................................................................................१७४

## तालिकासूची

तालिका १: सुनकोशी गाउँपालिकाको जानसाङ्ख्यिक विवरण........ ३
तालिका २: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (उचाइ मिटरमा)........ ४
तालिका ३: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (भिरालोपन)........ ५
तालिका ४: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (भू-उपयोग)........ ६
तालिका ५: सुनकोशी गाउँपालिकाका आगामी पाँच बर्षका रणनीति तथा कार्यनीतिहरू........ ११
तालिका ६: सुनकोशी गाउँपालिकाको समग्र अपेक्षित उपलब्धिहरू........ १५
तालिका ७: आवधिक योजनामा बहुक्षेत्रगत अनुमानित लागत........ १७
तालिका ८: सुनकोशी गाउँपालिकको सार्वजानिक खर्च र खर्च बेहोर्ने श्रोतहरू........ २०
तालिका ९: सार्वजनिक खर्चको बाँडफाँट........ २१
तालिका १०: सार्वजनिक खर्चका रणनीति तथा कार्यनीति........ २३
तालिका ११: राजस्वका रणनीति तथा कार्यनीति........ २५
तालिका १२: सार्वजनिक ऋणका रणनीति तथा कार्यनीति........ २७
तालिका १३: सुनकोशी गाउँपालिकामा कृषि उत्पादकत्व तथा कृषि विकासको अवस्था........ २९
तालिका १४: कृषिका रणनीति तथा कार्यनीतिहरू........ ३२
तालिका १५: पर्यटनका रणनीति तथा कार्यनीतिहरू........ ३७
तालिका १६: लघु उद्यमशिलता विकास र स्व—व्यवसाय प्रवर्धनका रणनीति तथा कार्यनीति........ ४०
तालिका १७: वित्तिय संस्था र सहकारी क्षेत्र परिचालनका रणनीति र कार्यनीति........ ४३
तालिका १८: आय आम्दानीको मुख्य स्रोत........ ४५
तालिका १९: आपुर्तीका रणनीति र कार्यनीति........ ४६
तालिका २०: खाद्य सुरक्षा भएका घरपरिवार संख्या प्रतिशतमा........ ४८
तालिका २१: घरधुरी जग्गा विवरण........ ४९
तालिका २२: खाद्य सुरक्षा र गरिवी निवारणका रणनीति र कार्यनीति........ ५०
तालिका २३: सिंचाईका रणनीति तथा कार्यनीतिहरू........ ५३
तालिका २४: जनसङ्ख्या तथा बसाइँसराइ रणनीति तथा कार्यनीतिहरू........ ५६
तालिका २५: शिक्षाका रणनीति तथा कार्यनीतिहरू........ ५९
तालिका २६: सुनकोशीका खानेपानी तथा सरसफाइ सुचक........ ६१
तालिका २७: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू........ ६२
तालिका २८: सुनकोशी गाउँपालिकाको समग्र स्वास्थ्य अवस्था........ ६४
तालिका २९: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू........ ६५
तालिका ३०: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू........ ६८

तालिका ३१: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू.................................................. ७२
तालिका ३२: सामाजिक सुरक्षा र संरक्षणाका रणनीति तथा कार्यनीतिहरू.......................................... ७५
तालिका ३३: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू..................................................................७८
तालिका ३४: यातायात साधन चल्ने सडकहरू......................................................................८०
तालिका ३५: सडक पुगेका स्थानहरूको बिबरण.................................................................... ८१
तालिका ३६: ग्रामिण सडकको मापदण्ड............................................................................ ८२
तालिका ३७: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू............................................. ८३
तालिका ३८: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू........................................... ८६
तालिका ३९: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू...........................................८९
तालिका ४०: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू............................................... ९१
तालिका ४१: वातावरण संरक्षणा तथा जलवायु परिवर्तन का रणनीति तथा कार्यनीतिहरू....................... ९५
तालिका ४२: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू.................................................... ९७
तालिका ४३: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू...................................................१०१
तालिका ४४: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू...........................................१०४
तालिका ४५: मानव संसाधन तथा संस्थागत विकासका रणनीति तथा कार्यनीतिहरू............................११०
तालिका ४६: तथ्याङ्क प्रणालीका रणनीति तथा कार्यनीतिहरू.......................................................१११
तालिका ४७: शासकीय सुधारका रणनीति तथा कार्यनीतिहरू.......................................................११३
तालिका ४८: प्रशासकीय सुशासनका रणनीति तथा कार्यनीतिहरू..................................................११५
तालिका ४९: वित्तीय सुशासनका रणनीति तथा कार्यनीतिहरू.......................................................११७
तालिका ५०: भ्रष्ट्राचार निवारणका रणनीति तथा कार्यनीतिहरू.....................................................११९
तालिका ५१: सुरक्षाका रणनीति तथा कार्यनीतिहरू.................................................................१२१
तालिका ५२: मानवअधिकारका रणनीति तथा कार्यनीतिहरू........................................................१२३
तालिका ५३: संघीय शासन प्रणालीका रणनीति तथा कार्यनीतिहरू................................................१२५
तालिका ५४: स्थानीय तहको सन्तुलित विकासका रणनीति तथा कार्यनीतिहरू...................................१२७
तालिका ५५: योजना तर्जुमा र कार्यान्वयनका रणनीति तथा कार्यनीतिहरू.......................................१३०
तालिका ५६: आयोजना बैंकका रणनीति तथा कार्यनीतिहरू........................................................ १३३
तालिका ५७: योजना कार्यान्वयन गर्न अन्तरसरकार समन्वयका रणनीति तथा कार्यनीतिहरू................ १३४
तालिका ५८: अनुगमन तथा मूल्याङ्कनका रणनीति तथा कार्यनीतिहरू............................................१३६
तालिका ५९: अनुसन्धान तथा विकासका रणनीति तथा कार्यनीतिहरू............................................. १३८
तालिका ६०: सुनकोशी गाउँपालिकाको समग्र विकास योजना/कार्यक्रम खाका...................................१४०
तालिका ६१: दीर्घकालीन राष्ट्रिय लक्ष्यका संकेतहरु...................................................................१६३
तालिका ६२: दीगो विकास लक्ष्यको स्थानीयकरण.....................................................................१६३

तालिका ६३: सुनकोशी गाउँपालिकाको समस्त विकासको नतिजा खाका ..........................................१६५
तालिका ६४: योजना तर्जुमाका लागि दर रेटको विवरण ..........................................................१७४

## चित्रसूची

चित्र १: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (उचाइ) को जिआइएस नक्सा.............................. ४
चित्र २: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (भिरालोपन) को जिआइएस नक्सा.......................... ६
चित्र ३: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (भू-उपयोग) को जिआइएस नक्सा.......................... ७
चित्र ४: प्रतिशतको आधारमा बिषयगत खर्चको विवरण...............................................................१८
चित्र ५: प्रतिशतका हिसावले श्रोतहरू ..........................................................................१८
चित्र ६: सुनकोशी गाउँपालिकाको औसत मासिक बर्षाको विवरण....................................................९४
चित्र ७: सुनकोशी गाउँपालिकाको गत ३६ बर्षको औसत बार्षिक बर्षाको विवरण...............................९४

# परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले प्रस्ताव गरेका मौलिक हकहरूको प्रत्याभुत गर्न, प्रवर्द्धन गर्न र उपभोग गर्ने वातावरण निर्माण गर्ने दायित्व नेपालका तिनै तहका सरकारहरूको हो । सामाजिक न्याय र समाजवादको सैद्धान्तिक आधारमा राज्यका संयन्त्र, सेवा तथा कार्यक्रमहरू निर्माण गर्न वान्छनिय भएकोले तिनै तहका सरकारहरूले योजनावद्ध गरिरहेका छन् । आर्थिक अधिकारलाई सवै अधिकारहरूको चालकको रुपमा प्रहण गर्ने अन्तराष्ट्रिय मान्यता रहिआएको छ । सरकारले आर्थिक विकासलाई आमनागरिकको लगानी र उत्पादनको उपभोग तथा वितरणमा सामाजिक न्यायको सिद्धान्तलाई अवलम्बन गर्नुका साथै वातावरणमैत्री दिगो विकासलाई आधार मानेको छ । योजनाका अन्तर्निहित सार वस्तु स्वरुप दिगो विकास, न्यायपूर्ण र समानतामा आधारित विकासको प्रतिफल वितरण, निजी, सामाजिक सुरक्षा र आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारी सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने नीति केन्द्रिय सरकारले लिएको छ । आर्थिक सम्वृद्धिसंगै राष्ट्रले सामाजिक सुरक्षा बहनको क्षेत्र व्यापक बनाउने र त्यसका आधारमा बिपन्न, गरिब, असहाय, बृद्ध, बालबालिका, पछाडि पारिएको वर्ग, क्षेत्र र लिङ्ग, लोपुन्मुख जातजाती आदिमा राज्यले सामाजिक सुरक्षा सुविधामा बृद्धि गर्ने सोच राखेको छ । राज्यले उद्यमीहरूलाई लगानीको अवसर सिर्जना गर्ने, वित्तीय स्रोत जुटाइदिने र सबै प्रकारका सेवा, उत्पादन र व्यापार क्षेत्र परिचालन गरी सामाजिक रुपान्तरण गर्न खोजको अवस्था छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत गाउँ तथा नगरको आवधिक योजना निर्माण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने गरी एकीकृत विकासको योजना तयार गर्न निर्देशन गरेको छ । आवधिक योजना निर्माण गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिन अनुरोध गरेको छ । गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्रमाणिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्न, संयूक्त लगानी वा सार्वजनिक, निजी र सहकारी कोषको साझेदारीमा योजना सञ्चालन तथा व्यवस्थापन गर्ने बिषयमा प्रेरित गर्दछ । योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजिवी, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका अन्य सरोकारवालाहरूको अधिकतम सहभागितामा र गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजिकरण र सहयोग गर्न आग्रह गरेको छ ।

जनउत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समावेशीकरण, सहज र शीघ्र सार्वजनिक कार्य शैलीबाट सुशासन सेवा प्रवाह गरी सुशासन कायम गर्न संभव छ । हरेक स्थानीय सरकारले सुशासनका यी विषयहरूलाई आफ्ना काम कार्वाहि र सेवाप्रवाहमा अवलम्बन गर्ने र त्यसको उपयुक्त अनुगमनको व्यवस्था गरिनु पर्दछ । हरेक स्थानीय सरकारले सुशासनका तत्वहरूलाई आफ्ना दैनिक काम कार्वाही र योजनामा अवलम्बन गर्न त्यसको उपयुक्त अनुगमनको प्रणाली तयार पारी लागु गर्ने गरी बाग्मती प्रदेशले पहिलो आवधिक योजना निर्माण गरि स्थानीय तहहरूलाई विभिन्न स्थानीय कार्यसुचिहरू प्रदान गरेको छ । संविधानमा उल्लेखित अधिकार क्षेत्रहरूको बाँडफाँड र स्थानीय सरकार सञ्चालन ऐन,

अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तिय आयोग ऐन र स्थानीय तहको योजना तर्जुमा कार्यविधि एवं दिग्दर्शनलाई यस आवधिक योजना भित्र अवलम्वन गर्न खोजिएको छ । पन्ध्रौं पञ्चवर्षिय योजना र बाग्मती प्रदेशको पहिलो आवधिक योजनामा प्रस्तुत भएका मार्ग चित्र तथा सुचकहरूलाई यस आवधिक योजनाले पछ्याउनु सुनकोशी गाउँपालिकाको दायित्व हुन आउछ ।

सङ्घीयताको सारभुत अवधारणाका रुपमा रहेको सन्निकटताको अवधारणा अनुरुप स्थानीय तहलाई एकल र साझा अधिकारहरूका सुचिहरूले राज्य सेवालाई स्पष्ट गरेको छ । संघीय, प्रादेशिक र स्थानीय तहका ऐन, नियम, नीति, कार्यक्रम, मापदण्ड, कार्यविधि र योजनाहरूले स्थानीय, प्रदेश, र संघ सरकारहरूको समन्वय, सहकार्य र साझा तथा एकल अधिकारहरूको कार्यान्वयनमा स्पष्ट गरेको छ । संघिय स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने अधिकार तथा कर्तव्यहरूको प्रस्ताव संवैधानिक र कानुनी रुपमा गरेको छ । तीनवटा तहहरूको बिच हुने सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्ने र स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तरीयता, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्नु रहेको छ ।

## १.२ गाउँपालिकाको वस्तुस्थिति

सुनकोशी गाउँपालिका भौगोलिक रुपमा २७ डिग्री २२ मिनट ३० सेकेण्ड देखि उत्तरी अक्षांश र पुर्वि देशान्तर ८५ डिग्री ५३ मिनट ३० सेकेण्ड विश्वमानचित्रमा सरदर ४२.५ कि.मि लम्वाई र ६.५ कि. मि. चौडाईमा कुल १५८.८ वर्ग कि.मि. क्षेत्रफलमा फौलिएको छ । तत्कालिन गा.वि.स.हरू कुशेश्वर दुम्जा (हाल वडा नं.१ र २), झागाझोली रातामाटा (हाल वडा नं. ३ र ४), पुरानो झागाझोली (हाल वडा नं. ५), सितलपाटी (हाल वडा नं. ६) र मझुवा (हाल वडा नं. ७) समेटेर निर्माण गरिएको यस पालिकाको नक्सा झण्डै नेपालको नक्सा जस्तो आकारमा फैलिएको छ । यस पालिकाको पूर्वमा सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका र रामेछापको मन्थली नगरपालिका, पश्चिममा काभ्रेपलान्चोक जिल्लाको तिमाल र रोशी, उत्तरमा रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिका र दक्षिणमा सिन्धुली जिल्लाको कमलामाई नगरपालिका र घ्याङलेख गाउँपालिका सिमानाका रुपमा रहेका छन् । समुन्द्री सतहबाट तल्लो सतह ४५५ मिटर वडा नं ३ को सुनकोशी तट देखि माथिल्लो सतह फापरचुली २२७५ मिटर सम्म उचाइमा अवस्थित यस गाउँपालिकामा उष्ण मनसुनी, न्यानो समशितोष्ण, ठण्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । सुनकोशी गाँउपालिका र घ्याङ्लेख दुवै गाउँपालिकाको शिरमा रहेको फापरचुली (शिवजीको वासस्थान) मानिने यस धार्मिक एवंम पर्यटकीय स्थानमा फापरचुली स्थानीय पर्यटन स्थलका रुपमा चर्चित छ । कुशेश्वर, दुम्जा, मुलकोट, हायु डाँडा, महाभारतका फापरचुली डाँडा, जस्ता विभिन्न स्थानहरूले यस गाउँपालिकाको ऐतिहासिक महत्वलाई दर्शाएका छन् । महाभारतको काखमा रहेको यस गाउँपालिकामा प्राय भिरालो जमिन छ । यहाँ खोला किनारामा बलौटे पत्थरीलो र अन्य भागमा रातो फुस्रो माटो पाइन्छ । यस गाउँपालिकाको औसत तापक्रम ३० डिग्री र औषत वर्षा १८४१ मिलिमिटर हुन्छ । भुगोलका हिसावले १५४५४ हेक्टर क्षेत्रफल रहेको छ । प्राकृतिक रुपले मनोरम साल,सिरिस, खयर, बर्रा, कर्मा, जामुन, वेल, कुसुम, सिमल, लामपाते कटुस, चिलाउने, उत्तिस, लाकुरी आदी जस्ता रुखहरू र लंगुर, दुम्सी, रातो मृग, चितुवा, वादर, मलसाप्रो, बाघ, आदि प्रकारका जनावर आदिको बासस्थानको रुपमा रहेको छ । यस गाँउपालिकामा सुनकोशी र यसमा मिसिन आउने ठाडो खोला तथा खोल्साहरू आदीले खेतवारीहरूमा सिंचाई गर्न सहयोग गरिरहेका छन् ।

साविक पाँचवटा गाविस मिलेर वनेको यस गाउँपालिकाको कुल ४५५७ घरधुरी रहेको छ भने जनसंख्या २१४७३ रहेको छ । पालिकामा पुरुषको जनसंख्या ९९८८ र महिलाको ११४८५ रहेको छ । यसरी हेर्दा महिलाको जनसंख्या करिव दुई हजारले वढि रहेको छ । बाग्मती प्रदेशका महिलाले नेतृत्व गरिरहेका तिन गाउँपालिकाहरू मध्ये यो पनि रहेको छ । यस पालिकाको नामाकरण यसै क्षेत्र भएर वग्ने सुनकोशीका आधारमा राखिएको छ। सात वडामा विभाजित यस

गाउँपालिकामा मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन रहेको छ । ५२ प्रतिशत घरधुरीको जिविकोपार्जनको लागि कृषि पेशामा आवद्ध छन् । यस गाउँपालिकामा कुल २१४७३ जनसंख्या मध्ये १८.८ प्रतिशत क्षेत्री, १८.६ तामाङ, १३.३ मगर, १०.८ नेवार, १०.६ व्राम्हण, ८.६ सार्की, ४.७ दमाई, ४.० कामी, ३.४ घर्ति, माझीको १.९ र अन्य गरि ४.५ प्रतिशतको वसोवास रहेको छ । लोपोन्मुख हायु जातिको २५० का हाराहारीमा घरधुरीरहेको पाइन्छ । मानव विकास सुचांकका हिसावले बाग्मती प्रदेशको अन्तिम १७ औं स्थानमा रहको छ । यस पालिकाको वडा गत जमिन, घरधुरी, जनसंख्या र औषत अनुपात तल तालिकामा दिइएको छ ।

**तालिका १ः सुनकोशी गाउँपालिकाको जानसाङ्ख्यिक विवरण**

| वडा नं. | घरधुरी | कुल जनसंख्या | पुरुष | महिला | जमिन (हे.) | औषत |
|---|---|---|---|---|---|---|
| १ | ५७० | २७४८ | १३०४ | १४४४ | ३२५ | ०.५७ |
| २ | ४३९ | २२२५ | १०६२ | ११६३ | २२०३ | ५.०१ |
| ३ | ६७७ | २७९६ | १२९७ | १४९९ | ९३० | १.३७ |
| ४ | ५१७ | २५४१ | १२०९ | १३३२ | २६२८ | ५.०८ |
| ५ | १०१५ | ४७०७ | २१६१ | २५४६ | ३२२४ | ३.१७ |
| ६ | ८१२ | ४०५८ | १८७३ | २१९३ | २६१५ | ३.२२ |
| ७ | ५२६ | २३९३ | १०९० | १३०३ | २५२५ | ४.८० |
| जम्मा | ४५५७ | २१४७३ | ९९८८ | ११४८५ | १५४५४ | ३.३९ |

श्रोतः राष्ट्रिय जनगणना, २०६८

जमिनको गणनामा सबै किसिमका जमिनहरू राखिएको छ । वडा नं. ५ भौगोलिक रुपमा सवैभन्दा ठुलो वडा हो जसले ३२२४ हेक्टर क्षेत्रफल ओगट्दछ । त्यस पछि वडा नं. ४, ६ र ७ रहेका छन् जस्ले क्रमशः २६२८, २६१५ र २५२५ हेक्टर ओगट्छन् । वडा नं. २ मा २२०३ हेक्टर जमिन रहेको छ भने वडा नं. ३ र १ क्रमश साना क्षेत्रफल भएका हुन् जसमा क्रमश ९३० र ३२५ हेक्टर जमिन रहेको छ । वडा नं. २ र ४ मा औषत परिवारका लागि ५ हेक्टर उपभोग गर्ने अवसर मिलेको छ भने वडा नं. १ मा जमिनको उपलव्धता प्रति परिवार कम रहेको देखिन्छ ।

आर्थिक संवृद्धिका हिसावबाट अधिकांश जनसंख्या निर्वाहमुखि कृषि व्यवसायमा आधारित भएकोले आफ्ना वारीको उत्पादनबाट खान नपुग्ने अवस्था रहेको छ । कुल घरपरिवारको करिव पच्चिस प्रतिशत भन्दा वढि हिस्साले आफ्नो खेतवारीबाट हुने उत्पादनबाट छ महिना सम्म खान पुऱ्याउन सक्दैनन् । त्यो संख्यामा अरु तिन महिना थप गरि नौं महिनाको गणना गर्ने हो भने करिव दुई चौथाई हिस्सा ओगट्न पुग्दछ । खाद्य सुरक्षा यस पालिकाको विकासको प्रमुख सवालका रुपमा स्थापित भएको छ । भिरालो जमिन र सिंचाईको अभावका कारण जमिनको उत्पादकत्वमा कमि छ ।

### १.२.१ उचाइको हिसाबले भूभागको बर्गीकरण

नेपालको भौगोलिक विभाजनलाई हिमाल, पहाड र तराई गरी मुख्य तीन भागमा बाँडिएको छ भने यस गाउँपालिकामा पहाडी क्षेत्र मात्र रहेको छ । तराई तथा हिमाली क्षेत्र यस गाउँपालिकामा विद्यमान छैन । यस सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूपलाई उचाइको आधारमा पहाडी ईलाकाको रूपमा परिभाषित गर्न सकिन्छ किनकि यहाँ शत-प्रतिशत भूभाग पहाडी क्षेत्रमा अवस्थित छ । यहाँ पहाडी (महाभारत र होचा पर्वत) भूभागले ले लगभग एक चौथाइ भाग ओगटेको छ । सबैभन्दा बढी (४८.३३%) क्षेत्र पहाडी भू—भागले ओगटेको छ ।



चित्र १: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (उचाइ) को जिआइएस नक्सा

तालिका २: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (उचाइ मिटरमा)

| वार्ड नं. | धरातलीय स्वरूप (उचाइ मिटरमा) र क्षेत्रफल हेक्टरमा | | | | | |
|---|---|---|---|---|---|---|
| | ४५५-५०० | ५००-१००० | १०००-१५०० | १५००-२००० | २०००-२२९१ | जम्मा |
| वाड नं १ | ० | ९८६.६४ | ३३५.४३ | ३.८६ | ० | १३२५.९२ |
| वाड नं २ | ० | ६२३.३ | ८८३.३३ | ५३६.२४ | १६०.८९ | २२०३.७८ |
| वाड नं ३ | ०.२१ | ९०१.५५ | २८.५९ | ० | ० | ९३०.३४ |
| वाड नं ४ | ० | ८२१.६१ | १२२२.१४ | ५२४.९३ | ५९.९९ | २६२८.६७ |
| वाड नं ५ | ९७.१८ | १४५३.७९ | ११४०.९३ | ५३२.४७ | ० | ३२२४.३७ |
| वाड नं ६ | १५२.८१ | १९०४.०७ | ५५८.१३ | ०.८५ | ० | २६१५.८६ |
| वाड नं ७ | २३.५१ | ७७८.६ | १०६३.४४ | ६५९.८३ | ० | २५२५.३७ |
| जम्मा क्षेत्रफल | २७३.७१ हेक्टर | ७४६९.५५ | ५२३१.१७ | २२५८.१७ | २२०.८८ | १५४५४.२८ |
| **प्रतिशत** | १.७७ | ४८.३३ | ३३.८५ | १४.६१ | १.४३ | १०० |

### १.२.२ हावापानी

गाउँपालिका समुद्री सतहबाट ४५५ मि. देखि २२९१ मि. सम्मको उचाइमा अवस्थित रहेको छ । अधिकांश क्षेत्रमा चट्टानी पहाड र भिरालो भू-बनौट रहेको छ । यस क्षेत्रको गृष्मकालीन औसत तापक्रम २० देखि ४० डिग्री सेन्टिग्रेड र शीतकालीन औसत तापक्रम २ देखि २५ डिग्री सेन्टिग्रेड सम्म रहेको छ ।

### १.२.३ भिरालोपन

पहाडी धरातलमा भिरालोपनको मापनको ज्यादै ठुलो महत्त्व हुन्छ । विभिन्न योजनाको कार्यान्वयन वा अन्य मानवीय क्रियाकलापमा भिरालोपनको नियन्त्रण रहन्छ । गाउँपालिकाको सम्पूर्ण क्षेत्रलाई भिरालोपनका आधारमा ५ भागमा बाँडिएको छ ।यस गाउँपालिकामा उल्लेख्य समथर भूभाग (८ प्रतिशत) मात्र रहेको छ भने १०—२० डिग्री भिरालोपन भएको क्षेत्र १३ प्रतिशत तथा २०—३० डिग्री भिरालोपन भएको क्षेत्र २४ प्रतिशत रहेको छ जहाँ खेतीपाती र वस्तिको सम्भावना रहन्छ ।

यसैगरी गाउँपालिकामा बढी ४० डिग्री भन्दा माथिको भिरालोपन भएको भूभाग एक प्रतिशत मात्र छ भने ३०—४० डिग्री भिरालोपन भएको क्षेत्रले करिब २१ प्रतिशत भूभाग ओगटेको छ ।

तालिका ३ः सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (भिरालोपन)

| भिरालोपन | ०-१० डिग्री | १०-२० डिग्री | २०-३० डिग्री | ३०-४० डिग्री | ४० डिग्री माथि | जम्मा क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| वाड नं १ | १८८.३५ | १८८.२ | २७०.७३ | ३७२.८१ | ३०५.९२ | १३२५.९२ |
| वाड नं २ | १७१.५८ | १६७.५८ | ४०९.६७ | ८११.५६ | ६४३.३५ | २२०३.७५ |
| वाड नं ३ | १९९.३४ | १५९.४४ | २३७.६७ | २२७.१ | १०६.८ | ९३०.३४ |
| वाड नं ४ | ७५.५९ | २७४.६७ | ६४२.७३ | ९६१.२ | ६७४.४८ | २६२८.६७ |
| वाड नं ५ | २७६.०३ | ४६५.७ | ८७१.०८ | १०२७.८१ | ५८३.७६ | ३२२४.३७ |
| वाड नं ६ | २२४.८८ | ४०७.९८ | ७१६.७१ | ८७१.१९ | ३९५.०९ | २६१५.८६ |
| वाड नं ७ | १४१.६९ | ३८६.६२ | ५९६.१३ | ७९३.६५ | ६०७.२७ | २५२५.३७ |
| **जम्मा क्षेत्रफल** | **१२७७.४७ हेक्टर** | **२०५०.२** | **३७४४.७२** | **५०६५.३१** | **३३१६.५९** | **१५४५१.२८** |
| **प्रतिशत** | ८ | १३ | २४ | ३३ | २१ | १०० |




चित्र २: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (भिरालोपन) को जिआइएस नक्सा

### १.२.४ भू-उपयोग

सुनकोशी गाउँपालिकाको समग्र भू—उपयोगको स्थिति हेर्दा कुल क्षेत्रफल १५४५४.२८ हेक्टर मध्ये सबैभन्दा बढी (५२.४६%) क्षेत्र वनजङ्गलले ओगटेको छ ।त्यसैगरी खेति योग्य जमीनको अंश ४३.०७ प्रतिशत रहेको देखिन्छ । जसलाइ तलको तालिकामा देखाइएको छ ।

तालिका ४: सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (भू-उपयोग)

| क्षेत्रहरू | कृषि | खरबारी | बन/जंगल | घाँसे मैदान | झाडी | पानी | जम्मा क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| वाड नं १ | ८०९.४५ | ३४.३५ | ४६१.८२ | १४.६४ | ०.७४ | ४.९३ | **१३२५.९२** |
| वाड नं २ | ८६५.२४ | ४७.१५ | १२३५.९७ | २८.२८ | ०.२१ | २६.९१ | **२२०३.७५** |
| वाड नं ३ | ६०५.२२ | १६.०२ | २७०.५९ | १९.७ | ० | १८.८२ | **९३०.३४** |
| वाड नं ४ | १०११.३ | ० | १५७९.७३ | ३७.४ | ० | ०.२४ | **२६२८.६७** |
| वाड नं ५ | १२९५.१२ | १९.६१ | १७९७.८६ | ७८.२३ | ० | ३३.५५ | **३२२४.३७** |
| वाड नं ६ | १४४१.०५ | ३४.१७ | ९७१.१५ | १२२.१ | ०.३३ | ४७.०७ | **२६१५.८६** |
| वाड नं ७ | ६२९.३८ | ५.५५ | १७९०.९१ | ६२.५४ | २७.०७ | ९.९१ | **२५२५.३७** |
| **जम्मा क्षेत्रफल** | **६६५६.७६** | **१५६.८४** | **८१०८.०२** | **३६२.८९** | **२८.३४** | **१४१.४३** | **१५४५४.२८** |
| **प्रतिशत** | **४३.०७** | **१.०१** | **५२.४६** | **२.३५** | **०.१८** | **०.९२** | **१००** |




चित्र ३ः सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप (भू-उपयोग) को जिआइएस नक्सा

## १.३ आवधिक योजना तजुर्माका उद्देश्यहरू

संविधान प्रदत्त मौलिक हक, एकल तथा साझा अधिकारहरू, दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण, दिगो राष्ट्रिय विकासमा लक्ष्यहरू र बागमती प्रदेशबाट प्रस्तावित विकासका प्रमुख चालकहरूलाई स्थानीय तहमा व्यवस्थित र योजनावद्ध रुमपा कार्यान्वयन गर्नु मुख्य उद्देश्य रहेको छ । त्यसैगरि सुनकोशी गाउँपालिकाले लिएको दीर्घकालीन सोच "कृषि, शिक्षा, स्वास्थ्य र पुर्वाधारमा लगानीः सुनकोशीमा ल्याउछ सुनौली विहानी" लाई संस्थागत कार्यान्वयन गर्नु विशिष्ट उद्देश्य रहेको छ ।

## १.४ योजना निर्माण विधि र प्रक्रियाहरू

सुनकोशी गाउँपालिकाको गाउँपरिषद्द्वारा पारित तिन आर्थिक वर्षका वार्षिक नीति, कार्यक्रम तथा वजेटले गाउँपालिकाको विकासका कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकता र रणनीतिक तवरबाट सञ्चालन गर्न कार्यपालिकालाई निर्देशित गरेको पृष्ठभुमिबाट योजना निर्माणको प्रक्रिया सुरु भएको छ । प्रदेश नीति तथा योजना आयोग र प्रदेश सुशासन केन्द्रबाट प्राप्त सुझाव र सिफारिशलाई समेत ग्रहण गर्दै योजना निर्माण विधिलाई अवलम्वन गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, नियमावलि, कार्यविधि, स्थानीय आर्थिक कार्यप्रणाली, संघ प्रदेश र स्थानीय तहबीच अन्तरसम्वन्ध तथा संवैधानिक अधिकार वाँडफाँडका व्यवस्थाहरूलाई ध्यान दिदै आवधिक योजना तर्जुमाको लागि आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने क्रममा सरकारी निकाय, कार्यालयबाट प्रकाशित तथा अप्रकाशित तथ्य, अभिलेख, तथ्याङ्क र अन्य सन्दर्भ सामाग्रीहरूको उपयोग गरिएको छ । यो आवधिक योजना तर्जुमा प्रकृयामा निम्न लिखित विधिहरू अवलम्बन गरिएको छ ।

**क. सन्दर्भ ग्रन्थहरूको अध्ययन**

आवधिक योजना निर्माण कार्यको प्रारम्भमा स्थानीय सरकार सञ्चालनसँग सम्बन्धित विभिन्न ऐन, कानून, गत आ.ब.को नीति, कार्यक्रम तथा योजना, प्रगति प्रतिवेदन आदिको अध्ययन गरियो । विभिन्न देशका नगरपालिकामा कार्यान्वयन भइरहेका आवधिक योजना, पन्ध्रौं पञ्चवर्षिय योजना, दिगो विकास लक्ष्य, प्रदेश सरकारको आवधिक योजना पनि विस्तृत रुपमा अध्ययन गरिएको थियो । त्यसैगरी गाउँपालिकाद्धारा तयार पारिएको आधारभूत तथ्याङ्क तथा घरघुरी सर्भेक्षणको प्रतिवेदनले यस गाउँपालिकाको अवस्था र तथ्यहरू बुझ्न सहयोग पुऱ्यायो ।

**ख. गाउँपालिका स्तरीय गोष्ठी**

सबै निर्वाचित जनप्रतिनिधिहरू, राजनीतिक पार्टीका प्रतिनिधिहरू, प्रमुख प्रशासकिय अधिकृत लगायत बिषयगत कर्मचारीहरू, कार्यपालिका सदस्य, कार्यपालिकाका विषयगत समितिहरूका सदस्यहरूका सहभागितामा गाउँपालिकाको कार्यालयमा कार्यशाला गोष्ठीको आयोजना गरी पालिकाको सामाजिक तथा प्राकृतिक श्रोतहरूको तथ्याङ्क सङ्कलन विधि तथा तौरतरिकाहरू र योजनाले समेट्नु पर्ने मुख्य विषयहरू उपर छलफल गरी खाका तयार गरियो । बिभिन्न तीन चरणमा गरिएका यी छलफल अत्यन्तै उपयोगि रहेका थिए ।

**ग. वडा प्रतिनिधिहरूसँग छलफल**

निर्वाचित जनप्रतिनिधिहरूको सहभागितामा सबै वडाका प्रतिनिधिहरूसँग छुट्टा छुट्टै वैठक गरी चेकलिस्टका आधारमा वडावासीहरूले भोगिरहेको अवस्था, विकासको चाहना र संभावनाहरूको बारेमा छलफल गरी सूचनाहरू सङ्कलन गरियो । यसैगरी गाउँपालिकाको सामाजिक तथा प्राकृतिक अवस्थाको वस्तुस्थिती पहिचान गर्न सक्ने केहि प्रतिनिधिहरूको सहभागितामा लक्षित समूहसंग छलफल गरेर पालिका वासीहरूका भावना र चाहनाहरू प्रतिनिधिमुलक रुपमा सुचना सङ्कलन गरियो ।

**घ. योजना तथा आधारपत्रहरूको पुनरावलोकन**

आवधिक योजना निर्माण गर्ने क्रममा सङ्घीय सरकार, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरू तथा स्थानीय निकायका बिगतका विकास योजनाहरूको अध्ययन गरियो । साथै, केहि छोटो समयमा आर्थिक समृद्धि हासिल गरेका केही अन्य देशको (युगाण्डा, भुटान, दक्षिण अफ्रिका, आदि) अनुभवहरूको अध्ययन गरी नेपालको सन्दर्भमा उपयुक्त हुने सन्देशहरूलाई समायोजन गरिएको छ । पन्ध्रौ योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको आवधिक योजना, राष्ट्रिय, अन्तराष्ट्रिय मापदण्डलाई कायम गर्न सन्दर्भ सामाग्रीको अध्ययन र प्रयोग शुरु देखि अन्तिम चरणसम्म गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐनले निर्देश गरेका कार्यक्षेत्र र कार्यदिशको अधिनमा रहेर सोको मापदण्ड कायम गर्दै, राष्ट्रिय योजना आयोगले तयार पारेका आधारपत्र, योजना तर्जुमा निर्देशिका, योजना तथा कार्यक्रम अनुगमन निर्देशिका र मापदण्डहरूको पुनरावलोकन गरिएको छ ।

**ङ. तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण**

यस आवधिक योजना तर्जुमा कार्यको शुरुदेखि नै गुणस्तर कायम गर्नको लागि विज्ञ टोलीद्धारा निरन्तर रुपमा अनुगमन गर्ने काम भएको छ । सूचना सङ्कलनको लागि तयार पारिएका फारम, यसको लागि प्रयोग भएका सन्दर्भ समाग्री,

कार्यलयबाट संकलित तथ्य र तथ्याङ्कहरूको प्रमाणिकरण, शुद्धिकरण र विश्लेषणका कार्य आवश्यकता अनुसार गरिएको छ । प्रदेश सरकार नीति तथा योजना आयोगबाट उपलव्ध तथ्याङ्कहरूलाई जस्ताका तस्तै अनुकुलता हेरि राखिएको छ ।

## १.५ योजना तर्जुमाका आधारहरू

आवधिक योजना तर्जुमा गर्दा निम्न वमोजिमको कानुनी तथा नीतिगत आधार लिइएको छ ।

- ✓ नेपालको संविधानमा उल्लेखित मौलिक हक, अधिकारका बाँडफाँड अनुसुचि, निर्देशक सिद्धान्त
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, नियमवली र कार्यविधि
- ✓ पन्ध्रौ पञ्चवर्षिय योजना र राष्ट्रिय लक्ष्यहरू
- ✓ दिगो विकास लक्ष्य र नेपाल सरकारले स्वीकार गरेका सुचकहरू
- ✓ बाग्मती प्रदेशको पहिलो आवधिक योजना र विकासका प्रमुख चालकहरू
- ✓ नेपाल सरकारबाट जारी क्षेत्रगत रणनीति, कार्यविधि र नीतिहरू
- ✓ विपद् व्यवस्थापन राष्ट्रिय कार्ययोजना र कार्यविधि
- ✓ संघिय र प्रदेश सरकारबाट जारी नीति तथा कार्यक्रम
- ✓ गाउँपालिकाबाट जारी वार्षिक नीति तथा कार्यक्रम
- ✓ गा.पा.ले तयार गरेको कृषि आवधिक योजना
- ✓ गा.पा. प्रोफाईल
- ✓ केन्दिय तथ्याङ्क बिभागका प्रतिबेदनहरु
- ✓ दिगो विकासका लक्षहरु, बाग्मती प्रदेशको अवस्था तथा मार्ग चित्र
- ✓ स्थानिय मानव विकास प्रतिवेदन, बाग्मती प्रदेश
- ✓ नेपाल मानव विकास प्रतिवेदन , २०१४
- ✓ स्थानीय तहमा सहभागी राजनीतिक दलका घोषणा पत्र र प्रतिवद्धताहरू
- ✓ सं.रा.संघका विषयगत समिति महासन्धीहरू उपर सदस्य राष्ट्रको हैसियतमा प्राप्त सिफारिसहरू
- ✓ स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र अनुगमन एवं मुल्यांकन दिग्दर्शन
- ✓ स्थानीय नागरिक समाज, अगुवा तथा जनसहभागिताबाट प्राप्त राय, परामर्श र सुझावहरू
- ✓ विज्ञहरूबाट प्रकाशित कृति, अनुभव र ज्ञानहरू

## १.६ सीमाहरू

यस आवधिक योजनामा प्रयोग गरिने तथ्याङ्कहरू सरकारी निकायबाट प्रकाशित तथा अप्रकाशित स्रोतबाट लिइएको छ भने आधार वर्षका तथ्याङ्कका रुपमा उपलव्ध तथ्याङ्कलाई ग्रहण गरि सांकेतिक प्रतिनिधित्वका रुपमा प्रक्षेपण गर्ने कोशिस गरिएको छ । विशेष गरि बाग्मती प्रदेशबाट उपलव्ध पालिकाहरूको विवरणलाई तथ्याङ्कको स्रोतमा प्रयोग गरिएको छ भने संघिय सरकारका विषयगत मन्त्रालयबाट प्रकाशित सुचना प्रणालीबाट प्राप्त तथ्याङ्कहरूलाई विषयगत सुचनाका रुपमा पेश गरिएको छ । यसका साथै कतिपय अप्राप्त सुचनाहरूलाई समुदायका मुख्य सुचनादाताहरूसँगका छलफलका आधारमा अनुमान गरिएको छ । कतिपय तथ्याङ्कहरूको गुणस्तरिय वनाउन समुह छलफल विधिबाट परिक्षण गरिएको छ भने गाउँपालिका कार्यालयका अभिलेखहरूलाई तथ्याङ्कका रुपमा प्रयोग गरिएको छ ।

बढ्दो कोभिड १९ को संक्रमणका कारण समुदायस्तरको छलफलहरूलाई प्रतिनिधिमुलक रुपमा छलफल गरि समुदायको धारणा र प्राथमिकता तय गरिएको छ । संभाव्यता अध्ययनका क्रममा प्रतिनिधिमुलक छलफललाई संक्षिप्त र सटिक रुपमा गरिएकोले निर्देशित सहभागितात्मक लेखाजोखा विधिलाई अख्तियार गरिएको छ ।

# परिच्छेद २ समष्टिगत योजनाको अवधारणा

## २.१ पृष्ठभुमि

चालु पन्ध्रौ पञ्चवर्षिय योजनाले गरेको परिकल्पनाको लक्ष्यलाई तीन चरणमा विभाजन गरेको छ । जसअनुसार प्रथम चरणमा उच्च आर्थिक वृद्धिका लागि आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका क्षेत्रमा योजना निर्माण गरी फराकिलो आधार पाँच वर्षभित्रमा तयार गर्ने रहेको छ । दोस्रो चरणमा आर्थिक प्रगति र विकासको उपलब्धिहरूलाई न्यायपूर्ण वितरण गर्ने र सुख तथा समृद्धिको अनुभूती नागरिकमा गराउने रहेको छ । तेस्रो चरणमा आर्थिक बृद्धि र विकासका सूचकहरूलाई दिगो, आत्मनिर्भर, स्वतन्त्र र सार्वभौम रुपमा धानिन सक्ने बनाउने लक्ष्य रहेको छ ।

त्यसै गरि दिगो विकास लक्ष्यहरू अन्तर्गतका छ वटा क्षेत्रहरूका विकास सूचकहरूलाई आर्थिक विकास क्षेत्रको सूचकहरूका रुपमा राखिएको छ । आर्थिक क्षेत्रका छ वटा नतिजा लक्ष्य क्षेत्रहरू क्रमशः गरिबी, मानव विकास, आर्थिक वृद्धि, व्यापार सञ्चिती, रोजगार, पर्यटन र कृषि तथा पशुपन्छीपालन रहेका छन् । सुनकोशी गाउँपालिकाको आवधिक विकास योजना निर्माणमा पुर्वाधार, कृषि, खाद्य सुरक्षा र स्वास्थ्यका प्रमुख सूचकहरूलाई गाउँपालिकाले आवश्यकताका आधारमा चयन गरेको छ ।

## २.२ योजना खाका

### २.२.१ दीर्घकालीन सोच

"हामी सबैको शान, समृद्ध सुनकोशी हाम्रो अभियान"

### २.२.२ लक्ष्य

सामुदायिक पुँजीको निर्माण गर्दै सुखी एवम् सम्मृद्ध सुनकोशीको मार्ग तय गर्ने ।

### २.२.३ उद्देश्य

१. आर्थिक विकासका क्षेत्रहरूमा लगानी गरी आत्मनिर्भर सुनकोशीको आधार तयार गर्नु ।
२. सामाजिक क्षेत्रको विकासद्वारा सुनकोशीबासीको आधारभूत सेवामा पहुँचको सुनिश्चितता गर्नु ।
३. प्राथमिकताका आधारमा दीगो एवम् आधुनिक भौतिक संरचनाको विकास गरी सम्मृद्ध सुनकोशी निर्माण गर्नु ।
४. भू—उपयोग तथा वातावरण संरक्षण नीतिको कार्यान्वयन गरी विपद् तथा जलवायू परिर्तनका असरहरू न्यूनिकरण गर्नु ।
५. संस्थागत विकास र सुशासनका माध्यमबाट सार्वजनिक सेवालाई जनउत्तरदायी बनाउनु ।
६. सामाजिक न्यायका आधारमा समतामुलक समाजको निर्माण गर्नु ।

### २.२.४ रणनीति तथा कार्यनीति

**तालिका ५: सुनकोशी गाउँपालिकाका आगामी पाँच बर्षका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **१. आर्थिक विकासका क्षेत्रहरूमा लगानी गरी आत्मनिर्भर सुनकोशीको आधार तयार गर्नु ।** | |

| | |
|---|---|
| **१.१ः** कृषि, वागवानी र पशुपन्छि पालन पेशालाई व्यवसायिक एवं मर्यादित बनाई रोजगारका अवसरहरू सिर्जना गर्ने । | १. व्यवसायिक उत्पादन समुहको परिचालन गरिनेछ ।<br>२. व्यवसायिक सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. पकेट क्षेत्रको विस्तार र उत्पादन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. मागका आधारमा उच्च मुल्यका वाली प्रर्वधन गरिनेछ ।<br>५. उत्पादित वस्तुको गुणस्तर कायम गरिनेछ । |
| **१.२ः** पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने । | १. नयाँ गन्तव्य क्षेत्रका संभाव्यता अध्ययन र विकास गरिनेछ ।<br>२. भौतिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.३ः** लघु उद्यमशिलता र स्वरोजगार निर्माण गर्ने । | १. मौलिक संस्कृति एवं प्रविधिको संरक्षण गरिनेछ ।<br>२. लघु उद्यमशिलताको विकास गरिनेछ ।<br>३. गरिवीका आधारमा लक्षित वर्ग किटान गरिनेछ । |
| **१.४ः** सुरक्षित श्रम तथा रोजगारको सुनिश्चितता गर्ने । | १. सुरक्षित श्रम तथा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सुरक्षित वैदेशिक रोजगारको व्यवस्था मिलाइनेछ ।<br>३. स्थानीय श्रोत, साधन र सीपमा आधारित परियोजनाको प्रवर्द्धन गरिनेछ । |
| **१.५ः** वित्तिय संस्था र सहकारीको परिचालन व्यवस्थित गर्ने । | १. गरिवी र उत्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।<br>२. एक टोल एक वचत समुह र सबै घरधुरी सहकारीमा आवद्ध हुने व्यवस्था मिलाइनेछ ।<br>३. सहकारीहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| २. **सामाजिक क्षेत्रको विकासद्वारा सुनकोशीबासीको आधारभूत सेवामा पहुँचको सुनिश्चितता गर्नु ।** | |
| **२.१ः** सर्वसुलभ गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने । | १. आधारभूत रुपमा सामान्य चिकित्सा सेवाको शीघ्र र प्रभावकारी सेवा प्रदान गरिनेछ ।<br>२. निदानात्मक, उपचारात्मक, प्रवर्धनात्मक र प्रतिरोधात्मक स्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।<br>३. जीवनपथको अवधारणा अनुरुप बहुपक्षीय पोषण नीतिको कार्यान्वयन गरी समग्र विकास गरिनेछ ।<br>४. परिवार व्यवस्थापन सेवालाई थप विस्तार गरिनेछ ।<br>५. सीमान्त एवं गरिबीको अवस्थामा रहेका समुदायलाई दीर्घजीवन सहयोग प्रदान गरिनेछ । |
| **२.२ः** सवैका लागि गुणस्तरिय र अनिवार्य माध्यमिक शिक्षाको व्यवस्था गर्ने । | १. नतिजामा केन्द्रित शिक्षण विधि र जीवन उपयोगी शिक्षा लागू गरिनेछ ।<br>२. प्राविधिक र व्यवसायिक शिक्षा सञ्चालन गरिनेछ ।<br>३. सवैका लागी गुणस्तरिय शिक्षाका अवसर सुनिश्चित गरिनेछ । |
| **२.३ः** सबैका लागी स्वच्छताको अवसर र सफा पिउने पानी सुनिश्चितता गर्ने । | १. सवैलाई खानेपानी र सरसफाईको अवसर सुनिश्चित गरिनेछ ।<br>२. स्वच्छताको वातावरण र रोग संक्रमणको जोखिमबाट सुरक्षाको अनुभुति गराइनेछ । |
| **२.४ः** विशेष र खास समुहका नागरिकहरू (अपाङ्गता, जोखिम अवस्थाका वालवालिका, हिंसा प्रभावित, जेष्ठ नागरिक, अल्पसंख्यक र | १. सवै क्षेत्रमा लैंगिक समानता सुनिश्चित गरिनेछ ।<br>२. महिलामाथी हुने सवै प्रकारका हिंसालाई निरुत्साहित गरिनेछ ।<br>३. जातिय समावेशिकरणको सहज पहुँच स्थापित गरिनेछ । |

| | |
|---|---|
| सिमान्त अवस्थाका नागरिक) को संरक्षण र सुरक्षामा प्राथमिकता प्रदान गर्ने । | ४. विशेष समुह, वर्ग र समुदायको विशेष संरक्षण, सहभागीता र सुरक्षालाई विकास योजनामा प्राथमिकता दिइनेछ ।<br>५. लैंगिक समानता, राजनीतिक, आर्थिक र सामाजिक जीवनमा सवै नागरिकद्धारा सार्वभौम समानता र सुरक्षाको अनुभुति गराइनेछ । |
| **३. प्राथमिकताका आधारमा दीगो एवम् आधुनिक भौतिक संरचनाको विकास गरी सम्मृद्ध सुनकोशी निर्माण गर्नु।** | |
| **३.१ः** वस्तिस्तर सम्मका सडक सञ्जालहरूको विस्तार गरी वाह्रै महिना चल्ने दिगो सडक निर्माण गर्ने । | १. सङ्घीय तथा प्रदेश सरकारसँगको साझेदारिता गरिनेछ ।<br>२. गाउँपालिका भित्र निर्माण हुने सडकहरूलाई मापदण्डका आधारमा निर्माण (क.३० मिटर, ख.१६ मिटर, ग.१० मिटर, घ. ८ मिटर र ङ. ६ मिटर चौडाईका सडकहरू) गरिनेछ ।<br>३. सडकका स्तरोन्नती र सुरक्षित यातायात प्रबन्ध मिलाइनेछ ।<br>४. सवै वस्तिहरू सम्म ट्रयाक खोलिनेछ । |
| **३.२ः** विद्युत र संचार संजालमा पहुँच विस्तार गर्ने । | १. सवै घरमा विद्युत उर्जा विस्तार गरिनेछ ।<br>२. सबै बस्तीहरूमा ईन्टरनेट सेवाको विस्तार गरिनेछ । |
| **३.३ः** सुरक्षित आवास र वस्ति विकास गर्ने । | १. एकिकृत वस्ति विकासका लागि निजी क्षेत्र र सहकारीहरूसँग साझेदारिता गरिनेछ ।<br>२. आवास तथा वस्तिहरूको उत्थानशिलता विकास गरिनेछ । |
| **४. भू–उपयोग तथा वातावरण संरक्षण नीतिको कार्यान्वयन गरी विपद् तथा जलवायू परिर्तनका असरहरू न्यूनिकरण गर्नु ।** | |
| **४.१ः** भू–उपयोग नीति तथा वातावरण संरक्षण नीति निर्माण गरी कार्यान्वयन गर्ने । | १. गैह्र काष्ठजन्य पदार्थहरूको व्यवसायिक उत्पादनमा जोड दिइनेछ ।<br>२. जैविक विविधताको संरक्षण गरिनेछ ।<br>३. पर्यटन व्यवसायसँग समन्वय विस्तार सामुदायिक वन उपभोक्ता समितिसँगको साझेदारिता गरिनेछ ।<br>४. कृतिम सिमसार क्षेत्रको विस्तार गरिनेछ ।<br>५. शुष्म जलाधार व्यवस्थापन गरिनेछ । |
| **४.२ः** जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी वैज्ञानिक भुउपयोग व्यवस्था लागू गर्ने । | १. सामुदायिक वन उपभोक्ता समितिसँगको साझेदारिता गरिनेछ ।<br>२. कृतिम वाँधको निर्माण गरी पोखरी निर्माण गरिनेछ ।<br>३. उपयोगका आधारमा जमिनको चक्लावन्दिको व्यवस्था मिलाइनेछ ।<br>४. वाँझो जमिनको उपयोग गरिनेछ ।<br>५. वैज्ञानिक वन व्यवस्थापन गरिनेछ ।<br>६. भुमि वैकको व्यवस्थापन गरिनेछ । |
| **४.३ः** जलवायु अनुकुलन विधिद्धारा विपद व्यवस्थापन गर्ने । | १. जलवायू अनुकुलन कार्य योजना तर्जुमा गरिनेछ ।<br>२. परम्परागत रुपमा अभ्यास गर्दै आएका वर्षे पानी सङ्कलन पोखरीहरूको सुधार र संरक्षण गरिनेछ । |
| **४.४ः** विपद् व्यवस्थापन र प्रतिकार्य क्षमताको विकास गर्ने । | १. विपद पूर्वतयारी योजना निर्माण गरिनेछ ।<br>२. विपद व्यवस्थापन मैत्री पूर्वाधार निर्माण गरिनेछ ।<br>३. स्वास्थ्य विपद् व्यवस्थापन गरिनेछ । |

| | |
|---|---|
| | ४. विपद्का समयमा गर्नु पर्ने उद्धार खोज कार्यका लागि विपद व्यवस्थापन समितिको संस्थागत क्षमता विकास गरिनेछ । |
| **५. संस्थागत विकास र सुशासनका माध्यमबाट सार्वजनिक सेवालाई जनउत्तरदायी बनाउनु ।** | |
| **५.१**: कानूनी तथा नीतिगत व्यवस्था अध्यावधिक गर्ने । | १. आवश्यक ऐनहरूको निर्माण र संशोधन गरिनेछ ।<br>२. नियमावली र निर्देशिकाहरू निर्माण गरिनेछ ।<br>३. नीतिहरूको निर्माण र अध्यावधिक गरिनेछ ।<br>४. कार्यकारिणी समिति अन्तर्गतका उप—समितिको कार्यसम्पादन निर्देशिका तयार गरिनेछ । |
| **५.२**: सेवाप्रदायकहरूको संस्थागत संरचनामा सुधार गर्ने । | १. गाउँपालिकाको सेवाहरू चुस्त र दुरुस्त बनाइनेछ ।<br>२. डिजिटल तथ्याङ्कको व्यवस्थापन गरिनेछ ।<br>३. कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **५.३**: सुशासन, जवाफदेहिता र पारदर्शिताको सुनिश्चितता गर्ने । | १. सेवाग्राही सन्तुष्टि सर्भेक्षण ड्यास बोर्डमा प्रर्दशन गरिनेछ ।<br>२. साप्ताहिक कार्य सम्पादन र खर्चको अवस्थालाई ड्यास वोर्डमा प्रदर्शन गरिनेछ ।<br>३. सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण  सार्वजनिक सुनुवाई तथा GESI परीक्षण नियमित रुपमा गरिनेछ । |
| **६. सामाजिक न्यायका आधारमा समतामुलक समाजको निर्माण गर्नु ।** | |
| **६.१**: सामाजिक न्यायका आधारमा लैङ्गिक, धार्मिक, साँस्कृतिक रुपमा सारभूत समानता कायम गर्ने । | १. जातिय छुवाछुत तथा भेदभाव विरुद्धका नीति, ऐन र सामाजिक जागरणका कार्यक्रम तय गरिनेछ ।<br>२. जनजाति र दलितको सशक्तिकरणका लागि अभियान सञ्चालन गरिनेछ ।<br>३. बाल संरक्षण समितिको सबलीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. स्कूलमा आधारित बालक्लव परिचालन गरिनेछ ।<br>५. जेरियाटिक केयर र अर्थोपेडिक सेवा सहित स्वास्थ्य उपचारको व्यवस्था गरिनेछ ।<br>६. सङ्घीय सरकारबाट उपलव्ध सामाजिक सुरक्षा प्राप्त गर्ने नागरिकको अनुगमन गरी थप व्यवस्थाको आवश्यकता ठहर भएका नागरिकका लागि थप भत्ताको व्यवस्थापन गरिनेछ ।<br>७. जातिय छुवाछुत तथा भेदभाव प्रति शून्य सहनशिलता कायम गरिनेछ ।<br>८. बालबालिका तथा किशोरकिशोरीहरू माथि हुने उपेच्छा, हिंसा, दुव्यर्वहार र शोषण प्रति शून्य सशनशिलता निति अपनाइनेछ ।<br>९. जेष्ठ नागरिकको हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गरिनेछ ।<br>१०. सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन र विमा योजना सञ्चालन गरिनेछ । |

## २.३ सुनकोशीका गौरवका आयोजनाहरू

१. कुशेश्वर मन्दिर देखि वि.पी. पार्क सम्म केवल कारको निर्माण
२. ११७५ मेगा वाटको सुनकोशी-२ जलबिद्युत आयोजना
३. ५० कि. मि. को महाभारत कृषि सडकः चालिसे- बन्दीपुर- कोटगाउँ-डाँगी काफ्ले चौर

४. फापरचुली पर्यटन प्रवर्द्धनः वन्दिपुर=वस्तीपुर-अमले पैदल मार्ग (२० कि.मि.); होम स्टे, मठ-मन्दिर, शौचालयको व्यवस्था
५. वार्ड न. १ दुम्जामा कोशी/रोसी बाट लिफ्ट सिंचाई
६. वार्ड न. ४ दुम्सी ढाँडमा ड्याम निर्माणः माछा पालन, कृतिम झर्ना निर्माण, सिंचाइ तथा जलविद्युत उत्पादन
७. तटबन्ध निर्माणः देवीस्थान-नेपालथोक-कोशी धमिले खोला- जोतुआपबोट- कोशी-भोर्लुनी खोला दोभान
८. मरिण-थुम्का पर्यटन प्रवर्द्धनः कालिमाटी र सानो न्युपाने डाँडा (वार्ड न. ३ र ४) जोड्ने बाटो बनाई सातदोबाटो मरिण-थुम्कामा बैशाखे पुर्णिमा, भदौरे पुर्णिमा तथा कार्तिक पुर्णिमामा लाग्ने मेला लाई प्रचार प्रसार तथा व्यवस्थापन।

## २.४ समग्र अपेक्षित उपलव्धिहरू

नेपालको संविधानले तोकेका मौलिक हक, निर्देशक सिद्धान्त, दिगो राष्ट्रिय लक्ष्य, बागमती प्रदेश सरकारले प्रस्तावित विकासका चालकहरू र दिगो विकास लक्ष्यहरूले निदृष्ट गरेका सुचकहरूलाई स्थानीय तहमा स्थानीयकरण गर्दै आवधिक योजना भित्र विभिन्न सुचकका आधारमा नतिजाहरूका तयार गरिएको छ । हालको राष्ट्रिय र प्रादेशिक अवस्था समेतको आधारमा निम्न अनुसारको गाउँपालिकाको आवधिक लक्ष्यहरूलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६: सुनकोशी गाउँपालिकाको समग्र अपेक्षित उपलव्धिहरू

| क्र.स | सूचकहरू | ईकाई | राष्ट्रिय | प्रदेश | सुनकोशी | लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | औसत आर्थिक बृद्धीदर | प्रतिसत | ६.८ | ७.० | ५.८ | ७.० |
| २ | मानव विकास सूचांङ्क (Human Development Index) | सूचांङ्क | ०.६०२ | ०.६४१ | ०.४५१ | ०.५१२ |
| ३ | अपेक्षित औषत आयु (Life Expectance at Birth) | वर्ष | ७०.५ | ७०.५ | ६९.५६ | ७१ |
| ४ | कुल कृषि उत्पादकत्व | मे.ट.प्रतिहे. | २.९ | २.८ | २.८ | ३.२ |
| ५ | युवा श्रम सहभागिता (१५—३९ वर्ष) | प्रतिशत | ३८.५ | ४२.५ | ३५.४२ | ३८ |
| ६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | - | १३.०३ | २० |
| ७ | स्वास्थ्य संस्था मार्फत प्रसुति सेवा | प्रतिशत | ६३.३ | - | २३.८ | ५० |
| ८ | चारपटक गर्भवती जाँच गर्ने महिला | प्रतिशत | ५६.३ | - | ४०.६ | ७० |
| ९ | ५ वर्ष मुनिका वच्चाको एआरआई सहित निमोनियाबाट प्रभावित | प्रतिशत | १९ | १६ | ३१.७ | १५ |
| १० | सम्पूर्ण खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | ८६ | - | ५७.९ | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | साक्षरता दर (१५ वर्षमाथिको उमेर समूह) | प्रतिशत | ५९.६ | ७४.८ | ५०.२१ | ७० |
| | माध्यमिक तहमा खुद भर्ना दर | प्रतिशत | ७१ | ८८ | ५९.३६ | ८० |
| १२ | व्यवसायिक शिक्षामा कुल भर्ना दर | प्रतिशत | ३.७ | ४.१ | १.३ | ४ |
| १३ | हरेक घरमा धारा र चर्पी | प्रतिशत | ८७.७ | ९० | ८७ | ९५ |
| १४ | ३० मिनेटको दूरीमा कृषी उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषी परिवार | प्रतिशत | २९.७ | ३१.७ | ३१.५ | २५ |
| १५ | कालोपत्रे सडक प्रदेश सरकार र संघीय सरकारको सहयोगमा निर्माण गरेको समेत गरेर | कि.मि. | | | ३५ | ९५ |

नोटः * सुचकहरूलाई बाग्मती प्रदेश सरकारले गरेका प्रक्षेपणका आधारमा अनुमानित हुन् । यी बिभिन्न सूचकहरु बिभिन्न प्रकारले निकालिन्छ । जस्तो कि मानव सूचक मानव विकास सूचांङ्क (Human Development Index) यसको हिसाव आर्थिक स्तर( Living Standard ), शैक्षिक स्तर (Education ) र स्वास्थ्य अवस्था (Health Status) लाई हिसाव गरेर निकालिन्छ । यूएनडिपीले सन् २०१९ मा विश्वका १८९ मुलुकमा गरेको अध्ययनमा नेपाल १४२औं स्थानमा रहेको छ । नेपालको मानव विकास सूचांङ्क ०.६०२ रहेको छ । केन्द्रिय तथ्याङ्क बिभागले र राष्ट्रिय योजना आयोगबाट देशको संूचकहरु निकाल्ने काम गरिन्छ । प्रदेश नीति तथा योजना आयोग, बाग्मती प्रदेशले स्थानीय तहहरुको सूचकहरु निकालेकोले माथि प्रस्तुत गरिएको हो । सुनकोशी गाउँपालिकाको अवस्थालाई झल्काउने काम गर्दछ । मानव बिकास सूचकमा सुनकोशी गा.पा. बागमती प्रदेशका ७४ वटा गाउँपालिकाहरु मध्ये ४९ औ स्थानमा ०.४५१ मान सहित रहेको छ । सिन्धुली जिल्लामा रहेका ७ वटा गाउँपालिका मध्ये पहिलोमा गोलान्जोर गा.पा. ०.४७६, दोस्रोमा सुनकोशी, तेस्रोमा तीनपाटन ०.४४१, क्रमशः फिकल ०.४३१ , हरिहरपुरगढी ०.४१६ , ध्याङ्गलेख ०.४१२ रहेका छन् । सुनकोशी गा.पा.ले यी सबै सूचकहरु निकाल्न सक्दछ तर यसको लागि आवश्यक डाटाहरुको उपलब्धता अनिवार्य छ । ती डाटाहरुलाई सूत्रमा राखेर निकालिन्छ । अब हुने राष्ट्रिय जनगणनाले ताजा सूचकहरु दिने छ । कतिपय सूचकहरु अलि फरक पर्नाको कारण भनेको डाटाको श्रोत र समय अर्थात कुन अवधिमा गरिएको हो त्यसले गर्दा हो । आवधिक योजनामा यी सूचकहरु राखिनाको कारण भने सुनकोशी गा.पा. लगभग कुन अवस्थामा छ र ५ वर्षे अवधिमा कुन स्थानमा गा.पा. लाई पुऱ्याउने भन्ने हो ।

## २.५ वित्तीय व्यवस्थापन

### २.५.१ सार्वजनिक स्रोत परिचालनको आधार

सुनकोशी गाउँपालिकाको आवधिक योजनाको दीर्घकलीन सोच अनुसमरका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकीकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आँकलन र नयाँ स्रोतहरूको पहिचान गरी परिचालन तथा उपयोग गरिनेछ ।

**क) वित्तीय हस्तान्तरण**

नेपालको संविधान र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्था गरिए बमोजिम यस गाउँपालिकालाई संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण हुनेछ ।

- ✓ संघीय सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, सम्पूरक अनुदान र राजस्व बाँडफाँड
- ✓ प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, सम्पूरक अनुदान र राजस्व बाँडफाँड
- ✓ वैदेशिक अनुदानतर्फ अन्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

**(ख) आन्तरिक आय**

- ✓ स्थानीय सरकार सञ्चालन ऐनबमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैरकरका रकमहरू ।

**(ग) अन्य**

- ✓ गाउँपालिकाको बजेट संरचना बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रमअन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम
- ✓ निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम
- ✓ संघीय तथा प्रदेश तहबाट कार्यक्रमसहित प्राप्त हुने रकम ।

### २.५.२ कुल वित्तीय लगानी

सुनकोशी गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि कूल रु. ३८०.७१ करोड वित्तीय लगानी हुने अनुमान छ । सार्वजनिक क्षेत्र अन्तर्गत रु. ३५०.२१ करोड लगानी हुने अनुमान गरिएको छ भने न्यून हुन आउने रु. २५ करोड निजी, सहकारी तथा गै.स.स. बाट हुने अनुमान गरिएको छ । गाउँपालिकास्तरमा भएको छलफल तथा उपलव्ध विवरणका आधारमा आवधिक योजना अवधिमा सार्वजनिक, सहकारी, निजीर गैरसरकारी (राष्ट्रिय र अन्तर्राष्ट्रिय) क्षेत्रबाट परिचालन हुने कूल रु. ३७६.२१ करोड लगानी विवरण तल तालिका दिइएको छ ।

तालिका ७: आवधिक योजनामा बहुक्षेत्रगत अनुमानित लागत

| क्र.स. | श्रोत | रकम ( रू करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सार्वजनिक क्षेत्र | ३५०.२१ | ९३.०९ |
| २ | निजी क्षेत्र | २५.० | ६.६५ |
| ३ | गैर सरकारी / अन्तराट्रिय गै.स.स. | १.० | ०.२७ |
| ४ | कूल जम्मा | ३७६.२१ | १०० |

यसरी लागतको ठूलो हिस्सा सार्वजनिक क्षेत्रले ९३.०९ प्रतिशत छ भने निजी क्षेत्र र गैर सरकारी / अन्तराट्रिय गै.स.स.लाई समेत समाहित गरेर कार्यक्रमको साझेदारीको रूपमा लिइएको छ । आवधिक योजनामा बिभिन्न योजनाहरुको लक्ष्य प्राप्तिको लागि आवश्यक पर्ने ३३७.६७ करोड भने गा.पा.ले प्रदेश सरकार तथा संघीय सरकारका साथै अरु साझदारी संघ /संस्था बाट जम्मा गर्न सक्नेछ ।

### २.५.३ लगानीका क्षेत्रहरू

आधार बर्ष २०७६/ ०७७ को आधारमा बजेटको सबै भन्दा धेरै अर्थात आधा भन्दा बढी रकम सामाजिक विकास क्षेत्रमा खर्च भएको देखिन्छ । पूर्वाधार विकासमा १६.६४ प्रतिशत खर्च भएको छ भने संस्थागत विकास र सुशाशनमा १८.१

प्रतिशत, आर्थिक विकासमा ९.३ प्रतिशत, वन वतावरण तथा बिपद् व्यवस्थापनमा ४ प्रतिशत खर्च भएको छ । सो को आधारमा आवधिक योजनाको बिबिध क्षेत्रहरूमा बजेट प्रक्षेपण गरिएको छ । जसलाई तल तालिकामा देखाइएको छ ।




चित्र ४: प्रतिशतको आधारमा बिषयगत खर्चको विवरण

## २.६ सार्वजानिक खर्च र खर्च बेहोर्ने श्रोतहरू

सुनकोशी गाउँपालिकाको प्रथम आवधिक योजना अन्तर्गत प्रक्षेपित खर्च जुटाउन अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गर्नुपर्नेछ । हाल आन्तरिक राजस्वका स्रोतहरूको सीमितताको कारणले संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदान लगायतका रकमहरू माथि निर्भर रहनुपर्ने स्थिति विद्यमान रहेको छ । लगभग ९० प्रतिशत रकम संघीय सरकार र प्रदेश सरकारबाट अनुदान र राजस्व बाँडफाँडबाट प्राप्त हुने यस सुनकोशी गाउँपालिकाले स्थायी रूपमा अन्य श्रोतहरूको पहिचान गर्न पर्ने अवस्था देखिन्छ ।




चित्र ५: प्रतिशतका हिसावले श्रोतहरू

**बहुपक्षीय स्रोतहरूको परिचालन**

यस गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका लागि सह—वित्तीयकरण एवं सहकार्यको रणनीतिलाई अवलम्बन गर्दै सार्वजनिक, सहकारी नीजी क्षेत्र र गैर–सरकारी/अन्तर्राष्ट्रिय गैर–सरकारी संस्थाहरू लगायतबाट पूरक स्रोतहरू परिचालन गरिनेछन् । आवधिक योजनाले परिलक्षित गरेका आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरूका लागि सबै क्षेत्रहरूबाट सम्भाव्य स्रोतहरूको परिचालन

गरिनेछ । सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा र गैर–सरकारी/अन्तर्राष्ट्रिय गैर–सरकारी संस्थाहरू समेत सहभिगता गराएर जान पर्नें अवस्था रहेको छ ।

**तालिका ८: सुनकोशी गाउँपालिकको सार्वजानिक खर्च र खर्च बेहोर्ने श्रोतहरू**

| क्र.स. | बिवरण | २०७६/७७को स्वीकृत आधार बर्ष | २०७७/७८को संसोधत | २०७८/७९को प्रक्षेपण | २०७९/८०को प्रक्षेपण | २०८०/८१को प्रक्षेपण | २०८१/८२को प्रक्षेपण | २०८२/८३को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार-समानिकरण- नगद अनुदान | ९१९ | ९४१ | १०३५ | ११३९ | १२५२ | १३४० | १४२० |
| २ | नेपाल सरकार-शसर्त चालु- नगद अनुदान | १८३४ | २२५३ | २४७८ | २७२६ | २९९९ | ३१२० | ३२४० |
| ३ | नेपाल सरकार-विशेष अनुदान- नगद अनुदान | ० | १७५ | १९३ | २१२ | २३३ | २५० | २८० |
| ४ | नेपाल सरकार-समपुरक- नगद अनुदान | ० | ४० | ४४ | ४८ | ५३ | ७५ | ९० |
| ५ | बागमती प्रदेश-समानिकरण- नगद अनुदान | ९९ | ९९ | १०९ | १२० | १३२ | १५० | १८० |
| ६ | बागमती प्रदेश-शसर्त चालु- नगद अनुदान | १२२ | २८३ | ३११ | ३४२ | ३७७ | ४१० | ४६० |
| ७ | बागमती प्रदेश-शसर्त चालु- नगद अनुदान | | ५० | ५५ | ६१ | ६७ | ७५ | ९० |
| ८ | राजस्व– बाँडफाड –प्रदेश सरकार –नगद | **२१६** | **२३८** | २६२ | २८८ | ३१७ | ४०० | ४४० |
| ९ | राजस्व– बाँडफाड –संघीय सरकार –नगद | ७३५ | ७२७ | ८०० | ८८० | ९६८ | ११५० | १२०० |
| १० | आन्तरिक श्रोत –आन्तरिक श्रोत नगद | ५९१ | ३९६ | ५५० | ६७० | ७५० | ५८० | ६०० |
| | | **४५१६** | ५२०२ | ५८३७ | ६४८६ | ७१४८ | ७५५० | ८००० |

## २.७ सार्वजनिक खर्चको बाँडफाँट

### तालिका ९: सार्वजनिक खर्चको बाँडफाँट

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | रकम रू हजारमा |
| क्र. सं. | विवरण | २०७६/७७ को वास्तविक | २०७७/०७८ को संसोधित | २०७८/०७९ को प्रक्षेपण | २०७९/०८० को प्रक्षेपण | २०८०/०८१ को प्रक्षेपण | २०८१/०८२ को प्रक्षेपण | २०८२/०८३ को प्रक्षेपण | जम्मा | प्रतिशत |
| १ | **बजेटको वर्गीकरण** | | | | | | | | | |
| १.१ | चालु खर्च | २५२९ | २९१४ | ३१७५ | ३६५० | ४०३७ | ४३५० | ४४५८ | १९६७० | ५६.१७ |
| १.२ | पुँजीगत खर्च | १९८७ | २२८९ | २६६२ | २८३६ | ३१११ | ३२०० | ३५४२ | १५३५१ | ४३.८३ |
| | **जम्मा** | **४५१६** | **५२०३** | **५८३७** | **६४८६** | **७१४८** | **७५५०** | **८०००** | **३५०२१** | **१००** |
| २ | **खर्चको क्षेत्रगत बाँडफाँड** | | | | | | | | | |
| २.१ | आर्थिक विकास | ५१३ | ३७७ | ६३४ | ६५१ | ६३३ | ६५० | ७०० | ३२६८ | ९.३३१ |
| २.२ | सामाजिक विकास | २१६७ | २८४७ | २९७७ | ३३०८ | ३७१७ | ४००२ | ४१६० | १८१६३ | ५१.८६ |
| २.३ | पूर्वाधार विकास | ६०१ | ७२० | ८७६ | ११०३ | १२८७ | १२८४ | १२८० | ५८२८ | १६.६४ |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ७३ | १५१ | २०० | २५१ | ३०१ | ३२० | ३५० | १४२२ | ४.०५९ |
| २.५ | संस्थागत विकास तथा सुशासन | ११६२ | १०९३ | ११५१ | ११७४ | १२११ | १२९५ | १५१० | ६३४० | १८.१ |
| | **जम्मा बजेट** | **४५१६** | **५२०३** | **५८३७** | **६४८६** | **७१४८** | **७५५०** | **८०००** | **३५०२१** | **१००** |
| | | | | | | | | | | |

# परिच्छेद ३ सुनकोशी गाउँपालिकाको समष्टिगत आर्थिक नीति

## ३.१ सार्वजनिक खर्च

**पृष्ठभूमि**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आर्थिक अधिकार क्षेत्रभित्रका सीमित क्षेत्रमा कर लगाउन, नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट, अनुदान र ऋण प्राप्त गर्न, निजी क्षेत्रबाट तोकिएको सीमासम्म आन्तरिक ऋण परिचालन गरी सार्वजनिक खर्च व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको छ । स्थानीय तहको क्षेत्राधिकारका विषयमा एकल कर प्रशासनको माध्यमबाट राजस्व परिचालन गर्ने व्यवस्था रहेको छ । नेपाल सरकारबाट स्थानीय तहलाई समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी चार प्रकारका अनुदान प्राप्त हुने गरेको छ ।

स्थानीय तह गठन भए पश्चात् स्थानीय विकास अवधारणा अनुरूपका प्राथमिक कामहरू शुरुवात भएका छन् । आर्थिक वर्ष २०७३/७४ मा स्थानीय रूपमा वित्तीय कारोबार सीमित रहेको थियो भने आ.व. २०७४/७५, आ.व. २०७५/७६ तथा आ.व. २०७६/७७ कोलागि पूरा अवधिको बजेट तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयनका क्रममा अन्तिम चरणमा रहेको छ । सेवा प्रवाहकोलागि आवश्यक पर्ने नीति, कार्यविधि एवम् कार्यप्रक्रिया सरलीकरणका कार्यहरू भएका छन् । साथै, कार्यपालिकाको कार्य जिम्मेवारी बमोजिम सेवा प्रवाह गर्न आवश्यक पर्ने संगठन संरचना स्थापना भई सेवा प्रवाह तथा विकास निर्माणका कार्यक्रम कार्यान्वयनमा लगिएको छ । यसै आ.व.मा सुनकोशी गाउँपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी बजेट र योजनालाई जोड्ने प्रयास गरिएको छ ।

**प्रमुख समस्या**

योजना तर्जुमाकालागि आवश्यक पर्ने तथ्याङ्कको पर्याप्तता नहुँदा आधार वर्षको अवस्था, समग्र पालिका स्तरीय आर्थिक अवस्थाका परिसूचकहरू जस्तै कुल गार्हस्थ उत्पादन, बचत तथा लगानी आदि विश्लेषण गर्न कठिनाइ हुनु र यथार्थपरक बजेट निर्माणमा समस्या देखिएकोछ । कुशल बजेट विनियोजन र दक्ष एवम् प्रभावकारी कार्यान्वयनमा कमी रहेको छ । पुँजीगत खर्च लक्ष्य भन्दा कम हुनु, रोजगारी र आयमा प्रत्यक्ष प्रभाव पार्ने परियोजनाहरूमा विनियोजनमा कमी, निर्धारित समय, लागतमा र गुणस्तरीय हिसाबले आयोजना कार्यान्वयन हुन नसक्नु आदि यहाँका समस्याहरू हुन् ।

**चुनौती र अवसर**

संघीयता नयाँ अभ्यास र शासकीय स्वरूप भएकोले स्रोतको बाँडफाँटमा तीनवटै सरकारका बीचमा समानता र सन्तुलन कायम नहुनु, सार्वजनिक खर्चलाई दिगो र लाभकारी प्रतिफल आउने परियोजनामा विस्तार गर्न नसक्नु, गाउँपालिकाभित्रका सीमान्तकृत समूह र भौगोलिक क्षेत्रको समन्यायिक विकास नहुनु, नागरिकको आधारभूत आवश्यताका रूपमा रहेका शिक्षा, स्वास्थ्य र रोजगारीमा समन्यायिक पहुँच नहुनु, दक्ष, विषय विज्ञ, तथा उत्प्रेरित जनशक्तिको व्यवस्था गरी पालिकाको प्रशासनिक तथा विकास कार्यकालागि आवश्यक मानव स्रोतको परिचालन नहुनु यहाँका प्रमुख चुनौतीहरू हुन् ।

पालिकाहरूका बीचमा विकास निर्माण, लगानी अभिवृद्धि, सुशासन प्रवर्द्धनमा प्रतिस्पर्धात्मक वातावरण रहुनु, लामो समयदेखिको राजनीतिक संक्रमणको अन्त्य हुनु, योजना छनौट, बजेट विनियोजन क्षमतामा सुधार हुँदै जानु, तीनै तहका सरकार सहकार्य र समन्वय गर्दै **"समृद्ध नेपाल, सुखी नेपाली"** बनाउने राष्ट्रिय संकल्प प्रति प्रतिबद्ध रहनु,

स्थानीय सरकार स्थापना पश्चात् चार आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन भई सार्वजनिक खर्च विनियोजनमा अनुभव प्राप्त हुनु तथा लगानी सहजताकालागि नेपाल सरकारबाट हालसालै एकल विन्दु सेवाबाट सेवा प्रवाहको थालनी गरिनु तथा जनप्रतिनिधिहरूमा विकास प्रतिको उत्कट चाहना र प्रतिबद्धता हुनु अवसरका रुपमा रहेको देखिन्छ ।

**दीर्घकालीन सोच**

"सुव्यवस्थित, योजनाबद्ध एवम् नतीजामुखी सार्वजनिक खर्च प्रणाली"

**लक्ष्य**

उपलब्ध स्रोत साधनको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट प्रभावकारी सार्वजनिक सेवा प्रवाह, दिगो तथा उच्च आर्थिक विकास हासिल गर्ने ।

**उद्देश्य**

१. उपलब्ध सीमित स्रोतलाई गाउँपालिकाको समृद्धि हासिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु।
२. सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्नु ।
३. पालिकामा रोजगारी सिर्जना र उत्पादकत्व बृद्धि गर्नु ।
४. प्रभावकारी सार्वजनिक सेवा प्रवाहको विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका १०: सार्वजनिक खर्चका रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: उपलब्ध सीमित स्रोतलाई गाउँपालिकाको समृद्धि हासिल गर्न सघाउने क्षेत्रमा विनियोजन गर्नु ।** | |
| १.१: सार्वजनिक खर्चको मितव्ययी, दक्षतापूर्ण तवरले आर्थिक, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा उपयोग गर्ने । | १. सार्वजनिक खरिद कानुनको परिपालनामा जोड दिइनेछ ।<br>२. बजेट प्रणालीका सबै प्रक्रियालाई प्रभावकारी बनाउन दक्ष मानव संसाधन विकासमा जोड दिइनेछ । |
| १.२: नेपाल सरकारको स्वीकृतिमा गौरवका आयोजना तथा ठूला पूर्वाधार निर्माणमा वैदेशिक ऋण परिचालन गर्ने । | १. ठूला पूर्वाधार निर्माण तथा गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन गरिनेछ । |
| **उद्देश्य २: सामाजिक न्याय सहितको आर्थिक समृद्धि हासिल गर्नु ।** | |
| २.१: पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने । | १. सार्वजनिक निर्माण र सामाजिक क्षेत्रबाट प्राप्त लगानीको प्रतिफल समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण हुने प्रबन्ध मिलाइनेछ । |
| २.२: मूल प्रवाहमा आउन नसकेका नागरिकलाई सामाजिक संरक्षणका माध्यमबाट मूल प्रवाहीकरण गर्ने । | १. आर्थिक र सामाजिक रूपले पछाडि परेका नागरिकलाई सामाजिक संरक्षणका कार्यक्रम मार्फत् संरक्षण गरिनेछ । |
| **उद्देश्य ३: पालिकामा उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व बृद्धि गर्नु ।** | |
| ३.१: रोजगारीका अवसरको सिर्जना, उत्पादन र उत्पादकत्वमा बृद्धि एवम् पुँजी निर्माण हुने गरी स्रोतको महत्तम परिचालन गर्ने । | १. कृषि तथा गैर कृषि क्षेत्रमा रोजगार मूलक उद्योग स्थापनामा जोड दिइनेछ ।<br>२. कृषि प्रशोधन र खनिजजन्य उद्योगको स्थापना र विस्तारमा जोड दिइनेछ । |
| **उद्देश्य ४: प्रभावकारी सार्वजनिक सेवा प्रवाहको विकास गर्नु ।** | |
| ४.१: मध्यमकालीन खर्च संरचना र प्रभावकारी मध्यमकालीन खर्च समीक्षाको व्यवस्था गर्ने । | १. मध्यमकालीन खर्च संरचनाका आधारमा मात्र पालिकाका संपूर्ण सार्वजनिक खर्च व्यवस्थापन हुने सुनिश्चितता गरिनेछ ।<br>२. हरेक तीन वर्षमा मध्यमकालीन खर्च समीक्षा अनिवार्य गर्नुपर्ने प्रावधान गरिनेछ । |

| | |
|---|---|
| ४.२: हरेक सार्वजनिक खर्च तथा सेवा प्रवाह सार्वजनिक सुनुवाइ मार्फत अनुमोदन गर्ने । | १. हरेक उपभोक्ता समिति तथा ठेकदारले योजनाको समाप्ति सँगै खर्चको विवरण सार्वजनिक सुनुवाइ मार्फत अनुमोदन गर्ने अनिवार्य प्रावधान राखिनेछ । |

**अपेक्षित उपलब्धि**

सार्वजनिक खर्च प्रणाली थप व्यवस्थित एवम् सुदृढ भएको हुनेछ । पालिकाको स्रोत साधनको विनियोजन र राजस्व परिचालन क्षमता सुदृढ भएको हुनेछ । उपलब्ध सीमित स्रोत र साधनको लगानी उत्पादनमूलक क्षेत्रमा केन्द्रित भएको हुनेछ ।

## ३.२ राजस्व

**पृष्ठभूमि**

आर्थिक ऐन २०७५ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, घर बहाल कर, सम्पत्ती कर, भूमि कर, व्यवशाय कर, विज्ञापन कर र मनोरन्जन करका क्षेत्रमा स्थानीय तहको अधिकार क्षेत्र तोकिएको छ । यसका साथै गैर करका रूपमा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना संसंकलन गरिएको र स्थानीय कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्रका कर उठाउन पाउने व्यवस्था रहेको छ । कर तथा गैरकरका आधार कमजोर रहेको, कर सङ्कलन गर्ने आफ्नै संयन्त्र स्थापित भइनसकेको अवस्थामा राजस्व सङ्कलन गर्ने व्यवस्थित पद्धति विकास भइसकेको छैन । वैज्ञानिक कर प्रणालीको विकास गरी राजस्व सङ्कलन र परिचालन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन आवश्यक रहेको छ ।

**प्रमुख समस्या**

राजस्व सङ्कलन गर्न नीतिगत व्यवस्थामा अष्पस्टता रहेको, कर तथा गैर करको आधार पर्याप्त रुपमा विस्तार हुन नसकेको, एउटै प्रकृतिका कर प्रदेश र स्थानीय तह दुबैका साझा क्षेत्राधिकारमा रहनु राजस्व सुधारमा देखिएका मुख्य समस्याहरू हुन् । त्यसैगरी ढुङ्गा, गिटी, बालुवा जस्ता प्राकृतिक स्रोतको तुलनामा कर सङ्कलन हुन नसकेको, करका सम्बन्धमा जनचेतनाको कमी रहेको, पर्याप्त र दक्ष जनशक्तिको कमी हुनु आदि यस गाउँपालिकाका समस्याहरू हुन् ।

**चुनौती र अवसर**

कर तिर्नुपर्ने सबै नागरिकलाई करको दायरामा ल्याउन नसकिनु, कर तथा गैरकर राजस्वको प्रभावकारी परिचालन नहुनु, कर तथा गैर करको आधार विस्तार गर्नु नसकिनु, छरिएर रहेका राजस्व सङ्कलन गर्ने संयन्त्रबाट आशातित कर सङ्कलन नहुनु, गाउँपालिकाको कर तथा गैरकर राजस्व परिचालनका आधार कमजोर रहनु तथा छिमेकी स्थानीय तहको कर प्रणालीसँग समानता कायम गर्न नसक्नु यहाँका मुख्य चुनौती मान्न सकिन्छ ।

तीनै तहका सरकारबाट समन्वय र सहकार्यमा राजनीतिक प्रणालीको सुदृढीकरण गर्दै आर्थिक विकास गर्ने अवसर प्राप्त भएको, सार्वजनिक वित्तको परिचालनमा सबै पक्षको सक्रिय सहभागिता बढ्दै जानु, लामो समयदेखिको राजनीतिक संक्रमणको अन्त्य भएको, विगतमा केन्द्रीकृत रहेका अधिकार विकेन्द्रित भई स्थानीय तहसम्म पुगेको तथा करको आधार र दायरा बृद्धि गर्न सकिने सम्भावना रहेको जस्ता अवसरहरू रहेका छन् ।

**दीर्घकालीन सोच**

"प्रभावकारी राजस्व प्रणालीको विकास सबल अर्थतन्त्र निर्माणको आधार"

**लक्ष्य**

पालिकाका सामाजिक विकासका कार्यक्रमहरू आन्तरिक स्रोतबाट परिचालन गर्न सक्ने अवस्थाको सिर्जना गर्ने ।

**उद्देश्य**

१. राजस्व परिचालन प्रणालीलाई प्रगतिशील, कुशल, पारदर्शी र प्रभावकारी बनाउनु ।
२. राजस्व सुधार कार्ययोजना निर्माण र कार्यान्वयन गरी राजस्व बृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ११: राजस्वका रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: राजस्व परिचालन प्रणालीलाई कुशल, पारदर्शी र प्रभावकारी बनाउनु ।** | |
| १.१: संघीय र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्दै गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनमा जोड दिने । | १. नेपाल सरकारसँगको सहकार्यमा राजस्व सङ्कलन तथा परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन कर परिचालन सम्बन्धमा स्पष्ट नीति तथा कानुनी व्यवस्था गरिनेछ ।<br>२. राजस्व परिचालनकालागि प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ । |
| १.२: कर प्रणालीमा संस्थागत र संरचानागत रूपमा विकास गर्दै आधुनिकीकरण र प्रगतिशील बनाउने । | १. राजस्व सङ्कलन प्रणालीका सबै प्रक्रियालाई प्रभावकारी बनाउन दक्ष जनशक्ति विकासमा जोड दिइनेछ ।<br>२. नवीनतम विधि, प्रविधि र उपकरणको प्रयोग गरी कर प्रणालीलाई आधुनिकीकरण गरिनेछ । |
| **उद्देश्य २: राजस्व सुधार कार्ययोजना निर्माण र कार्यान्वयन गरी राजस्व बृद्धि गर्नु ।** | |
| २.१: कानुनी तथा नीतिगत व्यवस्थापन गर्ने । | १. मौजुदा आर्थिक ऐन नियमलाई आवश्यक परिमार्जन गरी व्यवहारिक र प्रभावकारी बनाइनेछ ।<br>२. सम्पत्ति कर जस्ता नयाँकरहरू सम्बन्धी कानुन बनाइनेछ ।<br>३. कर निर्धारण, कर असुली, कर छुट, कर अनुपालन सम्बन्धी स्थानीय नीतिगत एवम् कानुनी व्यवस्थाको सन्दर्भमा आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्यविधिहरू समयमै तयार गरी गाउँसभाबाट पारित गराई कार्यान्वयन गरिनेछ । |
| २.२: प्रभावकारी संगठनात्मक व्यवस्था, दक्ष जनशक्ति र उपयुक्त पूर्वाधार सहितको व्यवस्था गर्ने । | १. राजस्व सम्बन्धी उपयुक्त सफ्टवेयर, कम्प्युटर र सूचना प्रणाली सहितको अलग राजस्व शाखा व्यवस्था गरिनेछ ।<br>२. राजस्व सम्बन्धी आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्ने र भएका जनशक्तिलाई उचित तालिम दिई दक्ष र प्रभावकारी बनाइनेछ ।<br>३. वडा कार्यालयहरूको समेत राजस्व सङ्कलन क्षमता अभिवृद्धि गरी वडा कार्यालयहरू मार्फत राजस्व सङ्कलनको प्रभावकारी प्रणालीको व्यवस्था गरिनेछ । |
| २.३: करसँग सम्बन्धित व्यवस्थित र वर्गीकृत तथ्याङ्काधार व्यवस्थित गर्ने । | १. कर सङ्कलनको निम्ति सहजतालाई समेत ध्यानमा राखी गाउँपालिकाको प्रोफाइल अद्यावधिक गरिनेछ ।<br>२. सम्भावित विभिन्न कर, शुल्क तथा दस्तुरका दायरा तथा दरहरूको वर्गीकृत विवरण तयार गरी आवधिकरूपमा अद्यावधिक गरिनेछ ।<br>३. राजस्वका विभिन्न स्रोतहरूको प्राथमिकीकरण र नयाँ स्रोतहरूको पहिचान गर्ने र विद्यमान स्रोतहरूको दायरा विस्तार गरिनेछ । |
| २.४: करदाताहरूलाई कर/शुल्कको महत्त्व, कर | १. विभिन्न छलफल, गोष्ठी, सञ्चार माध्यम मार्फत् करदाताहरूमा कर सम्बन्धी जनचेतना फैलाइनेछ (कर शिक्षा प्रदान गर्ने) । |

| | |
|---|---|
| व्यवस्था सम्बन्धमा सचेचना बृद्धि गर्ने । | २. मोबाइल एप, वेबसाइट आदिको माध्यमबाट कर व्यवस्था सम्बन्धी सूचना दिइनेछ ।<br>३. उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।<br>४. करको दर निर्धारण गर्दा सरोकारवाला मुख्य करदाताहरूसँग छलफल गरिनेछ। |
| २.५ः सरल, चुस्तदुरुस्त कर असुली प्रणाली व्यवस्थित गर्ने । | १. वडामा कर सङ्कलन गर्ने व्यवस्था गरिनेछ ।<br>२. करदाताहरूलाई स्वयं कर घोषणाको सुविधा प्रदान गरिनेछ ।<br>३. समयमै कर तिर्नेलाई कर छुटको व्यवस्था र ढिलो गरिएमा जरिवानाको व्यवस्था गरिनेछ ।<br>४. कम्प्युटरकृत विलिङ प्रणाली अवलम्बन गरिनेछ ।<br>५. उत्कृष्ट रूपमा राजस्व सङ्कलन गर्ने वडालाई प्रोत्साहित गरिनेछ ।<br>६. कर दायित्व र सेवा प्रवाहलाई एक आपसमा जोडिनेछ । |
| २.६ः पारदर्शिता र जवाफदेहिता कायम राख्ने । | १. गाउँपालिकाले गुणस्तरीय वस्तु तथा सेवा प्रदान गरिनेछ ।<br>२. आय व्ययको विवरण आवधिक रूपमा प्रकाशन गरिनेछ ।<br>३. सङ्कलित राजस्व रकम बारे आवधिक रूपमा सार्वजनिक गरिनेछ ।<br>४. राजस्व उत्पत्तिलाई पनि बजेट विनियोजनको एक आधारको रूपमा लिइनेछ । |
| २.७ः सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्ने । | १. राजस्व बाँडफाँड हुने राजस्वका शीर्षकहरूमा संघीय तथा प्रदेश सरकारसँग भरपर्दो र प्रभावकारी समन्वय गरिनेछ ।<br>२. करदाता सम्बन्धी तथ्याङ्क प्राप्ति र कर असुलीको सन्दर्भमा अन्य सम्बन्धित निकायहरूसँग पनि समन्वय गरिनेछ । |
| २.८ः राजस्व अभिवृद्धि गर्ने खालका आयमूलक कार्यक्रम र पूर्वाधार विकासमा जोड दिने । | १. वार्षिक कार्यक्रममा स्थानीय आर्थिक विकासकालागि व्यवसायमूलक तथा आयमूलक कार्यहरूमा योगदान पुऱ्याउने कार्यक्रमहरूलाई समावेश गरिनेछ।<br>२. निजी क्षेत्रको लगानी र उद्यमशीलता प्रति जोड दिइनेछ ।<br>३. राजस्व अभिवृद्धि गर्ने खालका पूर्वाधारहरूको विकास गरिनेछ ।<br>४. हाटबजार/स्टलहरू निर्माण र सञ्चालन गरिनेछ ।<br>५. सडक लगायतका पूर्वाधार निर्माण र स्तरोन्नति गरिनेछ । |

**अपेक्षित उपलब्धि**

करदाताको सङ्ख्यामा उल्लेख्य बृद्धि भई गाउँपालिकाको अर्थतन्त्र तथा बजेटमा राजस्वको यागेदानको अनुपातमा बृद्धि भएको हुनेछ । कर प्रणालीमा विद्युतीय प्रविधिको प्रयोगगरी पारदर्शी, कम खर्चिलो र प्रभावकारी भएको हुनेछ।

## ३.३ सार्वजनिक ऋण

**पृष्ठभूमि**

गाउँपालिकाको चालु तथा पुँजीगत खर्च व्यवस्थापनकालागि प्रदेश तथा संघीय सरकारबाट प्राप्त हुने अनुदान मात्र पर्याप्त नभएकोले थप स्रोतको माग हुन गएको छ । नयाँ संरचनाको विकास सँगै सार्वजनिक खर्चको आवश्यकता बढ्दै गएको छ । सामाजिक तथा भौतिक पूर्वाधारमा लगानीको मागलाई सम्बोधन गर्न सार्वजनिक वित्तको प्रचुरता हुनु आवश्यक रहेको छ । स्थानीय निकायले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा मात्र आन्तरिक ऋण लिन सक्ने व्यवस्था रहेको छ । आयोगले प्रदान गरेको सीमाभित्र रही आन्तरिक ऋण परिचालन गर्न नीतिगत तथा संरचनात्मक

व्यवस्था नभइसकेकोले परिचालन हुन कठीनाइ रहेको छ । यस अर्थमा पालिकाले आन्तरिक राजस्व, अनुदान तथा राजस्व बाँडफाँटबाट नपुग हुने रकम आन्तरिक ऋण वा नेपाल सरकारसँग लिने ऋणमा निर्भर रहन्छ ।

**प्रमुख समस्या**

गाउँपालिकाको क्रेडिट रेटिङ नहुनु, आन्तरिक ऋण परिचालनलाई निश्चित क्षेत्रमा लगानी गर्ने गरी मापदण्ड नहुनु, संस्थागत संयन्त्रको आधारभूत तहको अवस्था समेत नहुनु, गाउँपालिकास्तरमा सार्वजनिक ऋणको परिचालन र व्यवस्थापन सम्बन्धी नीतिगत स्पष्टता भइनसक्नु तथा वित्तीय क्षेत्रलाई ग्रामीण क्षेत्रसम्म विस्तार गर्न नसक्नु सार्वजनिक ऋणको परिचालन र व्यवस्थापनकालागि समस्याका रुपमा रहेका छन् ।

**चुनौती र अवसर**

नेपाल सरकारको स्वीकृति र अन्य प्रक्रिया पूरा गरी सार्वजनिक ऋण परिचालन नहुनु, सार्वजनिक ऋणलाई प्रभावकारी ढङ्गबाट पूर्वाधार, रोजगार र उत्पादनमा परिचालन गरी दिगो, उत्पादनमुखी र उच्च प्रतिफलमुखी बनाउन नसक्नु तथा ऋणको साँवा व्याज भुक्तानीको सुनिश्चितता गर्न नसक्नु मुख्य चुनौती हुन् ।

पालिकाले विकास निर्माणकालागि ऋण परिचालन गर्न सक्ने गरी घाटा बजेट तर्जुमा गर्न सक्ने व्यवस्था हुनु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले ऋण परिचालनमा सहजिकरण गर्नु तथा पर्यटन, पूर्वाधार तथा ऊर्जा विकासमा लगानीको आधार हुनु यहाँका अवसरका रुपमा रहेका छन् ।

**दीर्घकालीन सोच**

"उत्पादनमूलक पूर्वाधार विकास र सबल अर्थतन्त्र निर्माणका निम्ति सार्वजनिक ऋण सदुपयोग"

**लक्ष्य**

पर्यटन पूर्वाधार र ऊर्जा विकास तथा उत्पादनको क्षेत्रमा लगानी बृद्धि गर्न सार्वजनिक ऋणको प्रभावकारी परिचालन गर्ने।

**उद्देश्य**

१. सार्वजनिक ऋणलाई गौरवका आयोजनाको पूर्वाधार विकास र उत्पादनका क्षेत्रमा परिचालन गरी आर्थिक बृद्धिमा योगदान पुऱ्याउनु ।
२. सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी पुँजी निर्माणमा बृद्धि तथा रोजगारको सिर्जना गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका १२: सार्वजनिक ऋणका रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सार्वजनिक ऋणलाई गौरवका आयोजनाको पूर्वाधार विकास र उत्पादनका क्षेत्रमा परिचालन गरी आर्थिक बृद्धिमा योगदान पुऱ्याउनु ।** | |
| १.१: ऋणलाई प्रभावकारी परिचालन गर्न नेपाल सरकारसँग समन्वय र सहकार्य गर्ने । | १. नेपाल सरकारसँग समन्वय गर्दै ऋण परिचालनका विभिन्न उपकरण प्रयोग गरी आन्तरिक ऋण परिचालन गरिनेछ ।<br>२. ठूला पूर्वाधार र गौरवका आयोजनामा वैदेशिक ऋण परिचालन गरिनेछ । |
| १.२: केन्द्र र प्रदेश सरकारको प्राथामिकतामा परेका क्षेत्रमा सार्वजनिक ऋणलाई परिचालन गर्ने । | १. सार्वजनिक ऋणलाई उच्च प्रतिफलका पूर्वाधार र उत्पादनका क्षेत्रहरूमा परिचालन गरिनेछ ।<br>२. सार्वजनिक ऋणको लागत लाभ विश्लेषण गरी साँवा व्याज भुक्तानी सुनिश्चित हुने क्षेत्रमा परिचालन गरिनेछ । |
| **उद्देश्य २: सार्वजनिक ऋणको प्रभावकारी परिचालन गरी पुँजी निर्माणमा बृद्धि तथा रोजगारको सिर्जना गर्नु ।** | |

| | |
|---|---|
| **२.१ः** सार्वजनिक ऋणको परिचालन तथा व्यवस्थापन सम्बन्धी नीति, कानुन र संस्थागत संरचना तयार पार्ने । | १. नेपाल कानुनसँग तादात्म्यता हुने गरी सार्वजनिक ऋण सम्बन्धी गाउँपालिकाको नीति, संस्थागत संरचना र कानुनको निर्माण गरिनेछ । |
| **२.२ः** रोजगारी र आय आर्जनका अवसरमा बृद्धि हुने गरी सार्वजनिक ऋणको परिचालन गर्ने । | १. रोजगारी र आय आर्जनका अवसर बृद्धि हुने गरी सार्वजनिक ऋणको परिचालन गरिनेछ । |

**अपेक्षित उपलब्धि**

योजनाको अन्त्यमा सार्वजनिक ऋणको व्यवस्थापन सम्बन्धी नीति, कानुन बनेको हुनेछ । पुँजी निर्माण तथा रोजगारीमा बृद्धि भएको हुनेछ । सार्वजनिक ऋण निश्चित सीमाभित्र रहेर परिचालन भएको हुनेछ । सार्वजनिक ऋणको परिचालन प्राथमिकता प्राप्त र उत्पादनका क्षेत्रमा गरिएको हुनेछ ।

# परिच्छेद ४ आर्थिक विकास क्षेत्र

## ४.१ कृषि र पशुपन्छी विकास

**पृष्ठभूमि**

कृषि, वागवानी र पशुपन्छीपालन पेशाको दृष्टिकोणबाट हेर्दा सुनकोशी गाउँपालिका पनि नेपालका अन्य क्षेत्रभन्दा खासै फरक छैन । भुगोलका हिसावले यस गाउँपालिकाको १५४५४ हेक्टर क्षेत्रफल रहेको छ । जसमा करिव तीन भाग मध्ये एक भागभन्दा बढी अथवा ६६५६ हेक्टर खेतियोग्य जमिन रहेको छ भने बाँझो छेत्रफल १५६.७६ हेक्टर रहेको छ । यसैगरि वनको छेत्रफल ८१०३ हेक्टर रहेको छ । यस्तै प्रकारले नदी खोलाको छेत्रफल १४१.३५ हेक्टर रहेको छ । यसरी क्षेत्रफलका हिसावले दोस्रोमा कृषिको छ । यसरी करिव ६ भाग मध्ये एक भागभन्दा बढी कृषिको भूभाग रहेको छ । गाउँपालिका भित्र अधिकांशले कृषि तथा पशुपालनलाई निर्वाहमुखि व्यवसायको रुपमा प्रयोग गर्दै आएका छन् । गाउँपालिकाको कुल खेती योग्य जमिनको ४२.४ प्रतिशत जमिनमा खाद्यान्नवालीको खेती गरेका छन् । खाद्यान्नवाली भित्र क्रमशः मकै, धान, कोदो, गहुँ र जुनेलो अनि फापरलाई लिइएको छ । क्षेत्रफलका हिसावबाट सवैभन्दा वढि मकैवाली ३३७८८ रोपनीमा लगाउने गरेका छन् जुन कुल खाद्यान्नवालीको क्षेत्रफलको ४६.३ प्रतिशत हुन आउछ । दोस्रो वालीमा धान र कोदो क्रमश रहेको छन् । धान लाग्ने क्षेत्रफल कुल १७२३८ रोपनी रहेको छ जुन खाद्यान्नवाली क्षेत्रफलको २३.६ प्रतिशत हुन्छ । धानवाली लाग्ने जमिनलाई पानीको सिंचाईका लागि प्राथमिकतामा राख्ने अभ्यास रहेको हुदाँ गाउँपालिकाको १७२३८ रोपनी क्षेत्रफललाई कुनै न कुनै रुपमा ९३ वटा कुलाहरूबाट हुने सिंचित जमिनको रुपमा लिइएको छ ।

त्यसै गरि दलहनवाली अन्तर्गत मास, गहत, चना, मुसुरो, मस्याङ र भटमासलाई लिइएको छ । मास तथा गहतको उत्पादन सर्वाधिक प्रथम र दितिय स्थानका दालवालीहरू हुन् । तरकारीवाली अन्तर्गत लहरे तरकारीहरू वोडी, सिमी, केराऊहरूको उत्पादन क्षेत्र धेरै रहेको पाइन्छ भने मुला, गोलभेडा, काउली, वन्दा, गाजर त्यसपछिका उत्पादन हुने तरकारीवालीहरू हुन् । केहि वडाहरूमा टनेल खेतिको अभ्यास गरेकाछन् । तेलहनवालीमा मुख्यतया तोरी, सर्स्यु र केहि तिल तथा सुर्यमुखीको खेती गर्ने अभ्यास छ । फलफूलवालीमा मुख्य रुपमा अमिला जातका फलफूलहरू जस्तै जुनार, सुन्तला, कागती, ज्यामिर, भोगटे, निवुवा रहेको छन् । व्यवसायिक रुपमा सवैको रोजाईमा जुनार र कागतीले स्थान लिएको छ । आँप, केरा, भुईकटहर, लिची, कटहरहरूका पुराना र नया वगैचाहरू छन् । केहि समय देखि किवीले प्राथमिकता पाइराखेको अवस्था छ । नगदेवालीको क्षेत्रफलमा सवैभन्दा वढि आलुवालीको क्षेत्रले ओगटेको छ जसमा ६१८५ रोपनी रहेको छ । गाउँमा नगद हात पार्न अरु खेतिहरू जस्तै च्याऊ, फूल खेति र वदाम खेति तर्फ किसानहरूको चासो वढेको छ ।

**तालिका १३ः सुनकोशी गाउँपालिकामा कृषि उत्पादकत्व तथा कृषि विकासको अवस्था**

| वडा नं. | उत्पादन क्षेत्रफल (रोपनीमा वाली चक्र आधारमा) | | | | | | कृषि यन्त्रिकरण संख्या | कुलो संख्या | समुह संख्या | सङ्कलन केन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | खाद्यान्न वाली | दाल वाली | तरकारी वाली | तेलहन वाली | फलफूल वाली | नगदे वाली | | | | |
| १ | ४३३४ | २५९ | ८९.५ | २३५८ | ३५ | ६४ | ५ | ४ | २ | ० |
| २ | २८९१ | १०१० | १४८६.५ | १७९२ | १३१.५ | १० | ६ | २ | २ | ० |
| ३ | २१५०० | ८२५ | १४७५ | १४५० | २१९ | ३६९३ | १९ | १४ | १३ | २ |
| ४ | १०४९० | १५८४ | ३०८ | १२५ | ४५१५ | ७८५ | ५ | ४ | ९ | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | २००३२ | १७९७ | ८३३ | १४५१ | १०५.५ | १६२२ | २५ | २६ | ३४ | १ |
| ६ | ८३३१ | ६४७ | २८४ | १४९ | १०२ | ३९९ | ७ | ३५ | ८ | ० |
| ७ | ५२५७ | ५१६ | ३७५ | ७७३ | ६८४ | ० | ६ | ८ | १३ | १ |
| जम्मा | ७२८३५ | ६६३८ | ४८५१ | ८०९८ | ५७९२ | ६५७३ | ७३ | ९३ | ८१ | ४ |
| **प्रतिशत** | ४२.४ | २.१४ | **१.५६** | २.६२ | **१.८७** | २.१२ | | | | |

कृषिको यान्त्रिकरण अन्तरगत कृषिकर्ममा प्रयोग हुने साना औजार तथा यन्त्रहरूको प्रयोगलाई लिइएको छ । पावरटिलर, पम्प, हस्कर र थ्रेसरहरूलाई राखिएको छ । पशुश्रम र मानव श्रमबाट गरिने वलका कामहरूलाई छिटो र किफायति किसिमले गर्न नेपाल सरकारले कृषिको आधुनिकिकरण आयोजनाले तोकिएका वा अनुदानमा प्रदान गरिएका यन्त्र तथा उपकरणहरूमात्र यस शिर्षक अन्तरगत राखिएको छ ।

गाउँपालिका भित्र अधिकांशले कृषि तथा पशुपालनलाई निर्वाहमुखि व्यवसायको रुपमा प्रयोग गर्दै आएका छन् । तर पनि कुल घरधुरी मध्ये ६८५ घरधुरीले मात्र कृषिलाई प्रमुख पेशाकै अधारमा गुजाराका रुपमा लिएका छन् । औषत प्रति परिवार सत्रिय २ जनाले परिवारका ६ जनालाई खुवाउनु पर्ने अवस्था देखिन्छ । यस गाउँपालिकमा कृषियोग्य भुमिलाई कोशी आसपासको खेत हरूलाई नगदे वालि, मध्य पहाडी भुभागमा पशु तथा पंक्षी पालन र उच्च पहाडी भेगमा फलफुल खेती गर्ने गरी माटोको परिक्षणको आधारमा पकेट क्षेत्र को पहिचान गरी ब्यबसायिक कृषि विकास गर्न सकिन्छ ।

विगत एक दशक देखि ताजा तरकारी र दुग्ध उत्पादनलाई कृषि पेशा भित्रको आम्दानीको स्रोतका रुपमा विकास हुदै आएको छ । यस पालिकाले काठमाण्डौंका वजारहरूमा ताजा तरकारीको आपुर्ति गरिरहेको अवस्था छ । गेडागुडीमा केराऊ, सिमी, वोडी मनग्गे मात्रामा उत्पादन हुने गरेको छ। अधिकांश क्षत्रमा चिसो हावापानीका कारण यहाँ उत्पादन हुने मकैलाई स्वाद र पौष्टिकताका आधारमा विशेष महत्वपूर्ण मानिएको छ । आलुको उत्पादन निक्कै हुने गर्दछ भने स्थानीय बजारमा यहाँको उत्पादनको निक्कै माग पनि रहेको उत्पादकहरू बाताउँछन् । ताजा तरकारीको उत्पादन अहिले फस्टाउँदो व्यवसाय रहिआएको छ । पालिकाका अधिकांश उत्पादन र वालीलाई प्राङ्गारिक उत्पादन मान्न सकिन्छ । विषादिको कम प्रयोग भएकै कारण परम्परागत मौरी पालनको अभ्यास प्रसस्त देख्न सकिन्छ । समग्रमा दुग्ध उत्पादन, ताजा तरकारी उत्पादन, फलफूल, मकै र आलु उत्पादनलाई व्यवसायिक रुपमा अगाडि बढाउन किसानहरूले प्रयत्न गरिरहेको अवस्था छ । काठमाण्डौ, कमलामाई, वनेपा सम्म ताजा तरकारी बिक्री गरेर आम्दानी बढेको अवस्था छ ।

**प्रमुख समस्या**

सुनकोशी गाउँपालिकाभित्र आम मानिसको धारणामा कृषि, वागवानी तथा पशुपन्छीपालनलाई पेशा तथा व्यावसायकारुपमा भन्दा पनि निर्वाहमुखि अर्थोपार्जनको माध्यम मानिएको छ । अहिले यातायात र सूचना तथा संचार क्षेत्रमा आएको प्रगतिका कारण कृषि तथा पशुपन्छि व्यवसायको उत्पादन लागत, उत्पादित वस्तुको गुणस्तर, बजार प्रतिस्पर्धा गर्न कठिन अवस्था छ । त्यसैगरि उत्पादनमा संलग्न जनशक्तिको सिप र प्रविधिले विश्व बजारलाई प्रतिस्पर्धा गर्न सकिराखेको छैन । वास्तवमा हाम्रो परम्परागत रुपमा ज्ञान सिप र क्षमताको व्यवसाय कृषि तथा पशुपन्छीपालन नै भएपनि अहिलेको अवस्थामा खासै आधुनिकीकरण भइराखेको छैन । कृषकले बजारको माग र आपूर्तिको आधारमा उत्पादन गर्न भन्दा मौषम अनुकूलता र पम्परागत रुपमा आफ्ना जमिनमा गर्दै आइराखेको खेतिपातिलाई अगालिराखेको अवस्था छ । विशेष गरी हाम्रा प्राङ्गारिक उत्पादनलाई बजारको माग अनुसार वजारीकरण गर्न सकिराखेको अवस्था छैन । मागलाई अवसरको रुपमा लिने र सोही

अनुसार वाली उत्पादन चक्र निर्माण गरी योजनाबद्ध उत्पादन गर्न सकेको पाइदैन । कृषि, वागवानी तथा पशुपन्छीपालनको व्यवसायिक विकासका रुपमा हाल केही फर्महरू स्थापना गरिएका छन् । प्रधानमन्त्री कृषि अयोजनालगायत विगतका कृषि विकासका योजनाहरूको प्रभावमा केहि उत्साहित कृषकहरूले व्यवसायिक उत्पादनमा प्रयास गरिरहेको छन् । गाउँपालिकाले त्यस्ता केहि कृषि, बागवानी र पशुपन्छी व्यवसायहरूको दर्ता गर्दै गएकोछ । यस गाउँपालिकाले उत्पादनको पकेट क्षेत्र निर्माण र कृषि जमिनको चक्लावन्दि गर्न कोशिस गरिराखेको भएपनि कृषि सडक, सिंचाई, प्लान्ट प्याथोलोजी, भण्डारण र वजारश्रृखला अनुरुप विस्तार हुन सकेको अवस्था छैन । काठमाण्डौं, वनेपा लगायतका वजारहरूमा ताजा तरकारी आपुर्ति गर्नको लागि यसपालिकाको विपि राजमार्गले छोएको ठाउँमा सहज अवस्था छ भने राजमार्गले नछोएको ठाउँको उत्पादनलाई बजारिकरण गर्न अझै पनि कठिन अवस्था रहेको छ ।

**<u>चुनौती र अवसर</u>**

राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको पन्ध्रौं पञ्चवर्षिय योजनाको आधारपत्रले प्रथम चरणमा उत्पादन निर्यातका लागि भौतिक पुर्वाधारलाई प्राथमिकतामा राख्ने कुरा उल्लेख छ । गाउँपालिकाको ६६५३ हेक्टर रोपनी खेति योग्य, मलिला एवं सिंचाई योग्य जमिनलाई अवसरका रुपमा लिन सकिन्छ । निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्याको जीवननिर्वाहको मूल आधार भनेको साना किसान तथा कृषि मजदुरी रहेको छ । निर्वाहमुखी कृषिमा आश्रित जनसंख्यालाई व्यवसायिक योजना अनुसार कृषि, वागवानी र पशुपन्छीपालनमा अगाडि वढाउदै प्रतिव्यक्ति आय वढाउन सकिन्छ ।

भूगोल, हावापानी, वातावरण र जनशक्तिको आधारमा फलफूल (बागवानी) खेतिको संभावना रहेको छ । सुन्तला, जुनार तथा अमिला जातका फलफूल, केरा, नास्पाती, आरुबखडा, आरुचा, आरु, खुर्पानीको लागि प्रख्यात रहेको छ । उच्च मूल्यका फलफूल जस्तै एभोकाडो, किवी, ड्रागनफ्रुट, स्थानीय जातका केरा, अनार अदिको उत्पादन बृद्धि गर्न सकिन्छ । बाख्रा र गाई भैसीपालनको लागि सुनकोशीको हावापानी र भूगोलको अवस्था प्रचुर मात्रामा अवसरको रुपमा रहेको छ । स्थानीय रैथाने जातका कुखुरापालन, मौरीपालन तर्फ रहेको किसानहरूको रुझान र फस्टाउदै गएका अवस्थामा पर्यटन व्यवसायलाई कृषि व्यवसायको मौलिकतामा समेट्न सकिन्छ । त्यसका लागि प्राङ्गारिक खेती, एकीकृत सत्रुजीव व्यावस्थापन, एकीकृत खेती प्रणाली जस्ता विधिहरूको प्रयोग गरि रासायनिक विषादिको प्रभाव रोक्न सकिने अवस्था छ । व्यवसायिक तोरी खेतीका लागि वडा.नं.१, २, ३ र ५ मा क्षेत्र बिस्तार गर्न सकिने अवस्था छ । मुल्य अभिबृद्धिका लागी तोरी मिलको प्रयोग भइराखेको छ भने तोरी गेडा एवं तेलको माग प्रशस्त रहेको छ । व्यवसायिक सिताके च्याउ खेतीका लागि वडा.नं.२ को हावापानी र मौषम अनुकुल रहेको छ जहा हाल पनि केहिमात्रामा सिताके च्याउको खेती भई राखेको छ । यसकोलागि वडा.नं.२, १ र ३, ४ र ५ मा उत्पादन क्षेत्र बढाउन सकिने अवस्था छ भने निर्यात गर्न सकिने गरि बजारको माग रहेको छ । वडा नं. २ मा विगत ८—१० बर्ष देखि च्याउ उत्पादन भै राखेकोले गाउँमा प्राविधिक को उपलब्धता छ। व्यवसायिक जुनार खेतीका लागि पालिकाको सवै वडाहरूमा गर्न सकिने संभावना छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले सुपरजोनको रुपमा सहयोग पुर्‍याई रहेको छ । खाद्यान्न उत्पादन (धान र मकै खेती) का लागि सुनकोशी किनारका फांटमा अहिलेका धान खेतहरूलाई र पहाडी क्षेत्रमा मकै बालीको प्रचुर संभावना रहेको छ । व्यवसायिक बाख्रा तथा पशुपालनका लागि वार्ड नं.१,४,५,६ र ७ मा पकेट क्षेत्र बनाई व्यवसायिक रुपमा पशुपन्छि पालन गर्न सकिन्छ । पशुपन्छिका लागि खाद्य पोषणको लागी उपयुक्त वार्ड नं.२,३,५ र ७ मा पकेट क्षेत्र बनाई व्यवसायिक रुपमा गाई भैंसी पालन गर्न सकिन्छ ।

**<u>दीर्घकालीन सोच</u>**

"कृषि, वागवानी, पशुपन्छि, माछा र मौरी पालन व्यवसायलाई आत्मनिर्भर, प्रतिस्पर्धी, समावेशी र बजारमुखी बनाउदै गाउँपालिकाको प्रमुख आर्थिक विकासक्षेत्रका रुपमा विकास गर्ने"

**लक्ष्य**

कृषि, वागवानी, पशुपन्छि, माछा र मौरी पालनको व्यवसायिक विकास र क्षमता अभिवृद्धि गर्ने ।

**उद्देश्य**

१. कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
३. हरेक उत्पादन समूहको लागि वस्तुको गुणस्तरीय उत्पादनको लागि क्षमता अभिवृद्धि गर्नु ।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु ।
५. गाउँपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका १४: कृषिका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई कृषि उपजमा आत्मनिर्भर गर्नु ।** | |
| १.१: कृषि क्षेत्रको उत्पादकत्व बृद्धि र आधुनिकीकरण गर्ने । | १. दिगो कृषि विकासकालागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>२. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यवसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिंचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>३. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे, आदि)मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>४. कृषिमा आधुनिकीकरणका लागि आवस्यक कृषि औजारको व्यवस्था गरिनेछ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगकालागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ। |
| **उद्देश्य २: निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| २.१: तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन (कोदो, च्याउ, सुन्ताला, अदुवा, कफी) प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ।<br>७. सुरक्षित खानपान र पौष्टिकतत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः हरेक उत्पादन समूहको लागि वस्तुको गुणस्तरीय उत्पादनको लागि क्षमता अभिवृद्धि गर्नु ।** | |
| **३.१ः** जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | १. प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा उपयोगमा बृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व बृद्धिकालागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । |
| **उद्देश्य ४ः पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको आयात घटाउँदै निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **४.१ः** कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लाक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यवसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यवसायिक पशुपन्छी पालनका साथै ट्राउट जातका माछा पालन तथा मौरी पालनका कालागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनकालागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>६. प्रत्येक वार्डमा पशु प्राविधिकको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ५ः गाउँपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता गर्नु ।** | |
| **५.१ः** गाउँपालिका बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्थवस्था गरिनेछ । |

| | |
|---|---|
| | ४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाकोलागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ । |

**<u>प्रमुख कार्यक्रम</u>**

**कृषि**

१. अदुवा प्रवर्द्धन कार्यक्रम तथा तोरी पकेट क्षेत्र कार्यक्रम (वार्ड न. १, ३, र ४ - दुम्जा, रातामाटा, कालिमाटी र कोटगाउँ)
२. फूलको पकेट क्षेत्र प्रवर्द्धन र विकास कार्यक्रम
३. जुनार तथा अन्य अमिलो जातका फलफुलहरूको पकेट क्षेत्र विकास कार्यक्रम
४. आलु पकेट क्षेत्र विकास र विस्तार कार्यक्रम
५. टनेल निर्माण (१००० वटा)
६. मकै, धान, आलु, प्याज, सिमी, काउली, बन्दा र गांजरको बिउ उत्पादन केन्द्र स्थापना
७. आलु खेतीको अनुसन्धान कार्यक्रम
८. एक वडा एक कृषि प्राविधिक
९. कृषि एम्बुलेन्स (४ वटा)
१०. महिला समुहमा आधारित कृषि सहकारी स्थापना
११. कृषि उत्पादन समूह स्थापना
१२. कृषि यान्त्रिकरण कार्यक्रम
१३. शित भण्डार निर्माण (२ वटा - ५०० मे.ट. क्षमता)
१४. एक वडा एक बिज भण्डारण तथा वितरण
१५. कृषि प्राविधिक शिक्षालय स्थापना (३ वटा)

**पशुपालन**

१. उन्नत जातको घाँस उत्पादन प्रवर्द्धन कार्यक्रम (इपिल, जय घाँस, नेपियर, किमु जस्ता घाँसको प्रजातिहरू उत्पादनको लागि मानव संसाधन र प्राविधिक पूर्वाधारको विकास)
२. दूध सङ्कलन केन्द्र स्थापना
३. मौरीपालन पकेट क्षेत्र (वडा नं. ३, ५ र ७)
४. व्यवसायिक माछा पालन प्रवर्द्धन कार्यक्रम
५. पशु एम्बुलेन्स (२ वटा)
६. बाख्रा पालन पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम
७. कुखुरा र खसी फर्म प्रवर्द्धन कार्यक्रम
८. खोर तथा गोठ सुधार कार्यक्रम
९. भैंसी पालन पकेट क्षेत्र कार्यक्रम
१०. पशुपालन यान्त्रीकरण कार्यक्रम
११. नश्ल सुधार कार्यक्रम
१२. कृतिम गर्भाधान कार्यक्रम
१३. पशु बिमा कार्यक्रम

**अपेक्षित उपलब्धि**

कृषि उत्पादन र उत्पादकत्व बृद्धि गरी सुनकोशी गाउँपालिका कृषि उपजमा आत्मनिर्भर भएको हुनेछ । निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यवसायिक प्रणालीमा रुपान्तरण हुनेछ । हरेक उत्पादन समूहको लागि वस्तुको गुणस्तरीय उत्पादनको शुरुआत हुनेछ । पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन भएको हुनेछ । सुनकोशी गाउँपालिकामा खाद्य सम्प्रभु पालिका हुनेछ । आलु पकेट क्षेत्र हालको ८००० रोपनी बाट बढेर थप १०००० रोपनी पुग्ने छ । त्यसरी नै व्यवसायिक तरकारी खेतीको क्षेत्रफमा ५ गुणा बृद्धी हुनेछ । धान र अन्य वालीहरुमा समेत गुणस्तरीय तथा गुणात्मक उत्पादन हुनेछ । कृषि प्राविधिक शिक्षालयो स्थापना भै कृषिका हरेक आयमको लागि अनुसन्धनात्मक कार्य अगाडी बढ्नेछ । शित भण्डार निर्माण भै ४ वटा कृषि एम्बुलेन्सहरुले कृषि उपजहरु ओसार- पोसार गरिरहेका हुनेछन् । पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यवसायिक बनाई पशुपन्छी जन्य पदार्थको निर्यात प्रवर्द्धन भएको हुनेछ । सुनकोशी गाउँपालिकामा खाद्य सम्प्रभु पालिका हुनेछ । यसले समग्र रोजगारी बढी सुनकोशीको आर्थिक बिकासमा प्रत्यक्ष टेवा पुग्ने छ ।

## ४.२ पर्यटन विकास

**पृष्ठभूमि**

महाभारत पहाडको उचाइ श्रृखलासँग जोडिएको सुनकोशी आफैमा प्राकृतिक सुन्दरता, मौलिक साँस्कृतिक तथा पुरातात्विक सम्पदा र जैविक विविधताका संभावना वोकेका निधी हो । यिनै पहाड, सम्पदा, जैविक विविधताका प्रवद्र्धन र विविधिकरण गर्दै पर्यटकीय स्थलका रुपमा विकास गरी अर्थतन्त्रमा जोड दिन सक्ने कुरामा विश्वास राख्दै पर्यटन क्षेत्रमा जोड दिइएको हो । हुनतः नेपालको आन्तरिक र वाह्य राजनीतिको प्रत्यक्ष प्रभाव वाह्य पर्यटकहरूको संख्यामा पर्दछ । विगत एक दशकदेखि वाह्य पर्यटनको आगमन दरमा निक्कै आरोह अवरोह रहेको छ । प्रदेश अन्तर्गतको रुटमा सुनकोशीलाई सिन्धुली गढि सँग जोडि सुनकोशी गाउँपालिकाको ३ नं. वार्ड देखि कमलामाई न. पा. स्थित सिन्धुली गढि सम्मको पदयात्रा भित्र राख्न सकिन्छ । सुनकोशीको ऐतिहासिक कोट, गुफा, झरना, हिउँदमा हिउँ खेल्ने स्थलहरू संरक्षण र विकास गरी आन्तरिक तथा वाह्य पर्यटकहरूका लागि नयाँ गन्तव्यका रुपमा विकास गर्न सकिन्छ । महाभारत पर्वत श्रृखलाको उच्च शिखरहरू रहेको यस ईलाकामा विभिन्न प्रजातीका गुराँस, चराचुरुङ्गीहरू र वनस्पति एवं पुतलीहरू पाइन्छन् । काठमाण्डौं उपत्यकाबाट सबैभन्दा नजिक र तराईका नजिक रहेकाले पनि दुवै हावापानीमा हुने चराहरूको संरक्षण क्षेत्रकारुपमा यहाँका सामुदायिक वन, कवुलियत वन र राष्ट्रिय वन समेतलाई प्रवर्धन गर्न सकिन्छ । यसै गरी सुनकोशी मरिन डाइभर्सन आसपासका क्षेत्र तथा सुनकोशी र्याफ्टिङलाई एकिकृत पर्यटन प्याकेजको अबधारणा अनुसार पर्यटन प्याकेजको अवधारणा मुताबिक यस क्षत्रलाई पर्यटकिय आकर्षण को केन्द्र बिन्दु बनाउन सकिने संभावना रहेको छ।

**प्रमुख समस्या**

पर्यटन तथा अतिथि सत्कार उद्योग क्षेत्र विकासका लागि सिन्धुलीको ऐतिहासिक, प्राकृतिक र मौलिक विशेषताहरूलाई संरक्षण र प्रवर्धन गर्न आवश्यक छ । ऐतिहासिक महत्वका सांस्कृतिक सम्पदा र जैविक विविधताहरूको संरक्षण गर्दै पर्यटकहरूलाई राम्ररी संदेश दिनु पर्दछ । यसका लागि साँस्कृतिक सम्पदा एवं जैविक विविधताको संरक्षण, अभिलेखन र पर्यटक गाईडहरूलाई अनुशिक्षण गर्न आवश्यक हुन्छ । सघन जैविक खेती र प्राङ्गारिक खेती प्रणालीको व्यवसायिक विकास गर्दै स्थानीय ज्ञान सीप र अनुभवलाई प्रचारप्रसार गर्न सकिएको छैन । हाल पर्यटन व्यवसायमा संलग्न होटल, लज, गेष्टहाउस, रेष्टुरेण्ट र होमस्टेलाई वातावरणमैत्री विकास गर्नका लागि परिचालन हुन सकेको अवस्था छैन । गन्तव्य बिन्दुहरू, पैदलमार्ग, होमस्टेलाई कृषि संस्कृतिसँग जोड्ने, वन र जलाधार क्षेत्रमा रहेका जैविक विविधतालाई संरचनागत रुपमा संरक्षण, प्रवर्धन र प्रचारप्रसार गर्न सकिएको छैन । ठुलो संख्या भारतिय पर्यटकहरूको गन्तव्य रहेको जनकपुरधामसँग कृषि, संस्कृति, प्रकृति र नेपालीको विरताको पहिचान वोकेका दुर्ग र गढीहरूलाई जोड्न नसक्दा विदेशीको बसाई समय र आगमन बढाउन सकिएको छैन ।

**चुनौती र अवसर**

सुनकोशीमा जैविक विविधता, सांस्कृतिक विविधता र पुरातात्विक महत्वका स्थानहरू छन् । तराईको गर्मि र वाफिला दिनहरूमा करिव ६० कि.मि.को दुरीमा रहेको अधिकांश वडाको सितलता र हरियाली प्रदान गर्ने हुँदा प्राकृतिक रुपमा रमाउने पर्यटकहरूलाई यो स्थान रोजाईमा पर्न सक्दछ । जनकपुर र काठमाण्डौका धार्मिक स्थलहरूका दर्शन गर्न आउने भारतिय पर्यटकहरूका लागि केहि दिनको समय लम्वाउन र नेपालका प्रख्यात हिम श्रृखलाहरूको अवलोकन गराउन सकिने संभावना छ । त्यस्तै गरि खुम्वु क्षेत्रको भ्रमण गर्ने अन्य विदेशी पर्यटकहरूका लागि केहि समय भहाभारत क्षेत्रका प्राकृतिक विविधता अवलोकन गर्ने स्थानका रुपमा विकास गर्न सकिने अवस्था छ । पश्चिमतिरका धौलागिरीदेखि अन्नपूर्ण, माछापुच्छे, मनास्लु, बुद्ध हिमालदेखि पूर्वका गणेश हिमाल, लाङ्गटाङ्ग हिमश्रृखलाका सोह्रवटा हिमचुचुराहरू देख्न सकिन्छ भने सुनकोशी, मरिण र कमला नदीले निर्माण गरेका विशाल फाँटहरू देख्दा पर्यटकहरू मन्त्रमुग्ध हुन सक्दछन् । अहिले पनि मोटर सडक देखिको करिव डेढ घण्टाको पैदलमार्गबाट विभिन्न ऐतिहासिक सम्पदा र झरनाहरू अवलोकन गर्न सकिने स्थानहरू रहेका छन् । काठमाण्डौं देखि नगरकोट, पनौती, धुलीखेल, नमोबुद्धमा आउने वाह्य पर्यटकलाई सुनकोशी जैविक

विविधता अवलोकन गर्ने र जातीय संस्कृतिको अनुभव गर्ने गरी करिडोर बनाउन सकिन्छ भने काठमाण्डौ उपत्यका र तराईका आन्तरिक पर्यटकहरूले छोटा समयका विदा मनाउने केन्द्रका रुपमा विकास गर्न सक्ने संभावना रहेको छ । सुनकोशीमा जल विहार गर्ने, कुशेश्वर महादेवको दर्शन र दुम्जा क्षेत्रको भ्रमण गर्ने गरि वृहत पर्यटन गन्तव्य क्षेत्रको विकास गर्न सकेमा पर्यटनहरूको रोजाईमा रहन सक्ने संभावना रहेको छ । केहि जातिय बस्तीहरूलाई जातीय संस्कृति, मानव विकास, वातावरणमैत्री पूर्वाधारहरूको विकास गरी जनपर्यावरणमैत्री गाउँका रुपमा रुपान्तरण गर्दै होमस्टे वस्तिका विकास गर्दै शहरका आयलाई गाउँस्तरसम्म पु¥याउन सकिन्छ ।

**दीर्घकालीन सोच**

“पर्यटन पूर्वधारको विकास — सुनकोशीको आन्तरिक आयमा सुधार”

**लक्ष्य**

सुनकोशी गाउँपालिकालाई आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने ।

**उद्देश्य**

१. पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
२. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
३. मानव संसाधन विकास गर्नु ।
४. स्रोतसाधनको व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका १५: पर्यटनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: पर्यटन व्यवसायको गुणस्तर बृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| १.१: गाउँपालिकामा हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तरोन्नति गर्ने । | १. स्थानीय होटेल, लज, रेस्टुराँ र चियापसलका व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तरोन्नतिकालागि गाउँपालिकाको पहलमा सहुलियत दरको पुँजीको खोजी गरिदिइनेछ । |
| १.२: गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने। | १. पर्यटन प्रवर्द्धन बारेमा विज्ञहरूबाट संक्षिप्त अध्ययन गराइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरूबारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोस्योर तयार गरी छिमेकी जिल्लाहरूमा बितरण गरिनेछ ।<br>४. जिल्लाका ब्याचलर्स/ मास्टर्स तहका विद्यार्थीहरूलाई अनुसन्धानकालागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा नियात्राकारहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेखरचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६. वेबसाइट, युट्युव, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवस्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य २: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| २.१: पर्यटन क्षेत्रको विकासकालागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन सडक, पदमार्ग, झोलुङ्गे पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तरोन्नति गरिनेछ । |

| | |
|---|---|
| २.२ः पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणकालागि आवश्यक जग्गा खरिद तथा अधिग्रहण गरिनेछ । |
| **उद्देश्य ३ः मानव संसाधन विकास गर्नु ।** | |
| ३.१ः गाउँपालिकाभित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसायप्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा ब्याचलर्स डिग्रीमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ । |
| **उद्देश्य ४ः अध्ययन अनुसन्धान गर्नु ।** | |
| ४.१ः बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| ४.२ः आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासकालागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ। |

**प्रमुख कार्यक्रम**

१. धार्मिक, साँस्कृतिक एवं पुरातात्विक सम्पदाको संरक्षण
२. सुनकोशी जलविहार क्षेत्र एवं अन्य साहसिक खेल क्षेत्रको प्रवर्द्धन कार्यक्रम
३. होमस्टेको व्यवस्थापन तथा प्रवर्द्धन
४. फापरचुली, वि.पि. पार्क तथा कुशेस्वर क्षेत्रमा पर्यटकीय पूर्वाधार विकास कार्यक्रम
५. पर्यटकीय पदमार्ग  तथा करिडरको निर्माण तथा स्तरउन्नति
६. अथिती सत्कार कुक तथा गाइडको तालिम

**अपेक्षित उपलब्धि**

पर्यटन व्यवसायको गुणस्तर बृद्धि गर्न पर्यटकीय स्थलको प्रचार-प्रसार गरिएको हुनेछ । राजधानीबाट नजिकै पर्नै भएकोले सुनकोशी जलबिहार, कुशेश्वर मन्दिर, फापरचुली र त्यस स्थानमा रहेको तामाङ्ग बस्ती, हायू बस्तीमा आन्तिरक तथा बाह्य पर्याटकहरुको आगमनले सुनकोशीको आर्थिक विकास भै ग्रामिण रोजगारीमा समेत बृद्धी हुनेछ । आधारभुत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । पर्यटन विकासकालागि मानव संसाधन विकास गरिएको हुनेछ ।

## ४.३ लघु उद्यमशिलता विकास र स्व–व्यवसाय प्रवर्धन

**पृष्ठभूमि**

मानिसको ज्ञान, सीप, चाहना, दख्खल, रुची, अनुभव र स्रोतको आधारमा व्यवसायको छनौट गर्दछौं । व्यवसायमा संलग्न जनशक्ति, उर्जा खपत र वार्षिक कारोवारका आधारमा व्यवसायलाई चार किसिमले वर्गिकरण गरेको छ, तिनीहरू क्रमशः ठुला उद्योग, मझौला उद्योग, साना तथा घरेलु उद्योग र लघु उद्यम हुन् । नेपाल सरकारले लघु उद्यम, व्यापार र रोजगारको मापदण्डका रुपमा मुख्यतया चारवटा आधारलाई लिएको छ । जस अनुसार (क) आंफैले नै व्यवस्थापन हेर्ने (ख) नौं जनासम्म जनशक्ति परिचालन हुने (ग) १० किलो वाट भन्दाकम जलविद्युत स्रोतबाट सञ्चालन हुने (घ) साना व्यापार भन्नाले वार्षिक रु. पाँच लाखदेखि एक करोडसम्मको व्यापार कारोवारलाई तोकिएको छ । सुनकोशी गाउँपालिकामा ठुला र मझौला उद्योगहरूको सञ्चालन अवस्था खासै छैन । तर साना उद्योग र लघु उद्यमशिलताको भने क्रमश विकास हुने अवस्थामा देखिन्छ ।

हालै राजमार्गको निर्माण भई सकेपछि गैह्र कृषि व्यवसायका रुपमा अन्य उद्यमहरूको विकास हुदै गएको छ । तर पनि सुनकोशीको परिवेश नेपालका अन्य स्थानहरूमा जस्तै श्रमिक आपुर्तिलाई प्राथमिकतामा राख्ने गरेको पाइन्छ । कुल जनसंख्याको १५.७ प्रतिशत जनसंख्या (३३८८ जना) उद्योग र व्यवसायमा संलग्न रहेको पाइन्छ । दर्ता र गैरदर्ता गरि ५९० वटा व्यवसाय सञ्चालनमा रहेका छन् भने आ.व. २०७० –७५ सम्मका समय अवधिमा ३२२ वटा सञ्चालनमा आएका हुन् । कृषि, वागवानी, पशुपालन आदि उत्पादनमा संलग्न व्यवसाय ७७ वटा रहेको छन् भने सवैभन्दा वढि होलसेल तथा खुद्रा व्यपार व्यवसाय गर्ने १८६ वटा रहेका छन् । खोला एवं खानीजन्य निर्माण सामाग्रीको उत्पादन गर्ने व्यवसायको संख्या तेस्रो स्थानमा रहेका छन् जसको संख्या ४८ रहेको छ । यातायात लगायतका अन्य व्यवसायको संख्या १९ रहेको छ । अधिकांश उद्यमहरू (५९० मध्ये ४००) मा प्रति व्यवसाय औषत एक देखि चार जना जनशक्ति संलग्न रहेको अवस्था छ । कामदारका रुपमा दर्ता हुनेको संख्या पनि ५९० नै छन् भने अन्य २७९८ जना दर्ता विनाका कामदारहरू व्यवसायमा संलग्न देखिन्छ । कुल ३३८८ मध्ये ६४१ जना महिलाको उपस्थितिले केवल १९ प्रतिशतको हाराहारीमा महिला सहभागिता रहेको देखिन्छ ।

जडिवुटीको उत्पादन प्रचुर मात्रामा पाईने यस पालिकाबाट निकासी गर्ने व्यवसायमा केहि युवाहरू संलग्न रहेको छन् भने प्राङ्गारिक खाद्यान्न वस्तुमा आधारित उद्यमशिलताहरूको प्रचुर सम्भावना रहेको हुँदा औद्योगीकरणको प्रक्रियामा लैजान सकिन्छ । तरकारी, फलफूल र पशुपन्छिजन्य उत्पादन तथा वजारीकरणको परिमाण दरलाई वढाउने लघु उद्यमशिलता र स्व–रोजगारमा सुस्त विकास भई राखेको अवस्था छ ।

**प्रमुख समस्या**

विश्व खुल्लाबजारको राप र तापमा पिल्सिएको हाम्रो समाजमा स्वरोजगार, व्यावसाय प्रवद्र्धन गर्न दुरुह र कठिन मेहनतको आवश्यकता पर्दछ । समग्र रुपमा उपभोगको संस्कृति मौलाई रहेको अवस्थामा गाउँको गरिबीको खाडल गहिरिएर जाने गर्दछ । अहिले देशको अर्थतन्त्रको करिब २३ प्रतिशत हिस्सा रेमिटेन्सले ओगटेको छ भने कुल ग्राहस्थमा चौथो स्थानमा रहि राष्ट्रिय अर्थतन्त्रमा सहयोग गरिरहेको भए पनि औद्योगिक क्षेत्रको योगदान खुम्चिदै गएको अवस्था हो । विकासको अवधारणा अनुसार कृषि तथा पशुपालन क्षेत्रलाई प्रथम स्तम्भ, उद्योग तथा वाणिज्य क्षेत्रलाई दोस्रो स्तम्भ र सेवा क्षेत्रलाई तेस्रो स्तम्भका रुपमा विकास गर्नुपर्ने कुरामा विज्ञहरूले जोड दिएको पाइन्छ । अधिकांश स्थानीयतहमा सञ्चालन हुने विकासका परियोजनाहरूले सामाजिक विकासको क्षेत्र तथा भौतिक पूर्वाधार क्षेत्रहरूमा मात्र प्राथमिकतामा राख्ने गरेको हुदा लगानी र लगानीको वातावरणलाई नै प्रमुख समस्याको रुपमा लिइएको छ । सामाजिक विकास तथा भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक लघु उद्यम विकास र साना व्यावसायको माध्यमबाट रोजगारी अभिवृद्धि गर्न पेशागत सीप र

ज्ञानको विविधिकरण गर्न नसक्नुलाई अर्को समस्याको रुपमा लिइएको छ । औद्यौगिक उत्पादनलाई वजार श्रृखला तयार गर्न नसक्नु तेस्रो समस्याको रुपमा लिइएको छ ।

**<u>चुनौती र अवसर</u>**

राष्ट्रिय लक्ष्य अनुसार सरकारको कुलग्राहस्थ उत्पादनमा लघु, साना र मझौला उद्योगहरूको योगदान बढाउने र वेरोजगारी दर घटाउने कुरालाई सूचकको रुपमा लिएको छ । तर खुल्ला र प्रतिस्पर्धात्मक अर्थव्यवस्थाले विश्वको अर्थराजनीतिमा प्रभाव पारिरहेको अवस्थामा स्थानीय माग र उत्पादनको आधारमा व्यवसायिक विकास गरी आपूर्ति सन्तुलन गर्न निकै चुनौतिपुर्ण मानिएको छ । वास्तवमा सुनकोशी गाउँपालिका भित्र व्यक्तिगत तहबाट गरिरहेका आयआर्जनको प्रयासलाई स्थानीय सरकारको तर्फबाट सहयोग, साझेदारी र सहजिकरण गर्न खोजिएको छ । लघुउद्यमको विकासबाट कृषि, बागवानी, पशुपन्छी र मौरीपालनका उत्पादनमा मुल्य थप गर्नको लागि सहयोग गर्नुको अलावा पर्यटन क्षेत्रको लागि आवश्यक वस्तु तथा सेवा आपूर्ति गर्न सहयोग मिल्ने छ । व्यवसायिक प्रवद्र्धनले मानिसहरूको उत्पादन गर्ने क्षमता अभिवृद्धि हुने र स्वरोजगार सिर्जना गर्न सहयोग गर्ने छ ।

**<u>दीर्घकालीन सोच</u>**

"उद्यमशिलता र व्यवसायको विकासद्वारा स्वरोजगारको अवसर सिर्जना"

**<u>लक्ष्य</u>**

उद्यमशिलता र स्व—रोजगार बृद्धि गर्ने ।

**<u>उद्देश्य</u>**

१. सहकारी, रेमिट्यान्स र वाह्य वित्तिय स्रोतको उत्पादनशिल क्षेत्रमा परिचालन गर्नु ।
२. लघु उद्यम, स्वव्यवसाय र व्यापार संलग्न नागरिकलाई व्यवसायिक सिप र ज्ञान प्रदान गर्नु ।

**<u>रणनीति तथा कार्यनीति</u>**

तालिका १६ः लघु उद्यमशिलता विकास र स्व—व्यवसाय प्रवर्धनका रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ः सहकारी, रेमिट्यान्स र वाह्य वित्तिय स्रोतको उत्पादनशिल क्षेत्रमा परिचालन गर्नु ।** | |
| १.१ः बजारको मागमा आधारित उत्पादन र बजार व्यवस्थापन गर्ने । | १. बजार श्रृङ्खलामा आधारित लघु उद्यम विकासमा सहयोग गरिनेछ ।<br>२. कृषि, वागवानी तथा पशुपन्छीजन्य उत्पादन सङ्कलन केन्द्र स्थापना गरिनेछ । |
| **उद्देश्य २ः लघु उद्यम, स्वव्यवसाय र व्यापार संलग्न नागरिकलाई व्यवसायिक सिप र ज्ञान प्रदान गर्नु ।** | |
| २.१ः व्यवसायिक सिप र ज्ञानमा विकास गरी व्यवसायहरूको विकास र विस्तारका लागि वित्तिय पहुँचमा वृद्धि गर्ने । | १. हालको निर्वाहमुखि आर्थिक उपार्जनमा आश्रित परिवारलाई लघु उद्यमशिलतामा रुपान्तरण गरिनेछ ।<br>२. साना तथा घरेलु उद्योगमा रहेका व्यवसायको कारोवारमा बृद्धि गर्न सहजिकरण गरिनेछ ।<br>३. लघु उद्योग र साना तथा घरेलु उद्योगहरूको विकास र क्षमता अभिवृद्धि गरिनेछ । |

**<u>प्रमुख कार्यक्रम</u>**

- लघु उद्यम विकास कार्यक्रम

- स्थानीय बजारको माग र आपूर्तिको आधारमा व्यवसाय सञ्चालनमा सहजिकरण कार्यक्रम
- प्रविधि तथा सिप हस्तान्तरण र सबलीकरण कार्यक्रम
- लगानी स्रोत सम्मको पहुँच स्थापित गर्न सहजिकरण कार्यक्रम

**अपेक्षित उपलब्धि**

सहकारी, रेमिटयान्स र वाह्य वित्तिय स्रोतको उत्पादनशिल क्षेत्रमा परिचालन भएको हुनेछ । लघु उद्यम, स्वव्यवसाय र व्यापार संलग्न नागरिकलाई व्यवसायिक सिप र ज्ञान प्रदान गरिएको हुनेछ ।

## ४.४ वित्तिय संस्था र सहकारी क्षेत्र परिचालन

**पृष्ठभूमि**

संविधानले देशको अर्थतन्त्रका तीन खम्बाको रुपमा निजी, सहकारी र सार्वजनिक क्षेत्रलाई स्वीकार गरेको छ । वित्तिय पहुँचका लागि विकास बैंक, लघुवित्त संस्था, वचत तथा ऋण सहकारीहरूको भुमिकाले महत्व राख्दछ । सहकारीको परिचालनलाई देशको अर्थतन्त्रको चलायमान औजारका रुपमा सफलतम् प्रयोग छिमेकी देश वंगलादेशमा भईसकेको छ । विगतमा सिन्धुली जिल्लाका ११ वटा गा.वि.स.हरूले सत्प्रतिशत घरधुरीहरूलाई वचत तथा ऋण सहकारीमा आवद्ध गर्दे ठुला राशीमा अर्थ सङ्कलन गरि सकेको अभ्यास छ । यस असल अभ्यासमा सुनकोशी गाउँपालिकामा जोडिन आएका चारवटा गा.वि.स.हरू पनि रहेका छन् । मझुवा, सितलपाटी, झागाझुली पुरानो र रातमाटाहरूका महिलाहरूले गरेका अथक प्रयासहरूलाई अझ विस्तार गर्दै लगानीको वातावरण तयार गर्नका लागि चाहिने वित्तीय स्रोतको परिचालन नीतिको परिस्कृत संस्करणको आवश्यकता छ । वित्तीय परिचालनको माध्यमका रुपमा सहकारी क्षेत्रको योगदानलाई विश्वका धेरैजसो देशले स्वीकार गरेको छ । हाल सुनकोशीमा सरकारी स्वामित्वमा रहेको क वर्गको राष्ट्रिय बाणिज्य बैंक एक वटा वैंक र घ वर्गका दुईवटा वित्तिय संस्थाहरूले सेवा प्रदान गरिराखेको अवस्था छ भने पचास वटा सहकारीहरू सञ्चालित छन् । कुल घरधुरीहरू मध्ये करिव ६७ प्रतिशत घरधुरीहरू सहकारीमा आवद्ध भई सकेको छन् भने भुकम्प पछाडीको पुर्ननिर्माण कालमा अधिकांश घरधुरीहरूले कमसेकम वैंकमा खाता सञ्चालन गरिसकेको अवस्था छ । वित्तिय पहुँचका हिसाववाट यस पालिकामा सकारात्मक वातावरण निर्माण भएको पाइन्छ । तत्कालिन मझुवा गा.वि.स.ले नेपाल राष्ट्र वैंकको ग्रामिण विकास कर्जाको राम्रो प्रयोग गरिसकेको अवस्थामा ति प्रयासहरूलाई घनिभुत प्रयोग अन्य वडा खण्डहरूमा गर्न सकिने अवस्था छ ।

**प्रमुख समस्या**

सहकारी संस्थाहरूले सहकारीको नीति, सिद्धान्त र मान्यता अनुसार कार्यक्रम सञ्चालन गर्न र व्यवस्थापन गर्न कठिन भईराखेको अवस्था छ । सरकारको केन्द्रीय ट्रेजरीमा रहेका नगदलाई सिधै गाउँमा रहेको गरिबको झुपडीसम्म पुर्‍याउने माध्यमको रुपमा मात्र सहकारीलाई लिएको छैन कि गाउँमा छरिएर रहेका स—साना पुँजीहरूलाई सङ्कलन गर्दै पुनः गाउँमा नै लगानी गर्ने सोचका साथ एक आर्थिक आधारका रुपमा लिइएको छ । विश्वव्यापीकरण र खुल्ला अर्थ बजार नीतिका कारण गाउँको आत्मानिर्भरता स्खलन भएको छ । गाउँ अब उपभोक्ताहरूको बस्तीका रुपमा विस्तार भइरहेको छ । सहकारीले सबैका लागि वित्तीय सेवामा पहुँच पुर्‍याउन सहयोग गरिरहे पनि यस क्षेत्रहरूमा तमाम विकृतिहरूका कारण संस्थागत विकास हुन सकेको छैन । नेपालमा समूहमा आधारित सहकारीको प्रभाव श—सक्तिकरणको एक राम्रो नमूना बनिरहेको अवस्थामा सङ्घीय सरकारको ऐन तथा नीतिहरूले खासै यस दिशामा कार्य गर्न नसकेको अवस्थामा सुनकोशी गाउँपालिकाले विगत दुई दशकको मौलिक अभ्यासलाई आत्मासात गर्न र शहरमा केन्द्रित रेमिटेन्सलाई नीतिगत र क्षमतागत समस्या रहेको छ ।

**चुनौती र अवसर**

सरकारले दिगो आर्थिकवृद्धि र उत्पादनशिल रोजगारी र मर्यादित कामका लागि तोकिएका दुईवटा सूचकहरूले क्रमशः वित्तीय सेवामा सबैको पहुँच र हरेक ३० मिनेटको पैदल यात्रामा सहकारी सेवाको सुविधालाई सुनिश्तिता गर्ने कुरा उल्लेख गरेको छ । वास्तवमा सहकारी ऐन तथा नियमावलीहरूले व्यक्तिगत सदस्यताको आधारमा सहकारीहरूको परिकल्पना मात्र गरेका छन् तर लामो अनुभव र व्यवहारिक अभ्यासका आधारमा समूहमा आधारित वचत तथा ऋण सहकारी नै प्रभावकारी र सामुहिक लाभका लागि उपयोग र नतिजामुखि देखिएको छ । यसको नतिजा र प्रभावकारिताको कारण नै यस्तो सहकारीलाई छलफलमा प्रस्तावित गरिएको हो । कम्तिमा २५ जना व्यक्तिहरूसँग छरिएर रहेको पुँजीलाई सङ्कलन गरी वचत तथा ऋण सहकारीको गठन र परिचालन गर्न सकिने व्यवस्था कानूनमा उल्लेख छ । तर बिपन्न र स्रोतसाधनबाट पछाडि पर्न वाध्य समुदायलाई लक्षित गरी सरल तथा दिगो व्यवस्थापन र सबैको समान पहुँच निर्माण गर्नका लागि

हालसम्मको प्रभावकारी सहकारी सञ्चालनको मोडलहरूमा समूहमा आधारित सहकारी नै रहेको पाइन्छ । यस्ता सहकारीहरूले समूह—समूहको सहकार्य, समान र निश्चित भूगोलमा बसोबास, वचत तथा ऋणको कारोवार गर्ने उद्देश्य, सङ्घीय संरचना, सहकारीको सदस्यताका लागि समहको सिफारिस, समूहको जमानीका आधारमा कारोवार र सामुहिक नीति तथा नियमावलीहरूको निर्माण जस्ता समावेशी लोकतन्त्रको अभ्यास गरेको हुन्छन् । सुनकोशी गाउँपालिकामा यस्ता सहकारीहरूलाई समुह बनाइ आम गरिव तथा सिमन्त्कृतको पहुँचमा विकास गरी साना घरेलु उद्योग, नगदे बाली तथा तरकारी खेतिको प्रवर्द्धनलाई प्रोत्साहन गर्ने अवसर रहेको छ ।

**दीर्घकालीन सोच**

"हरेक परिवार सहकारीमा आवद्ध - हरेक नागरिकको वित्तिय संस्थामा सहज पहुँच"

**लक्ष्य**

वित्तीय पहुँच अभिवृद्धिका लागि हरेक परिवारको आर्थिक सुरक्षा र वित्तीय स्रोतमा पहुँचको अभिवृद्धि गर्ने ।

**उद्देश्य**

१. वित्तिय पहुँच बढाई आर्थिक बृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका १७: वित्तिय संस्था र सहकारी क्षेत्र परिचालनका रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वित्तिय पहुँच बढाई आर्थिक बृद्धि गर्नु ।** | |
| १.१: बचत र ऋणलाई प्रभावकारी बनाउने । | १. हरेक बस्ती तथा टोलमा समूह गठन र परिचालन गरी वचत तथा ऋण परिचालन अभियानका रुपमा सञ्चालन गरिनेछ ।<br>२. एक टोल एक वचत समूह र हरेक वडामा एक वचत तथा ऋण सहकारी सेवा केन्द्र अभियान सञ्चालन गरिनेछ ।<br>३. गरिबीको मापदण्ड अनुसार दिईने अनुदानलाई सहकारीको कोषमा वचत जोड कोषका रुपमा प्रदान गरिनेछ ।<br>४. वचत तथा ऋण सहकारी र विषयगत सहकारीका रुपमा उत्पादन सहकारीलाई परिचालन गरिनेछ ।<br>५. सहकारीहरूको संस्थागत विकास र स्रोतको लागि सम्बन्ध विस्तार गरिनेछ । |
| १.२: सहकारीलाई आय आर्जन स्वरोजगारी र गरिवी न्यूनीकरणका क्षेत्रमा उपयोग गर्ने । | १. सबै घरधुरी वचत तथा ऋण सहकारीमा आवद्ध र हरेक व्यावसायी, व्यवसायिक सहकारीमा आवद्ध गरिनेछ ।<br>२. सहकारीको शेयर सदस्य संख्या र रकम, वचतकर्ताको संख्या र रकम, ऋणी संख्या र लगानी रकम, लगानी असुली, व्याज दर र मापदण्ड अनुसार संस्थागत विकास सहकारीको संस्थागत विकास गरिनेछ ।<br>३. सहकारीको कारोवार, व्यवसायिक आत्मनिर्भरताका लागि भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्दै अनलाईन वा मोवाईल सेवामा कारोवार गर्न सक्नेगरी क्षमता अभिवद्धि गरिनेछ ।<br>४. स्थानीय पुँजिको सङ्कलन गर्ने नीतिगत व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ५. स्रोत विहिन परिवारका लागि वित्तिय स्रोतमा पहुँच वृद्धि गरिनेछ ।<br>६. अन्तर सहकारी समन्वय र सहकार्य गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- हरेक बस्ती तथा टोलमा महिला आत्मनिर्भर समूहहरूको गठन र परिचालन
- समूहलाई वडास्तरको वचत तथा ऋण सहकारीमा आवद्धता र मर्जिङ
- सहकारीको व्यवसायिक योजना निर्माण
- डिजीटल अभिलेखनका लागि सहजिकरण कार्यक्रम
- सहकारी सिद्धान्त र अन्तरराष्ट्रिय अभ्यासको आधारमा अनुगमन
- गाउँपालिकाका सबै घरधुरीलाई सहकारीमा आवद्ध गर्ने कार्यक्रम
- गरिबी स्तर अनुसार आयआर्जन बृद्धिका लागि सहकारी मार्फत सहयता कार्यक्रम ।

**अपेक्षित उपलव्धि**

गाउँपालिकाका हरेक वस्तीमा एक महिला वा उत्पादन समुह, एक वडा कम्तिमा एक सेवा केन्द्र सहितको वचत तथा ऋण सहकारी परिचालन गरेर सबै परिवारहरूलाई सहकारीतामा आवद्ध गर्दै आर्थिक कारोवारमा संलग्न गर्ने छ ।

## ४.५ उद्योग, बाणिज्य तथा आपुर्ती

**पृष्ठभूमि**

विकासको संरचना र प्रविधिहरूमा आएका प्रगतिहरूले अब सुनकोशी गाउँपालिकाका कुनै पनि वस्तिहरू वाह्य क्षेत्र वा वजारबाट हुने आयात निर्यातबाट अलग रहन सकेको अवस्था छैन । भौगोलिक हिसाबबाट विविधता रहेको यस पालिका भित्र खाद्यान्नको विनिमयमा एक आपसमा आश्रित रहेको अवस्था छ । मुख्य रुपमा लताकपडा, शिक्षा, स्वास्थ्य, संचार तथा यातायातका साधनहरू र कृषि तथा पशुपन्छिका लागि चाहिने मल, विषादि, दाना र औषधिहरू नै पालिका भित्र आपुर्ति हुने प्रमुख वस्तुहरू हुन् । विगतका तथ्याङ्कलाई हेर्दा गाँउपालिकाको वित्तिय संचिति ऋणात्मक देखिन्छ । आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधिकरण गर्न आवश्यक देखिन्छ ।

स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थको वजार मुलत वनेपा, काठमाण्डौ, सिन्धुली, महोत्तरी, धनुषा र तराइका अन्य क्षेत्रहर नै हुन् । जुनार, सुन्तला, दाल, ताजा तरकारी, मासु, र अण्डाको वजार प्रतिस्पर्धा सिन्धुलि, महोत्तरी, धनुषा, काभ्रे र भारतिय आयातित वस्तुहरूसँग रहेको छ । जुनार र भुईकटहरका लागि सुनकोशीका मजुवा, सितलपाटी, झाँगाझोली र दुम्जा क्षेत्र नेपालमा नै प्रख्यात छन् । यि उत्पादन र विशेष गरि ताजा तरकारी, खसी वाखा र दुधहरू नै निर्यातका प्रमख वस्तुहरू रहेका छन् । खोलाजन्य निमार्ण सामाग्रीहरू ढुंगा, गिटि वालुवाको निकाशी मुद्रा आर्जनका अन्य स्रोतहरूरहेका हुन् ।

**तालिका १८: आय आम्दानीको मुख्य स्रोत**

| क्र सं. | आम्दानीका स्रोतहरू | घरधुरीको सरदर आम्दानी (रु.) |
|---|---|---|
| 1 | कृषि | 57632 |
| 2 | सरकारी नोकरी | 114655 |
| 3 | निजी क्षेत्रमा जागिर | 60211 |
| 4 | शिक्षा | 126474 |
| 5 | कृषि मजदुरी | 44649 |
| 6 | व्यापार व्यवसाय | 87632 |
| 7 | विप्रेक्षण | 31288 |
| 8 | पेन्सन | 86789 |

***स्रोतः कृषि आवधिक योजना फिल्ड सर्भे, २०७६***

गाउँपालिकाको २०७६मा गरिएको सर्वेक्षण अनुसार कुल घरधुरीसंख्या मध्ये ५२ प्रतिशतले मुख्य पेशाका रुपमा खेतीपातीलाई ग्रहण गरिरहेको अवस्था छ । वार्षिक प्रति घरधुरी औषत वार्षिक आम्दानी रु. ५७६३२ आम्दानी गर्ने गरेको देखिन्छ । कुल घरधुरीको आम्दानीको ८२ प्रतिशत आम्दानी खाना र लता कपडा एवं जुत्ता चप्पलमा खर्च हुने गरेको वताईन्छ । शिक्षा, स्वास्थ्य र मल विऊका निम्ती अन्य खर्च गर्ने क्षेत्रहरू रहेका छन् । निर्यात हुने सवै सामाग्रीहरूका मुख्य माग हुने वजार भनेका सिन्धुलि, तराइ, वनेपा, काठमाण्डौ र अन्य शहरहरू हुन् । तरकारी, दुग्धजन्य पदार्थ, र वनजन्य पैदावारहरू मुख्य निर्यात वस्तुहरू रहेका छन् । आयात हुने वस्तुहरूमा दैनिक उपभोग हुने तयारी सामाग्रीहरूका अलावा खाद्यान्नमा चामल, तेल, दाल र तयारी खाजा आदि रहेका छन् । वढ्दो सडक संजालको विस्तारका कारण लुगा कपडा, मोवाईल, पार्टस, आदिहरूको आयात वढ्दो अवस्थामा रहेको छ । कृषि, वागवानी, पशुपन्छिका लागि आवश्यक विऊ, विषादी, मल, दाना र औषधिहरूमा आयात वढ्दो छ भने आयातित नश्लको विकासले स्थानीय रैथाने नश्लको अवस्था विस्थापनमा परेको अवस्था छ ।

**प्रमुख समस्या**

आयात निर्यातको असन्तुलनका कारण गाउँको शहर प्रतिको परर्निभरतामा वृद्धि हुदै गईराखेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको गाउँबाट हुने पुँजीको पलायन नै हो । वित्तिय स्रोतको संकुचनका कारण गाउँका आर्थिक गरिविधिहरू क्रमश शहरकेन्द्रित हुदै गएका छन् । गाउँका मुद्रा पुन शहरतिर नै फर्केको अवस्था छ । रैथाने नश्ल तथा जातहरूको विस्थापनका कारण कृषि,वागवानी तथा पशुपन्छि पालन क्षेत्रमा संक्रमणको जोखिम फराकिलो हुदै गईरहेको छ । निर्माण सामाग्रीको रुपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, वालुवा आदि खानी तथा नदिजन्य वस्तुको अत्यधिक र भाँडभैलो तरिकाले दोहन हुदा वातावरणिय असन्तुलन मात्र नभई विपद्को जोखिम उच्च रहेको छ ।

**चुनौती र अवसर**

आयातमा देखिएको मुख्य चुनौती भन्नु नै गाउँमा हुने मुद्रा संचिती घट्नु रहेको छ । गाउँको वित्तिय स्रोत पुन शहर तर्फ फर्किदा गाउँ उत्पादन स्थलबाट उपभोग गर्ने वजारका रुपमा रुपान्तरण हुनु रहेको छ । निर्यात वृद्धि गर्न गाउँ हुने उत्पादनका क्षेत्र र परिमाणमा वृद्धि गर्न लगानी गर्ने स्रोतको व्यवस्था गर्नु चुनौति रहेको छ । पदार्थ उत्पादनमा आवश्यक सिप, ज्ञान, वजार सुचना र ढुवानीलाई अर्को चुनौतिका रुपमा लिइएको छ ।

**दीर्घकालीन सोच**

“कृषि, वागवानी, पशुपन्छी र वन पैदावारको निर्यातमा जोड - आयात तथा निर्यातमा सन्तुलन”

**लक्ष्य**

कृषि, वागवानी र पशुपन्छि विकासका लागि आयात गर्नु पर्ने वस्तुमा आत्म निर्भर भई निर्यातको अवस्था सिर्जना गर्ने ।

**उद्देश्य**

१. गाउँपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका १९: आपुर्तीका रणनीति र कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिका भित्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| १.१: अत्यावस्यक सामाग्रीहरूको सहज आपूर्तिको सुनिश्चितता गर्ने । | १. सुपथ मुल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मुल्य पसल सञ्चालनकालागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. गाउँपालिका भित्रको सम्पुर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| २.१: स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा | १. स्थानीय कच्चा पदार्थमा (कोदो, ऐंसेलु आदि) वाइन डिस्टीलरी स्थापना र व्यवसायिक उत्पादन गरी वाइन उद्योग सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| उद्योग सञ्चालन गर्न सहजिकरण एवम् प्रोत्साहन गर्ने । | २. स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्नेकार्यलाई प्रोत्साहन गरिनेछ ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादिखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ । |
| **उद्देश्य ३ः उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन गर्नु ।** | |
| ३.१ः स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४ः वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |
| ४.१ः तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यातयोग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा बृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग वमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |

**प्रमुख कार्यक्रम**

- औद्योगिक ग्राम स्थापना
- स्थानीय विशेषतामा आधारित अन्य उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन
- उद्योग दर्ता तथ सञ्चालन सम्बन्धि कार्यविधि तर्जुमा
- पालिका क्षेत्र भित्र समग्रमा ३ वटा सम्म सुपथ मुल्य पसल स्थापना
- कच्चा पदार्थ उत्पादन लाई बढवा दिदै कच्चा पदार्थमा आधारित उद्योग स्थापना
- हरेक बस्ती तथा टोलमा उत्पादन समूहहरूको गठन र परिचालन
- समूहलाई पालिका स्तरको उत्पादन सहकारीमा आवद्धता र आवश्यकता भएकाहरूको मर्जिङ
- व्यवसायिक योजना निर्माण र डिजीटल अभिलेखनका लागि सहजिकरण कार्यक्रम
- युवा तथा आप्रवासन फर्केका नागरिकहरूको क्षमता विकास कार्यक्रम

**अपेक्षित उपलब्धि**

गाउँपालिका भित्रको आपूर्ति प्रणाली प्रभावकारी हुनेछ । स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन भएको हुनेछ । सुनकोशीका स्थानिय कच्चा पदार्थहरको सदुपयोग हुने गरेर, जुट, ढाका, टपरी, पानी, जडबुटी उद्योगहरु स्थापना गरि उत्पादित वस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन हुनेछ ।

## ४.६ खाद्य सुरक्षा र गरिवी निवारण

**पृष्ठभूमि**

खाद्य सुरक्षा र गरिवीलाई मानव विकास सुचकका सर्वमान्य एवं सर्वाधिक रुपमा प्रयोग गरिन्छ । खाद्य सुरक्षाका चार पक्षहरूमा क्रमशः खाद्य उत्पादन वा उपलव्धता, पहुँच, प्रयोग र निरन्तर आपुर्तिको अवस्थालाई वताईन्छ । विश्वव्यापी रुपमा खाद्य सुरक्षा भन्नाले कुनै नागरिक वा परिवार वा समुदायले आर्थिक रुपमा सक्रिय रहन आफुलाई शारिरीक रुपले आवश्यक पर्ने परिमाण र गुणस्तरमा प्रयाप्त, साँस्कृतिक रुपमा स्वीकार योग्य, अविछिन्न प्राप्त गर्ने अवस्थालाई वताएको छ । आफ्नो खाद्यान्न उत्पादन र उपभोगको अवसरलाई यि दुई सुचकहरूले महत्व राख्ने त छदैछ त्यो भन्दा पनि यी सवाल विकासका प्रमुख एजेण्डा पनि हुन् । यस गाउँपालिकाले उपलव्ध गराएको पालिकाको विवरण अनुसार पालिका भित्रका कुल घरधुरी मध्ये आफ्नो खेतको अन्न उत्पादनबाट छ महिना सम्म पनि खान नपुग्ने घरधुरीको संख्या ४६ प्रतिशत रहेको छ भने बाँकि घरधुरीलेमात्र आफुले उत्पादन गरेको अन्न वर्षदिन भरि खान सक्ने हैसियत राख्दछ ।

तालिका २०: खाद्य सुरक्षा भएका घरपरिवार संख्या प्रतिशतमा

| वडा नं. | ३ महिना भन्दा कम | ४ देखि ६ महिना | ७ देखि ९ महिना | १० देखि १२ महिना | उपभोग गरेर बढी भएको बिक्री गर्ने |
|---|---|---|---|---|---|
| 1 | 15 | 39 | 27 | 18 | 1 |
| 2 | 22 | 30 | 24 | 22 | 2 |
| 3 | 15 | 14 | 21 | 19 | 31 |
| 4 | 5 | 36 | 18 | 28 | 12 |
| 5 | 15 | 31 | 24 | 21 | 9 |
| 6 | 30 | 26 | 22 | 19 | 1 |
| 7 | 23 | 45 | 25 | 7 | 1 |
| **जम्मा %** | 18 | 32 | 23 | 19 | 8 |

*स्रोतः कृषि आवधिक योजना फिल्ड सर्भे, २०७६*

कुल घरधुरीको १८ प्रतिशतले आफ्नो उत्पादनले तिन महिना पनि खान नपुग्ने वताउछन् भने सोही समुहका १२ प्रतिशत जनसंख्या निरपेक्ष गरिवीको रेखामुनी रहेका छन् । पाँचवर्ष मुनिका २०६१ जनसंख्या मध्ये गत आ.व.मा कुल ११३९ वच्चाको तौल तथा शारिरीक वृद्धि विकासको परिक्षण गरिएको थियो जसमा ३९६ जनामा सामान्य कुपोषणको (एवसेस) लक्षण देखा परेको थियो । कुपोषित कुल वालवालिकाको जिरो देखि दुई वर्ष उमेर समुहका १.८ प्रतिशत वालवालिकामा उच्च कुपोषणका लक्षण देखिएका थिए भने पाँच जना वच्चाहरूलाई पुर्नस्थापनाको आवश्यकता देखियो । यस आकडाले समग्र खाद्य सुरक्षाको अवस्थालाई प्रतिनिधित्व गर्दछ । विशेष गरि दुषित खानेपानी रोग र प्रयाप्त पोषणको अभावमा करिव ३४ प्रतिशत वालवालिकाहरू प्रभावित देखिन्छन् भने करिव दुई प्रतिशत वालवालिकाहरू कुनै न कुनै रुपमा अप्रयाप्त भोजनका कारण कुपोषणको शिकार भएको अवस्था छ । खाद्य सुरक्षाको अवस्थामा जमिनको उपलव्धता, उत्पादन, उपभोग, प्रतिव्यक्ति आय र वालवालिकामा देखिने कुपोषणका अवस्थालाई सुचकका रुपमा लिइएको छ ।

**प्रमुख समस्या**

खाद्य असुरक्षा र गरिवीका प्रमुख समस्यालाई व्यक्तिका दैनिक आय, रोजगारी, वजार भाऊ, जमिनको वितरण र जमिनको उत्पादकत्वको सापेक्षमा विश्लेषण गर्ने प्रचलन रहेको छ । सुनकोशी पालिकाका नागरिकलाई प्राप्त हुने आय आर्जन र रोजगारीका अवसर वृद्धि गर्न कृषि क्षेत्रको योगदान रहन्छ । जमिनका वितरण र उत्पादकत्वलाई कृषि क्षेत्रको उत्पादन गर्ने साधनका रुपमा लिईन्छ । मुख्य रुपमा सुनकोशी पालिका भित्र भईरहेको जग्गाको खण्डिकरण र कृषि योग्य जमिनमा हुने गैह खाद्यान्न वालीको उत्पादनलाई प्रमुख समस्या रुपमा लिइएको छ । जमिनका खण्डिकरण रोकिने अवस्था छैन

अतः गैह्र कृषिक्षेत्रको योगदानलाई खाद्य सुरक्षा र गरिवी निवारणको अवसरका रुपमा प्रयोग गर्नुको विकल्प रहेन । विशेष गरि पानीजन्य संक्रमणबाट हुने रोगहरू आऊँ, पखाला, लुतो, खटिराबाट वालवालिकाको शारिरीक वृद्धि विकासमा कति प्रभाव पारेको नतोकिए पनि उक्त संख्याका वालवालिका कुपोषणको शिकार हुनुलाई वालस्वास्थ्यका हिसावबाट समस्याका रुपमा लिन आवश्यक छ ।

## चुनौती र अवसर

यस गाउँपालिकामा पाँच रोपनी भन्दा कम जग्गामा कृषि खेती गर्ने घरधुरी २४ प्रतिशत रहेका छन् भने ५ देखि १० रोपनी जमिनमा खेतीगर्ने घरधुरीहरूको प्रतिशत ३२ प्रतिशत रहेको छ । यस गाउँपालिकामा २ प्रतिशत घरधुरीहरू जग्गा जमिन विहिन छन् जग्गा जमिनको क्षेत्रफल र घरधुरीहरूको संख्या निम्न तालिकामा प्रस्तुत गरिएको छ

तालिका २१ः घरधुरी जग्गा विवरण

| क्र. सं | जग्गा (रोपनीमा) | घरधुरी प्रतिशत |
|---|---|---|
| 1 | पाँच रोपनी भन्दा कम | 24 |
| 2 | ५ देखि १० रोपनी | 32 |
| 3 | १० देखि १५ रोपनी | 23 |
| 4 | १५ देखि २० रोपनी | 13 |
| 5 | २० रोपनी भन्दा बढी | 6 |
| 6 | जग्गा जमिन नभएको | 2 |

*स्रोतः कृषि आवधिक योजना फिल्ड सर्भे, २०७६*

स्थानीय तहमा खाद्य सुरक्षाको सवाल कृषिको उत्पादन भन्दा पनि रोजगारीको अवसरबाट विमुख हुदा सृजना हुने सवालको रुपमा रहेको छ । खाद्य असुरक्षा र गरिवी एक अर्काका विच पर्यायवाची मानिन्छ । गाउँका गरिवहरूको घरमा पैसा कसरी भित्र आउन सक्छ,त्यो नै चुनौतिका रुपमा रहेको छ । खाद्य सुरक्षाका वहुपक्षिय आयामहरूमा सिमान्त समुदायहरूको पहुच अभिवृद्धि गर्नु चुनौति छ ।

## दीर्घकालीन सोच

“खाद्यान्नमा आत्मनिर्भर तथा कुपोषणमुक्त सुनकोशी”

## लक्ष्य

खाद्य सुरक्षा र गरिवी निवारणलाई आर्थिक क्षेत्र विकासको क्रसकटिङ्ग सवालका रुपमा स्थापित गर्ने ।

## उद्देश्य

१. स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।
२. गरिवी र खाद्य सुरक्षाको जोखिममा रहेका घरधुरीहरूलाई जोखिमका आधारमा अनुदान वा प्रत्यक्ष काममा संलग्न गराउनु
३. गाउँपालिकालाई कुपोषणको मुक्त बनाउनु ।

**रणनीति तथा कार्यनीति**

तालिका २२: खाद्य सुरक्षा र गरिवी निवारणका रणनीति र कार्यनीति

<table>
<tr><th>रणनीति</th><th>कार्यनीति</th></tr>
<tr><td colspan="2">उद्देश्य १: स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।</td></tr>
<tr><td>१.१: पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने ।</td><td>१. गुणस्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ ।<br>२. मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३. "सुनौला हजार दिन" अभियानलाई निरन्तरता दिइनेछ।<br>४. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ ।</td></tr>
<tr><td>१.२: मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।</td><td>१. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>२. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य २: गरिवी र खाद्य सुरक्षाको जोखिममा रहेका घरधुरीहरूलाई जोखिमका आधारमा अनुदान वा प्रत्यक्ष काममा संलग्न गराउनु ।</td></tr>
<tr><td>२.१: तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने ।</td><td>१. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताकालागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन (कोदो, च्याउ, सुन्ताला, अदुवा, कफी) प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ।<br>७. सुरक्षित खानपान र पौष्टिकतत्वका स्रोत तथा उपयोगबारे सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ३: गाउँपालिकालाई कुपोषणको मुक्त बनाउनु ।</td></tr>
<tr><td>३.१: गाउँपालिका बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने ।</td><td>१. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूकालागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ ।</td></tr>
</table>

| | |
|---|---|
| | २. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्यवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाकोलागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ । |

**<u>प्रमुख कार्यक्रम</u>**

- एक घर एक रोजगार
- विऊ पुँजी वितरण
- परम्परागत सिपविकास
- लघु उद्यमशिलताको विकास
- कामका लागि नगद कार्यक्रम
- गरिव लक्षित कार्यक्रम जस्तै गरिवसँगका विशेष कार्यक्रम
- युवा स्वरोजगार कार्यक्रम
- महिला शसक्तिकरण कार्यक्रम

**<u>अपेक्षित उपलव्धि</u>**

निरपेक्ष १२ प्रतिशत गरिवीको रेखामुनी रहेका जनसंख्यालाई कम्तिमा दैनिक १ डलर आय गर्न सक्ने क्षमता र अवसर प्राप्त गर्ने छन् ।

## ४.७ सिंचाइ तथा जलस्रोत

**पृष्ठभूमि**

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा सिंचाइ महत्वपूर्ण माध्यम हो । यस गाउँपालिकामा रहेको कूल जमीनको १७२३८ हेक्टर जमिन सिंचित भएको अवस्था छ । गाउँपालिका भएर अविरल बग्ने सुनकोशी नदी हिमनदीको रुपमा जलसम्पदाले धनी रहेको छ । सिंचाइ सुविधाका दृष्टिले घ्याम्पेखोला, धमिलेखोला, घट्टेखोला, रोशीखोला, गगटेखोला, भेटेखोला, आरुबोटे खोला, गगरी खोला लगायतका स्रोतहरूबाट यहाँका खेतीयोग्य जमीनका लागि सिंचाइ स्रोतको रूपमा रहेका छन् । गाउँपालिकामा रहेका पानीका स्रोतहरू मध्ये निकै कमले मात्रै बर्षैभरी तथा केही कुलाहरूबाट बर्षायाममा मात्र सिंचाइ सुविधा उपलव्ध हुने गरेको छ । पालिकको बीच र उपल्लो भागमा सिंचाइको समस्या छ । तल्लो भागमा रहेका खोला एवम् नदीहरूबाट लिफ्टिङ गरेर सिंचाइ गरिरहेको अवस्था छ ।

**प्रमुख सम्स्या**

कृषि योग्य जमिनमा न्यून सिंचाइ सुविधा हुनु, सिंचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिंचाइ, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, प्रयाप्त सिंचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

**चुनौती र अवसर**

पहाडी र जटिल भू–धरातल भएकाले सिंचाइ योजना निर्माण खर्चिलो र कठिन हुनु, कृषियोग्य जमिनमा सर्वयाम सिंचाइ सुविधा उपलव्ध गराउन नसक्नु, कृषि र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिंचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भईआएका परम्परागत सिंचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु तथा सिंचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु यहाँका चुनौतीहरू हुन् ।

सिंचाइकालागि प्रयाप्त स्रोतहरूको उपलव्धता हुनु, आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिंचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु, साना सिंचाइ गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिंचाइ क्षेत्र समावेश हुनु तथा सिंचाइका लागि उपयुक्त फाँटहरूको उपलव्धता हुनु अवसरहरू हुन् ।

**दीर्घकालीन सोच**

"दिगो सिंचाइको पूर्वाधार, उत्पादन र उत्पादकत्व बृद्धिको मूल आधार"

**लक्ष्य**

सिंचाइ प्रणालीको विकास र जलस्रोतको व्यवस्थापनबाट कृषिजन्य उत्पादनमा बृद्धि गर्ने ।

**उद्देश्य**

१. परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

तालिका २३: सिंचाईका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| **उद्देश्य १: परम्परागत सिंचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान गर्नु ।** | |
| **१.१:** परम्परागत सिंचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. परम्परागत सिंचाइका परम्परागत स्रोतहरूको विवरण तयार पारिनेछ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिंचाइको पहुँच बृद्दिकोलागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणकोलागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| **१.२:** आधारभूत सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिंचाइको पहुँच बृद्धि गर्ने । | १. सिंचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>३. संरचना निर्माणकोलागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिंचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिंचाइ संरचनाको निर्माण गरिनेछ ।<br>६. सतह सिंचाइको सम्भावना नभएको क्षेत्रमा लिफ्टिङ प्रणालीबाट सिंचाइ गर्ने योजना तथा लागत इष्टिमेट गरिनेछ ।<br>७. संरचना निर्माणको निमित निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ।<br>८. संरचना निर्माणको प्रयोजनकोलागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ।<br>९. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>१०. सिंचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता बृद्धि गरिनेछ ।<br>११.सिंचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २: कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि गर्न दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु।** | |
| **२.१:** खेतीयोग्य जमिन भएको तर सिंचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिंचाइको पहुँच बृद्धि गरिनेछ । | १. सिंचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार पारिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिंचाइ कुलोहरूको प्रयोगमा आउनेगरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिंचाइको व्यवस्थापन गर्न सम्भब भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिंचाइकोलागि प्राथमिकताको आधारमा साना जलासय, पोखरी आदि संरचना तयार गरिनेछ ।<br>५. सिंचाइका संरचनाको मर्मत सम्भारकोलागि सामूहिक कोषको व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| | ६. संरचना विस्तारकोलागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>७. सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ताहरूको समितिको गठन गरिनेछ। |
| २.२ः दिगो सिंचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>२. सिंचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिंचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>३. दिगो सिंचाइको व्यवस्थापनकोलागि उपभोक्ता र समुदायको दक्षतामा बृद्धि गरिनेछ ।<br>४. सिंचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली,फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>५. सिंचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ । |
| २.३ः जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।<br>२. नदीजन्य प्रकोपका दिगो नियन्त्रणमा स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको वनको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. सिंचाइको मुहान संरक्षण तथा मर्मत-संहार
२. लिफ्टिङ सिंचाइकोलागि संभाव्यता अध्ययन
३. लिफ्टिङ सिंचाइ कार्यक्रम
४. थोपा सिंचाइ कार्यक्रम

**अपेक्षित उपलब्धि**

परम्परागत सिंचाइ संरचनामा सुधार भई नयाँ वैकल्पिक सिंचाइ स्रोतको पहिचान भएको हुनेछ । कृषियोग्य जमिनमा सिंचाइको पहुँच बृद्धि भई दिगो सिंचाइ प्रणालीको विकास तथा व्यवस्थापन भएको हुनेछ ।

# परिच्छेद ५ सामाजिक विकास क्षेत्र

## ५.१ जनसङ्ख्या तथा बसाइँसराइ

**पृष्ठभूमि**

राज्यको पुनरसंर्चना पश्चात निर्माण भएको नेपालमा सामाजिक तथा आर्थिक अवस्थामा आएको सकरात्मक परिवर्तनले गर्दा जनसङ्ख्या र वृद्धिदर कम हुँदै गएको छ । जनसङ्ख्या वृद्धि, आकार, वितरण, घनत्व, बसाइँसराइ आदिले कुनै पनि स्थानको जनसङ्ख्या व्यवस्थापनमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । स्थानीय जनतालाई शिक्षा, स्वास्थ्य, रोजगार लगायत विभिन्न सुविधाहरू उपलब्ध गराएर उनीहरूको जीवनस्तर माथि उठाउन मानिसहरूलाई आधुनिक विविध सुविधाहरू उपलब्ध गराई उनीहरूको गुणस्तरीय जीवन कायम गर्न सकिन्छ । सात वडामा विभाजित यस सुनकोशी गाउँपालिकामा जम्मा ४५५७ घरधुरी छन् । यस गाउँपालिका सात वडामा विभाजित छन् र जम्मा जनसङ्ख्या २१४७३ रहेको छ भने माहिलाको जनसङ्ख्या ११४८५ रहेको छ भने पुरुषको जनसङ्ख्या ९९८८ रहेको छ । गा.पा.मा रहेका बासिन्दाहरुलाई आधारभुत आवश्यकता पुरा गर्दै सुन्दर ग्रामिण परिवेशलाई थप सुबिधा युक्त बनाई राख्नु यहाँको आवश्यकता हो ।

**प्रमुख समस्या**

गाँउबाट मानिस अन्यत्र बसाइँसराइ गर्नु; जनसङ्ख्या व्यवस्थापन सम्वन्धी नीति निमार्ण र कार्यन्वयनमा कमी हुनु; जनसङ्ख्या र विकास वीच असन्तुलन हुनु; जनजाति तथा दुर्गम बस्तिमा रहेका परिवारमा सोचिए अनुसारको प्रगति हुन नसक्नु; कम उमेरमा विवाह हुनु; लैङ्गिंक विभेद कायम रहनु; गरीबि, अशिक्षा र वेरोजगार हुनु जस्ता समस्याहरू यस गाउँपालिकमा रहेका छन् ।

**चुनौती र अवसर**

गाउँबाट हुने बसाइँसराइ र विदेशिने युवालाई रोजगारका अवसरहरू सिर्जना गरी गाँउमान नै बस्ने वातावरण कार्यम गर्न; विदेशमा आर्जन गरेको सीपलाई उपयोग गरी गाँउको विकासको व्यवस्थापन गर्न; शिक्षा, स्वास्थ्य, रोजगार लगायतका सुविधा उपलब्ध गराई गाउँमानै बस्ने वाातावरण सिर्जना गर्ने; वस्तीहरूमाा परम्परागत कृषि प्रणाली हुँदा गैह्र कृषि क्षेत्रमा रोजगारी श्रृजना गर्ने जस्ता चुनौतीहरू रहेका छन् ।

यस्ता चुनौतीका बाबजुद यस गाउँपालिका भूगोलको हिसावले सानो, जनसङ्ख्या कम र श्रोत साधनले सम्पन्न भएकाले यसको आर्थिक एवं सामाजिक विकासमा सहज भएको; आदिवासी जनसमुदायको बाहुल्यता भएको यस गाउँपालिकामा तीनै तहका सरकारको चासो रहन जानु; गाउँपालिकाको सरकार क्रियाशील, सक्षम र नेतृत्वदायी भूमिका खेल्न सक्ने भएकाले जनसङ्ख्या व्यवस्थापन सम्बन्धि प्रभावकारी कार्यक्रम सञ्चालन हुन सक्ने; यस्तै गरी बसाइँसराइको लागि सुधार गर्नु पर्ने कार्यक्रमहरूमा गाउँपालिकाले सुधार गर्न पहल गर्नु (स्वास्थ्य सेवा विस्तार, विद्यालय तथा गुणस्तर शिक्षाको लागि पहल गर्नु आदि) जस्ता अवसरहरू रहेका छन् ।

**दीर्घकालीन सोच**

“आधारभुत सेवा सुविधा सहितको बसोबासकालागि प्राथमिकता योग्य सुनकोशी गाउँपालिका”

**लक्ष्य**

गाउँपालिकाको उचित जनासाखिंक व्यवस्थापन गरी बसाइँसराइलाई निरुत्साहित गर्दै सम्पन्न र सुखी परिवारको निर्माण गर्ने।

**उद्देश्य**

१. बसाइँसराइलाई निरुत्साहित गर्न गाउँपालिकाका सबै वस्तीहरू व्यवस्थित गर्नु ।

२. जनसङ्ख्याको हरेक बर्ग, लिङ्ग, जनजाती र भाषा-भाषीलाई समान रुपले विकासको मुल प्रबाहमा ल्याउनु ।

**रणनीति तथा कार्यनीति**

**तालिका २४: जनसङ्ख्या तथा बसाइँसराइ रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: बसाइँसराइलाई निरुत्साहित गर्न गाउँपालिकाका सबै वस्ती हरू व्यवस्थित गर्नु** | |
| १.१: गाउँपालिकाका सबै वस्तीहरू व्यवस्थित गर्ने । | १. सबै वडा र बस्तीहरूमा आधारभुत आवश्यकता (शिक्षा, स्वास्थ्य, सुरक्षित बासस्थानको प्रबन्ध) परिपुर्ती गर्ने योजनाहरू ल्याइनेछ ।<br>२. हरेक वार्डमा गाउँस्तरमै रहेको श्रोत र साधनलाई समुचित रुपमा सञ्चालन गरी साना तथा घरेलु उद्योग स्थापना गरी रोजगारिको व्यापक रुपमा श्रृजना गरिनेछ ।<br>३. व्यवस्थित आबास योजना सञ्चालनमा ल्याइनेछ । |
| **उद्देश्य २: जनसङ्ख्याको हरेक बर्ग, लिङ्ग, जनजाती र भाषा-भाषीलाई समान रुपले विकासको मुल प्रबाहमा ल्याउनु ।** | |
| २.१: समावेशी र सहभागितामुलक विकास को अवधारणाको प्रारुप तयार पार्ने । | १. सहभागितामा विकास निर्माणका काम हरूलाई अगाडी बढाउँदै सबैमा गाउँ समाज प्रती अपनत्व विकास गराइनेछ ।<br>२. भिन्न क्षमता भएका व्यक्ति र समुदायलाई सीपमूलक विशेष तालिम प्रदान गर्न अन्तर सरकार, अन्तर स्थानीय तह, गैसस समेतसँग समन्वय गरिनेछ ।<br>३. युवाहरू बिदेश जाने क्रमलाई रोक्न "आफ्नो माटो आफ्नो सम्बृद्धी" भन्ने नारालाई मुर्त रुप दिन समुहगत र संगठित कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- जनसङ्ख्या संवन्धी सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन तथा अद्यावधिक
- गाउँबाट अन्यन्त्र हुने बसाइँसराइलाई निरुत्साहित गर्न शिक्षा स्वास्थ्य, रोजगार लगायत अन्य मानवीय सेवा र सुविधा उपलब्ध
- हरेक वस्तीहरूमा जनसङ्ख्या व्यवस्थापन कार्यकम सञ्चालन
- किशोर किशोरी मैत्री तथा यूवामुखी कार्यक्रमहरू सञ्चालन
- वस्तीहरूमा स्वास्थ्य सेवा पुऱ्याउने लागि गाउँघर किल्निक कार्यक्रम सञ्चालन
- गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरी बसाइँसराइलाई कम गर्ने कार्यक्रम सञ्चालन
- विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन

**अपेक्षित उपलब्धि**

बाह्य बसाइँसराइ निरुत्साहित भई गाउँपालिकाका सबै वस्तीहरू आधारभुत सेवा सुविधा सहित व्यवस्थित भएका हुनेछन् । समाजका सबै बर्ग, लिङ्ग, जनजाती र भाषा-भाषीहरू समान रुपले विकासको मुल प्रबाहमा प्रवाहित भएका हुनेछन् । गा.पा.का माथिल्लो स्थानहरुबाट बसाइँ सरिरहेका परिवारहरुको संख्यमा घटेर जाने छ । आधारभूत आवश्यकतको उललब्धता पश्चात बसाइँ सराइँ रोकिन सहयोगी हुनेछ ।

## ५.२ शिक्षा

**पृष्ठभूमि**

शिक्षा विकासको आधार हो । साथै परिष्कृत एवं मर्यादित जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार समेत हो । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दीगो शान्ति र समृद्धिका लागि शिक्षालाई महत्वपूर्ण माध्यमको रुपमा स्विकार गरिदैं आएको छ । नेपालको संविधानले शिक्षा सम्वन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभुत गरेको छ । संविधानले आधारभुत तहसम्मको शिक्षामा पहुँच, आधारभुत तहसम्मको अनिवार्य र निशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभुत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभुत गरेको छ । साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमुलक तथा रोजगारमुलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लागीनलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । सुनकोशी गाउँपालिकाले **"गुणस्तरीय, जीवनोपयोगी र परिवर्तित परिस्थितिमा समायोजना हुने सभ्य र सक्षम जनशक्ति उत्पादन"** भन्ने नाराका साथ शिक्षा विकासमा जोड दिइरहेको छ ।

आ.व. २०७४/७५ को अन्तयमा १५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ५८% पुगेको छ भने १५ देखि २४ वर्ष उमेर समुहको युवा साक्षरता दर ९२% पुगेको छ । पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८४.१ प्रतिशत, पूर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या ६६.३% पुगेको छ । कक्षा १ देखि ५ सम्मको खुद भर्नादर ९७.२% र कक्षा १ देखि ८ सम्मको खुद भर्नादर ९२.३% र माध्यमिक तह —कक्षा ९—१२) को खुद भर्नादर ४६% रहेको छ । अध्ययनको क्रममा बीचैमा विद्यालय छाड्ने दर कक्षा १ देखि ५ मा ३.८%, कक्षा ६ देखि ८ मा ४.४% र कक्षा ९ देखि १० मा ३.७% छ । यसैगरी प्राथमिक तह र माध्यमिक तह (११—१२) को लैङ्गिक समता सूचाकाङक क्रमशः १.० र १.०२ रहेको छ । उच्च शिक्षामा सहजै देखिने भर्नादर १३% रहेको छ । विदेश पढ्न जाने एवम् वैदेशिक संस्थामा पढ्ने समेत गर्दा यो करिब १५% पुगेको देखिन्छ । वार्षिक झण्डै ५ लाख युवा श्रम बजारमा प्रवेश गर्दछन् तर करिब १ लाख ५० हजारले मात्र प्राविधिक तथा व्यवसायिक तालिम प्राप्त गर्ने गरेका छन् । जानसाङ्खिक संरचनालाई विश्लेषण गर्दा हाल १०—२४ वर्ष उमेर समुहको हिस्सा सर्वाधिक रहेकोले आगामी वर्षहरूको लागि शिक्षाको व्यवस्थापनमा यसलाई ध्यान दिनु जरुरी देखिन्छ । राज्यको नेतृत्वदायी र निजी क्षेत्रको परिपूरक भूमिकामा गुणस्तर अभिवृद्धि गर्दै समग्र शिक्षा क्षेत्रको विकास गर्ने मुलभूत सोच यस योजनाले राखेको छ ।

यस गाउँपलिकमा आधारभुत तह, उच्च मावि र मावि गरी जम्मा ५१ (३ वटा संस्थागत सहित) विद्यालय रहेका छन् । यसै गरी यस गाउँपालिका को साक्षरता प्रतिशत ५८. ९४ रहेको छ । एस एल सि मुनिको शैक्षिक उपलब्धी ८१.३०% रहेको छ भने दश जोड मा ४.१०% रहेको छ। यस्तै प्रकारले उच्च शिक्षाको शैक्षिक उपलब्धी १.३५% रहेको छ । यस्तै प्रकारले प्राथमिक र निमाविको विद्यालय मा शिक्षक विद्यार्थी अनुपात १८ .५९ रहेको छ भने माध्यमिक र उच्च माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात १६. २७ रहेको छ । यसै गरि आधारभुत तहमा कुल भर्ना दर १२०.७९ रहेको छ भने खुद भर्ना दर ९६. ६७ रहेको छ । यस्तै प्रकारले माध्यमिक तहको कुल भर्ना दर ६८.८५ रहेको छ भने खुद भर्ना ५९.३६ रहेको छ । विद्यार्थीको सङ्ख्या आधारभुत तहमा ४०४० (छात्रा २०२५ र छात्र २०१५), मा.वि. मा ८८२ (छात्रा ४८० र ४०२ छात्र) र उ.मा.वि. मा ४४६ (छात्रा २७८ र छात्र १६८) रहेका छन् ।

**प्रमुख समस्या**

यस गाउँपलिकामा ५१ वटा विद्यालय सञ्चालनमा आएको भए पनि आधारभुत तहमा देश, समाज र समुदायको बारेमा पाठ्यक्रमको विकास नहुनु; माध्यमिक र उच्च माध्यमिक तहमा व्यवहारिक र प्राविधिक शिक्षाको कमी हुनु; सामुदायिक र संस्थागत विद्यालय बिचको गुणस्तरमा फरक देखा पर्नु; शिक्षक दर्वन्दी आवश्यकता अनुसार पुरा नहुनु; पुस्तकालयको व्यवस्था समय र आवश्यकता अनुसार प्रबन्ध नहुनु; शैक्षिक सामाग्री आवश्यकता अनुसार उपलब्ध नहुनु गरिब सिमान्तकृत परिवारको बालबच्चाको लागि विशेष छात्रबृतिको व्यवस्था नहुनु, सबै विद्यालयमा इन्टरनेट को पहुन्च नहुनु; कम्प्युटर को यथोचित व्यवस्था नहुनु कक्षाको स्तर अनुसार बिज्ञान प्रयोगशला नहुनु; स्थानीय आवश्यकता र पहिचान झल्काउने स्थानीय बिशेसतामा आधारित पाठ्यक्रम अझै सम्म पनि तयार हुन नसक्नु गाउँपालिकको शैक्षिक क्षेत्रमा देखा परेको समस्या हुन् । साथै दिवा खाजा प्रभावकारी ढन्गले व्यवस्था नहुनु; खेलकुद मैदानहरू सबै स्कुलहरूमा यथोचित मात्रामा व्यवस्था नहुनु; गरिव र जेहेन्दारको लागी आबासिय विद्यालय स्थापना हुन नसक्नु; विद्यालय भवन तथा अन्य भौतिक सुबिधाहरू यथोचित मात्रामा उपलब्ध नहुनु; आदी यस गाउँपलिकाको शैक्षिक क्षेत्रमा देखा परेका अन्य समस्याहरू हुन् ।

**<u>चुनौती र अवसर</u>**

विद्यालय भवन, फर्निचर, खेलकुद मैदान लगायत अन्य भौतिक सुविधा उपलब्ध गराउन; विद्यालयहरू समायोजन गरी शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी ढंगले संचालान गराउन; साक्षरता दरमा लिङ्ग, जातीगत, फरक हुंदा समानस्तरमा ल्याउन; विद्यालय छोड्ने दर शुव्यमा झार्न; समुदायलाई विद्यालय प्रति अपनत्व कायम गर्न आदि चुनौतीहरू रहेका छन । यसै गरी विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना पूर्वप्राथमिक शिक्षालाई समुदाय एवं विद्यालयस्तरमा सञ्चालन गर्न; प्राविधिक विद्यालय स्थापना र सञ्चालन गर्न यस गाउँपलिकाको लागि अन्य चुनौतीको रुपमा रहेका छन् । साथै अनुगमन पद्धतीलाई प्रभावकारी बनाउदै कमजोर विद्यालय व्यवस्थापनलाई व्यवस्थित र सुदृढ गराउन; विद्यालयहरू आपसमा गाभ्न तथा मर्ज गर्न; दलित र अति गरिव समुदायका केटाकेटिहरूलाई विद्यालय ल्याउन र टिकाउन आदी जस्ता पक्षहरू पनि चुनौती को रुपमा देखा परेका छन् ।

चुनौतीका बाबजुद अधिकांश शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय सरकारलाई भएकाले प्रदेश र संघीय सरकारसँग समन्वय गरी शिक्षक दरवन्दी बढाउन पहल गर्न सकिने; स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन अनुसार नै पाठयपुस्तक, शैक्षिक सामाग्री, पाठ्यक्रम, पठनपाठन, भौतिक सुविधा, खेलकुद, पुस्तकालय, विद्यालय व्यवस्थापन, अनुगमन र निरीक्षणलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सकिने अवसरहरू रहेका छन् । यसै प्रकारले गाउँपालिकवाट वडा कार्यालय तथा वस्तिसम्म सडक सन्जाल जोडिनु नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले शिक्षा क्षेत्रको गुणस्तर कायम गर्न प्रतिवद्धता देखाउनु शिक्षा क्षेत्रको विकासका लागि गाउँपलिकाको लागि अवसरहरू हुन् ।

**<u>दीर्घकालीन सोच</u>**

“सामाजिक आर्थिक रुपमान्तरणका लागि शैक्षिक मानव संसाधनको विकास”

**<u>लक्ष्य</u>**

गुणस्तरीय शिक्षा माफृत सिर्जनशील, दक्ष प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील मानव श्रोतको विकास गर्ने ।

**<u>उद्देश्य</u>**

१. सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधि मैत्री बनाउनु ।
२. प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधी मैत्री र रोजगारमूलक बनाउने ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु ।

४. स्थानीय कृषिलाई प्रबर्धन गर्न कृषिमा आधारित शिक्षा र तालिमको व्यवस्था गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका २५: शिक्षाका रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु।** | |
| १.१: यस गाउँपलिकाको माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क, प्रविधि मैत्री तथा भौतिक सुबिधा सम्पन्न बनाउन पहल गर्ने तथा कार्यन्वयन गर्ने । | १. शैक्षिक सामाग्री, स्तरीय भवन, फर्निचर, प्रयोगशाला तथा सवारी साधन सहित सुविधा सम्पन्न विद्यालय बनाइनेछ ।<br>२. गाउँपालिकामा कम्तिमा १ वटा सुविधा सम्पन्न प्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गरिनेछ ।<br>३. सवै विद्यालयमा आधारभूत तह देखि नै अंग्रेजी, गणित, विज्ञान,कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइने<br>४. सबै विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ ।<br>५. सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन आमा समूह, सामुदायिक वन समिती, क्लव तथा स्थानीय गैससलाई परिचालन गरिनेछ । |
| **उद्देश्य २:प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विसतार र गुणस्तर सुनिश्चित गर्नु ।** | |
| २.१: समावेशी सहितको व्यवसायिक सिप विकासको लागि प्राविधिक शिक्षाको आधारशिला तयार पार्ने । | १. महिला, दलित, अपाङ्ग, विपन्न तथा सिमान्तकृत समूहको गुणस्तरीय, प्राविधिक एवं विशेष शिक्षामा पहुँच सुनिश्चित गर्दै लगिनेछ ।<br>२. भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गर्न अन्तर सरकार, अन्तर स्थानीय तह, गैसस र निजी क्षेत्र समेतसँग समन्वय गरी उपयुक्त विद्यालयमा छात्रवृत्ति सहित पठनपाठनको व्यवस्था गरिनेछ ।<br>३. सवै विद्यालयमा आधारभूत तह अन्तर्गत शुरु देखि नै अंग्रेजी, गणित, विज्ञान,कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइनेछ । |
| **उद्देश्य ३: पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधमैत्री र रोजगारमूलक बनाउने ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु ।** | |
| ३.१: शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधमैत्री र रोजगारमूलक बनाउने । | १. आधारभूत शिक्षाबाट वञ्चित विद्यालय उमेर समूह का किशोरकिशोरीहरूलाई उनीहरूको अनुकूल अनौपचारिक सीपमूलक र डिजिटल साक्षरता कक्षा सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | २. आधारभुत तहमा स्थानीय सिपको प्रतिनिधित्व हुने गरी स्थानीय पाठ्यक्रममा यस सम्बन्धी सामग्री  समावेश गरिनेछ ।<br>३. हरेक विद्यालयमा बिज्ञान प्रयोगशाला निर्माण गर्न  भौतिक र प्राविधिक पक्षलाई सुदृढिकरण गरिनेछ ।<br>४. रेक साधारण विषय पढाउने विद्यालयलाई कम्तिमा एउटा प्राविधिक र एउटा व्यवसाहिक विषय पढाउन प्रोत्साहन गर्दै  जनाशक्ती र श्रोतको लागि सहयोग गरिनेछ । |
| **उद्देश्य ४ः स्थानीय कृषिलाई प्रबर्धन गर्न कृषिमा आधारित शिक्षा र तालिमको व्यवस्था गर्नु ।** | |
| ४.१ः कृषिलाई व्यवसायिकरण गर्ने खालको शिक्षा लाई प्रोत्साहन गर्ने । | १. आधारभुत तह देखी नै कृषि सम्बन्धी प्राविधिक र सैद्धान्तिक ज्ञानलाई प्रोत्साहन मिल्ने खालको शिक्षाको शुरुवात गरिनेछ ।<br>२. गाउँपालिका क्षेत्र भित्रै प्रांगारिक मल तथा फलफुल र बिभिन्न तर्कारीको बिउ उत्पादनलाई प्रोत्साहन गर्न तालिम र आधारभुत तह देखी नै पाठ्य विषयको व्यवस्था गरिनेछ ।<br>३. कृषि र दुग्ध पदार्थमा आधारित उत्पादन , प्याकिङ र स्टोरेज को लागि विद्यालय स्तरमै ऐक्षिक विषयको व्यवस्था गरिनेछ । |

**<u>प्रमुख कार्यक्रम</u>**

- विद्यालयको भौतिक पूर्वाधार (भवन) निर्माण तथा व्यवस्था
- नमुना विद्यालय निर्माण
- विद्यालयमा कम्प्युटर ल्याब निर्माण
- विद्यालयको घेराबार
- शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम
- विद्यालयको भौतिक पूर्वाधार (खानेपानी)को निर्माण तथा व्यवस्था
- विद्यालयको भौतिक पूर्वाधार (शौचालय)को निर्माण तथा व्यवस्था
- विद्यालयको भौतिक पूर्वाधार (इन्टरनेट)को जडान तथा व्यवस्था
- विद्यालयको भौतिक पूर्वाधार (प्रोजेक्टर-ल्यापटप-स्मार्टबोर्ड)को व्यवस्था
- विद्यालयमा पुस्तकालय, सूचना प्रविधि तथा विज्ञान प्रयोगशालाको निर्माण
- आवश्यकता अनुसार स्कुलहरूलाई मर्जिंगमा लैजान सम्भाव्यता अध्ययन
- स्कुल बसको व्यवस्थापन तथा सञ्चालन

**<u>अपेक्षित उपलब्धि</u>**

सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित भएको हुनेछ । प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित भएको हुनेछ ।साक्षरता दर ५० प्रतिसत बाट बढेर ७० प्रतिसत पुग्ने छ । माध्यमिक तहमा खुद भर्ना दर ५९ प्रतिसतबाट बृद्धी भै ८० प्रतिसत पुग्ने छ ।ब्याबसायीक शिक्षामा कुल भर्नादर १.३ प्रतिसत बाट बढी ४ प्रतिसत पुग्ने छ । पहुँच र गुणस्तर अभिवृद्धि भई उच्च शिक्षा वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधी मैत्री र रोजगारमूलक हुनेछ । ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण भएको छ ।

## ५.३. खानेपानी, सरसफाई र स्वच्छता

**पृष्ठभूमि**

आधारभूत खानेपानी, सरसफाई तथा स्वच्छता सुविधा सबै नागरिकलाई प्रदान गर्नु लोककल्याणकारी राज्यको अर्को मौलिक जिम्मेवारी हो । नेपालको संविधानले खानेपानी तथा सरसफाईलाई मौलिक हक र मानव अधिकारको रुपमा स्वीकार गरेको छ । खानेपानी तथा सरसफाई क्षेत्रको सुधारबाट मात्र बालमृत्युदर कम गर्न तथा सरदर आयु बृद्धि गर्न सहयोग गर्दछ । नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशिल समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकूल सुधार गर्न योगदान गर्न सक्दछ । यस गाउँपालिकाको कुल घरधुरी मध्ये करिव ६३.१३ प्रतिशत घरधुरीमा खानेपानीको सुविधा पुगेको छ । खानेपानीको पहुँच भएका घरधुरीहरूमा खानेपानीको निरन्तर आपूर्ति र प्रयाप्त परिमाण सेवा (प्रतिव्यक्ति ४५ लि.) का विषयमा स्पष्ट मापदण्ड तयार गर्न सकिएको छैन । खानेपानीको रासायनिक र जैविक तत्वको जाँच हुन सकेको छैन । बजार र बस्तीहरूमा ढल निकासको व्यवस्था नाजुक रहेको छ ।

**तालिका २६: सुनकोशीका खानेपानी तथा सरसफाइ सुचक**

| क्र.सं. | सूचक | सङ्घीय | प्रदेश | पालिका |
|---|---|---|---|---|
| ०१ | आधारभूत खानेपानीमा पहुँच हुने घरधुरी प्रतिशत | ८७.७ | ९१ | ६३.१३५ |
| ०२ | मध्यमस्तर सुरक्षित खानेपानीमा पहुँच घरधुरी प्रतिशत | २० | ३७ | |
| ०३ | चर्पीको प्रयोग गर्ने घरधुरी सङ्ख्या प्रतिशत | ८३ | ९१ | ३८.१ |
| ०४ | खानेपानीको मुहान, जलभण्डार र शुष्म जलाधार संरक्षणका क्रियाकलाप सङ्ख्या | | | |
| ०५ | एकीकृत जलस्रोत व्यवस्थापन स्किम सङ्ख्या | | | |
| ०६ | प्रतिव्यक्ति प्रतिदिन उपलव्ध हुने पानी (लि) | ४५ लि. | | |
| ०७ | खानेपानीको सुधार वा प्रशोधन गरिएको अनुपात | १५ % | | |
| ०८ | खानेपानी तथा सरसफाईमा स्थानीयसमुदायको उपभोक्ता समितिको सङ्ख्या | | | |

**प्रमुख समस्या**

जनसङ्ख्या बसाईँसराइको चाप र जनसङ्ख्या वृद्धिसंगै बस्ती तथा शहरमा प्रदुषण वढ्दो छ । पर्यावरणीय असन्तुलन, प्लाष्टिकजन्य फोहरले शहरलाई कुरुप बनाउँदै गएको अवस्था छ । फोहरमैलाको विसर्जन र पुनःप्रयोग प्रणालीलाई कार्यान्वयन गर्न नसक्नु समग्र शहरी विकासको विकराल समस्याको रुपमा रहेको छ । सिन्धुली जिल्ला खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भईसकेको छ । समग्र सरसफाई योजनाको कार्यान्वयन गर्नु पर्ने अवस्था विद्यमान छ । खानेपानीको स्वच्छता र पानी जाँच गरी खानेपानी आपूर्ति हुन सकिरहेको छैन । खानेपानीको ट्रिटमेन्ट प्लानको योजना बनाउन आवश्यक देखिन्छ । बस्ती तथा बजारको ढल निकासको बृहत योजना र डिपिआर निर्माण गर्नु पर्दछ । खानेपानीलाई स्वच्छ र मध्यम स्तरको पिउन योग्य मापदण्डको आपूर्ति हुन सकेको छैन भने आयोजनाको लाभग्राहीमा दोहोरोपना देखिन्छ । आयोजनाको प्रभावकारीता र दुरगामी प्रभावलाई आधार मानी अबका खानेपानीका आयोजनाको तर्जुमा गरिनु पर्दछ ।

**चुनौती र अवसर**

राष्ट्रिय तथ्याङ्कलाई आधार मान्ने हो भने ९० प्रतिशत जनसङ्ख्याले आधारभूत खानेपानीको लाभ लिएको देखिए पनि मध्यमस्तरको खानेपानी आयोजनाबाट लाभलिने जनसङ्ख्या जम्मा २० प्रतिशतको हाराहारीमा रहेको कुरा पन्ध्रौं योजनाको

आधारपत्रमा उल्लेख छ । दीगो विकास लक्ष्यले सबैका लागि सरसफाई तथा खानेपानीको उपलव्धता र दीगो व्यवस्थापनको प्रत्याभूति गर्ने कुरा उल्लेख गरेको छ । खानेपानीको अवस्थालाई हेर्दा पानीको ट्रिटमेन्ट र रसायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छताको सुनिश्चितता गर्न सकिएको छैन । खानेपानी निरन्तर आपूर्ति र गुणस्तरीयता कायम गर्नु यस उपक्षेत्रका चुनौतीहरू हुन् । त्यसैगरी ढल निकासलाई सिधै खोलामा मिसाईएको अवस्था छ तिनीहरूको ट्रिटमेन्ट गरिएको छैन । जनस्वास्थ्यको प्रमुख सरोकारको विषय भएको खानेपानी, सरसफाई र स्वच्छतालाई अभियान सञ्चालन गर्ने गरी जिम्मेवारी स्थानीय सरकारको रहेको छ ।

**दीर्घकालीन सोच**

"एक घर एक धारा — सबैकालागि स्वच्छ एवम् गुणस्तरीय खानेपानीको सुनिश्चिता"

**लक्ष्य**

खानेपानी उपभोक्ता समिति र गाउँपालिकाको समन्वय र सहकार्यमा खानेपानीको सेवा बिस्तार गर्ने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका २७ः खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१ः पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच बृद्धिकोलागि ठाउँ ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाकोलागि आवश्यक जग्गाको व्यवस्था गर्ने मिलाइनेछ । |
| **उद्देश्य २ः गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।** | |
| २.१ः आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाकोलागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनकोलागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु ।** | |

| | |
|---|---|
| **३.१ः** प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट निस्किने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहरमैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

**खानेपानी**

१. खानेपानीका स्रोतहरूको संरक्षण र व्यवस्थापन
२. खानेपानी आयोजनाहरूको मर्मत संभार
३. एक घर एक धारा कार्यक्रम
४. खानेपानी पुर्वाधार निर्माण कार्यक्रम
५. लिफ्टप्रणालीबाट खानेपानीको व्यवस्था

**सरसफाइ**

१. टोल स्तरीय सरसफाइका लागि टोल सुधार समितिहरू गठन एवम् परिचालन
२. सार्वजनिक शौचालय निर्माण (१० वटा)
३. पुर्ण आनिबानी परिवर्तन सम्वन्धि सरसफाइ चेतनामुलक कार्यक्रम
४. विद्यालय स्तरमा सरसफाइ सम्बन्धि सचेतना कार्यक्रम

**अपेक्षित उपलब्धि**

गाउँपालिकामा आधारभूत खानेपानीको पहुँच विस्तार भएको हुनेछ । साथै गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि भएको हुनेछ । प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन भएको हुनेछ ।

## ५.४ स्वास्थ्य र पोषण

**पृष्ठभूमि**

नेपालको संविधान २०७२ मा आधारभूत स्वास्थ्य सेवालाई निःशूल्क दावी गर्न सक्ने गरी मौलिक हकका रुपमा व्यवस्था गरिएको छ । संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणाले नागरिकको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गर्नका लागि लगानी गर्नु पर्ने कुरालाई केन्द्रित गर्दछ । दीगो विकास लक्ष्य नं.२ ले उन्नत पोषणको सुनिश्चित गर्ने र लक्ष्य नं.३ अन्तर्गत सबै उमेर समूहका व्यक्तिहरूको लागि स्वस्थ्य जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने भनी तोकिएको छ । सुनकोशी गाउँपालिकाले पनि स्वास्थ्य तथा पोषणलाई महत्व दिँदै **"सुरक्षित मातृत्व सुनकोशी गाउँपालिकाको दायित्व"** कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

सुनकोशी गाउँपालिकामा जम्मा स्वास्थ्य संस्था ९ वटा रहेका छन् जस्मा सरकारी स्वास्थ्य चौकि ६ वटा सरकारी सामुदायिक स्वास्थ्य एकाइ २ वटा र गैर सरकारी संस्थाबाट संचालित स्वास्थ्य संस्था १ वटा रहेका छन् । यि संयन्त्रहरूले गाउँपालिकामा १२ किसिमका स्वास्थ्य सेवा तथा सुविधाहरू प्रदान गरिरहेका छन् । ति सेवाहरू क्रमशः प्रसुति सेवा, ल्याव सेवा, क्लिनिक सेवा / सामान्य फार्मेसी, सुरक्षित मातृत्व सेवा, रक्त संचार सेवा, एक्सरे सेवा, खोप सेवा, एससिटी सेवा, परामर्श सेवाहरू हुन् । तुलनात्मक रुपमा कुल जनसङ्ख्याको ०७६/७७ आर्थिक वर्षमा १७४६१ जनाले सेवा लिन सफल भएको देखिन्छ । तुलनात्मक रुपमा सुनकोशी गाउँपालिकाको समग्र अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २८ः सुनकोशी गाउँपालिकाको समग्र स्वास्थ्य अवस्था**

| क.स | सूचकहरू | ईकाई | सङ्घीय | प्रदेश | सुनकोशी |
|---|---|---|---|---|---|
| १ | नियम अनुसार चार पटक गर्भवति जांच | प्रतिशत | ५० | ४९ | ४०.६ |
| २ | संस्थागत प्रसुति | प्रतिशत | - | - | २३.८ |
| ३ | बिसीजी खोप लगाएका १ बर्ष मुनिका वालवालिका प्रतिसत | प्रतिशत | ७० | ५७ | ५७.५ |
| ४ | निमोनिया भएका ५ बर्ष मुनिका वालवलिकाको एन्टायोटिक प्रति १०००मा | जना | ३८५ | २८२ | ११० |
| ५ | प्रजनन उमेरका महिलामा गर्भ निरोधक आधुनिक बिधि प्रयोग दर | प्रतिसत | ४०.६ | ४९ | ३१.५ |
| ६ | सस्थागत प्रसुती गराउने | प्रतिसत | ५४ | ४९ | २३ |
| ७ | झाडापखला भएका ५ बर्ष मुनि १००० जनामा जीवनजलबाट उपचार | जना | ३८५ | २६२ | ६५२ |

**प्रमुख समस्या**

सबै वर्ग तथा समुदायका व्यक्तिलाई स्वास्थ्य सेवाका पहुँचमा ल्याउन नसक्नु, स्वास्थ्य सेवा लिने अभ्यास कम देखिनु, संक्रमण र महामारीजन्य रोगहरूको समुचित नियन्त्रण नहुनु, प्राकृतिक विपद र दुर्घटना वा चोटपटकबाट समग्र स्वास्थ्यमा पर्ने जोखिम न्यूनिकरण गर्ने प्रयास अव्यवस्थित बसाईँसराइ र आश्रित जनसङ्ख्याको बढ्दो अनुपात स्वास्थ्य तथा पोषण क्षेत्रमा देखा परेका प्रमुख समस्याहरू हुन । स्वास्थ्य सेवाहरूलाई गुणस्तरिय र प्रभावकारी वनाउन प्रविधिमैत्रि जनशक्ति परिचालन सकिएको छैन ।

नागरिकले संवैधानिक हक अन्तर्गत प्राप्त गर्ने स्वास्थ्य सेवाप्रति उत्तरदायी एवं प्रयाप्त जनशक्ति विकास गर्न नसक्नु, आवश्यकता अनुसार आधुनिक उपकरण र विशेषज्ञहरूको अभाव, विश्वव्यापी रुपमा परिवर्तन हुदै आएको खानपान तथा जीवनशैलीबाट उत्पन्न समग्र स्वास्थ्य हक वढ्दै जानु अर्को समस्याका पाटाहरू हुन् ।

**चुनौती र अवसर**

निःशूल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहबाट सर्बसुलभ रुपमा प्रदान गर्न, गरिव तथा सीमान्तकृत समुदायलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा प्रवाह गर्न र स्वास्थ्य उपचारमा लाग्ने खर्च घटाउनु पहिलो चुनौती भएको छ ।

**दीर्घकालीन सोच**

स्वास्थ्य उपचार तथा सेवालाई राज्य सेवाको प्रमुख लोककल्याणकारी दायित्व क्षेत्रमा रुपान्तरण गरी मानवीय स्वास्थ्यप्रति जिम्मेवार हुने र सेवाको गुणस्तरीय सुनिश्चिता ।

**लक्ष्य**

नेपाल सरकारले प्रदान गर्ने निदानात्मक, प्रवर्द्धनात्मक, पुनस्थापनात्मक र प्रतिरोधात्मक उपचारात्मक स्वास्थ्य सेवाहरूको सर्वसुलभ निशुल्क र गुणस्तरिय सुनिश्चित सहित पहुँच अभिवृद्धि

**उद्देश्य**

१. सुनकोशीका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।
२. थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।

**रणनीति तथा कार्यनीति**

तालिका २९: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुनकोशीका सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु ।** | |
| १.१: गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागु गरिनेछ ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्वास्थ्यको सहज पहुँचकालागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. ल्याब सेवा सञ्चालनकालागि आवश्यक पहल अघि बढाइनेछ । |

| | |
|---|---|
| **१.२**ः पालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. पालिका भित्रका स्वास्थ्य संस्थाहरूमा स्वीकृत कुल दरबन्दीको सङ्ख्या यकिन गरी आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा पालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ः थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।** | |
| २.१ः स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यवसायिक सङ्घ–संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| २.२ः पालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने । | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम (कोभिड व्यवस्थापनको लागि गाउँपालिका स्तरमा २ वटा कोभिड क्लिनिक स्थापना)
२. बर्थिंग सेन्टर स्थापना (बर्थिंग सेन्टरमा प्लासेन्टा किट व्यवस्थापन)
३. नागरिक स्वास्थ्य विमा प्रर्वद्धन कार्यक्रम
४. "सवैका लागि स्वास्थ्य" जनचेतनामुलक कार्यक्रम
५. १५ शैयाको अस्पताल निर्माण तथा सञ्चालन
६. आधारभूत तथा पुनर्ताजकी तालिम एवम् जनशक्ति व्यवस्थापन
७. सबै स्वास्थ्यचौकीमा ल्याबको व्यवस्था
८. सबै स्वास्थ्यचौकीमा खानेपानीको व्यवस्था
९. स्वास्थ्यचौकी भवन निर्माण
१०. स्वास्थ्यचौकी भवनको घेराबार
११. स्वास्थ्य शिविर सञ्चालन
१२. जडिबुटीको संभाव्यता अध्ययन, संकलन तथा प्रशोधन केन्द्र स्थापना

**अपेक्षित उपलब्धि**

सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि हुनेछ ।१५ शैयाको अस्पताल बनाई गा.पा.बाट बिशेषज्ञ टोलीबाट सेवा उपलब्ध हुने छ ।परिवार नियोजनको प्रयोगकर्ताको सङ्ख्यामा बृद्धि भएको हुने छ । वालवालिकको खोप लगाउनेको दरमा उल्लेखनिय बृद्धि हुनेछ । सस्थागत प्रसुती सेवा लिनेको सङ्ख्या बढेको हुनेछ । गुणस्तरीय र पोषणयुक्त खाद्य सामाग्रीमा पहुँच बृद्धि हुनेछ । लगानी मैत्री वातावरण सिर्जना भई स्वास्थ्य सेवा प्रवर्द्धन हुनेछ ।

## ५.५ महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू

**पृष्ठभूमि**

नेपालको कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

सुनकोशी गाउँपालिका पर्यटन, शिक्षा र कृषिको उर्बरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका छन् । सवै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्नेछ ।

बालबालिकाको हकलाई संविधानले मौलिक हकको रूपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बालअधिकारका आधार स्तम्भहरू प्रत्याभूति गर्न बालबालिका सम्बन्धी ऐन २०७५ लागु गरिएको छ । त्यसैगरी ज्येष्ठ नागरिकहरूको जीवन सहज, सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु कल्याणकारी राज्यको दायित्व हो भने अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूलधारमा ल्याउनका लागि समावेशी र समन्यायिक पहुँच तथा सहभागितामा जोड दिइनु पर्दछ ।

**प्रमुख समस्या**

लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायमै रहनु, महिला माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान हुनु, सामाजिक र पारिवारिक वहिष्करणमा परेका तथा हिंसा पीडित तथा एकल महिलालाई पूर्णरूपमा संरक्षण, पुनर्स्थापना, सशक्तीकरण र स्वावलम्बी बनाउन नसकिनु महिला सम्बन्धी क्षेत्रका समस्या हुन् ।

महिला तथा बालबालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु, हिंसा पिडित महिलालाई पूर्णरुपमा संरक्षण र पुर्नस्थापना गर्न नसक्नु, सशक्तिकरण र स्वावलम्बी बनाउन नसकिनु जस्ता समस्याहरू अझै पनि विद्यमान रहेका छन् । अझैपनि जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभव मुलुकले उपयोग र नयाँ पीढिमा हस्तान्तरणको पहल हुन नसक्नु, बेवारिसे, असहाय, अशक्त, एकल जेष्ठ नागरिकहरूको उचित संरक्षण नहुनु, जेष्ठ नागरिकले उचित सम्मान पाउन नसक्नु जस्ता समस्याहरू जेष्ठ नागरिकका समस्याहरू हुन् । अपाङ्गमैत्री शिक्षाको अभावका कारण अपाङ्गता भएका बालबालिकाहरू विद्यालय बाहिर रहनु, उनीहरूका लागि रोजगारी, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु जस्ता समस्याहरू रहेका छन् ।

**चुनौती र अवसर**

आर्थिक तथा सामाजिक जीवनमा लैङ्गिक समानता कायम गर्नु, लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैंगिक उत्तरदायी स्थानी शासन पद्धति कायम गर्नु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, विकसित विश्वव्यापी मूल्य, मान्यता र वदँलिदो परिस्थितिलाई सम्बोधन हुने गरी बालअधिकारको संरक्षण र प्रवर्द्धनलाई प्रभावकारी बनाउनु तथा

ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई समाज विकास र पूर्वाधार निर्माणमा उपयोग गर्नु, ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहारको अन्त्य गर्नु चुनौतीहरु विद्यमान छन् ।

लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयं क्रियाशील भई संगठित हुनु आदि अवसरका रुपमा रहेका छन् ।

**<u>दीर्घकालीन सोच</u>**

"महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गतामैत्री सुनकोशी"

**<u>लक्ष्य</u>**

महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन गराउने।

**<u>उद्देश्य</u>**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु ।
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु

**<u>रणनीति तथा कार्यनीति</u>**

तालिका ३०: महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१: पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता बृद्धि गर्ने । | १. गाउँपालिकाका नीति निर्माण र कार्यान्वयनमा समान महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि पुरुषको समेत सक्रिय सहभागितामा वृद्धि गरिनेछ । |
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालन का साथै पालिकामा राहतकोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सृजना गर्नु ।** | |

| | |
|---|---|
| २.१ः विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. बालबालिका विरुद्ध हुने हिंसा, यौनदुर्व्यवहार, बालश्रम, बलात्कार, बेचविखनजस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>३. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ । |
| २.२ः बालबालिकाको सहभागिता बृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा बृद्धि गरिनेछ । |
| २.३ः बालमैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वार्डमा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बालमैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गर्न बालमैत्री पालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३ः ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१ः ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमाबाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ । |
| ३.२ः ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता हस्तान्तरण गरिनेछ । |
| ३.३ः ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुर्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४ः अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्नु ।** | |
| ४.१ः अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना,पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ । |

| | |
|---|---|
| | २. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरूप्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरूप्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा बृद्धिका लागि आवस्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

**महिला**

१. लैङ्गिक हिंसा बिरुद्ध सचेतनामूलक कार्यक्रम
२. हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना र सुरक्षा गृह स्थापना
३. राहतकोषको स्थापना एवम् सञ्चालन
४. महिला उद्यमशीलताको विकासका लागि तालिम र व्यवसायिक केन्द्रको स्थापना
५. GESI परिक्षण तथा बजेट कार्यन्वयन

**बालबालिका**

१. बालअधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम
२. बाल क्लव तथा बालसञ्जालहरूको गठन, सञ्चालन, संस्थागत तथा क्षमता विकास
३. बाल-कोष स्थापना तथा सञ्चालन
४. वार्डस्तरमा बालउद्यान निर्माण

**ज्येष्ठनागरिक**

१. दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन
२. ज्येष्ठ नागरिक आश्रमहरू (सत्सङ्ग भवन) को संस्थागत क्षमता तथा पूर्वाधार विकास
३. अन्तरपुस्ता छलफल तथा अन्तरक्रिया

**अपाङ्गता**

१. हेल्प डेक्स स्थापना
२. अपाङ्गता मैत्री संरचना निर्माण सचेतना
३. अपाङ्गता भएका व्यक्तिहरूका लागि क्षमता अनुसारको सीप विकास तालिम रोजगारी प्रारम्भ

**अपेक्षित उपलब्धि**

महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम भएको हुनेछ। साथै बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना भएको हुनेछ। त्यसैगरी ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग भएको हुनेछ। अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवनयापनमा सहजता तथा आत्मसम्मान प्राप्त भएको हुनेछ ।

## ५.६ युवा तथा खेलकुद

**पृष्ठभूमि**

नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या करिव ४० प्रतिशत रहेको छ भने गाउँपालिकामा करिव ४३ प्रतिशत रहेको छ । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ ।

व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासका लागि खेलकुद अपरिहार्य छ। त्यसैले "सबैका लागि खेलकुद" भन्ने अभियान सञ्चालन गरी समाजमा रहेका खेलाडी, खेल प्रशिक्षक, बाालबालिका, युवा, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवम् अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो। खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाई पालिका, प्रदेश र राष्ट्रको गौरव बढाउने अवसर सिर्जना गर्नुपर्ने भएको छ ।

**प्रमुख समस्या**

युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु, युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा जानुपर्दा पर्याप्त रिमिटेन्स भित्रिन नसक्नु, "विकास-अनुशासन-गतिशीलता" सँग युवाहरूलाई जोड्न नसक्नु, सामाजिक र सांस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु आदि प्रमुख समस्याहरू हुन् ।

खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नु, क्लवहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च वनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नु, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नु, खेल सम्वद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नु, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

**चुनौती र अवसर**

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यवसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार-आधारशीला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण,प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रुपमा रहेका छन् ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषद्को गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनु, स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु अवसरका रुपमा रहेका छन् ।

**दीर्घकालीन सोच**

"युवा जनशक्ति र खेलकुदको विकास पालिकाको समृद्धिको आधार"

**लक्ष्य**

युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने ।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

**रणनीति तथा कार्यनीति**

तालिका ३१: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी वनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| १.१: विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२: युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत् सहुलियत व्याजदरमा ऋण उपलब्ध गराइनेछ । |
| १.३: युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यवसायिक तथा प्राविधिक तालिम उपलव्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारीबाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>३. परम्परागत पेशा र व्यवसायको जगेर्ना, आधुनिकीकरण, र व्यवसायीकरण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४: युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नवप्रवर्तन कार्य गरी राष्ट्रको गौरव वढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लवहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ । |

| | |
|---|---|
| | ३. युवाहरूलाई परिवार र समाजप्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागु पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मुलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।** | |
| **२.१:** खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. पालिकामा कम्तिमा एउटा न्युनतम सुविधा सम्पन्न वहुउद्देश्यीय खेलकुद रङ्गशाला निर्माण गरिनेछ ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार निर्माण र सुदृढ गरिनेछ ।<br>३. प्रत्येक वार्डमा कभर्डहल तथा आवस्यक खेल सामग्रीको व्यवस्था गरिने छ। |
| **२.२:** खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हाँसिल गरेका विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| **२.३:** योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृतिजन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| **२.४:** प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई सम्मान एवम् पुरस्कार दिइनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. युवा सूचना केन्द्रको स्थापना र सुसञ्चालन
२. क्लव दर्ता गरी बैधानिक रुपमा सञ्चालन

३. युवाको सहभागीतामा परम्परागत पेशाको आधुनिकीकरण तथा व्यवसायीकरण
४. युवाहरूकालागि प्राविधिक तथा व्यवसायिक तालिम र उद्यमशीलताको विकास
५. प्रत्येक वार्डमा खेलमैदान निर्माण तथा स्तरबृद्धि
६. खेलकुद कार्यक्रम सञ्चालन
७. पालिकामा एक रङ्गशाला निर्माण र प्रत्येक वार्डमा कवर्डहल निर्माण
८. विद्यालय स्तरमा खेलकुद विकास
९. युवा क्लबहरूको खेलकुदमा परिचालन
१०. खेलकुद मनोरञ्जनका लागि नदीको किनारमा मानव निर्मित बीच-पार्कको निर्माण
११. योग तथा ध्यानकेन्द्रको स्थापना र सुसञ्चालन

**अपेक्षित उपलब्धि**

युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि भएको हुनेछ । साथै खेलकुद पूर्वाधारको विकासबाट युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाइएको हुनेछ । प्रत्येक वार्डमा खेलमैदान निर्माण तथा स्तरबृद्धि गरिने छ । रंगशाला निर्माण (वडा नं १ को अर्चलेमा काभ्रे, रामेछाप र सिन्धुलीको केन्द्र पारेर) तयार गरिने छ । खेदकुदमा महिलाहरुको उल्लेखनिय सहभागितामा बृद्धी भएको हुने छ ।

## ५.७ समाजिक सुरक्षा तथा संरक्षण

**पृष्ठभूमि**

गरिवी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ। समावेशी तथा दिगो विकासका लागि यसको निकै महत्त्व छ ।राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ ।पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउन निकै आवश्यक भएको छ ।

**प्रमुख समस्या**

संघ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

**चुनौती र अवसर**

सामाजिक सुरक्षा तथा संरक्षण सेवाको एकीकृत् सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, एकीकृत् तथ्याङ्कको व्यवस्थापन गर्नु, सामाजिक सुरक्षाको दायरा वृद्धि हुनु, स्रोतको दिगोपना र वितरणमा समस्या हुनु, अनौपचारिक क्षेत्रलाई पनि सूचना प्रणालीमा समावेश गर्नु तथा राष्ट्रिय परिचय पत्र प्रणाली लागु भइनसक्नु आदि चनौतीका रुपमा रहेका छन् ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तिनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु, सामाजिक सुरक्षा कोष ऐन लागू हुनु तथा संस्थागत र नीतिगत व्यवस्थाका साथै प्रदेश सरकार तथा स्थानीय सरकारहरूबाट कार्यक्रमहरू सञ्चालन हुनु आदि अवसरहरू हुन् ।

**दीर्घकालीन सोच**

"दिगो तथा व्यवस्थित समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली"

**लक्ष्य**

समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित गर्ने ।

**उद्देश्य**

१. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ३२: सामाजिक सुरक्षा र संरक्षणाका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |

| | |
|---|---|
| **१.१:** लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवस्यक कानुनी दस्तावेज तयार गरिनेछ ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत लक्षित वर्गको पहिचान गरी आवस्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ ।<br>५. लक्षित वर्ग प्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.२:** सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्ने । | १. सामाजिक कुरीति, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणकालागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सबै खाले सामाजिक विकृतिहरूको कडाइका साथ नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।<br>३. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>४. मर्यादित जीवनबारे सचेतनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. सामाजिक सुरक्षा कोषको व्यवस्थापन
२. अपांगमैत्री र लैंगिकमैत्री संरचना निर्माण
३. सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिबृद्धि
४. सामाजिक सुरक्षा सूचना प्रणाली अद्यावधिक गर्ने

**अपेक्षित उपलब्धि**

सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँचमा बृद्धि भई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार भएको हुनेछ । जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवको सामाजिक बिकास भएको हुने छ । असहाय, असक्त, परित्याक्त जेष्ठनागरिक संरक्षित भएको हुने, जेष्ठ नागरिक माथि हुने हिंसा तथा भेदभावमा कमि आउने छ ।

# परिच्छेद ६ पूर्वाधार विकास क्षेत्र

## ६.१ ऊर्जा

**पृष्ठभूमि**

नेपाल जलश्रोतको धनी देश हो । लगभग ८३ हजार मेगावट क्षमता भएको मुलुक भएकोले यसको अपार क्षमताको प्रयोग र उपयोग ठूलो भूमिका रहेको छ ।उच्च प्राथमिकतामा परेको जलविद्युत आर्थिक बृद्धि र आर्थिक रुपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपालको विद्युत विकासको यात्रा वि.स. १९६८ देखि सुरु भए तापनि वित्तीय उत्प्रेरणा सहितको लगानी नीतिको प्रभावकारी, समन्वय र निर्माण क्षमताको अभावले सम्भावित क्षमताको न्यून मात्रामा उत्पादन सम्भव हुन सकेको छ । जलविद्युत विकासकालागि स्वदेशी तथा वैदेशिक लगानीहरू आकर्षण भइरहेका छन् नेपालकोलागि जलविद्युत नै ऊर्जाको महत्त्वपूर्ण एवम् भरपर्दो सम्भाब्य स्रोत भएको छ । यस पालिका भएर सदाबहार रुपमा बग्ने सुनकोशी नदिमा अपार जल बिद्युत उर्जा भए पनि भौगोलिक तथा प्रविधिक हिसावले यसको सदुपयोग गर्न नसकेको अवस्था छ । यस पालिकाको सातै वडाहरूमा राष्ट्रिय प्रसारणको बिद्युत सेवा पुगे पनि प्रत्येक घरमा यो सेवा पुगेको छैन । तसर्थ प्रत्येक बर्ष ग्रामिण बिद्युतीकरणको कार्यक्रमलाई प्राथमिकिकरणको रुपमा सञ्चालन गरिंदै आइरहेको छ ।

विश्वभर नवीकरणीय ऊर्जा, परम्परागत उर्जा अर्थात् खनिज उर्जामा आधारित उर्जाको प्रतिस्पर्धी बनेर उदाउँदो छ । क्रमशः पृथ्वीको गर्भमा रहेको खनिज उर्जाको भण्डारण सकिदै जाँदा विश्वभर प्रयोग हुने दुई तिहाई बढीको व्यापारिक उर्जाको स्रोतको विकल्प बारे संसारभर अध्ययन, अनुसन्धान र उत्पादन भैरहेका छन् । त्यो सँगै नवीकरणीय उर्जालाई थप प्रतिस्पर्धी र ग्रीड इन्टर्याक्टिभ वनाउन व्याट्री स्टोरेज प्रविधिको घट्दो मूल्यले पनि सहयोग गरिरहेको छ । यसवाट दुर्गम क्षेत्रमा रहेका राष्ट्रिय प्रसारण भन्दा बाहिरका गाउँहरूमा विद्युतीकरणको दीर्घकालीन समाधान भएका छन् । विद्युत् उत्पादन बाहेक वायोग्याँस, वायोमास, वायोइन्धन जस्ता क्षेत्रमा पछिल्ला वर्षहरूमा भएका अध्ययनले निकै उर्जादक्ष र प्रयोगकर्ता मैत्री प्रविधिहरू विकास भैरहेका छन् । दिगो विकास लक्ष्यले पनि नवीकरणीय उर्जाको विकास गरी आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि सुपथ र सुलभ रुपमा भरपर्दो उर्जाको आपूर्ति गर्ने नीति अङ्गीकार गरेको छ । राष्ट्रिय प्रसारण लाइन पुऱ्याउन सम्भाव्यता नभएका तथा छरिएर रहेका बस्तिहरूमा आधुनिक उर्जाको पहुँच पुऱ्याउन, शहरी क्षेत्रमा बढ्दो उर्जा मागको व्यवस्थापन गर्न र परम्परागत तथा आयातित उर्जा माथिको निर्भरतालाई कम गर्न विभिन्न किसिमका नवीकरणीय उर्जाको प्रवर्द्धन, विकास तथा दिगो व्यवस्थापन गरी यस क्षेत्रलाई मूल प्रवाहमा ल्याउन जरुरी छ । नवीकरणीय उर्जा क्षेत्रमा नेपालमा भैरहेका कार्यहरूमा लघु जलविद्युत्, सुधारिएको पानी घट्ट, सौर्य उर्जा, वायु उर्जा, सुधारिएको चुलो, सौर्य कुकर, विद्युतीय चुलो र बायोग्याँस आदि रहेका छन्। यस पालिकाको वाड नं १ मा १२ किलोवाट र वडा नं २ मा ८ किलोवाटको लघु जल बिद्युत उत्पादन भै रहेको छ । वडा नं ६ मा लगभग ९० प्रतिशत घरमा सोलार जडान गरिएका छन । वाड नं ६ र ७ को आलेबारीमा रहेका ८ घर बाहेक सबै घरमा बिजुली पुगेको छ ।

**प्रमुख समस्या**

पर्याप्त मानव, आर्थिक र भौतिक स्रोत नभएको, बाढी तथा पहिरो प्रकोप जोखिम युक्त भूबनौट भएको समग्र जलस्रोत तथा नदी व्यवस्थापनको गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसकेको, वैकल्पिक ऊर्जाको प्रवर्द्धन र विस्तारकोलागि सहुलियत ऋण, जोखीम व्यवस्थापनको व्यवस्था नहुनु, वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्र अपेक्षाकृत रूपमा आकर्षित हुन नसक्नु, वैकल्पिक ऊर्जा प्रविधि प्रवर्द्धन तथा प्रयोग सम्वन्धमा क्षमताको कमी हुनु, जोखिम व्यवस्थापन र विमा सम्वन्धी आवश्यक व्यवस्था नहुनु वैकल्पिक ऊर्जा व्यवस्थापनको गुरुयोजना निर्माण गरी योजनाबद्ध विकास हुन नसक्नु आदि समस्या रहेका छन् ।

**चुनौती र अवसर**

बजारीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग पुरा गर्नु, भौगोलिक बिकटता र बस्ती छरिएको भएकाले एकीकृत सेवा प्रदान गर्न गाह्रो हुनु, खाना पकाउने प्रयोजनकालागि प्रयोग हुने परम्पागत ऊर्जाको स्रोतलाई स्वच्छ र आधुनिक ऊर्जाले प्रतिस्थापन गर्नु, सौर्य तथा वायु ऊर्जा उत्पादनमा निजी तथा समुदायको लगानी आकर्षित गर्नु तथा ग्रामीण क्षेत्रका लघु जल तथा सौर्य विद्युत आयोजनाबाट खेर गैरहेको विद्युत प्रशारण लाइनमा प्रवाह गरी आय बृद्धि गर्नु यहाँका प्रमुख चुनौतीहरू हुन् ।

आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी उत्पादन बृद्धि हुनु, ऊर्जा विकासबाट अन्य साना तथा घरेलु उधोग स्थापना तथा सञ्चालनमा सहजता हुनु, दाउराको खपत कम हुन गई वनजङ्गल संरक्षणमा योगदान हुनु, स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग हुनु, वैकल्पिक ऊर्जा मार्फत धुवाँरहित भान्छाको अवधारणा लागु हुनु तथा सिंचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गर्न सकिनु अवसरका रुपमा रहेका छन् ।

**दीर्घकालीन सोच**

" नबिकरण ऊर्जा सुनकोशीको दिगो आर्थिक र सामाजिक विकासको आधार"

**लक्ष्य**

नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्ने ।

**उद्देश्य**

१. ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ३३: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।** | |
| **१.१:** ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने । | १. संघीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>२. संगठनात्मक संरचना अनुसार विद्युत जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>३. विद्युत वितरण लाइनमा उच्च क्षमता तथा गुणस्तरीय ट्रान्फर्मरहरू प्रतिस्थापान गरिनेछ ।<br>४. घरायसी प्रयोजनकालागि अधिकतम् ऊर्जा प्रयोग गर्ने परिवारलाई सम्मान/प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **१.२:** उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा | १. सुनकोशी गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जलविद्युत क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ । |

| | |
|---|---|
| ऊर्जाको माग र आपूर्ति सम्बन्धी डाटाबेस तयार गरी संस्थागत विकासमा जोड दिने । | २. सुनकोशीमा उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी डाटाबेस तयार गरिनेछ ।<br>३. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मत, सम्भार र संस्थागत विकास गरिनेछ ।<br>४. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रशारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २ः परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा बृद्धि गर्नु ।** | |
| २.१ः ऊर्जाको प्रयोगलई दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नकालागि विशेष सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिकस्थल, सडक, पर्यटकय स्थल, आदिमा अधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. विद्युतीय चुलो प्रयोग गर्न सहुलियत ऋण/अनुदानको व्यवस्था गरिनेछ ।<br>४. कृषि तथा शहरी क्षेत्रबाट निस्किने फोहरजन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रत्साहन गरिनेछ ।<br>५. सिंचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ ।<br>६. जलविद्युत, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउदै परम्परागत ईन्धनको प्रयोग घटाइनेछ।<br>७. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैंक तथा वित्तीय क्षेत्रबाट सहुलेत दरमा ऋणको व्यवस्था गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. सौर्य उर्जाको उत्पादन वृद्धि गरी लघु उद्यम, लिफ्ट, सिंचाई र खानेपानीमा प्रयोग
२. थ्री फेज लाइन विस्तार सबै वडामा
३. राष्ट्रिय प्रशारण लाइन नपुगेका ठाउँमा वितरण तथा विस्तार
४. फोहोर प्रसोधनबाट जैविक उर्जा उत्पादन र प्रवर्द्धन
५. खाना बनाउनका लागि बिद्युतीय उर्जा प्रयोग प्रोत्साहन कार्यक्रम

**अपेक्षित उपलब्धि**

आवश्यकता अनुरूप सबैले विद्युतीय ऊर्जा खपत गर्न सक्ने अवस्था सिर्जना भएको हुनेछ । घरायसी प्रयोजनकालागी ऊर्जाको अधिकतम् प्रयोग भएको हुनेछ । खाना पकाउन जलविद्युत उर्जा तथा नवकरणीय उजाको प्रयोगमा बृद्धि भई दाउराको प्रयोगमा ह्रास आएको हुनेछ । ग्राभिटी सिस्टमबाट सिंचाइ तथा खानेपानी पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य उर्जाको प्रयोगबाट लिफ्ट खानेपानीको सञ्चालन हुनेछ । सौर्य तथा वायु उर्जा उत्पादन गर्न सकिने ठाउँहरूको पहिचान तथा सम्भाब्यता अध्ययन गरिएको हुने छ ।

## ६.२ यातायात पूर्वाधार

**पृष्ठभूमि**

आर्थिक विकास एवम् सामाजिक समृद्धिका आधारहरू हुन् जसमा सडक यतायात तथा पुलको सबैभन्दा महत्त्वपूर्ण योगदान रहन्छ । पूर्वाधारको विकासमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय निकायलाई जिम्मेवार बनाएको छ । पूर्वाधार निर्माणकालागि स्थानीय निकायलाई प्रदेश एवम् संघीय सरकारकारबाट समेत अर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ ।सुनकोशी गाउँपालिकाले पूर्वाधार विकासमा समावेशी, वातावरणमैत्री, गुणस्तरीय पूर्वाधार भन्ने अभियानका साथ कार्यक्रम अगाडि बढाएकोछ। गाउँपालिकाको विकास र समृद्धिको प्रमुख आधारका रुपमा रहेको एक क्षेत्र यातायात पनि हो । । सुनकोशी गाउँपालिका अन्तरर्गतका सबै वडाहरूमा बिगत तीन दशक अधिदेखि नै मोटरबाटो खन्न सुरु गरिएको र हाल सबै वडाहरूमा ग्रामीण सडक खनिएका छन् । गाउँपालिकाभित्र सबै वडाहरूमा सडकको पहुँच भित्र भए पनि हालसम्म व्यवस्थित र सहज बसपार्क तथा बसस्टेशनको निर्माण हुन सकेको छैन र आवस्यक पर्ने सामान्य पूर्वाधारको व्यवस्था छैन । भएका सडकहरूको चौडाइ र पार्कहरूको व्यवस्था नभएकै कारण ग्रामीण क्षेत्रमा धेरै दुर्घटनाहरू हुने गरेका छन् ।

**सुनकोशी गा.पा.मा बिद्यमान सडकको अवस्था**

१. कालोपत्रे सडकस् वि.पि. राजमार्ग ३० कि.मी. अन्य करिब ३ कि.मि. गरेर करिव ३३ कि.मी.
२. ग्राभेल सडक करिब ३० कि.मि.
३. कच्ची सडक करिब २५० कि.मि.
४. कच्चीकृषि सडक करिब २० कि.मि.

तालिका ३४: यातायात साधन चल्ने सडकहरू

| क्र.स | सडक | दुरी कि.मी. |
|---|---|---|
| १ | नेपालथोक-सिमलचौर - मानंगा - हायुगाउँ कोटडाडाँ- काफलेचौरी - नेत्रकली | १५.८४ |
| २ | मुलकोट - नागेडाँड - काशीखर्क (अमारे -चालिसे) | १६.६९ |
| ३ | गजुलीदह - दुम्जा | ५.०२ |
| ४ | खहरे - काफलेचौर | ८.५७ |
| ५ | रामटार -लिटेभन्जयाङ्.- बन्दिपुर | ११.४७ |
| ६ | तिनखोप्रे - अम्मरे | ७.६३ |
| ७ | अम्मारे - गैरीगाउँ - नागी - मझुवा | १५.७७ |
| ८ | आपधारी- खानीगाउ | ७.७९ |
| ९ | सिमलचौर - ज्यामिरे | ३.०५ |
| १० | दुम्जा - मानेडाडा | २.९३ |
| ११ | दुम्जा - टुपीगौडा | ४.२३ |
| १२ | काफलेचौर -ओखेनी | ६.३४ |
| १३ | गणेशस्थान - डागी | १०.४ |
| १४ | कालीमाटी - भोरलेनी | ६.१६ |
| १५ | रातामाटा - खहरेटोल | १.२३ |

| | | |
|---|---|---|
| १६ | भूलकोट- खहरेटोल | ५.३२ |
| १७ | बोहोरेटार -ताम्लिङ्ग | २.४९ |
| १८ | रामटार - भन्जयाङ. | ३.८७ |
| १९ | भन्जयाङ्ग.- थुम्का | ४.११ |
| २० | नयाछाप - बेतीनी | ९.२३ |
| २१ | सिमखेत -तीनखोप्रे | १.२७ |
| २२ | घुमाउने चैनपुर -गौखर्क | ७.४४ |
| २३ | खाल्टे -चैनपुर | ५.१९ |
| २४ | खाल्टे - मझुवा | ६.८२ |
| २५ | निगुली- गैरीगाँउ | ८.०९ |
| | **जम्मा** | **१६८.७७** |

## तालिका ३५: सडक पुगेका स्थानहरूको बिबरण

| क.स. | स्थानहरू | सेवाको किसिम | | | | | | | | सडकको गुणस्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बर्षभरी | | | | हिउदमा मात्र | | | | |
| | | बस | ट्रक | जिप | टयाक्टर | बस | ट्रक | जिप | टयाक्टर | |
| १ | दुम्जा | ✓ | ✓ | ✓ | ✓ | | | | | ग्राभेल |
| २ | काफलचौर | | | ✓ | ✓ | | | | | कच्ची |
| ३ | बन्दिपुर | | | ✓ | ✓ | ✓ | ✓ | | | कच्ची |
| ४ | अमारे | ✓ | ✓ | ✓ | ✓ | | | | | कच्ची |
| ५ | नागी | | | ✓ | ✓ | ✓ | ✓ | | | कच्ची |
| ६ | खानीगाउँ | ✓ | ✓ | ✓ | ✓ | | | | | ग्राभेल |
| ७ | ज्यामिरे | | | ✓ | ✓ | | | | | कच्ची |
| ८ | मेनेडाडा | | | ✓ | ✓ | | | | | कच्ची |
| ९ | टुप्पीगौडा | | | ✓ | ✓ | ✓ | ✓ | | | कच्ची |
| १० | ओखेनी | | | | | ✓ | ✓ | ✓ | ✓ | कच्ची |
| ११ | डागी | | | | | ✓ | ✓ | ✓ | ✓ | कच्ची |
| १२ | भोर्लेनी | | | | | ✓ | ✓ | ✓ | ✓ | कच्ची |
| १३ | ताम्लिङ | ✓ | ✓ | ✓ | ✓ | | | | | ग्राभेल |
| १४ | भन्जयाङ | ✓ | ✓ | ✓ | ✓ | | | | | ग्राभेल |
| १५ | थुम्का | ✓ | ✓ | ✓ | ✓ | | | | | ग्राभेल |
| १६ | बेतीनि | | | ✓ | ✓ | | | | | कच्ची |
| १७ | तिनखोप्रे | | | ✓ | ✓ | | | | | कच्ची |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | गाउँखर्क | | | ✓ | ✓ | | | | | ग्राभेल |
| १९ | मझुवा | ✓ | ✓ | ✓ | ✓ | | | | | कच्ची |
| २० | गैरीगाउँ | | | ✓ | ✓ | | | | | कच्ची |

**तालिका ३६: ग्रामिण सडकको मापदण्ड**

| सवारी चाप प्रति दिन | ग्रामिण सडकको चौडाई (मिटर) | | | | जिल्ला सडकको चौडाई (मिटर) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गाडी गुड्ने भाग | दायाँ | बायाँ | जम्मा | गाडी गुड्ने भाग | दायाँ | बायाँ | जम्मा |
| १०० भन्दा कम | ३ | ०.७५ | ०.७५ | ४.५ | ५.५ | ०.७५ | ०.७५ | ७ |
| १०० देखी ४०० सम्म | ३.५ | | | | | | | |
| ४०० भन्दा माथि | ५.५ | | | | | | | |
| Right of Way (ROW) सडक दायाबाया | | ७.५ | ७.५ | १५ | | १० | १० | २० |
| संरचना बनाउन नपाउने | | ९ | ९ | १८ | | १३ | १३ | २६ |

**प्रमुख समस्या**

पर्याप्त मात्रामा आर्थिक, प्राविधिक एवम् भौतिक स्रोतको अभाव हुनु, यातायात पूर्वाधारमा अपेक्षित एकीकृत विकास नहुनु, मापदण्ड बिना योजना पहिचान तथा छनोट हुनु, वर्तमान अवस्थामा अति सीमित मात्रामा यातायात सञ्जाल विकास हुनु, भौगोलिक बिकटता हुनु, कच्ची सडकमात्र भएकोले यहाँको सडकको भाडादर महङ्गो हुनु, क्षमता भन्दा बढी यात्रुहरू बोकी जोखिमयुक्त यात्रा गर्ने प्रवृत्ति वढ्दो हुनु, सवारी नियमको बेवास्ता गर्ने प्रवृत्ति वढ्दो हुनु, निर्माण भइसकेका सडकहरू मर्मत तथा संरक्षणको अभावमा हुनु, अधिकांश निर्माणाधीन सडकहरू बजेट नपुगका कारण सुस्त गतिमा निर्माण हुनु, सडकको लम्बाइ बृद्धि साथै मर्मत सम्भारको दायित्व बृद्धि भए अनुरुप स्रोत व्यवस्थापन नहुनु जस्ता समस्याहरू यस पालिकामा रहेकाछन् ।

**चुनौती र अवसर**

पहाडी कठिन भौगौलिक अवस्थाका कारण निर्माण कार्य खर्चिलो हुनु, निर्मित संरचनाहरूको मर्मत-सम्भार र सुरक्षाकालागि स्रोत–साधनको पर्याप्त व्यवस्था नहुनु, बाह्रै महिना चल्ने भरपर्दो र सुरक्षित सडक संरचना निर्माण गर्नु, छरिएर रहेका बस्तीहरूमा सडक विस्तार गर्नु, प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको पक्षलाई समेत ध्यानमा राखी सडक निर्माण गर्नु तथा पहिले निर्माण भएका साँघुरा बाटाहरू चौडा गर्ने क्रममा दिनु पर्ने जग्गा, संरचना आदिको क्षतिपूर्ति प्रदान गर्नु पर्ने जस्ता चुनौतीहरू बिद्यमान छन् ।

पूर्वाधार विकासबाट आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने, स्थानीय स्तरमा औद्योगीकरणमा सहजता हुने, स्थानीय स्रोत साधनको संरक्षण तथा दिगो प्रयोग हुने, पूर्वाधार विकासबाट स्थानीयहरूको आर्थिक स्थिति मजबुत हुने, स्थानीय तहमा थप रोजगारी सिर्जना हुने तथा गाउँपालिकाको विकासकोलागि सडक सञ्जालको विकास एवम् सुदृढीकरणको रणनीति तयार हुने आदि अवसरहरू रहेका छन् ।

**दीर्घकालीन सोच**

"सडक सञ्जाल तथा यातायात पूर्वाधार, सुनकोशीको आर्थिक समृद्धिको आधार"

**लक्ष्य**

दिगो पूर्वाधार विकास मार्फत नागरिकको सहज पहुँच हुने ।

**उद्देश्य**

१. गुणस्तरिय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा गा.पा.का नागरिकहरूको पहुँच बृद्धी गर्नु ।
२. यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ३७: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गुणस्तरिय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरि सामाजिक आर्थिक अवसरहरूमा पहुँच बृद्धी गर्नु ।** | |
| **१.१:** योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गर्ने । | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड निर्धारण गरी सोको पालना गरी सडकको गुणस्तर कायम गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतकोलागि कोषको व्यवस्था गरिनेछ । |
| **१.२:** गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १. व्यवसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोकमार्ग तथा गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ ।<br>३. सडकमा वर्षैभरि निर्वाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ तीव्रता दिइनेछ । |
| **१.३:** छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने । | ४. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फूटपाथ आदिको एकीकृत रुपमा निर्माण गरिनेछ।<br>५. बजार क्षेत्र तथा जोखिमयुक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा आकाशे पुल तथा भूमिगत बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>६. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैरसंरचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ । |
| **उद्देश्य २: यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।** | |

| | |
|---|---|
| २.१ः प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरणमैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमितरूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| २.२ः पर्यटकीय पदमार्गहरूको पहिचान तथा निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने । | १. पदमार्ग निर्माण तथा व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रुपमा परिचालन गरिनेछ ।<br>२. पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पदमार्गहरूको निर्माण गरिनेछ । |

**प्रमुख कार्यक्रम**

- सडक गुरूयोजना तयारी
- सुनकोशी गाउँपालिकाको केन्द्र अगाडी रहेको बस्ती विकासको लागि हाल रहेको रामटार रिङ रोड कच्ची सडकलाई स्तरोन्नती
- सुनकोशी गा.पा.को सातवटै वडाहरूमा १२ महिना नै यातायात सञ्चालन हुने मापदण्ड अनुरुपको सडक निर्माण तथा सञ्चालन
- सडकको नियमित आवधिक र आकस्मिक मर्मत संभार
- बसस्टप र प्रतिक्षालय निर्माण
- सडक अतिक्रमण र न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रमहरू
- पर्यटकीय पदमार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तरोन्नति, निर्माण तथा व्यवस्थापन कार्य

**अपेक्षित उपलब्धि**

गाउँपालिका यातायात गुरुयोजना निर्माण भई कार्यान्वय प्रारम्भ भएको हुने, सडक मापदण्ड र सडक क्षेत्र (Right of way) निर्धारण भएको हुने, सबैवडा केन्द्र सर्वयाम सडकले जोडिएको हुने, २ घण्टाको दुरीमा सर्वयाम सडकसम्मको पहुँच पुगेको हुने, कालोपत्रे सडक हाल ३५ किमी भएकोमा थप ८० कि.मि, ग्राभेल सडक ११५ कि.मी गरी सर्वयाम सडकको लम्बाइ १९५ कि.मी.भएको हुने, पुलको सङ्ख्या ३ वटा पुगेको हुने, गाउँपालिकाबाट निर्मित सडकको इन्जिनियरिङ सुपरिवेक्षण पश्चात यातायात सञ्चालनको अनुमति प्रदान भएको हुने, निर्मित सडक सुरक्षित भएको हुने, सडक मर्मत सम्भार कोष स्थापना भएको हुनेछ । रामटार रिङरोड कालोपत्रे हुने छ । कृषी सडक२० कि.मि को स्तरोन्नति हुनेछ । बसस्टप र प्रतिक्षालय निर्माण हुने छ ।

## ६.३ आवास तथा बस्ती विकास

**पृष्ठभूमि**

प्रशासनिक हिसावले बाग्मती प्रदेशलाई ११९ स्थानीय तह र ११२१ वडाहरूमा बिभाजन गरिएको छ । त्यसमध्ये सिन्धुली जिल्लामा अवस्थित सुनकोशी गा.पा. एक हो । श्रोत र साधनको हिसाबले प्राय सबै क्षेत्र ग्रामिण परिववेशको भए पनि केही भूभागहरू भने शहर उन्मूख हुन थालेका छन् । खास गरेर बि.पि. राजमार्गको वरिपरि रहेका क्षेत्रहरू त्यसमा पर्छन् ।तसर्थ, अपेक्षाकृत उच्च जनघनत्व र जनसंख्यामा विविधता, श्रमको विशिष्ट विभाजन, सडक तथा चुस्त यातायात सुविधा उपलब्ध, पर्याप्त खानेपानी, बिजुली तथा सूचना प्रणालीको व्यवस्था, सबै नागरिकको शिक्षा स्वास्थ्य तथा रोजगारमा पहुँच, पर्याप्त सुबिधा सहितको आवासको व्यवस्था, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि, सुरक्षा, प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन, आदि शहरी व्यवस्थापनका आधारभूत सिद्धान्तहरूलाई ख्याल गर्दै दिगो विकास लक्ष्य ११ हासिल गर्न तथा गरिबी कम गर्दै गाउँपालिकाको सामाजिक-आर्थिक विकासमा टेवा पुऱ्याउन शहरी विकास क्षेत्रलाई उच्च प्राथमिकतामा राखी काम गर्नुपर्ने आवश्यकता छ ।

**प्रमुख समस्या**

भूउपयोग नीति अनुसार बस्ती विकास नहुनु, बिभिन्न ठाउँ हरूमा मापदण्ड विपरित आवास निर्माण हुनु तथा मापदण्ड अनुसार भएको वा नभएको अनुगमन गर्ने कार्य प्रभावकारी नहुनु, गाउँपालिकामा विद्यमान अवस्थामा शहरी विकासको पूर्वाधार विकास गर्न आवश्यक आर्थिक समस्या रहेको, एकै पटकमा सेवा प्रदान गर्न बनाउन पर्ने भवनहरू र तिनीहरूकोलागि आवश्यक मानव स्रोत एवम् साधनहरूकोलागि गर्नु पर्ने लगानी पुऱ्याउन सक्षम हुन नसक्नु, ग्रामीण क्षेत्रमा आवासको निर्माण गर्दा प्राविधिकको परामर्श नलिनु, निर्माण सामाग्री कम गुणस्तर र खर्चिलो हुनु, सुरक्षित स्वास्थ्य र सुविधायुक्त आवास नहुनु सामुहिक आवास निर्माणमा जनचासो नहुनु आदि यहाँका समस्याहरू हुन् ।

**चुनौती र अवसर**

नयाँ शहरउन्मूख क्षेत्रमा अनाधिकृत रुपमा बसोबास गर्ने घरपरिवार स्थानान्तरण गर्नु, स्थानीय नसर्माण सामाग्री उच्चतम प्रयोग गरी सुरक्षित आवासको निर्माण गर्नु, शहरी विकासगर्ने कामकोलागि आधुनिक सबै सेवाहरू उपलब्ध गराउन धेरै रकमको आवश्यकता पर्नु, पहाडी एवम् उच्च पहाडी भौगोलिक अवस्था, उच्च प्रविधिहरू, जन शक्तिहरूको परिपूर्ति गर्नु तथा शहरी पूर्वाधारको निर्माण पश्चात् सहर बसाल्नु, सडक, चुस्त यातायात सुविधा, पर्याप्त गुणस्तरीय खानेपानी, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु जस्ता चुनौतीहरू यहाँ बिद्यमान छन् ।

यस गाउँपालिकामा कुनै ठुलो अव्यवस्थित किसिमको शहरीकरण नभइसकेकोले शुरुको अवस्थाबाट नै बैज्ञानिक ढङ्गले यसलाई अगाडि बढाउन सकिने, भौगोलिक अवस्था र बस्तीलाई एकीकृत कार्यमूलक योजना मार्फत बस्ती विकास कार्यक्रम सञ्चालन गर्न सकिने, गरिब तथा न्यून आय भएका परिवारको लागि सुरक्षित आवास कार्यक्रम सचालन गर्न सकिने, सुरक्षित आवास निर्माणमा जनचेतना बृद्धि हुनु, पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त सहर बसाल्ने सम्भावना रहनु तथा भूउपयोग नीति अनुसार बिभिन्न मापदण्ड लागु गर्न पालिकाको चासो हुनु यहाँका अवसरहरू हुन् ।

**दीर्घकालीन सोच**

"दिगो विकासकालागि सुरक्षित आवास तथा पहिचानयुक्त शहर तथा बस्ती विकास"

**लक्ष्य**

सूरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास गर्ने ।

उद्देश्य

१. एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।
२. स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

रणनीति तथा कार्यनीति

तालिका ३८: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।** | |
| १.१: ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीती तथा बस्ती विकास योजना तर्जुमा गरी लागू गरिनेछ ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपद्को जोखिममा रहेका घर परिवारकालागि सुरक्षित, वातावरणमैत्री, सुलभ, आधारभूत सुविधायुक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>३. भौगोलिक रूपले बिकट र विपद्को उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घरपरिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माण गरिनेछ । |
| १.२: घना बस्ती रहेका ग्रामीण क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने। | १. बजारी क्षेत्र तथा घना बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्णरूपले कायन्वयन गरिनेछ ।<br>३. कृषियोग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपद्को उच्च जोखिममा रहेका व्यक्तिकालागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।<br>५. राजमार्गसँग जोडिएका मुख्य बजारी क्षेत्रहरूलाई स्मार्ट सिटीका रुपमा विकास गरिनेछ । |
| १.३: भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने । | १. एकीकृत बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२. राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ।<br>३. अनधिकृत रुपले बजारी क्षेत्रमा बसोबास गर्ने घरपरिवार पहिचान गरी त्यस्ता स्थानबाट हटाउने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |
| **उद्देश्य: २ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।** | |

| | |
|---|---|
| २.१ः स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने । | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड बनाई लागु गरिनेछ ।<br>३. स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ । |
| २.२ः भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरणमैत्री र पहिचानयुक्त भवन निर्माण बारे जनचेतना बृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहुपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. भूउपयोग नीति तथा आवास र बस्ती विकास योजना निर्माण
२. विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम
३. सुरक्षित र किफायती भवनको मोडलहरू विकास गरी नागरिकलाई वितरण
४. भवन डिजाइन र निर्माण सम्बन्धी सचेतनामूलक कार्यक्रम
५. गाउँकार्यपालिका तथा वडा कार्यालयहरूको भवन निर्माण
६. भवन आचार संहिता निर्माण
७. कर्मचारी आवास निर्माण

**अपेक्षित उपलब्धि**

एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । स्थानीय निर्माण सामाग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण भएको हुनेछ । सुरक्षित आवासमा बस्नेको संख्या बढ्नेछ । कम्तिमा एउटा एकिकृत वस्तीको विकास हुनेछ । निर्माण हुने निजी, बिद्यालय भवन, स्वास्थ्य केन्द्र, गुम्बा आदि सबै मापदण्ड अनुसारका हुनेछन् ।

## ६.४ सञ्चार तथा सुचना प्रविधि

**पृष्ठभूमि**

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्वर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् । बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ । गा.पा.ले अनलाइन तथा अन्य प्रविधिमा आधारित सूचनाहरू गाउँपालिकाबासीहरूलाई उपलब्ध गराउदै आइरहेको छ । वेवसाइटमार्फत सुचना तथा जानकारीहरू दिदे आइरहेको छ ।

**प्रमुख समस्या**

सूचना तथा सचार सम्बन्धी पर्याप्त नीतिगत र कानुनी व्यवस्था नहुनु, आमसञ्चार माध्यम पूर्णरूपमा मर्यादित, जिम्मेवार, जवाफदेही हुन नसक्नु, भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई द्रुतता दिन समस्या रहेको, साइवर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, केही वडाका बिकट स्थानहरूमा अप्टिकल फाइवर पुग्न नसकेको आदि यस क्षेत्रका समस्याका रुपमा रहेका छन् ।

**चुनौती र अवसर**

गाउँपालिका भित्र सूचना तथा सञ्चार पहुँचको एकिकृत र अद्यावधिक विवरण तयार पार्नु र सञ्चार माध्यमहरूलाई ग्रामीण भेग सम्म विस्तार गर्नु, भौगोलिक बिकटता हुनु, सेवा प्रवाहकोलागि बस्ती छरिएर रहनु, सञ्चार माध्यमहरूलाई विश्वसनिय र जवाफदेही बनउदै गुणस्तरीय सेवा प्रदायकका रुपमा विकास गर्नु, सामाजिक सञ्जालको बृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग नियन्त्रण गर्नु तथा साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्नु आदि चुनौतीहरू हुन् ।

अवसर

सूचना तथा सञ्चार सम्बन्धी अधिकारलाई संविधानमा नै मौलिकहकका रुपमा लिपिबद्ध हुनु, सार्वजनिक निकायका काम कारबाहीका बारेमा नागरिकलाई जानकारी गराउने सामाजिक सञ्जालको विकास हुँदै जानु, प्रशासनिक लगायत दैनिक कामकाजकालागि आधुनिक सूचना प्रविधिको प्रयोग मार्फत सहज एवम् चुस्त बनाउन सकिने, पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने तथा सूचना तथा सञ्चार प्रविधिलाई विद्यमान योजना तथा नीति अनुरूप गाउँपालिकालाई सूचना तथा सञ्चार प्रविधि मैत्री बनाउन सकिने जस्ता अवसरहरू रहेक छन् ।

**दीर्घकालीन सोच**

"सूचना तथा सञ्चारको गुणस्तरीय सेवाहरूमा सबै वर्गको पहुँच"

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुऱ्याउनु ।

२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ३९: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुचमा पुऱ्याउनु ।** | |
| **१.१**: सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने । | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासकालागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहजिकरण गरिनेछ ।<br>३. विद्यमान हुलाक सेवालाई आधुनिकिकरण गर्दै हुलाक सेवा प्रभावकारी बनाइनेछ । |
| **१.२**: बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुणस्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लिने अवसरको सुनिश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ । |
| **१.३**: समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमश सफ्टवेयर अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ ।<br>२. सञ्चार तथा सूचना प्रविधिको विकासकालागि स्थानीय प्राविधिक जनशक्ति उत्पादनको आधार तयार गरिनेछ ।<br>३. डिजिटल डिभाइड कम गर्नकोलागि डिजिटल साक्षरता र सचेतना अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>४. सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिनेछ । |

| | |
|---|---|
| | ५. सूचना प्रविधिको प्रयोग मार्फत स्थनिय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ ।<br>६. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सुनिश्चितता गरिनेछ । |
| **उद्देश्य २ः सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।** | |
| **२.१ः** सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. गाउँपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्वसुलभ बनाइनेछ ।<br>२. सबै कार्यालयका वेवसाइट, इमेल, ट्वीटर, भाइबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्रासि तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सुसूचित हुने अधिकारको सुनिश्चितता गरिनेछ ।<br>४. सार्वजनिक आमसञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यवसायिक बनाइनेछ ।<br>५. गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैकालागि सहज एवम् सर्वसुलभ सेवाको सुनिश्चितता गरिनेछ । |
| **२.२ः** सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने । | १. सञ्चार क्षेत्रकालागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ ।<br>२. गाउँपालिकाका सबै ठाँउमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३. गाउँपालिकाका सम्पूर्ण सार्वजनिक कार्यालयहरू लगायत हरेक समुदायमा कम्तिमा एकवटा Landline टेलिफोन सेवा उपलब्ध गरिनेछ।<br>४. गाउँपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

**प्रमुख कार्यक्रम**

१. सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण
२. सार्वजनिक सेवा प्रदानलाई प्रविधिमा आधारित सफ्टवेयर निर्माण
३. सुनकोशीको मौलिकता प्रवर्द्धन एवम् संरक्षण गर्न लघु चलचित्र निर्माण
४. टेलीमेडिसिन केन्द्रको स्थापना तथा सञ्चालन

**अपेक्षित उपलब्धि**

आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुगेको हुनेछ ।साथै सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा उपलब्ध भएको हुनेछ । गाउँपालिकाका बिबिध बिषयगत क्षेत्रका तथ्याङ्कहरूको संकलन, प्रसोधन, व्यवस्थापन कार्य सम्पन्न भएको हुनेछ ।

## ६.५ फोहोर मैला तथा ढल निकाश

**पृष्ठभूमि**

नेपालको संविधानले खानेपानी तथा सरसफाइ सुविधालाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ । नागरिकको स्वास्थ्यले हरेक मुलुकको विकासमा प्रभाव पारेको हुन्छ र सरसफाइले स्वस्थ जनशक्तिको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ र सरसफाइयुक्त व्यवहार दिगो विकासको मुख्य आधार हो ।न्यून सरसफाइको कारण नेपालमा वेलावेलामा सरुवा रोगहरूको प्रकोप हुने गरेको छ । सरसफाइको अवस्था हेर्दा यस गाउँपालिकालाई एक दशक अगाडि खुला दिसामुक्त क्षेत्र घोषणा गरेको स्थिति भएपनि एक घर एक चर्पीको कार्यान्वयन पूर्ण रूपमा सम्पन्न भएको अवस्था देखिदैन ।

**प्रमुख समस्या**

फोहरमैलाको व्यवस्थापनलाई चुस्त र प्रविधिमैत्री बनाउन नसक्नु ,घरेलु स्तरमा समेत सरसफाइको पूर्ण व्यवस्थापन हुन नसकेको ,समुदायमा फोहरमैला व्यवस्थापनकोलागि सम्भावित ठाउँ र तिनको प्राविधिक पक्षको विश्लेषण गर्न नसकिएको, गरिब,पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाइको मूल प्रवाहबाट बाहिर हुनु जस्ता समस्या रहेको पाइन्छ ।त्यसैगरी सार्वजनिक स्थलमा शौचालय तथा फोहरमैला व्यवस्थापन तथा ढल निकास हुन नसक्नु पनि अन्य समस्याहरू हुन् ।

**चुनौती र अवसर**

सरसफाइको दिगो व्यवस्थापनकालागि वित्तीय स्रोतको व्यवस्थापन गर्न नसक्नु, सरसफाइको गुरुयोजना बनाई योजनाबद्ध विकास तथा व्यवस्थापन गर्न नसक्नु, घरेलु र सामुदायिक क्षेत्रको सरसफाइको व्यवस्थापनमा समुदायको चासो कम हुनु, सरसफाइ व्यवस्थापन शुल्क निर्धारण गरी समुदाय भित्र सरसफाइ सम्बन्धी आयोजनाहरू सञ्चालन गर्न सामूहिक कोषको व्यवस्था गर्न समुदायको चासो नहुनु, पाखो तथा भिरालो जमिनमा फोहरमैला व्यवस्थापनकोलागि भौतिक संरचना बनाउन कठिन हुनु तथा खानेपानीको समस्या रहेका बस्तीहरूमा शौचालयको सरसफाइमा समेत समस्या हुनु आदि चुनौतीका रुपमा रहेका छन् ।

अवसर

सरसफाइ र वातावरण बीच सन्तुलन कायम गर्न सकिने, सरसफाइको दिगो विकासकोलागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्न सकिने तथा सरसफाइको अवस्थामा सुधार गरी विभिन्न संक्रामक रोगहरूको प्रभावबाट समुदायका नागरिकहरूलाई बचाउन सकिने आदि अवसरहरू हुन् ।

**दीर्घकालीन सोच**

"स्वास्थ्य र स्वच्छताको लागि फोहरमुक्त सुनकोशी"

**लक्ष्य**

भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार गर्ने ।

**उद्देश्य**

१. समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।
२. सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४०: फोहरमैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: समुदायका पायक पर्ने स्थानहरूमा फोहर सङ्कलनको व्यवस्था मिलाउनु ।** | |
| **१.१:** समुदायका घनाबस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय | १. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ । |

| | |
|---|---|
| भएका स्थानहरूमा फोहरमैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | २. प्रत्येक घनाबस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गरिनेछ ।<br>३. फोहरमैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ।<br>४. वडाका बस्ती र फोहरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्ता ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहरमैलाबाट बायोग्यास र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ । |
| **१.२ः** गाउँपालिकामा शौचालय तथा सरसफाइको सुनिश्चितता गर्ने । | १. सबै सामुदायिक भवन तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सामा प्रवाह गर्न मापदण्ड बनाई लागु गरिनेछ।<br>३. शहरी शहरन्मुख तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरबृद्धि गरिनेछ ।<br>४. पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत अपाङ्गमैत्री महिलामैत्री शौचालयको निर्माण गरिनेछ । |
| **उद्देश्य २ः सरसफाइ सुविधाको पहुँचको सुनिश्चितता गर्नु ।** | |
| **२.१ः** सरसफाइको पहुँच भएका प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच बृद्धि गर्ने। | १. सार्वजनिक स्थानहरूमा आवश्यकता अनुसार फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. गाउँ टोल सरसफाइकोलागि उपभोक्ताहरूबाटै समिति गठन गरी सरसफाइ गरिनेछ ।<br>३. फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था गरी फोहरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| **२.२ः** सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनकोलागि जनचेतना सञ्चालन गरिनेछ । |

**<u>प्रमुख कार्यक्रम</u>**

१. फोहरमैला व्यवस्थापनको गुरुयोजना निर्माण
२. फोहोर व्यवस्थापनका लागि ल्याण्डफिलसाइट व्यवस्थापन
३. फोहोर व्यवस्थापनका लागि अवश्यक समाग्री तथा ट्र्याक्टर व्यवस्था
४. सरसफाइकालागि टोल स्तरीय समिति गठन एवम्  परिचालन
५. फोहरमैला सङ्कलन र व्यवस्थापनकोलागि सामूहिक कोषको व्यवस्था
६. फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था (एकघर एकडष्ट-बिन)
७. लक्ष्यित समुदाय सरसफाइ सम्बन्धी तालिम

**<u>अपेक्षित उपलब्धि</u>**

गाउँपालिकामा फोहर सङ्कलनको व्यवस्था मिलेको हुनेछ । साथै सरसफाइ सुविधा सबैको पहुँचमा भएको हुनेछ । फोहोर व्यवस्थापनका लागि ल्याण्डफिलसाइट ब्यवस्था गरिएको हुनेछ ।

# परिच्छेद ७ वन वातावरण र विपद् व्यवस्थापन

## ७.१ जलवायु परिवर्तन अनुकुलन

**पृष्ठभूमि**

जलवायु परिवर्तन भन्नाले लामो समयको अन्तरालमा प्राकतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय वियाकलापले वायमुण्लको बनोटमा हुने फेरबदलका कारण पथ्वीको जलवायुमा क्रमशः देखिने परिवर्तन हो । घाम लाग्दा लाग्दै शीतल हुने, पानी पर्ने, हावा चल्ने जस्ता छोटो समयका लागि पृथ्वीको वायुमण्डलमा देखिने परिवर्तनलाई मौसम परिवर्तन भनिन्छ भने लामो समयावधि देखि पृथ्वीमा चलिआएको जाडो, गर्मी, वर्षायाम र अन्य अवस्थामा आउने परिवर्तन नै जलवायु परिवर्तन हो । बढ्दो औद्योगिकीकरण, कार्बन उत्सर्जन गर्ने यातायातका साधनहरू तथा यन्त्रहरूको अधीक प्रयोग, हातहतियारको बढ्दो प्रयोग, भौतिक पूर्वाधारहरूको निर्माणमा भएको वृद्धि, वनजंगलको विनाश जस्ता कारणले जमिनमाथिको वायुमण्डलको तापक्रम बढ्दै गएको छ । जसका कारण गर्मी, वर्षा, जाडो यामहरूका समयमा परिवर्तन हुँदै गएका छन् । अतिवृष्टि तथा अनावृष्टिका कारण बाढी-पहिरोको प्रकोप बढ्ने, लामो खडेरी वा बेमौसमी हिमपात/बर्षाका समस्याहरू देखिन थालेका छन् । मौसममा आएको यस किसिमको समष्टिगत परिवर्तनलाई जलवायु परिवर्तन (Climate Change) भनिन्छ ।

संस्थागत व्यवस्थाबाट क्षमता अभिबृद्धि, प्रविधि विकास तथा उपयोग, आर्थिक स्रोतको प्रवाह एवम् हरितगृह ग्याँसको मापन लगायत तथ्याङ्क तथा सूचना—जानकारी अध्यावधिक गर्न योजनाबद्ध विकासको जरुरी हुन्छ । जलवायु अनुकूलन, न्यूनीकरण तथा कार्वन संचितीकरणलाई बढावा दिन, क्षमता अभिबृद्धि, एवम् प्रविधि विकास र हस्तान्तरण लगायत कार्यक्रम तर्जुमा, कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमन कार्यहरू विस्तार गर्न पनि योजना चाहिन्छ ।

राष्ट्रिय अनुकूलन कार्यक्रमलाई विकास एजेण्डाको रूपमा कार्यान्वयनमा ल्याउन र जलवायु परिवर्तन सम्बन्धी सवै प्रकारका स्थलगत कार्यक्रमहरू कार्यान्वयन गर्न स्थानीय तहको सबैभन्दा महत्त्वपूर्ण भुमिका रहेको हुन्छ । सामाजिक तथा आर्थिक विकासका लागि प्राकृतिक स्रोतको व्यवस्थापनलाई जलवायु—मैत्री एवम् पूर्वाधार विकासलाई जलवायु समानुकूलन वनाउन पनि स्थानीय सरकारको अहम् भुमिका तथा दायित्व पनि हो ।

यस गाउँपालिकाको कूल क्षेत्रफल मध्ये ५२ प्रतिशत भन्दा बढी क्षेत्र जंगलले ढाकेको छ भने ४३ प्रतिशत जमिन कृषि क्षेत्रले ढाकेको छ ।यस पालिका भएर बग्ने ठूलोखोला सुनकोशी हो भने रोशी खोला पनि यहि क्षेत्रमा पर्छ । बर्तमान अवस्थामा वतावरणका असरहरू स्थानीय तहबाट मात्र नभइ विश्वव्यापीकरणको असर स्थानीय तहसम्म र समुदाय सम्म यसको असर पुग्दछ ।

यस पालिकामा रहेको मौसमी रिकर्ड (Thokarpa- थोकर्पा) अभिलेख मौसम तथा जल बिज्ञानको सन् १९८३ बाट २०२० सम्मको डाटालाई तल देखाइएको छ, जुन स्टेशन नं १०६३ बाट लिइएको हो । मनसुनको समय असार( साउन र भदौ महिनामा बढी पानी परेको देखिन्छ । जसलाइ तलको ग्राफमा देखाईएको छ ।




चित्र ६: सुनकोशी गाउँपालिकाको औसत मासिक बर्षाको विवरण

अधिकांश जिल्लाहरूमा केही दशकयता मनसुनी वर्षा तथा तापक्रममा केही दशकयता देखिएको उतारचढाव (अर्थात् जलवायु परिवर्तन)का कारण सिर्जत असरहरूबाट प्रभावित भएका छन् ।




चित्र ७: सुनकोशी गाउँपालिकाको गत ३६ बर्षको औसत बार्षिक बर्षाको विवरण

**प्रमुख समस्या**

जलवायु परिवर्तनमा नेपालको भूमिका त नगन्य छ भने सुनकोशी गा.पा.को अति नगन्य परिणाममा रहेको रहेको छ जलवायु परिवर्तन सम्बन्धी तथ्याङ्क सङ्कलन र सूचना प्रवाहको कमी, स्थानीय स्तरमा वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कार्य गर्न प्रभावकारी निकायको अभाव, वातावरण तथा जलवायु परिवर्तनबाट पर्ने नकारात्मक असरहरू न्यूनीकरण गर्न पर्याप्त मानव, आर्थिक र भौतिक स्रोतहरूको कमी, वातावरण तथा जलवायु सम्बन्धी कार्यक्रमहरू गाउँपालिका स्तरीय विकासका कार्यक्रमहरूसँग आबद्ध गरी योजना तर्जुमाको अभाव, जलवायु परिवर्तनको प्रभाव, जोखिम सम्बन्धी अध्ययन तथा अनुसन्धान यथेष्ठ रूपमा नहुनु आदि समस्याहरू रहेका छन् ।

**चुनौती र अवसर**

जलवायु परिवर्तनको असरबाट अनुकूलित हुनु, खोला तथा सार्वजनिक स्थलहरूबाट ढुङ्गा, गिट्टी, बालुवा, माटोको अधिक दोहन, होटल, उद्योग, कलकारखाना, यातायात तथा अन्य मानवीय क्रियाकलापहरूबाट हुने फोहर उत्सर्जन नियन्त्रण, बढ्दो क्रममा रहेको वन विनासलाई रोक्नु तथा जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरूलाई जनस्तरमा आन्तरिकीकरण गर्नु यहाँका प्रमुख चुनौतीहरू हुन् ।

वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि हुनु, स्थानीय स्रोत साधनहरूमा जलवायु परिवर्तनबाट पर्ने प्रभाव कम हुँदै अनुकूलित वातावरण सिर्जना हुनु तथा गाउँपालिकाको प्राकृतिक स्रोत साधनलगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनुलाई अवसरका रुपमा लिन सकिन्छ ।

**दीर्घकालीन सोच**

"स्वच्छ ,सफा र हरित वतावरण सहितको सुनकोशी "

**लक्ष्य**

वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हरियाली प्रवर्द्धन गरी नागरिकको स्वाच्छ र स्वास्थ्य वतावरणमा बाँच्न पाउने अधिकारकोसुनिश्चता गर्ने ।

**उद्देश्य**

१. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा स्वच्छ र हरित वातावरण संरक्षण गर्नु ।
२. प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४१: वातावरण संरक्षणा तथा जलवायु परिवर्तन का रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा स्वच्छ र हरित वातावरण संरक्षण गर्नु ।** | |
| १.१: विकाससँग सम्बन्धित कार्यक्रममा वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तनलाई आन्तरिकीकरण गर्ने । | १. विद्यमान वातावरणीय ऐन, नीति, नियमहरू अनुरूप विकास कार्यक्रमहरूको वातावरण प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>२. राष्ट्रिय अनुकूलन कार्य योजनाअनुरूप स्थानीय अनुकूलन कार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>३. विकासका पूर्वाधारहरूमा वातावरण संरक्षणका कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>४. वातावरण तथा जलवायु परिवर्तनका क्रियाकलापहरूमा स्थानीय गैरसरकारी संस्था, निकाय, सामुदायिक संस्था एवम् अन्य निकायहरूबीच समन्वय कायम गरिनेछ । |

| | |
|---|---|
| | ५. वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| **१.२ः** जलवायु परिवर्तनबाट प्राकृतिक स्रोत तथा मानिसमा पर्ने प्रभावलाई न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम चलाउने । | १. विकासका संरचनाहरू निर्माण गर्दा हरियाली विकास गर्ने कार्यहरूलाई समायोजन गर्दै लगिनेछ ।<br>२. विकासका (पूर्वाधार) संरचनाहरू निर्माण गर्दा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका संरचनाहरूलाई प्राथमिकता दिइनेछ ।<br>३. प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न जल वायु माटो ध्वनि लगायत सबै प्रकारका प्रदुषणको रोकथाम नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।<br>४. पानीको स्रोतलाई पुनर्भरण गर्न प्लाष्टिक पोखरी निर्माण गरिनेछ । |
| **१.३ः** वातावरण प्रदूषण हुन नदिने तथा फोहरमैला व्यवस्थापनलाई प्रभावकारी वनाउने । | १. **"प्रदूषकले तिर्नुपर्छ"** भन्ने सिद्धान्त लागु गर्न आवश्यक संयन्त्रको विकास एवम् कार्यान्वयन गरिनेछ ।<br>२. नकुहिने तथा पुन प्रयोग हुन नसक्ने फोहरमैला व्यवस्थापन गर्न उचित स्थानमा ल्याण्ड फिल साइटको व्यवस्था गरिनेछ ।<br>३. कुहिने फोहरलाई कम्पोस्ट मल बनाउने तथा पुन प्रयोगहुने फोहरहरू सङ्कलन तथा बेचबिखन गर्न प्रोत्साहन गरिनेछ ।<br>४. फोहरमैला सङ्कलन तथा व्यवस्थापन योजना तयार गरी लागु गरिनेछ। |
| **उद्देश्य २ः प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गर्न मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराउनु ।** | |
| **२.१ः** जल तथा मौसम सम्बन्धी सूचना तथा सेवालाई नियमित रूपमा सम्प्रेषण गरी सम्बन्धित संस्था तथा सरोकारवालाहरूलाई जलवायु परिवर्तन न्यून गर्ने कार्यहरूमा परिचालन गर्ने । | १. वातावरण तथा जलवायु परिवर्तन अनुकूलन, वातावरणीय तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान गरिनेछ ।<br>२. मौसम, जलवायु सम्बन्धी सूचना तथा जानकारी उपभोक्ताहरूलाई सजिलै उपलब्ध हुन सक्ने संयन्त्र विकास गरिनेछ ।<br>३. वातावरण प्रदुषण गर्ने बस्तु उत्पादन कम गर्न पुनः प्रशोधन एवम् प्रयोग गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. जलवायु परिवर्तनको प्रभाव जोखिम सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन
२. जलवायु परिवर्तनको प्रभाव जोखिम सम्बन्धी अध्ययन तथा अनुसन्धान
३. प्लाष्टिक पोखरी निर्माण (उपभोक्ता समितिलाई प्लाष्टिक उपलब्ध गराउने)
४. आयोजनाहरूको प्रचलित कानुन वमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)
५. वातावरण शिक्षा तथा प्रचारप्रसारका कार्यक्रम सञ्चालन

**अपेक्षित उपलब्धि**

स्थानीय तहमा अनुकुलन योजना तयार भई कार्यन्वयन भएको हुनेछ । दिगो विकासको लक्ष्य हासिल गर्न वातावरणमैत्री सफा स्वच्छ र हरित वातावरण संरक्षण भएको हुनेछ । साथै प्रदुषणमुक्त र स्वच्छ वातावरण कायम गरी मानवीय क्रियाकलाप तथा विकास प्रक्रियालाई जलवायु परिवर्तन अनुकूलित गराइएको हुनेछ ।

## ७.२ विपद् व्यवस्थापन

**पृष्ठभूमि**

नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठुलो क्षति हुने गरेको छ। मुख्यतः भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण नेपाल विपद्को उच्च जोखिममा रहेको छ । यसैगरी कोरोना, हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । सुनकोशी गाउँपालिका क्षेत्र विशिष्ट भौगोलिक बनौट, भिरालोपन, कमजोर चट्टान र प्राकृतिक तथा जलवायु एवम् मानवीय क्रियाकलापबाट सिर्जित विपद्का दृष्टिले जोखिममा रहेको छ । प्राकृतिक तथा मानव सिर्जित विपद्का घटनाहरूबाट धनजन तथा विकासका पूर्वाधारहरूको क्षतिले आर्थिक तथा सामाजिक विकासमा ठुलो असर पर्न सक्छ । दुर्गम र कठिन भौगोलिक बनावटका कारण यो क्षेत्रको आधारभूत सेवामा पहुँच कठिन भएको र विकास प्रक्रियाहरूमा वाधा पर्दै आएको छ ।

**प्रमुख समस्या**

मनसुनको समयमा हुने मेघगर्जन र चट्याङ्ग, मनसुनी बर्षाले सिर्जना गर्ने बाढी पहिरो र डोजरको जथाभावी प्रयोगले भूक्षय भई खेतवारी तथा भौतिक पूर्वाधारमा क्षति, विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन र सूचना प्रवाहमा समन्वयको कमी, विपद् हुनु अघि त्यसको तयारी र प्रतिकार्यका क्रियाकलापहरू क्रियाशील हुन नसकिएको अवस्था छ । त्यसैगरी गुणस्तरीय स्वास्थ्य सेवा नहुनु, पर्याप्त मानव, आर्थिक, भौतिक स्रोत को अभाव, एक द्वार प्रणाली मार्फत विपद् सम्बन्धी भएका घटनाहरूको सूचना तथा तथ्याङ्क सङ्कलन तथा प्रक्षेपण हुन नसक्नु, क्षति न्यूनीकरण सम्बन्धी अध्ययन अनुसन्धानको कमी, स्थानीय स्तरको विपद् सम्बन्धी भरपर्दो तथ्याङ्क अद्यावधिक गर्न नसकिएको अवस्था विद्यमान रहेको छ ।

**चुनौती र अवसर**

विकासका नाममा उचित सर्वेक्षण नै नगरी यत्रतत्र डोजर लगाई पूर्वाधार निर्माण गर्नु, पूर्वानुमान सूचना प्रणालीको प्रभावकारी व्यवस्था नहुनु, उद्धार राहात र पुनर्स्थापनाको लागि प्रभावकारी सयन्त्रको कमी हुनु, विपद् न्यूनीकरण गर्ने ठोस/उपयुक्त योजना, नीति, निर्देशिकाहरूको अभाव हुनु, विपद् न्यूनीकरण गर्न नयाँ प्रविधि, सिकाइहरू विकास/विस्तार नहुनु तथा विपद् व्यवस्थापनमा कार्य गर्ने सङ्घ/संस्थाहरूको काम कर्तव्यमा अधिकार बाझिने वा दोहोरोपन सिर्जना हुनु आदि चुनौतीहरू हुन्।

नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू विपद् प्रतिरोधी हुनु, जनसमुदाय तथा विपद् सम्बन्धी जनचेतना अभिवृद्धि हुने खुला क्षेत्रहरूको संरक्षण हुनु, परम्परागत ज्ञान, सीप र स्थानीय स्रोतहरूको दिगो प्रयोग हुने तथा आकर्षक भू-वातावरण सिर्जना हुनु आदि अवसरका रुपमा रहेका छन् ।

**दीर्घकालीन सोच**

"सुरक्षित जीवनकालागि विपद् न्यूनीकरण तथा व्यवस्थापन"

**लक्ष्य**

विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी सुनकोशी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४२: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|

| उद्देश्य १ः जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु । | |
|---|---|
| **१.१ः** विपद् रोकथाम मार्फत् विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपतकालीन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एक द्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिकीकरण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्वतयारी र जोखिम न्यूनीकरणमा स्थानीय क्षमता अभिवृद्धि गरिनेछ । |
| **१.२ः** सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथाङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन इकाइहरू स्थापना गरिनेछ ।<br>२. गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>३. गाउँपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>४. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन इकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| **१.३ः** विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तर्क्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकामा कार्यरत निकायहरूले आआफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचारप्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ ।<br>५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएको जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २ः मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी सुनकोशी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |

| | |
|---|---|
| २.१ः विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढीपहिरो, चटयाङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४. साथै निर्माण भइसकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. सूचना सङ्कलन, प्रशोधन, विपद् न्यूनीकरण, पूर्व तयारी, पुनर्निर्माणबारे तालिम सञ्चालन
२. ड्याम निर्माण, गल्छि, पहिरो नियन्त्रण, सुनकोशी नदि तथा रोशी किनारमा पक्की तटबन्ध निर्माण
३. विपद् व्यवस्थापन कार्यमा प्रयोग हुने आवश्यक भौतिक साधनहरू (प्राथमिक उपचारका साधन, स्ट्रेचर, पर्याप्त राहत सामाग्रीहरू) आदिको व्यवस्था
४. उपयुक्त खाली स्थानहरू पहिचान गरी विपद्का वेला राहत सामग्रीहरू भण्डारण र पीडितहरूलाई आपतकालीन बस्ने संरचनाहरू निर्माण
५. विपद् व्यवथापन सम्बन्धी अन्तक्रिया, गोष्ठी, भेला आदि सञ्चालन
६. पालिका स्तरीय विपद् व्यवस्थापन संस्थागत तथा इकाइ स्थापना

**अपेक्षित उपलब्धि**

जोखिम न्यूनीकरणकालागि सम्भाव्य ठाँउहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास भएको हुनेछ । गा.पा.मा प्रकोप र बिपद् व्यवस्थापन सूचना प्रणालीको स्थापना हुनुको साथै आधुनिक उपकरण, बन्दोवस्ती, प्रविधि र दक्ष जनशक्तीको विकासले मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपद्को जोखिमलाई न्यूनीकरण गरी सुनकोशी गाउँपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास भएको हुनेछ । हरेक बर्ष रोशी खोला, ध्याम्पे खोला, भोटेखोलामा आउने बाढी, खाल्टे निगौली खोलाको तटबन्धनको दीर्धकालिन व्यवस्थापन कार्य गर्न अति आबश्यक छ ।

## ७.३ वन तथा भू-संरक्षण

**पृष्ठभूमि**

वन क्षेत्र जैविक विविधिताको भण्डार मात्र होइन कृषि, ऊर्जा, जल तथा औद्योगिक कच्चा पदार्थको श्रोत हुनुको साथै प्रमुख पर्यटकीय गन्तव्य र बहुसङ्ख्यक जनताको जीविकाको प्रमुख आधार पनि हो। वनबाट हाम्रो करिब ७० प्रतिशत इन्धन झन्डै ४० प्रतिशत पशु आहारा र अन्य वातावरणीय सेवा प्राप्त हुँदै आएको छ । वन क्षेत्रमा नेपालको आर्थिक समुन्नति गर्न सक्ने प्रचुर सम्भावना रहेको छ ।जडिबुटी लगायत विभिन्न वन पैदावारको बिक्रिबाट मात्र वर्षेनी करिब दुई अरब भन्दा बढी राजस्व सङ्कलन हुने गरेको छ । नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र तथा जैविक विविधताको सरक्षण गर्न राज्यले प्राथमिकता दिने कुरा उल्लेख गरिएको छ ।सुनकोशी वन विकासका दृष्टिले प्रशस्त सम्भावना भएको गाउँपालिका हो । यस जिल्लामा उष्ण, शीतोष्ण र समशीतोष्ण गरी सबै किसिमको हावापानी पाइन्छ । सुनकोशी नदी किनारदेखि महाभारत पर्वतसम्म फैलिएकोले खेतियोग्य फाँट बेसी पाखा चरनक्षेत्र तथा वनजगलले ढाकिएकोछ ।

**प्रमुख समस्या**

वनको व्यवस्थापन तथा विकासमा राज्यको लगानी यथेष्ट नभएको, अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास र खण्डिकरण हुने गरेको, उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएको, वन फँडानी पूर्ण रूपमा नियन्त्रण हुन नसकेको, वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण, मानव वन्यजन्तु द्वन्द्व, वन तथा भूसंरक्षणमा दक्ष जनशक्ति उपलब्ध नभएको, जनचेतनाको अभाव र लापरवाहीबाट डढेलो लाग्ने गरेको, महत्त्वपूर्ण जडीबुटीहरूको अन्वेषण र प्रशोधन हुन नसकेको, उत्पादित काठको व्यवसायिक प्रयोग हुन नसकेको, नियमित रूपमा फडानीबाट प्राप्त हुने आम्दानी बाहेक सामुदायिक वनका अन्य आर्थिक स्रोत नभएका, जडीबुटी निकासी गर्न कानुनी अड्चन हुनु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

**चुनौती र अवसर**

वन तथा जलाधार क्षेत्रको सङ्गठनात्मक संरचना तयार पार्नु, डढेलो नियन्त्रण गर्नु, वन संरक्षणकालागि स्थानीय तहमा क्षमता र जिम्मेवारी बृद्धि गर्नु, भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु तथा दक्ष जनशक्तिको अभाव, स्थानीय जनतामा वन तथा भूसंरक्षणबारे ज्ञानको कमी आदि चुनौतीका रुपमा रहेका छन् ।

प्राकृतिक रूपमै उम्रने धेरै प्रजातिका जडीबुटी तथा अन्य काठहरू प्रशस्त भएकाले वृक्षारोपणमा धेरै रकम खर्च गर्नु नपर्ने महत्त्वपूर्ण जडीबुटीहरूको बजारको राम्रो सम्भावना भएको, स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावना रहनु, प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण हुन गई पर्यटन व्यवसायको विकास हुनु, समुदायमा आधारित वन व्यवस्थापन मार्फत स्थानीय जनताको जीवनयापन सहज हुनु तथा वन, जलाधार, कृषि, पशुविकास, सिंचाइ लगायतका निकाय बीच सहकार्य, समन्वय तथा एकीकृत विकासको अवधारणामा योजना बनाई समृद्धिमा टेवा पुऱ्याउन सकिनु आदि अवसरहरू हुन् ।

**दीर्घकालीन सोच**

"वातावरणमैत्री विकास, उत्पादनशील वन, संरक्षित जलाधार र जैविक विविधताको दिगो संरक्षण"

**लक्ष्य**

सुनकोशी क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार गर्ने ।

**उद्देश्य**

१. स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।
२. भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४३: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गर्नु।** | |
| २.१: वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्रीवितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैरकाष्ठ वन पैदावरको खेती विस्तार तथा वजारीकरण गरिनेछ ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणकालागि स्थानीय जनतालाई प्रेरित गरिनेछ ।<br>६. वनजन्य व्यवसायप्रति स्थानीय युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ । |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्ययोजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका विरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |
| **उद्देश्य २: भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन गर्नु।** | |
| २.१: जनसहभागिता मार्फत् दिगो माटो व्यवस्थापन प्रणाली अवलम्बन गरी भूमिको उत्पादकत्व बृद्धि गर्ने । | १. बाटोमुनि भूक्षय रोक्न अम्रिसो लगायत प्राविधिक रूपले उपयुक्त बिरुवाहरू लगाइनेछ ।<br>२. पैयुँ, चिउरी, लाकुरी जस्ता मह आउने जातका बिरुवा भएमा मौरीपालनमा समेत टेवा पुग्ने बिरुवाहरू लगाइनेछ ।<br>३. कृषियोग्य जमिनलाई पहिरोबाट जोगाउन तटबन्ध गर्ने, ग्याबिन जाली भरिनेछ ।<br>४. विपद सूचक यन्त्र जडान गरिनेछ । |
| २.२: बाह्य र आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न संघीय र प्रदेश सरकारसमक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा भूसंरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमकालागि छुट्याइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. वनजन्य उद्योगको विकास र व्यवसायीकरणकालागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. पहिरो तथा नदी कटान नियन्त्रण
२. बाढी तथा पहिरोको पूर्व-सूचक यन्त्र जडान
३. महत्त्वपूर्ण विकासे आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)
४. वृक्षारोपण तथा संरक्षण
५. वन क्षेत्रमा बढ्दो मिचाहा प्रजातिको रोकथाम कार्यक्रम

**अपेक्षित उपलब्धि**

स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन भएको हुनेछ तथा वन्यजन्तु र जैविक विविधताको संरक्षण गरिएको हुनेछ । भूसंरक्षण तथा वातावरणीय सन्तुलन कायम गरी उपलब्ध वित्तीय स्रोतसाधनको समूचित व्यवस्थापन भएको हुनेछ ।

# परिच्छेद ८ संस्थागत विकास

## ८.१ सेवा प्रवाह तथा सुशासन

**पृष्ठभूमि**

शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामुलक र उत्तरदायी बनाउँनु नयाँ लोकतान्त्रिक गणतन्त्रको आवश्यकता हो । यसकालागि शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समदुाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कायन्वियन गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मुल मर्म हो । संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी र सहभातगिामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ ।

सुशासनकालागि संघीय तथा प्रादेशिक, संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्युनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ । त्यसै सन्दर्भमा सुनकोशी गाउँपालिकामा बन्न लागेको यस योजनाले सेवा प्रदायक निकाय तथा समग्रमा सार्वजनिक शासन प्रक्रियामा सुशासनको संस्थागत विकासमा समेत महत्त्वपूर्ण हुनेछ ।

**प्रमुख समस्या**

नेपाल सरकारले सुशासनलाई योजनाको प्राथमिकतामा राखे पनि जनप्रतिनिधिको नेतृत्व, योजना प्रक्रियामा सहभागिता र अपनत्वमा कमी रहन गएको देखिन्छ । त्यस्तै स्थानीय तहका योजना पद्धति र प्रक्रिया, सहभागितामूलक तथा समावेशी शासन प्रक्रिया, तथा निर्णय प्रक्रियामा पनि जवाफदेहिता एवम् पारदर्शिता कमजोर अवस्थामा रहेको छ । असल शासनका मुलभूत सिद्धान्त र आधारहरूका बारेमा जनता सचेत हुन नसकेको, राज्यबाट प्राप्त हुने केही सेवा सुविधाको बारेमा सेवाग्राहीहरू अनभिज्ञ रहेको, सेवा प्रदायक कार्यालयहरूले वडा कार्यालयसँग सहकार्य गर्न नसकेको, गाउँपालिकामा पर्याप्त दरवन्दी नभएको, केही सीमित व्यक्ति बाहेक अन्य तहका जनताहरू सुशासनको सम्बन्धमा मतलब नराख्ने गरेको, वडास्तरमा सार्वजनिक सुनुवाइ र आयव्यय विवरण सार्वजनिक गर्ने परिपाटी नभएको साथै कर्मचारीहरू स्थानीय संरचनामा अनुकूलन भैनसक्नु आदि यस गाउँपालिकाका समस्याहरू हुन् ।

**चुनौती र अवसर**

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु, सेवा प्रवाह तथा सूचना प्रवाहमा भौगोलिक कारणले कठिनाइ हुनु, सेवा प्रदायक सरकारी संस्थाहरू जिल्लामै केन्द्रित भई वडा गाउँपालिकासम्म पनि आउन नसक्नु तथा सुशासन व्यवस्थापनकोलागि स्थानीय सामाजिक सञ्जालहरूको अति आवश्यक भवन निर्माण गर्न लगायत शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, कृषि, पर्यटन आदिको क्षेत्रगत विकास गर्न आर्थिक तथा बजेटको अभाव हुनु आदि चुनौतीहरू हुन् ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई गाउँपालिकाले उच्च महत्त्व दिनु, सूचना तथा सञ्चार प्रविधिमा नागरिक पहुँचको अभिवृद्धि हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई सेवाग्राही मैत्री बनाउन सकिनु, सबै सेवा प्रदायक संस्थाहरूले सुशासन कायम राखि सेवा प्रवाह गरेकाले छिटो छरितो सेवा प्रवाह गर्न र पारदर्शिता बनाउन सकिनु, जनगुनासोलाई तत्काल संबोधन गरी जनताको मन जित्न सकिनु तथा आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिनु आदि अवसरका रुपमा रहेका छन् ।

**दीर्घकालीन सोच**

"जवाफदेही, पारदर्शी र परिणाममुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै वर्गको पहुँच"

**लक्ष्य**

गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने ।

**उद्देश्य**

१. सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
२. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
३. सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।
४. वित्तीय सुशासन कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४४: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| **१.१:** शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| **१.२:** सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ । |
| **उद्देश्य २: सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।** | |
| **२.१:** गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना पविधिको प्रयोग र पहुँच बढाइनेछ । |

| | |
|---|---|
| २.२: गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक संघसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ । यसकालागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ । |
| २.३: सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य ३: सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| **३.१:** जनशक्ति विकास गर्ने । | १. पालिकाकालागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगकालागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानकालागि विनियोजन गरिनेछ । |

| | |
|---|---|
| | ३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनसार अभिमुखीकरण तालिम र क्षमता विकासकालागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ । |
| **३.२ः** अन्तर्सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. संघीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. पालिकास्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजिकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य ४ः वित्तीय सुशासन कायम गर्नु ।** | |
| **४.१ः** सार्वजनिक आय–व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| **४.३ः** आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

**प्रमुख कार्यक्रम**

१. सेवा प्रवाह तथा सुशासनकालागि आवश्यक कार्यविधिको निर्माण
२. पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन
३. विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि
४. हरेक विकास योजना तथा कार्यक्रमको वडा र पालिकास्तरमा नियमित सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ सञ्चालन
५. कर्मचारीको क्षमता विकासकालागि नियमित तालिमको व्यवस्था
६. सबै कार्यालयमा नागरिक वडापत्रको व्यवस्था र सोको प्रभावकारी कार्यान्वयन
७. सार्वजनिक सेवा तथा सामग्रीहरूको खरिद प्रक्रियाकालागि अनिवार्य विद्युतीय माध्यमको प्रयोग
८. पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा

९. बैंकिङ प्रणाली मार्फत सम्पुर्ण भुक्तानी प्रक्रिया

**<u>अपेक्षित उपलब्धि</u>**

यस सुनकोशी गाउँपालिकामा सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा सुधार र सार्वजनिक सेवामा आम नागरिकको पहुँचमा अभिवृद्धि भएको हुनेछ । सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् ।

## ८.२ मानव संसाधन तथा संस्थागत क्षमता विकास

**पृष्ठभूमि**

सुनकोशी गाउँपालिकाको यो आवधिक योजना कार्यान्वयन गर्न लगायत सम्पूर्ण विकास निर्माणका कार्यक्रमहरू सही ढङ्गले सञ्चालन गर्न गाउँकार्यपालिकालाई तदनुरूपको कानुनी अधिकार, वित्तीय स्रोत साधनको निश्चितता, आफ्नो कार्यक्षेत्र भित्र गुणस्तरीय मानव संसाधनको उपलब्धता र संस्थागत क्षमता सर्वोपरी महत्त्वका विषय हुन् ।

नेपालको संविधान भाग १७ मा स्थानीय कार्यपालिकाको कार्यसम्पादन सम्बन्धी व्यवस्था छ । धारा २१४ मा स्थानीय गाउँपालिका तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधीनमा रही गाउँ कार्यपालिकामा निहित रहने उल्लेख छ । संविधान र अन्य कानुनको अधीनमा रही गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिकाको हुने कुरा पनि जनाइएको छ । धारा २१८ मा गाउँ कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुने उल्लेख छ भने २१९ मा यसदेखि बाहेक स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था संविधानको अधीनमा रही संघीय कानुन बमोजिम हुने कुरा स्पष्ट गरिएको छ ।संविधानको अनुसूची–८ मा निम्नलिखित विषयहरूमा गाउँ कार्यपालिकाको अधिकार रहने कुरा जनाइएको छ ।

- नगर प्रहरी,
- सहकारी संस्था,
- एफ. एम सञ्चालन,
- स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर),
- सेवा शुल्क दस्तुर,
- पर्यटन शुल्क,
- विज्ञापन कर,
- व्यवसाय कर,
- भूमिकर (मालपोत),
- दण्ड जरिवाना,
- मनोरञ्जन कर,
- मालपोत सङ्कलन,
- स्थानीय सेवाको व्यवस्थापन,
- स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन,
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू,
- आधारभूत र माध्यमिक शिक्षा,
- आधारभूत स्वास्थ्य र सरसफाइ,
- स्थानीय बजार व्यवस्थापन,
- वातावरण संरक्षण र जैविक विविधता,
- स्थानीय सडक, कृषि सडक,
- सिंचाइ,
- गाउँ सभा,
- स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन,
- घर जग्गा धनी पुर्जा वितरण,

- कृषि तथा पशुपालन,
- कृषि उत्पादन व्यवस्थापन,
- पशु स्वास्थ्य,
- सहकारी,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन,
- बेरोजगारको तथ्याङ्क सङ्कलन,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण,
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा,
- विपद् व्यवस्थापन,
- जलाधार,
- वन्यजन्तु,
- खानी तथा खनिज पदार्थको संरक्षण, तथा
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

गाउँपालिकाका यी संविधान प्रदत्त अधिकारहरूको उपभोग बारेको विस्तृत व्याख्या स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ । यिनका अतिरिक्त संविधानको अनुसूची—९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि अनेकौं विषयहरू समेटिएका छन् । यी सबै व्यवस्थाहरूका अधीनमा रही सुनकोशी गाउँपालिकाले हालसम्म २६ वटा ऐन, नियमावली तथा कार्यविधिहरू बनाएको छ ।

**प्रमुख समस्या**

गाउँकार्यपालिकाकालागि संविधान प्रदत्त अधिकारहरूको उपभोगकालागि जनप्रतिनिधिहरूमा यथेष्ट अनुभवको अभाव हुनु, संघीयताको मर्म अनुसार गाउँकार्यपालिकाको कामकर्तव्य पूरा गर्नकालागि विज्ञ जनशक्तिको कमी हुनु तथा गाउँपालिका क्षेत्रमा विकासको सम्भावना भएका अनेकौं क्षेत्रहरू विशेष गरी पर्यटन, वन, कृषि तथा पशुपालनमा शिक्षित र तालिमप्राप्त जनशक्तिको कमी रहनु यस पालिकाका प्रमुख समस्याहरू हुन् ।

**चुनौती र अवसर**

राष्ट्रिय योजना आयोगद्वारा तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ बमोजिम गाउँकार्यपालिकामा गठन भएको मानव संसाधन विकास र संस्थागत क्षमता विकास सम्बन्धी विषयगत समितिले सेवाप्रवाहका मापदण्ड निर्धारण, सेवाप्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण जस्ता गम्भीर प्रकृतिका प्राविधिक काम गर्नुपर्ने अवस्था रहेको, उमेर, लिङ्ग, शैक्षिक स्थिति, आर्थिक अवस्था, जातीय संस्कार आदिका कारण योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा जनप्रतिनिधिहरूको बुझाइ, सहभागिता र सक्रियता समान हुन नसक्नु तथा युवा जनशक्तिको विदेश पलायनले गर्दा गाउँघरमा आर्थिक सम्भाव्यता भएका क्षेत्रहरू कृषि, वन, पर्यटन आदिमा तालिम आदिकालागि उपयुक्त प्रशिक्षार्थी स्थानीय तहमा नभेटिनु आदि चुनौतीहरू हुन् ।

सिंहदरबारको अधिकार गाउँगाउँसम्म पुऱ्याउनु संघीयताको मूल उद्देश्य हुँदा र सो बमोजिमका कानुनी आधार पनि बनिसकेका हुँदा गाउँकार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

**दीर्घकालीन सोच**

"दक्ष मानव संसाधन र प्रभावकारी संस्थागत क्षमता सहितको सुनकोशी"

**लक्ष्य**

गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट सुनकोशीको आर्थिक समाजिक विकास गर्ने ।

**उद्देश्य**

१. गाउँपालिकाको सेवाप्रवाहलाई गुणस्तरीय बनाउनु ।
२. स्थानीय स्तरमा आर्थिक सामाजिक विकासकालागि अवसरहरूको विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ४५: मानव संसाधन तथा संस्थागत विकासका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिकाको सेवाप्रवाहलाई गुणस्तरीय बनाउनु ।** | |
| **१.१:** जनप्रतिनिधिहरूको सक्षमता विकास गर्ने। | १. सम्भाव्यता अध्ययन<br>२. सरलीकृत सेवा एवम् संस्थागत विकास<br>३. उपयुक्त तालिम गोष्ठीमा भाग लिने अवसर दिइनेछ । |
| **१.२:** कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने । | १. तालिम गोष्ठीमा पठाइनेछ ।<br>२. सरुवाको मापदण्ड बनाइनेछ ।<br>३. O & M गरिने छ। |
| **१.३:** आधुनिक प्रविधिको बढी प्रयोग गर्ने । | १. कार्यालयका काममा इन्टरनेट, इमेलको प्रयोग बढाइनेछ । |
| **उद्देश्य २: स्थानीय स्तरमा आर्थिक सामाजिक विकासकालागि अवसरहरू उपलब्ध गराउनु ।** | |
| **२.१:** कृषि, वन र पर्यटन क्षेत्रको विकासकालागि संस्थागत पहल गर्ने । | १. संघीय र प्रदेश सरकारले उपलब्ध गराउने सेवा, सुविधा, अवसरहरूको खोजीनीति गरिनेछ ।<br>२. स्थानीय जनतामा जागरण फैलाइनेछ ।<br>३. इच्छुक र योग्य युवायुवतीहरूलाई यी क्षेत्रमा प्रोत्साहित गरी व्यवसायिकीकरणमा अवसर दिइनेछ । |

**प्रमुख कार्यक्रम**

१. सेवाप्रवाह, संस्थागत विकासजस्ता पक्षमा क्रमश आधुनिकीकरण गर्दै जान तदनुकुल कार्यक्रमहरू सञ्चालन
२. गाउँपालिका क्षेत्रभित्र विकास गर्न सकिने सामान्य सम्भावना देखिएका पेशा-व्यवसायको प्रवर्द्धनकालागि सम्भाव्यता अध्ययन

**अपेक्षित उपलब्धि**

गाउँपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । पर्यटन, कृषि, पशुपालन, बागवानीजस्ता संभाव्य व्यवसायहरूमा युवाहरूलाई रोजगारीका नयाँ नयाँ अवसर गाउँपालिका क्षेत्रभित्रै खुल्नेछ । जनताको आर्थिक स्थितिमा सुधार हुने, दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ ।

## ८.३ तथ्याङ्क प्रणाली

**पृष्ठभूमि**

योजना तर्जुमालाई प्रभावकारी बनाउनकालागि तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न संस्थागत संरचनाको आवश्यक पर्दछ । सुनकोशी गाउँपालिकाले प्राथमिक सर्वेक्षण तथा द्वितीय स्रोतको तथ्याङ्कको प्रयोग गरेर "सुनकोशी गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७५" प्रकाशन गरी तथ्याङ्क प्रयोगको एक तहको आधारशीला तयार गरेको छ । साथै सबै वडाहरूले आन्तरिक प्रयोजनकोलागि खण्डित रूपमा तथ्याङ्क सङ्कलन गर्ने कामको शुरुवात गरेका छन्, तर व्यवस्थित भइसकेको छैन।

**प्रमुख समस्या**

तथ्याङ्क सङ्कलन र व्यवस्थापन हेर्ने शाखा व्यवस्थित नहुनु, वडा स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाइहरू रहनु, तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्ति उपलब्ध नहुनु साथै तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरूपकता कायम गर्न नसक्नु आदि मुख्य समस्याका रुपमा रहेका छन् ।

**चुनौती र अवसर**

तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु, तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्न सघाउ पुऱ्याउन आवश्यक तथ्याङ्कहरूको सङ्कलन र व्यवस्थापन गर्नु तथा तथ्याङ्कको प्रयोगमा एकरूपकता कायम गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

तथ्याङ्कको आवसेयकता र महत्त्वको बोध हुनु, तथ्याङ्कमा आधारित रहेर योजनाहरू निर्माण हुने परिपाटिको विकास हुनु तथा छिटो र छरितो रूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन र वितरण गर्न सघाऊ पुऱ्याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु आदिलाई अवसरका रुपमा लिन सकिन्छ ।

**दीर्घकालीन सोच**

"यथार्थ तथ्याङ्कमा आधारित सुनकोशीको नीति तथा योजना"

**लक्ष्य**

गाउँपालिकाका सबै किसिमका तथ्याङ्कहरू नियमित रूपमा अद्यावधिक गरी सबैकालागि पहुँचयोग्य बनाउने ।

**उद्देश्य**

१. तथ्याङ्कहरू नियमित रूपमा अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु ।
२. तथ्याङ्क सङ्कलन प्रक्रियालाई आधुनिकीकरण गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४६: तथ्याङ्क प्रणालीका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: तथ्याङ्कहरू नियमित रूपमा अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु ।** | |
| **१.१**: तथ्याङ्कको सङ्कलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने । | १. तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेब पोर्टल र विभिन्न प्रकाशनमार्फत् प्रयोगकर्ता माझ पुऱ्याउने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनेछ।<br>२. अनुसन्धानको माध्यमबाट आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क सङ्कलन गर्ने प्रणालीको विकास गरिनेछ ।<br>३. विश्वसनीय, सही र समयमै तथ्याङ्क उपलब्ध गराउने प्रणालीको विकास गरिनेछ । |
| **उद्देश्य २: तथ्याङ्क सङ्कलन प्रक्रियालाई आधुनिकीकरण गर्नु ।** | |

| | |
|---|---|
| **२.१:** तथ्याङ्क सङ्कलन, प्रशोधन र वितरण प्रणालीको आधुनिकीकरण गर्ने । | १. तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>२. आवश्यकता पहिचान गरी विषयगत तथ्याङ्कहरू सङ्कलन गरिनेछ ।<br>३. आयोजना सञ्चालन अवधि, मध्यमकालीन अवधि, र अन्तिम अवस्थाको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने कार्यलाई नियमित रूपमा सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. तथ्याङ्क सङ्कलन सम्बन्धी नीति निर्माण
२. तथ्याङ्कका मानक र मापदण्डहरूको विकास
३. पालिकाको तथ्याङ्क वेब पोर्टल निर्माण गरी तथ्याङ्कहरूको एकीकृत रूपमा व्यवस्थापन र सार्वजनिकीकरण
४. तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषणकोलागि कर्मचारी तथा विज्ञहरूको क्षमता र दक्षता बृद्धि

**अपेक्षित उपलब्धि**

विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र सञ्चालन भएको हुनेछ । आयोजना अनुगमन र मूल्याङ्कनकोलागि आवश्यक सूचना उपलब्ध भएको हुनेछ । प्रमाणमा आधारित योजना तर्जुमा गर्न आवश्यक तथ्याङ्क उपलब्ध भएका हुनेछ ।

## ८.४ शासकीय सुधार

**पृष्ठभूमि**

सुनकोशी गाउँपालिकाको अबको कार्यदिशा भनेको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै पालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासन प्रत्याभूत गर्नु हुनेछ । सबै जनप्रतिनिधि तथा कर्मचारीको कुशल शासकीय व्यवस्थापनद्वारा नागरिकका सामाजिक तथा आर्थिक आकांक्षा पूरा गर्न र शासन सञ्चालनकालागि विद्यमान पद्धति र औजारलाई समयसापेक्ष बनाउँदै लैजानु आवश्यक छ ।

**प्रमुख समस्या**

जनप्रतिनिधि तथा कर्मचारीको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि नहुनु, सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु साथै पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रूपमा विकास भई नसक्नु आदि यहाँका समस्याका रुपमा रहेका छन् ।

**चुनौती र अवसर**

सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु । जनताको घर दैलोमा विकासका कार्यक्रम पुऱ्याउनु । अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु । विकास प्रशासनको क्षमता अभिवृद्धि गर्नु । शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु । सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाई स्थानीय सरकारप्रति उत्साह पैदा गर्नु ।

पालिकाको काम कारबाहीमा नागरिक स्तरबाट निगरानी गर्न सक्ने वातावरण तयार हुनु । राज्यका तीनै तहमा निर्वाचन सम्पन्न भई स्थिर सरकार गठन हुनु । नागरिकले आफ्नो घरदैलोमै सरकारी सेवा र सुविधा पाउने अवस्था सिर्जना हुनु । आयोजनाको छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा जनसहभागिता बढ्ने वातावरण बन्नु । अपेक्षित विकासको लक्ष्यमा पुग्न अनुकूल वातावरण तयार हुनु ।

**दीर्घकालीन सोच**

"पारदर्शी, जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था"

**लक्ष्य**

प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाह मार्फत् सुशासनको प्रत्याभूति गर्नु ।

**उद्देश्य**

१. भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्था मार्फत समृद्धि हासिल गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४७: शासकीय सुधारका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री शासन व्यवस्थामार्फत समृद्धि हासिल गर्नु।** | |
| **१.१ः** विकास आयोजनाहरूको अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्यालाई तत्काल सम्बोधन गर्ने । | १. वस्तुगत सूचकमा आधारित अनुगमन प्रणाली विकास गरिनेछ ।<br>२. अनुगमनको अनुगमन गर्ने प्रणाली विकास गरिनेछ ।<br>३. विकास निर्माणका काममा आइपर्ने समस्याको तत्काल समाधान गरिनेछ । |
| **१.२ः** कानुन तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने । | १. छिटो छरितो गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्न कानुनी तथा नीतिगत आधार तयार गरिनेछ । |

| | |
|---|---|
| | २. सरकारी कार्यालयलाई आधुनिक प्रविधिमैत्री र सेवाग्राहीमैत्री कार्यस्थलको रूपमा स्थापित गरी कर्मचारीको कार्यसम्पादन अभिवृद्धि गरिनेछ ।<br>३. सरकारी निकायका कामकारबाहीहरूको विवरण वेबसाइटमा नियमित प्रकाशन तथा अद्यावधिक गरिनेछ ।<br>४. सबै सार्वजनिक निकायमा नागरिकबडापत्र र सुझाव पेटिकाको व्यवस्था गरिनेछ । |
| **१.३ः** पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने । | १. सार्वजनिक पद धारण गरेका व्यक्तिले सदाचारलाई जीवनशैलीकै रूपमा अनुसरण गर्नुपर्ने व्यवस्था गरिनेछ ।<br>२. मूल्याङ्कन पद्धतिलाई वैज्ञानिक र वस्तुपरक बनाई प्रोत्साहन प्रणालीको विकास गरिनेछ । |
| **१.४ः** पालिकाका काम कार्वाहीप्रति जनविश्वास अभिवृद्धि गर्ने । | १. पालिकाका कामकार्वाहीलाई मितव्ययी बनाउन र एउटै काममा एक भन्दा बढी निकायले दोहोरो खर्च गर्न नसक्ने वातावरण सिर्जना गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गर्ने तथा निश्चित मापदण्डका आधारमा खर्च गर्ने व्यवस्था गरिनेछ ।<br>२. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सूचना सम्प्रेषण, खर्चको विवरण सार्वजनिक गरिनेछ । |

**<u>प्रमुख कार्यक्रम</u>**

१. सार्वजनिक नागरिक सुनुवाइलाई व्यवस्थित बनाउँदै सबै जनताको उपस्थितिको सुनिश्चितता
२. नियमित वेवसाइट अद्यावधिक तथा व्यवस्थापन परीक्षण
३. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको विकास
४. कर्मचारीको कार्यसम्पादनको कार्य प्रगतिसँग आवद्धता
५. सूचना प्रविधिमा आधारित सेवा प्रवाह सञ्चालन

**<u>अपेक्षित उपलब्धि</u>**

सुनकोशीका काम कारबाही स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, सहभागितामूलक, नागरिकमैत्री तथा प्रविधिमैत्री भएको हुनेछ । नागरिकको गुनासो प्रत्यक्ष रूपमा सुनुवाइ हुने व्यवस्थाबाट जनविश्वास अभिवृद्धि भई सार्वजनिक जवाफदेहितामा सुधार भएको हुनेछ ।

## ८.५ प्रशासकीय सुशासन

**पृष्ठभूमि**

शासकीय निर्णयहरू तथा कार्यान्वयन प्रक्रियालाई पारदर्शी बनाउन नियमित सूचना प्रवाह, सार्वजनिक सुनुवाइ, सामाजिक लेखा परीक्षण जस्ता नविन शासकीय उपक्रमहरू सञ्चालन गरी सुशासन प्रत्याभूत गर्न सुनकोशी गाउँपालिका अग्रसर रहेको छ । जवाफदेहीताको संस्कृति विकास गर्नुका साथै नागरिक-मैत्री शासन, संघीय शासन प्रणाली अनुरूपको सेवाप्रवाह, कानुनी शासनको प्रत्याभूति र समन्वय तथा सहकार्यलाई व्यवस्थित गर्दै प्रशासकीय सुशासन सुनिश्चित गर्नुपर्दछ । नागरिकको समृद्धि तथा सुखी जीवनको सुनिश्चितता गर्नु प्रशासनिक सुशासन सुनकोशीको प्रमुख लक्ष्य हो । सुशासन कायम गरी सेवा प्रवाहमा सरलता एवम् सहजता ल्याउनु पालिकाको मुलभूत दायित्त्व हो । सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै पालिकावाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न आवश्यक भएको छ ।

**प्रमुख समस्या**

प्रशासनिक क्षेत्रमा बढ्दो राजनीतिक हस्तक्षेप, कर्मचारीमा सुशासन कायम गर्न चाहिने सीप र ज्ञानको कमी, सुशासन कायम गर्न राष्ट्रसेवक कर्मचारीलाई दिशानिर्देश गर्ने संयन्त्रको कमी, प्रशासनिक अनुशासनमा ह्रास आउनु, प्रोत्साहन र प्रशिक्षणको अभाव हुनु तथा आवश्यकता अनुरूप कर्मचारीको पदपूर्ति नहुनु आदि प्रमुख समस्या हुन् ।

**चुनौती र अवसर**

सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवकहरूमा राष्ट्रप्रति समर्पण र जनताप्रति सेवाभाव जगाई संघीय व्यवस्थाको मर्म अनुरूप प्रदेश सरकारको उपस्थिति, नियमितता, गतिशीलता र प्रभावकारिता स्थापित गर्नु । जनताको घरदैलोमा सहभागितामूलक गुणस्तरीय सेवाप्रवाहको सुनिश्चितता गर्नु । कर्मचारीको क्षमता विकास गर्नु ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि हुनु । संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन हुनु । संविधानको मर्म र जनताको चाहना अनुरूप सुशासनको व्यवस्थापन गर्न विभिन्न आवश्यक ऐन, नियम तर्जुमा हुनु ।

**दीर्घकालीन सोच**

"जनमुखी सार्वजनिक प्रशासन"

**लक्ष्य**

सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाउने ।

**उद्देश्य**

१. सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४८: प्रशासकीय सुशासनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणाममुखी, जवाफदेही बनाई सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउनु।** | |
| १.१: प्रशासनलाई जनउत्तरदायी बनाउन आवश्यक व्यवस्था गर्ने । | १. कर्मचारीको क्षमता विकासकालागि तालिम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त र मितव्ययी बनाउन विद्युतीय सुशासन अवलम्बन गरिनेछ ।<br>३. नियमित व्यवस्थापन परीक्षण र सूचना प्रविधिको विकासबाट स्वचालित कार्य प्रणालीको विस्तार गरिनेछ । |

| | |
|---|---|
| **१.२ः** आयोजना कार्यान्वयनमा प्रभावकारिता बृद्धि गर्ने । | १. आयोजना कार्यान्वयनमा पारदर्शिताको अभिवृद्धि गर्दै जिम्मेवार पदाधिकारीको कार्य जिम्मेवारी र जवाफदेहिता तोकेर कार्य सम्पादन सूचक सहितको कार्यसम्पादन सम्झौता गर्ने कानुनी व्यवस्था गरिनेछ ।<br>२. पालिकाभित्र सञ्चालित आयोजनाको प्रगति अनुगमन गरी प्राप्त पृष्ठपोषण अनुरूप कार्यान्वयनमा लगिनेछ ।<br>३. आयोजना कार्यान्वयनकोलागि भरपर्दो सुरक्षा व्यवस्था गरिनेछ । |
| **१.३ः** प्रशासनिक सुशासन कायम गर्न कर्मचारीको प्रशासनिक क्षमता बृद्धि गर्ने । | १. कार्य प्रभावकारिताकालागि कर्मचारीलाई सक्षम र प्रतिस्पर्धी बनाउन क्षमता अभिवृद्धिकालागि तालिम लगायतका उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको मान्यता अनुरूप प्रशासनमा सदाचारिता अभिवृद्धि गर्न जनगुनासो व्यवस्थापन गरी उजुरी पेटिकाको व्यवस्थापन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि गर्न कर्मचारीकालागि तालिम, आवास, शिशुस्याहार केन्द्र तथा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन

२. नियमित व्यवस्थापन परीक्षण र सूचना प्रविधिको विकास र विस्तारको माध्यमबाट स्वचालित कार्य प्रणालीको विस्तार

३. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी प्रत्येक कर्मचारीको कार्य-सम्पादनलाई कार्यालयको कार्य प्रगतिसँग आवद्धता

४. जनगुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन

**अपेक्षित उपलब्धि**

सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । उत्प्रेरित र उच्च मनोबलयुक्त कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भएको हुनेछ ।

## ८.६ वित्तीय सुशासन

**पृष्ठभूमि**

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानकोलागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिदै एकल खाताकोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास आवश्यकता छ । सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु सुनकोशी गाउँपालिकाको दायित्व हो । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको विकास जरुरी भएकोछ ।

**प्रमुख समस्या**

वेरुजुको मात्रामा बृद्धि हुँदै जानु । आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु । विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु । चालु खर्चमा भएको बढोत्तरीगै वित्तीय सुशासनको स्थिति खस्कदै जानु ।

**चुनौती र अवसर**

संघीय वित्तीय ढाँचा अनुरूप संघीय तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान समयमै प्राप्त गर्नु । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु । समयमा ठेक्का बन्दोबस्त गर्नु, पुँजीगत खर्च बृद्धि गर्नु । आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु । अनुगमन कार्यक्रमलाई यथार्थपरक बनाउनु । खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउदै लगी आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउने कार्य गर्नु ।

राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १५ भित्र गाउँसभामा पेश गर्ने व्यवस्था रहेको । पालिकाको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक सेवा लेखामान तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गरिनु ।

**दीर्घकालीन सोच**

"प्रभावकारी विकास खर्च व्यवस्थापनद्वारा वित्तीय सुशासन"

**लक्ष्य**

सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी बनाउने ।

**उद्देश्य**

१. सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवम् प्रभावकारी बनाउनु ।

**रणनीति तथा कार्यनीति**

तालिका ४९: वित्तीय सुशासनका रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवम् प्रभावकारी बनाउनु ।** | |
| **१.१:** वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । | १. वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता बृद्धि तथा लेखा प्रणाली सुधारका गर्न तलिमको व्यवस्था गरिनेछ ।<br>२. वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ । |

| | |
|---|---|
| **१.२ः** सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिनेछ ।<br>२. निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । |
| **१.३ः** बेरुजु न्यूनीकरण गरी बेरुजु फछ्र्योटलाई प्राथमिकता दिने । | १. खरिद प्रक्रियालाई व्यवस्थित बनाइनेछ ।<br>२. आयोजनाहरूकालागि ग्राहक/उपभोक्ता समुह छनौट तथा प्रथम किस्ता भुक्तानी आ.व.को दोश्रो चौमासिक भित्रै सम्पन्न गरिनेछ ।<br>३. आयोजना छनौट तथा बजेट विनियोजन गर्दा सम्बन्धित सरोकारवाला तथा उपभोक्ताहरूको राय सुझाव लिइनेछ ।<br>४. खर्च गर्नुपुर्व हरेक शिर्षकको नीतिगत आधार स्पष्ट गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. लाभ र लागतको विश्लेषणसहित योजना तथा कार्यक्रम अवधि यकिन गरी वार्षिक बजेट विनियोजन
२. राजस्व परिचालन क्षमता बृद्धि तालिम सञ्चालन
३. लेखा प्रणाली सुदृढीकरण तालिम सञ्चालन
४. विद्युतीय आर्थिक कारोबार प्रणालीको सुदृढीकरण

**अपेक्षित उपलब्धि**

वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । सार्वजनिक खर्च व्यवस्थित भई बेरुजु कम भएको हुनेछ ।

## ८.७ भ्रष्टाचार निवारण

**पृष्ठभूमि**

सार्वजनिक निकायमा हुने ढिलासुस्ती, अनियमितता तथा अनिर्णयजस्ता विकृति एवम् भ्रष्टाचारजन्य क्रियाकलापको निराकरण गर्न आवश्यक रहेको छ । सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, जनमुखी, अनुमानयोग्य र कानुन सम्मत रूपमा सहज र सरल तरिकाले उपलब्ध गराई सबै तह र स्वरूपका भ्रष्टाचार एवम् अनियमिततालाई नियन्त्रण गरी सदाचारयुक्त समाज बनाउन जरुरी छ । सुनकोशी गाउँपालिकामा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको विकास गरी सदाचार र सुशासन प्रवर्द्धन गर्न जरुरी छ ।

**प्रमुख समस्या**

सार्वजनिक निकायहरूमा अपेक्षित उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने संस्कृति नहुनु । भ्रष्टाचार विरोधी संस्कृतिको विकास नहुनु । भ्रष्टाचार नियन्त्रण गर्न संघ, प्रदेश र स्थानीय तहका सरकार बीच प्रभावकारी सञ्चार, समन्वय र सहकार्य कायम गर्न नसकिनु ।

**चुनौती र अवसर**

प्रभावकारी अनुसन्धान तहकिकात सम्बन्धी क्षमता विकास गर्नु । सूचनादाताको संरक्षण गर्नु । साक्षी बस्ने तथा अभियोजन गर्ने कर्मचारीहरूको उचित संरक्षण गर्नु । भ्रष्टाचारीलाई सामाजिक बहिष्कार हुनुपर्नेमा सम्मान प्राप्त हुनु ।

भ्रष्टाचार विरुद्ध सक्रिय नागरिक समाज तथा सञ्चार जगत हुनु । अन्तर्राष्ट्रिय सहयोग, सहकार्य र समन्वय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय र सम्पर्क कार्यालयहरूको स्थापना भई भ्रष्टाचार विरुद्धको अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउनु ।

**दीर्घकालीन सोच**

"भ्रष्टाचारमुक्त सुनकोशी"

**लक्ष्य**

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अख्तियार गरी सुशासन कायम गर्ने ।

**उद्देश्य**

१. भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५०: भ्रष्ट्राचार निवारणका रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी सुशासनको प्रत्याभूति गर्नु ।** | |
| **१.१:** भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने । | १. नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरी सार्वजनिक प्रशासनलाई पारदर्शी तथा जवाफदेही बनाइनेछ ।<br>२. शिक्षण संस्थाको पाठ्यक्रममा भ्रष्टाचार विरुद्धको विषयवस्तु समावेश गरिनेछ ।<br>३. निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।<br>४. भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रणकालागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ५. भ्रष्टाचारको सूचना दिनेलाई पुरस्कृत गरिनेछ । |
| **१.२ः** भ्रष्टाचार निवारण सम्बन्धमा प्राविधिक सहायता र सूचना आदान प्रदान सम्बन्धी नेपाल सरकारले गरेको व्यवस्थालाई सहयोग र कार्यान्वयन गर्ने । | १. भ्रष्टाचारसँग सम्बन्धित फौजदारी विषय, सम्पत्ति फिर्ता सम्बन्धी कानुन निर्माण, सपुर्दगी र पारस्परिक कानुनी सहयोगकालागि नेपाल सरकारलाई सहयोग गरिनेछ ।<br>२. अनुसन्धान र छानबिनको क्रममा अन्तरनिकाय समन्वय एवम् सूचना आदानप्रदानलाई सघन र प्रभावकारी बनाइनेछ ।<br>३. पालिकाका सबै जनप्रतिनिध तथा राष्ट्रसेवक कर्मचारीहरूलाई आ-आफ्नो व्यवसायिक निष्ठासहित सादा जीवन र सहयोगी व्यवहारसहित सेवा प्रवाह गर्न प्रेरित गरिनेछ ।<br>४. विकास आयोजनाको खर्च निर्माण स्थलमै सार्वजनिकीकरण गर्ने तथा नियमित सार्वजनिक सुनुवाइ गरिनेछ । |

**<u>प्रमुख कार्यक्रम</u>**

१. भ्रष्टाचार विरुद्ध नागरिक सचेतना
२. भ्रष्टाचारको सूचना दिनेलाई पुरस्कृत गर्ने व्यवस्था
३. नियमित सार्वजनिक सुनुवाइ
४. विकास आयोजनाको खर्च निर्माण स्थलमै सार्वजनिकीकरण
५. संस्थागत क्षमता विकासकालागि आधुनिक सूचना प्रविधिको प्रयोग

**<u>अपेक्षित उपलब्धि</u>**

भ्रष्टाचार विरुद्धमा नियोजित रूपमा अभियान सञ्चालन भई भ्रष्टाचार नियन्त्रण हुनेछ । भ्रष्टाचार विरुद्धको शून्य सहनशीलताको नीतिलाई बल मिलेको हुनेछ । सबै संघ संस्थाहरूसँग सहकार्य बृद्धि भई सूचना आदान प्रदान र आवश्यक समन्वयमा प्रभावकारिता आएको हुनेछ ।

# परिच्छेद ९ अन्तरसम्बन्धित बिषय

## ९.१ सुरक्षा

**पृष्ठभूमि**

नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरेको छ । वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक लगायत सबै प्रकारका विभेद र छुवाछुतको अन्त्य गरी आर्थिक समानता, संमृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । प्रभावकारी सुरक्षा प्रबन्ध सुशासन र विकासको पूर्व शर्त हो । सुनकोशीमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको रक्षा गर्न, शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, पूर्वाधार निर्माण र आर्थिक विकासकालागि समेत् प्रभावकारी सुरक्षा व्यवस्था गर्न आवश्यक छ ।

**प्रमुख समस्या**

संवैधानिक व्यवस्था अनुसार शान्ति सुरक्षाकोलागि स्थानीय तहले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धी व्यवस्था गर्ने संघीय कानुन बनी नसकेको, भइरहेको प्रहरी सङ्गठनकोलागि पनि साधन स्रोत सीमित भएको साथै प्रादेशिक प्रहरी समेत व्यवस्था हुन नसकेको अवस्थामा संघीय प्रहरीले सम्पूर्ण शान्ति सुरक्षाको जिम्मा लिनुपर्ने अवस्था रहेको छ ।

**चुनौती र अवसर**

सुरक्षा निकायहरूको आधुनिकीकरण गर्नु । सूचना सञ्जालको व्यवस्था गर्नु ।सरकारी एवम् सार्वजनिक सम्पत्तिको बढ्दो अतिक्रमण रोक्नु । पर्याप्त स्रोत साधनको व्यवस्था गर्नु । जिम्मेवार निकाय बीच समन्वय कायम गर्नु ।

सुरक्षा निकायका संरचना पालिकास्तरमा विस्तार हुनु । जनचेतनतामा अभिवृद्धि हुनु । अनुसन्धान प्रविधिमा द्रुत विकास हुनु । सूचना प्रविधि तथा सञ्चार सुविधाको तीव्र विकास र विस्तार हुनु ।

**दीर्घकालीन सोच**

"शान्तिपूर्ण र सुरक्षित सुनकोशी"

**लक्ष्य**

सुनकोशीमा भरपर्दो शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने ।

**उद्देश्य**

१. शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।
२. अपराध नियन्त्रण गरी कानुनी शासन पद्धतिको विकास गर्नु ।
३. सुनकोशी नगर प्रहरीको व्यवस्था गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५१: सुरक्षाका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: शान्ति, सुव्यवस्था र अमनचयन कायम गरी नागरिकको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु ।** | |
| **१.१:** पालिकाभित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने । | १. सूचना सम्प्रेषण प्रणालीलाई केन्द्रीय सञ्जालमा आबद्ध गरी सुरक्षा प्रणालीलाई प्रविधिमैत्री बनाई आधुनिकीकरण गरिनेछ । |

| | |
|---|---|
| | २. सुरक्षा सम्बन्धी सूचना सङ्कलन तथा जोखिम विश्लेषण र सुरक्षा निकायहरूबीच सूचना आदानप्रदान गरी समन्वय र सहकार्यमा जोड दिइनेछ ।<br>३. शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न प्रभावकारी रूपमा प्रहरी परिचालन गरिनेछ ।<br>४. प्राकृतिक विपद् बाट हुने अति संवेदनशील एवम् महत्त्वपूर्ण भौतिक पूर्वाधारको विशेष सुरक्षा प्रबन्ध गरिनेछ । |
| **१.२:** शान्ति सुरक्षा स्थापनामा विधिको शासनलाई प्राथमिकतामा राखी काम गर्ने । | १. प्रहरीलाई जनमैत्री बनाई सामुदायिक प्रहरीमा विशेष जोड दिइनेछ ।<br>२. शान्ति सुरक्षा कायम राख्न बल प्रयोग गर्दा मानव अधिकारको मूल्य र मान्यतालाई अवलम्बन गरिनेछ ।<br>३. सुरक्षाकर्मीहरूकालागि मानव अधिकार, मानवीय कानुन तथा विधिको शासन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: अपराध नियन्त्रण गरी कानुनी शासन पद्धतिको विकास गर्नु ।** | |
| **२.१:** मानव बेचविखन, अपराध नियन्त्रण तथा लागू औषध नियन्त्रण गर्ने । | १. संवेदनशील नाका तथा क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरी मानव वेचबिखन तथा अपराध नियन्त्रण गरिनेछ ।<br>२. लागु औषधको अवैध उत्पादन, ओसारपसार, विक्री वितरण र उपभोगलाई कडाइका साथ नियन्त्रण गरिनेछ । |
| **उद्देश्य ३: सुनकोशी नगर प्रहरीको व्यवस्था गर्नु ।** | |
| **३.१:** आन्तरिक सुरक्षालाई प्रभावकरी बनाउन पालिकाको आफ्नै नगर प्रहरी स्थापना गरिनेछ । | १. सुरक्षा नीति तथा कानुन तर्जुमा गरी नगर प्रहरी स्थापना तथा व्यवस्थापनगरिनेछ ।<br>२. नगर प्रहरी सञ्चालनकालागि आवस्यक पूर्वाधारको विकास गरिनेछ ।<br>३. आवस्यकता अनुरूप नगर प्रहरी छनौट तथा नियुक्ति गरी सुनकोशी नगर प्रहरी सञ्चालन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. प्रविधिमैत्री अपराध अनुसन्धानको विकास
२. पालिकाको सुरक्षा नीति तर्जुमा
३. विद्युतीय शासनको अवधारणाको प्रभावकारी कार्यान्वयन
४. लागु औषध नियन्त्रण र अनुगमन
५. प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण गर्न पूर्व-सूचना प्रणाली विकास
६. विपद् व्यवस्थापनका सहज उपायहरूको अवलम्बन
७. शान्ति सुरक्षा सम्बन्धी कानुनको संशोधन, परिमार्जन एवम् आवश्यक नयाँ कानुनको निर्माण

**अपेक्षित उपलब्धि**

पालिकाबासी नागरिकहरूले शान्ति र सुरक्षाको अनुभूति स्पष्ट रूपमा गर्नेछन् । सुरक्षा निकायको क्षमता अभिवृद्धि तथा संगठन सुदृढीकरण भई जनतामा कानुन कार्यान्वयनको प्रभावकारिता, दण्डहीनताको अन्त्य, अपराधिक घटनाहरूको न्यूनीकरण तथा सामाजिक शान्ति कायम भएको हुनेछ ।

## ९.२ मानव अधिकार

**पृष्ठभूमि**

नेपालको संविधानले नागरिकका आधारभूत मानव अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूति गरेको छ। नेपाल संयुक्त राष्ट्र संघको बडापत्र तथा मानव अधिकार सम्बन्धी विभिन्न महत्त्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भइसकेको छ । नेपालले जनाएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नकालागि संवैधानिक, कानुनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ ।

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग र समुदायलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी संविधानमा नै सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनकालागि संघीय तहमा विद्यमान स्थायी संरचना एवम् संस्थाहरूलाई प्रदेश तथा स्थानीय तहमा पनि विकास गर्नुपर्ने देखिन्छ । अन्तर तहबीच समन्वय तथा सहकार्य मार्फत मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई विकासका मुद्दासँग संरचनागत एवम् कार्यात्मक रूपमा जोड्दै लानु आवश्यक देखिन्छ ।

**प्रमुख समस्या**

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कुरामा नागरिक र राज्यका सबै निकायमा सचेतना अभिवृद्धि भए तापनि मानव अधिकार सम्बन्धी संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु तथा भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा जस्ता कुप्रथा, आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपन, भौगोलिक संरचना, पूर्वाधार एवम् सेवा सुविधाको उपलब्धता जस्ता कुराहरू मानव अधिकार र सामाजिक न्यायको प्रत्याभूति गर्न नसक्नु आदि यहाँका समस्याका रुपमा रहेका छन् ।

**चुनौती र अवसर**

संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपालना गर्नु र गराउनु । मानव अधिकारमैत्री तथा सामाजिक न्यायसहितको सामाजिक एवम् आर्थिक विकास निर्माण क्रियाकलाप सञ्चालन गर्नु ।

विश्वमा सर्वस्वीकार्य भएका मानव अधिकार सम्बन्धी मूल्य-मान्यतालाई नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गर्नु । मौलिक हक कार्यान्वयनकालागि आवश्यक कानुनी व्यवस्था हुनु । संविधान एवम् कानुनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लङ्घनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनकालागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु ।

**दीर्घकालीन सोच**

"स्वअनुशासित र समतामूलक समाजको निर्माण"

**लक्ष्य**

संविधानले तोकेका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक अधिकारहरूको प्रत्याभूति गराउने।

**उद्देश्य**

१. मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवम् विस्तार गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५२: मानवअधिकारका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवम् विस्तार गर्नु ।** | |

| | |
|---|---|
| **१.१**ःसमाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने । | १. जोखिममा रहेका विपन्न, सीमान्तकृत एवम् उत्पीडित वर्गका अधिकार संरक्षण गरिनेछ ।<br>२. समाजमा विद्यमान भेदभाव र छुवाछुत विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| **१.२**ः मौलिक हक सम्बन्धी कानुनहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १. मौलिक हक कार्यान्वयन गर्ने कानुनहरूको कार्यान्वयनकोलागि स्रोत साधनको व्यवस्था गरिनेछ ।<br>२. न्यायमा पहुँच सुनिश्चित गर्न संघसँगको समन्वयमा निःशुल्क कानुनी सहायता सम्बन्धी नीतिगत, कानुनी एवम् संस्थागत व्यवस्था गरिनेछ । |
| **१.३**ः मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने । | १. मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइनेछ ।<br>२. मानव अधिकार उल्लङ्घनको घटनाका पीडकलाई कारबाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिनेछ। |

**प्रमुख कार्यक्रम**

१. वडा तथा विद्यालय स्तरमा मानव अधिकार सम्बन्धी सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन
२. फरक क्षमता भएका, असहाय, सीमान्तकृत् वर्ग र क्षेत्रका सेवाग्राहीलाई सेवाप्रवाहमा विशेष व्यवस्था
३. पीडित महिला र वालवालिकालाई आर्थिक तथा कानुनी सहायता प्रदान

**अपेक्षित उपलब्धि**

मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धमा निर्माण भएका कानुनको पूर्ण पालना भएको हुनेछ । मानव अधिकारको व्यावहारिक र संस्थागत रूपमा उपभोग गर्न सक्ने अवस्था सुनिश्चित भएको हुनेछ । मानव अधिकारमैत्री नीति, योजना तथा कार्यक्रम र कार्ययोजना तर्जुमा भएको हुनेछ ।

## ९.३ संघीय शासन प्रणाली

**पृष्ठभूमि**

नेपालको संविधानले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई संघीय शासन पद्धतिको मूल आधार मानेको छ । सोही मर्मलाई आत्मसात् गर्दै संविधानले निर्धारण गरेको क्षेत्राधिकारको अभ्यासबाट सुशासनमैत्री र समृद्ध सुनकोशी निर्माण गर्न आवश्यक छ । विभिन्न जात, जाति, वर्ग, क्षेत्र, लिङ्ग र समुदायका नागरिकहरूको स्वामित्व, सहभागिता र पहुँच अभिवृद्धि गर्दै विविधताको व्यवस्थापनका माध्यमबाट राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ संघीय शासन प्रणाली लागु भएको छ ।

**प्रमुख समस्या**

संघीयता कार्यान्वयनको स्पष्ट मार्गचित्र तयार भइनसक्नु, नितान्त नवीन स्थानीय संरचना हुनु तथा संघ, प्रदेश र स्थानीय तहका सरकार बीच अन्तरसम्बन्ध परिभाषित भए तापनि कार्यान्वयनमा प्रष्टता नभएको अवश्था छ ।

**चुनौती र अवसर**

स्पष्ट कानुनी आधार नहुनु । पर्याप्त संस्थागत संरचना तथा भौतिक पूर्वाधारको व्यवस्था गर्नु । कर्मचारी व्यवस्थापन गर्नु । वित्तीय संघीयताको वैज्ञानिक विधि अपनाई कार्यान्वयन गर्नु । संघीयताको मूल्य र मान्यतालाई आत्मसात गर्नु ।
सबैका बीचमा समन्वय स्थापित गरी संविधानले तोकेका अधिकारको अभ्यास गर्नु ।

प्रशासनिक संरचना र आवश्यक आधारभूत कानुनहरूको उपलब्धता । राजनीतिक प्रतिबद्धता सहितको निर्वाचित स्थिर सरकार । संघीयता कार्यान्वयनकालागि सहयोगी वातावरण । सकारात्मक नागरिक सोच ।

**दीर्घकालीन सोच**

"सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित समावेशी संघीय शासन प्रणालीको अभ्यास"

**लक्ष्य**

सबै नागरिकको समान पहुँच र अवसर सहित घरदैलोमै प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

**उद्देश्य**

१. संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गर्दै छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५३: संघीय शासन प्रणालीका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: संघीय शासन प्रणालीबाट प्राप्त हुने लाभको समन्यायिक वितरण गरर्दै छिटो छरितो सेवा प्रवाह हुने वातावरण सिर्जना गर्नु ।** | |
| १.१: समावेशी तथा समन्यायिक विकासकालागि आवश्यक कानुनी र संस्थागत आधार तयार गर्ने । | १. नीति, योजना, कानुन तर्जुमा गर्दा सामाजिक, आर्थिक, भौगोलिक रूपले पिछडिएका वर्ग तथा क्षेत्रलाई प्राथमिकतामा राखिनेछ । |
| १.२: पालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी रूपमा प्रवाह गर्न आवश्यक व्यवस्था गर्ने । | १. सेवा प्रवाहकोलागि आवश्यक नीतिगत र कानुनी आधार तयार गरी संस्थागत संरचनाको विकास गरिनेछ ।<br>२. सेवा प्रवाह सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड आदि जारी गरी कार्यान्वयन गरिनेछ ।<br>३. नागरिक समाज, निजी क्षेत्र र गैरसरकारी क्षेत्रसँग साझेदारी गरिनेछ । |

| | |
|---|---|
| **१.३ः** जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीको क्षमता विकास गर्ने । | १. जनप्रतिनिधि तथा कर्मचारीकोलागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. संघीयता कार्यान्वयन सम्बन्धी जनचेतना बृद्धि तालिम, गोष्ठी, सेमिनार आयोजना गरिनेछ । |
| **१.४ः** संघ तथा प्रदेश सरकारसँगको समन्वयलाई व्यवस्थित बनाई निरन्तर संवादको आधार तयार पार्ने । | १. माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयसँग दोहोरो संवादको प्रक्रियालाई व्यवस्थित गरिनेछ ।<br>२. योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा माथिल्ला तहका सरकार तथा सरकारी कार्यालयको परामर्श लिने पद्धतिको थालनी गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. जनचेतनामूलक तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन

२. स्थानीय राजनीतिक नेतृत्व, जनप्रतिनिधि तथा कर्मचारीकोलागि क्षमता विकासकालागि तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन

**अपेक्षित उपलब्धि**

आवश्यक कानुन, नीति, संस्थागत संरचना निर्माण भएको हुनेछ । जनताले सरल, सहज र छरितो सेवा प्राप्त गरेका हुनेछन् । जनप्रतिनिधि, पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि भएको हुनेछ ।

## ९.४ स्थानीय तहको सन्तुलित विकास

**पृष्ठभूमि**

सघं, प्रदेश र स्थानीय तह बीच प्राकृतिक स्रोतसाधन प्रतिको अधिकार र उपलब्ध स्रोत साधनको बाँडफाँट गर्दा विभिन्न तहहरूको सन्तुलित विकासको अवधारणालाई आत्मसात गरी उपलब्ध स्रोतसाधन र अवसरमा पहुँच सहित समन्यायिक विकास गर्नुपर्ने अवधारणा रहेको छ । लामो समयदेखि विकास निर्माणमा पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकासको मूल धारमा ल्याई समान रूपमा विकासको प्रतिफल उपलब्ध गराउने संघीयताको मूल ध्येय रहेको छ । नेपालको संविधानले यही अन्तरवस्तुलाई आत्मसात गर्दै विकासका दृष्टिले पछाडि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिदैं सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा पूर्वाधारको विकास गर्ने नीति लिएको छ ।

**प्रमुख समस्या**

भौगोलिक बिकटताले गर्दा सुनकोशीका केही बिकट वडाहरू गाउँपालिकाको विकासको मूल प्रवाहमा समाहित हुन नसक्नु तथा निर्माण तथा भौतिक पूर्वाधारहरू बजार केन्द्रित हुनु यहाँको सन्तुलित विकासकालागि मुख्य समस्याका रुपमा रहेका छन् ।

**चुनौती र अवसर**

दुर्गम वडाहरूमा पूर्वाधार विकासकालागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गर्नु । भौगोलिक कठिनाइ र बिकटताको कारण पूर्वाधार निर्माणमा कठिनाइ हुनु । संघीयता कार्यान्वयन र दीर्घकालीन विकासका नियमित कार्यक्रम र आयोजनाका बीच सामञ्जस्य कायम गरी स्रोतसाधनको सन्तुलित संयोजन कायम गर्नु । जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धन गरी सुशासन प्रवर्द्धन गर्नु ।

जनताको प्रत्यक्ष सहभागितामा स्थानीय योजना तर्जुमा हुनु । पिछडिएको क्षेत्र र वर्गलाई विशेष प्राथमिकता दिने नीतिगत व्यवस्था हुनु । गरिबी निवारण तथा रोजगारीकालागि विशेष कार्यक्रम सहित संस्थागत व्यवस्था हुनु । विकास कार्यक्रमको मागमा अत्यधिक बृद्धि हुनु ।

**दीर्घकालीन सोच**

"सुनकोशीको सन्तुलित विकासमा व्यवहारिक योजना तर्जुमा तथा कार्यान्वयन"

**लक्ष्य**

सन्तुलित विकासका माध्यमबाट जनताको जीवन स्तरमा सुधार गर्ने ।

**उद्देश्य**

१. बिकट र पिछडिएका वडा तथा बस्तीमा समन्यायिक विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५४: स्थानीय तहको सन्तुलित विकासका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: बिकट र पिछडिएका वडा तथा बस्तीमा समन्यायिक विकास गर्नु ।** | |
| **१.१:** स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सम्भाव्यताका आधारमा लगानी बृद्धि गरी सन्तुलित विकास गर्ने । | १. प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान गरी बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।<br>२. कृषि तथा गैरकृषि क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गरिनेछ ।<br>३. स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गरिनेछ । |

| | |
|---|---|
| | ४. स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र रोजगारी सिर्जना गरिनेछ । |
| **१.२ः** जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवाको पहुँच सहज बनाउने । | १. पछाडि परेका वा पारिएका क्षेत्र वा समुदाय लक्षित विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. पछाडि परेका क्षेत्र, सीमान्तकृत् व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणकोलागि सार्वजनिक निजी साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. खानेपानी, सरसफाइ लगायत भौतिक पूर्वाधार तथा उपभोग्य वस्तुको पहुँच सबै क्षेत्र र वर्गका जनतामा पुऱ्याउने व्यवस्था गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. स्थानीय रोजगारी प्रवर्द्धन र क्षमता विकासका कार्यक्रम सञ्चालन
२. खानेपानी, सरसफाइ लगायत भौतिक पूर्वाधारको निर्माण
३. व्यवहारिक योजनाको तर्जुमा र कार्यान्वयन
४. सार्वजनिक निजी साझेदारीमा विकासका कार्यक्रम

**अपेक्षित उपलब्धि**

पिछाडिएका वर्ग तथा क्षेत्र लक्षित कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएका हुनेछ । प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आयआर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ । पिछडिएका क्षेत्र र वर्ग पनि विकासको मूलधारमा समाहित भएका हुनेछन् ।

# परिच्छेद १० योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

## १०.१ योजना तर्जुमा र कार्यान्वयन

**पृष्ठभूमि**

पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य हासिल गर्न बाग्मती प्रदेश सरकारले निर्माण गर्ने लक्ष्यका साथ प्रदेशको प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरेको छ । योजनाबद्ध विकासकालागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ । त्यसैले सुनकोशी गाउँपालिकाले पनि पन्ध्रौं योजना तथा बाग्मती प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ती प्रदेशको योजना निर्माणलाई मार्गनिर्देश गर्न नीति तथा योजना आयोगले "बाग्मती प्रदेशको स्थिति पत्र, २०७६" प्रकाशमा ल्याइसकेको छ । स्थितिपत्रले सुझाएका विभिन्न सवालहरू र विभिन्न सरोकारवाला संघसंस्था तथा व्यक्तिहरूको सुझाव समेत समेटी प्रदेश सरकारको पहिलो पञ्चवर्षीय योजना प्रकाशनमा ल्याएको छ र सोहि आधारमा सुनकोशी गाउँपालिकाले आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र पालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

**प्रमुख समस्या**

राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगसँग नियमित रूपमा परामर्श गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु । योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु । पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु । कर्मचारीहरूको स्थायित्व नहुनु ।

**चुनौती र अवसर**

प्रथम पञ्चवर्षीय योजना, वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना बीचको सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनु । योजना निर्माणकोलागि आवश्यक विज्ञ जनशक्तिहरू पालिका स्तरमा नै उत्पादन गरी योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउनु । नियमित रूपमा विषयगत तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु । योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु ।

योजना तर्जुमाप्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु । राष्ट्रिय योजना आयोग तथा प्रादेशिक नीति तथा योजना आयोगको अनुभव योजना निर्माणमा उपयोग गर्न सक्ने सम्भावनाहरू रहनु । सुनकोशी पालिकाले पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रूपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउने कार्यको थालनी हुनु । राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय बृद्धि भई स्थानीय तहलाई सहजिकरण गर्ने वातारण बन्नु ।

**दीर्घकालीन सोच**

"स्थानीय आवश्यकताका आधारमा योजना निर्माण तथा प्राथमिकीकरण गर्ने पद्धतिको विकास"

**लक्ष्य**

परिणाममुखी योजना निर्माणको सुनकोशीलाई समृद्ध बनाउने ।

**उद्देश्य**

१. वैज्ञानिक तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु ।
२. योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५५: योजना तर्जुमा र कार्यान्वयनका रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु ।** | |
| **१.१:** तथ्यका आधारमा स्थानीय आवश्यकतालाई समेटेर परिणाममुखी नीति तथा योजना बनाउने । | १. योजना निर्माणलाई परिष्कृत र सहभागितामूलक बनाउन आवश्यकता र विशिष्टताको आधारमा विश्वविद्यालय, आन्तरिक तथा वाह्य विषयगत अध्ययन अनुसन्धान केन्द्र, विभिन्न संघसंस्था तथा विज्ञ व्यक्तित्वहरू र विकास साझेदारहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ ।<br>२. योजना निर्माणमा उपयोगी हुने तथ्याङ्कहरूको सूची तयार गरी अधिकतम प्रयोग गरिनेछ र उक्त तथ्याङ्क स्थानीय तह, योजनाकार वा सम्बन्धित निकायहरूलाई पनि उपलब्ध गराइनेछ ।<br>३. योजना निर्माणकोलागि राष्ट्रिय योजना आयोग र नेपाल सरकार अन्तर्गतका मन्त्रालय तथा विभागहरूसँग निरन्तर सहकार्य र समन्वय गरिनेछ ।<br>४. पालिकाको नीति तथा योजना उत्पादन, उत्पादकत्व र रोजगार बृद्धि गर्नतर्फ अग्रसर भएको हुनेछ ।<br>५. नीति तथा योजना निर्माणलाई सहयोगी हुने विषय तथा मुद्दाहरूमा राष्ट्रिय योजना आयोग, प्रादेशिक नीति तथा योजना आयोग, विकास साझेदार संघसंस्था, विश्वविद्यालयहरू र निजी संघसंस्थाहरूसँग सहकार्य गरी खोजमूलक अनुसन्धान गरिनेछ । |
| **उद्देश्य २: योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।** | |
| **२.१:** विषयगत समितिहरू बनाई तहगत सम्बन्ध तथा अन्तरसरकारी समन्वय कायम गर्ने । | १. योजना तर्जुमा तथा कार्यन्वयनकोलागि उच्चस्तरीय अन्तरनिकाय बीचमा समन्वय गरी आयोजना कार्यान्वयनमा सहजिकरण गरिनेछ ।<br>२. सुनकोशीको विकासलाई मध्य विन्दुमा राखी भौगोलिक र क्षेत्रगत सन्तुलन कायम हुने गरी आयोजनाको पहिचान, छनौट र कार्यान्वयनकोलागि व्यवस्था गरिनेछ ।<br>३. हरेक योजनाको समय तालिका, लागत, अध्ययन, स्थान, सहभागिता, स्रोत, गुणस्तर र परिणामको बारेमा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ ।<br>४. योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुधार तथा क्षमता र दक्षता अभिवृद्धि गरिनेछ ।<br>५. योजनाका हरेक चरणका कमजोरी र परिणामलाई यथार्थ विश्लेषण गरी सबै निकायसँग समन्वय र अन्तरसम्बन्ध स्थापना गरिनेछ । |
| **उद्देश्य ३: योजनाहरूको अनुगमन तथा मूल्याङ्कन संरचनाको विकास गर्नु ।** | |
| **३.१:** योजना अनुगमन निर्देशिका र सयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने । | १. विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि मूल्याङ्कन गराई सुझावहरूलाई योजना तर्जुमा गर्दा समावेश गरिनेछ ।<br>२. उपलब्धि मापनकोलागि परियोजनाको नतिजा सूचकसहितको प्रत्येक आयोजनाको नतिजा खाका तयार गरी कार्यान्वयन गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. योजनाको वर्गीकरण गर्न मापदण्डको व्यवस्था

२. अनुगमनको निर्देशिका निर्माण

३. आयोजनाको पहिचान, छनौट र कार्यान्वयन गर्ने उच्चस्तरीय संयन्त्र निर्माण

४. राष्ट्रिय योजना आयोग, प्रादेशिक नीति तथा योजना आयोग, विकास साझेदार संघ संस्था, र निजी संघ–संस्थाहरूसँग सहकार्य गरी अनुसन्धानमूलक कार्यक्रम

५. तोकिएका आयोजनाहरूको मूल्याङ्कनकोलागि आफै वा तेस्रो पक्षलाई समावेश गरी मूल्याङ्कन

६. योजना तर्जुमाका सबै चरणमा लाभग्राही र सरोकारवालाको सहभागितामा छलफल

**अपेक्षित उपलब्धि**

योजना तर्जुमा प्रणालीको संस्थागत विकास र नीतिगत व्यवस्था लागु हुनेछ । हरेक आयोजनाकोलागि अनुगमन तथा मूल्याङ्कन सूचकहरू बनेका हुनेछन् । सूचकहरूको आधारमा आयोजनाहरूको कार्यान्वयन गरिएको हुनेछ । विकासकोलागि छुट्याइएको बजेटको निश्चित प्रतिशत अध्ययन अनुसन्धानकालागि छुट्याइएको हुनेछ ।

## १०.२ आयोजना बैंक

<u>पृष्ठभूमि</u>

सुनकोशीको तिब्र आर्थिक विकास तथा सामाजिक रुपान्तरणकालागि आवश्यक आयोजनाहरूको पहिचान गर्दै तिनको प्राथमिकताक्रम निर्धारण गरी बीत्तीय अनुशासन कायम गर्न र लगानीका थप अवसर जुटाउन प्रारम्भ देखि नै आयोजना बैंकको अवधारणालाई आत्मसात गरी अघि बढ्ने अठोट गरिएको छ । स्थानीय माग र आवश्यकता अनुरूप आर्थिक रूपमा संभाव्य, सामाजिक सांस्कृतिक रूपमा ग्राह्य, वातावरणीय रूपमा अनुकुलित र व्यवस्थापकीय रूपमा कार्यान्वयन योग्य आयोजनाहरूको छनौट गर्न र कुशल कार्यान्वयन गरी अपेक्षित उपलब्धि हासिल गर्न सुनकोशी आयोजना बैंकको व्यवस्था गर्न आवश्यक छ ।

निश्चित मापदण्ड विना आयोजनाको पहिचान तथा छनोट गर्ने र आवश्यक पूर्वतयारी विना कार्यान्वयनमा लैजाने प्रायः योजनाहरू समस्याग्रस्त हुने गरेका छन् तसर्थ आयोजना बैंकको व्यवस्थाबाट रणनैतिक आयोजनाहरूको पहिचान र छनौट गर्न, आयोजनाहरूका निर्धारित लक्ष्यहरू तोकिएको गुणस्तर, लागत र समयावधि भित्र सम्पन्न गरी लगानीको उच्चतम प्रतिफल प्राप्त गर्न आयजना बैंक महत्त्वपूर्ण माध्यम हुनेछ । आवश्यकता, लागत र मुनाफा हेरेर आयोजनाको प्राथमिकीकरण गर्नु पर्नेमा राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा आयोजना सिफारिस गर्ने वा गर्न लगाउने र सोही अनुसार बजेट विनियोजन गर्दा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ । यसर्थ द्रुत र दिगो सामाजिक आर्थिक विकासकोलागि लगानी र लाभको विश्लेशण गरी आयोजना बैंक बनाउने र आयोजनाहरूको प्राथमिकीकरण गरी वित्तीय स्रोत साधनको व्यवस्था र योजनाबद्ध कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ ।

<u>प्रमुख समस्या</u>

पूर्वतयारी र विश्लेषण विना आयोजनाहरूको छनोट गरी कार्यान्वयन गर्ने परिपाटीले निरन्तरता पाउनु । आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैंक बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु । संस्थागत संरचना र पर्याप्त जनशक्ति नहुँदा आयोजना बैंक बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु । अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा अन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाइहरू हुनु ।

<u>चुनौती र अवसर</u>

संघीय तथा प्रदेश सरकारसँग तादत्म्यता हुने गरी आयोजनाहरूको बैंक तयार पार्नु । आयोजना बैंक बनाउनकोलागि संस्थागत संरचना निर्माण गर्नु । लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास गर्न सरकारले कार्यान्वयनमा ल्याउने आयोजनाहरूको आयोजना बैंक बनाउनु । सरकारी स्रोतले मात्र विकास गर्न नसकिने पालिकाका गौरवका आयोजनाहरूको विकासकोलागि निजी क्षेत्र तथा वैदेशिक लगानीकर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैंक बनाउनु । आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक बनाउनु ।

सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैंक बनाउने अभ्यास प्रारम्भ गर्नु । आयोजना बैंक बनाउने कार्यलाई प्राथमिकतामा राखु । आयोजना बैंक बनाएर मात्र बजेट विनियोजन योजना तर्जुमालाई भरपर्दो बनाउन आयोजनाको सूची तयार गर्ने अभ्यासहरूको प्रारम्भ हुनु ।

<u>दीर्घकालीन सोच</u>

"आयोजना बैंक मार्फत सुनकोशीको रणनैतिक आयोजनाहरूको पहिचान र छनौट"

<u>लक्ष्य</u>

आयोजनाहरूका निर्धारित लक्ष्यहरू तोकिएको गुणस्तर, लागत र समयावधि भित्र सम्पन्न गरी लगानीको उच्चतम प्रतिफल प्राप्त गर्ने ।

<u>उद्देश्य</u>

१. सुनकोशीको तिब्र विकासकालागि आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु ।

२. आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्नु ।
३. वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढङ्गबाट परिचालन गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५६: आयोजना बैंकका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: सुनकोशीको तिव्र विकासकालागि आयोजना बैंक बनाउने आधारशीला निर्माण गर्नु ।** | |
| **१.१:** आयोजना बैंक निर्माणको आधार तयार गर्ने । | १. आयोजना बैंक निर्माणकोलागि आवश्यक संस्थागत संरचनाको निर्माण गरिनेछ ।<br>२. आयोजना बैंक निर्माणकोलागि आवश्यक नीति, नियम, निर्देशिका तयार पारिनेछ ।<br>३. आयोजना बैंकमा भएका आयोजनाहरूलाई पारदर्शी र यथार्थपरक ढङ्गबाट अभिलेख राख्न र छनौट गरिनेछ ।<br>४. आयोजना छनौट गर्न सम्भाव्यता अध्ययन गरिनेछ । |
| **उद्देश्य २: आयोजना कार्यान्वयन मोडालिटी पहिचान गरी सिफारिस गर्नु ।** | |
| **२.१:** कार्यान्वयन मोडालिटीकोलागि आवश्यक नीति नियम बनाई नियमन गर्ने । | १. परियोजना कार्यान्वयनकोलागि आवश्यक नीति नियम तयार पारी लागु गरिनेछ ।<br>२. आयोजना बैंकलाई व्यवस्थित गर्नकोलागि आवश्यक सफ्टवेयरको विकास गरी विद्युतीय प्रणालीमा आवद्ध गराइने छ । गरिनेछ । |
| **उद्देश्य ३: वित्तीय स्रोतको पहिचान गरी प्रभावकारी ढङ्गबाट परिचालन गर्नु ।** | |
| **३.१:** संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक वित्तीय स्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने । | १. आयोजना बैंकमा आबद्ध भएका आयोजना सञ्चालन गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक र वैदेशिक लगानीको सम्भावनाहरू पहिचान गरी वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ ।<br>२. आयोजनाहरूको प्रथामिकताको आधारमा आयोजना छनौट गरी मध्यमकालीन खर्च संरचनामा समावेश गरिनेछ ।<br>३. वित्तीय सुधारकालागि राजस्व सुधार कार्य योजना तर्जुमा गरी लागु गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. आयोजना बैंक निर्माणकालागि आवश्यक नीति, नियम, निर्देशिका तर्जुमा
२. सम्भाव्यता अध्ययन गरी आयोजना बैंक तर्जुमा
३. छनौटमा परेका आयोजनालाई आवश्यक बजेट विनियोजन गर्ने र मध्यमकालीन खर्च संरचनामा समावेश गर्ने व्यवस्था
४. आयोजनाको पहिचान, वर्गीकरण, प्राथमिकीकरण, छनौट र मूल्याङ्कनको मापदण्ड तर्जुमा
५. आयोजना बैंकलाई विद्युतीय प्रणालीमा अभिलेख राख्न कर्मचारीको दक्षता अभिवृद्धि
६. राजस्व सुधार कार्य योजना तर्जुमा

**अपेक्षित उपलब्धि**

बजेट विनियोजन पारदर्शी, समतामूलक र वैज्ञानिक भएको हुनेछ । विकासका आयोजनाहरू आयोजना बैंकमा आवद्ध गरी सञ्चालन भएको हुनेछ । आयोजनाहरूको प्राथमिकीकरण र छनौट अध्ययन अनुसन्धान र मापदण्डको आधारमा भएका हुनेछन् ।

## १०.३ योजना कार्यान्वयन गर्न अन्तरसरकार समन्वय

**पृष्ठभूमि**

समृद्ध सुनकोशी निर्माण गर्न बनेका योजनाहरूको सफल कार्यान्वयनकालागि तीन तहका सरकारहरू बीच मात्र नभई पालिका भित्रैका सबै वडा कार्यालयहरू तथा विभिन्न सरकारी कार्यालयहरू बीच समन्वय एवम् सहकार्य अत्यावस्यक हुन्छ । नेपालको संविधानको धारा २३२ मा तीन तहका सरकारहरूको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने उल्लेख गरेको छ । त्यसैगरी अनुसूची ५ मा नेपाल सरकारले सम्पादन गर्ने एकल अधिकार क्षेत्र भित्रका कार्यहरू, अनुसूची ६ मा प्रदेश सरकारले सम्पादन गर्ने कार्यहरू, अनुसूची ७ मा संघ र प्रदेशले साझा रूपमा सम्पादन गर्ने कार्यहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्र भित्रका कार्यहरू र अनुसूची ९ मा तीन तहका सरकारले सम्पादन गर्ने साझा अधिकारका कार्यहरू उल्लेख गरिएको छ । देशमा संघीयताको अभ्यास प्रारम्भ भए पश्चात् तीन तहमा (संघ, प्रदेश र स्थानीय तह) सरकार गठन भई क्रियाशील भएका छन् । तीन तहका सरकारले कार्यान्वयन गर्ने एकल अधिकार क्षेत्रका कार्यहरूमा प्रष्टता भए तापनि साझा अधिकार भित्रका कार्यहरू कार्यान्वयन गर्ने कार्यहरूमा प्रष्टता आएको छैन । तसर्थ तीन तहका सरकारले प्रभावकारी काम सम्पादन गर्न आपसी सामन्जस्य, समन्वय र सहकार्य आवश्यक पर्दछ । प्रष्टता नभएका कार्यहरू आपसी सहकार्य र समन्वयमा सम्पादन गरी जनतालाई सरकारको उपस्थिति र अनुभूति गराउन सकिन्छ ।

**प्रमुख समस्या**

स्थानीय तहका क्षेत्राधिकारहरू मोटामोटी रूपमा मात्र उल्लेख गरिएको र तोकेर नछुट्याइएको हुँदा कार्य सम्पादन गर्न केही अस्पष्टताहरू रहेको । कार्य विस्तृतीकरणमा केही व्याख्या गरिएको भए तापनि व्याख्या नभएका कैयौं सबालहरू रहेको । कार्यान्वयन चरणमा ती कार्यहरू दोहोरिने, एक अर्काको क्षेत्र अतिक्रमण हुने । तीन तहका सरकारले कार्यन्वयन गर्ने आयोजनाहरूको हालसम्म वर्गीकरण नभएको । योजना तर्जुमा तथा कार्यान्वयनमा थप समस्या पैदा गरेको ।

**चुनौती र अवसर**

तीन तहका सरकारले कार्यान्वयन गर्ने आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता गर्नु । प्राथमिकतामा परेका आयोजनाहरू कार्यान्वयनकोलागि स्रोत व्यवस्थापन गर्नु । आयोजना कार्यान्वनमा प्रभावकरिता ल्याउनु ।

आयोजनाहरूको वर्गीकरण गरी कार्य प्रष्टता ल्याउन आयोजना वर्गीकरण सम्बन्धी छलफलले नीति निर्माताको ध्यान आकर्षण गर्नु । संघीयता कार्यान्वयनकोलागि कार्यतालिका निर्माण हुनु ।

**दीर्घकालीन सोच**

"सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग सहअस्तित्व सहितको सहकार्य"

**लक्ष्य**

सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा समृद्धि हासिल गर्ने ।

**उद्देश्य**

१. आयोजना पहिचान, बजेट विनियोजन तथा निर्माणमा सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग समन्वय एवम् सहकार्य गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५७: योजना कार्यान्वयन गर्न अन्तरसरकार समन्वयका रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: आयोजना पहिचान, बजेट विनियोजन तथा निर्माणमा सबै तहका सरोकारवाला सरकारहरू तथा सरकारी निकायसँग समन्वय एवम् सहकार्य गर्नु ।** | |

| | |
|---|---|
| **१.१:** तीन तहका सरकारको कार्यक्षेत्र र क्षेत्राधिकार प्रष्ट गर्न आयोजनाहरूको वर्गीकरण गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने । | १. ठूला र रणनीतिक आयोजनाहरूकोलागि आवश्यक स्रोत बहुपक्षीय समन्वय र सहकार्य मार्फत् व्यवस्था गरिनेछ ।<br>२. रणनीतिक महत्त्वका ठूला आयोजनाहरू संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा पहिचान, विकास र कार्यान्वयन गरिनेछ ।<br>३. जनतामा सेवाप्रवाह गर्ने साना आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन गर्न स्थानीय सरोकारवालाहरूसँग सहकार्य गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. आयोजनाहरूको पहिचान, विकास र कार्यान्वयन
२. ठुला आयोजनाहरूको कार्यन्वयन समयन्वय सहजिकरण
३. योजना तर्जुमा गर्न विज्ञहरूको प्राविधिक सहयोग

**अपेक्षित उपलब्धि**

संघीय तथा प्रदेश सरकारवाट राजस्वको बाँडफाँड, समपूरक, ससर्त र विशेष अनुदान आवश्यकता अनुसार समयमै प्राप्त हुनेछ । ठुला रणनीतिक आयोजनाहरूको विस्तृत अध्ययन गर्ने र कार्यान्वयनकोलागि आवश्यक स्रोतको व्यवस्था हुनेछ ।

## १०.४ अनुगमन तथा मूल्याङ्कन

**पृष्ठभूमि**

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणकालागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिंडाउनु हो ।

**प्रमुख समस्या**

कर्मचारीहरूको स्थायित्व नहुनु, आवश्यक तथ्याङ्क र सूचनाहरू उपलव्ध र व्यवस्थित नहुनु । सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, संस्थागत संरचनाहरू व्यवस्थित नहुनु । पर्याप्त जनशक्ति र भौतिक संरचना नहुनु ।

**चुनौती र अवसर**

सफलतापूर्वक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु । अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु । नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्नु ।

अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारण बन्नु । अनुगमन तथा मूल्याङ्कन कार्यकोलागि संगठन संरचना निर्माण गर्दा महत्त्व दिनु ।

**दीर्घकालीन सोच**

"प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणलीको विकास"

**लक्ष्य**

नतिजामूखी अनुगमन तथा मूल्याङ्कन प्रणलीलाई विकास निर्माण तथा व्यवस्थापनमा संस्थागत एवम् स्थापित गर्ने

**उद्देश्य**

१. योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।
२. अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५८: अनुगमन तथा मूल्याङ्कनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।** | |
| **१.१:** जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | १. अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने सबै जनशक्तिलाई बलियो साझेदारीको निर्माण, M&E Matrix, Project Performance Information System (PPIS) Software, M&E data को प्रयोग, अभिलेख व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ । |
| **१.२:** अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई तहगत रूपमा अनुगमन संयन्त्र विकास गर्ने । | १. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको प्रयोगबारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. हरेक वडाले महिनाको एकपटक र कार्यपालिकाले चौमासिक रूपमा कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रगति अनुगमन गर्ने व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| **१.३:** आयोजनाहरूको हरेक पक्षलाई आधार मानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने । | १. सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेज र अन्तर्राष्ट्रिय प्रतिवद्धताको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।<br>२. हरेक आयोजनाको समयमा अनुगमन तथा मूल्याङ्कन विश्लेषणको आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ । |
| **उद्देश्य २: अनुगमन तथा मूल्याङ्कन संरचनाको निर्माण तथा नीतिगत व्यवस्था गर्नु ।** | |
| **२.१:** अनुगमन तथा मूल्याङ्कनकोलागि स्पस्ट नीति बनाई लागु गर्ने । | १. अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन पुनरावलोकन गरी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गरिनेछ । |
| **२.२:** अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १. आयोजनागत अनुगमन तथा मूल्याङ्कन शाखालाई प्रभावकारी बनाइनेछ । |
| **२.३:** योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने । | १. दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिलाई अनुगमन तथा मूल्याङ्कनमा एकीकृत गरिनेछ । |

**प्रमुख कार्यक्रम**

१. आयोजनाहरूको आवश्यक अनुगमन र मूल्याङ्कन
२. निर्देशिका तथा अन्य सामग्रीको विकास
३. अनुगमन तथा मूल्याङ्कन मापदण्ड बनाई कार्यान्वयन
४. अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा
५. सूचकहरूको निर्माण

**अपेक्षित उपलब्धि**

आयोजना अनुगमन र मूल्याङ्कनकोलागि छुट्टाछुटै निर्देशिका बनेको हुनेछ । हरेको आयोजनाकोलागि अनुगमन तथा मूल्याङ्कनका सूचकहरू बनेका हुनेछन् । सूचकहरूको आधारमा आयोजनाहरूको मूल्याङ्कन गरिएको हुनेछ । विकासकोलागि छुट्याइएको बजेटको निश्चित प्रतिशत अनुगमन तथा मूल्याङ्कनकोलागि छुट्याइएको हुनेछ । अनुगमन तथा मूल्याङ्कनबाट निस्केका परिणामहरू र सिफारिसहरूलाई योजना तर्जुमा समावेश गरिएको हुनेछ ।

## १०.५ अनुसन्धान तथा विकास

**पृष्ठभूमि**

आजको समयमा अनुसन्धान तथा विकासको महत्वपूण भूमिका रहेको छ ।वैज्ञानिक अध्ययन तथा अनुसन्धानले देशलाइ अगाडी लगिरहेको छ ।राज्यको नीति मा नै यो कुरालाइ प्राथमिकताकोसाथ राखिएको छ ।अहिले मुलुक संघियतामा गएकोले स्थनिय तहमा समेत अनुसन्धान तथा विकासकोलागी योजना सहित काम गरिनु पर्ने अबस्था छ । स्थानीय स्तरमा रहेका प्रतिभावान ब्याक्तित्वहरूबाट समेत यस्ता कार्यहरूमा योगदान पुग्न सक्दछ । हाल सम्म पहिचान नभएका श्रोत , साधन पहिचान गर्न , उययोग गर्न अनुसन्धान तथा विकासको ठूलो भूमिका रहन्छ ।

**प्रमुख समस्या**

अनुसन्धानक एवं अन्वेषणका क्षेत्रहरू धेरै हुदाँ हुदै पनि मानव श्रोत, साधन र बजेटको अभावमा क्षेत्रहरू विशेष गरी पर्यटन, वन, कृषि तथा पशुपालनमा स्थानीय तहमा गरिनु पर्ने कार्यहरू हुन सकेका छैनन ।सुनकोशी नदी, रोशी नदि जस्ता क्षेत्रहरूमा गरिनु पर्ने माछा पालन,उच्च क्षेत्रमा हुने फलफूल र खेतीपातीको उत्पादकत्व बढाउन गरिने अनुसन्धान यसका प्रमुख क्षेत्रहरू हुन् ।

**चुनौती र अवसर**

अनुसन्धान तथा विकासलाई गाउँपालीकाको नीति तथा आयोजानमा अभिन्न अंगको रुपमा आत्मसाथ गर्नु, यथार्थ परक र शादर्भिक सूचना तथा बिबरणहरुको अभिलेखिकरण गर्नु तथा अनुसन्धान र विकासको कार्यलाई संस्थागत गर्नु आदि चुनौतीहरू हुन् ।

अनुसन्धानबाट आएका उपलब्धीहरुलाई स्थानीय तहका अलवा राष्टिय स्तरमा नै उपयोग गर्न पाइने तथा बिज्ञान तथा प्रबिधिको सही उपयोगबाट सर्बसाधाण समेत थप लाभन्धित हुने अवसर प्राप्त हुनेछन् ।

**दीर्घकालीन सोच**

"तथ्य र ज्ञानमा आधारित योजना मार्फत नमुना पालिकाको निर्माण"

**लक्ष्य**

अनुसन्धान तथा विकासलाई सिर्जनशिल ज्ञानको भण्डारको रुपमा विकास गर्ने ।

**उद्देश्य**

१. अनुसन्धानबाट आएका उपलब्धीहरुलाई स्थानीय तहका अलवा राष्ट्रिय स्तरमा नै उपयोग गर्नु ।
२. अनुसन्धान तथा विकासको माध्यमबाट भविष्यको लागि ज्ञानमा आधारित सिर्जनशिल नागरिक तयार गर्नु ।

**रणनीति तथा कार्यनीति**

तालिका ५९: अनुसन्धान तथा विकासका रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: अनुसन्धानबाट आएका उपलब्धीहरुलाई स्थानीय तहका अलवा राष्ट्रिय स्तरमा नै उपयोग गर्नु ।** | |
| १.१: अनुसन्धान गर्नसक्ने ब्यक्तीहरूको पहिचान गरि उनीहरूको रोस्टर तयार गर्ने र सेही अनुरूपका क्षेत्रहरूमा अनुसन्धान कार्य शूरू गर्ने । | १. सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. अनुसन्धान कार्य सञ्चालन गरिनेछ । |
| १.२: शक्षिक प्रणालीलाई व्यवहारिक प्रयोगात्मक र अनुसन्धानमूलक बनाउने । | १. शैक्षिक संस्थाहरुमा सोही अनुरुपको लगानी र बजेट पालिकाले व्यवस्था गरिनेछ ।<br>२. अनुसन्धान तथा खोज कार्यलाई निरन्तरता दिइनेछ । |
| **उद्देश्य २: अनुसन्धान तथा विकासको माध्यमबाट भविष्यको लागि ज्ञानमा आधारित सिर्जनशिल नागरिक तयार गर्नु ।** | |

| | |
|---|---|
| २.१ः अनुसन्धानबाट आएका प्रतिवेदनहरुलाई कार्यन्वयन गर्ने । | १. अनुसन्धानले ब्यक्तिको क्षमता अभिबृद्धी गरिरहेको हुन्छ, त्यसमा श्रम र लगानी दुबै लागेकोले त्यसको सही सदुपयोग गरिनेछ ।<br>२. उपयोगी हुने अनुसन्धान अन्य स्थानीय तहहरुसंग समेत समन्वय गरेर लागु गराइनेछ । |

**प्रमुख कार्यक्रम**

१. जुनार र अन्य फलफूलहरुको अनुसन्धनात्मक कार्य
२. सिताके च्याउको उन्नतजात बाट उत्पादन गर्ने कार्य
३. माछा पालनको लागि गरिने अनुसन्धानात्क कार्य
४. जंगलका जडिबुटीको खोज र उपयोग बारे अनुसन्धानात्मक कार्य

**अपेक्षित उपलब्धि**

अध्ययन, अनुसन्धान तथा विकासमा पालिका एवम् पालिकाको समन्वयमा सार्वजनिक क्षेत्रको समेत लगानी बढ्नेछ । तथ्यमा आधारित र नतीजा मूलक अनुसन्धानको उपयोगबाट बिबिध क्षेत्रको उत्पादकत्व बढ्ने छ ।

# परिच्छेद ११ कार्यक्रम खाका

तालिका ६०: सुनकोशी गाउँपालिकाको समग्र विकास योजना/कार्यक्रम खाका

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौ आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सुनकोशीका गौरवका आयोजनाहरू** | | | | | | | | | | | | | | |
| १ | **११७५ मेगा वाटको सुनकोशी-२ जलविद्युत आयोजना** (सुनकोशीमा बन्न लागेको यो आयोजनाको बजेटलाई आवधिक योजनाको बजेटमा राखिएको छैन । १.५ खर्ब भन्दा बढीको आयोजना) | मेगावाट | | | | | | | | | | | | | १५०००००० |
| २ | कुशेश्वर मन्दिर देखि वि.पी. पार्क सम्म केवल कारको निर्माण (लगभग १ अरब खर्च हुने यो आयोजनाको गा.पा., सहकारी, नीजि क्षेत्रको सामुहिक लगानीमा बनाउने गा.पा.को दीर्घकालीन योजना हो) | कि.मि. | | | | | | | | | | | | | ९९७१५९ |
| ३ | महाभारत कृषि सडकः चालिसे- बन्दीपुर-कोटगाउँ-डाँगी काफ्ले चौर | कि.मी. | २ | ५ | ५०००० | ५ | ५०००० | २० | २००००० | १० | १००००० | १० | १००००० | ५० | ५००००० |
| ४ | फापरचुली पर्यटन प्रवर्द्धनः वन्दिपुर-वस्तीपुर-अमले पैदल मार्ग (३० कि.मि.); होम स्टे, मठ-मन्दिर, शौचालयको व्यवस्था | एकमुष्ट | | | १००० | | २००० | | ४००० | | ४००० | | ४००० | | १५००० |
| ५ | वार्ड न. १ दुम्जामा कोशी/रोसी बाट लिफ्ट सिंचाई | रोपनी | ६०० | ४०० | ३००० | ४०० | ३००० | ४०० | ३००० | ४०० | ३००० | ४०० | ३००० | २००० | १५००० |
| ६ | वार्ड न. ४ दुम्सी ढाँडमा ड्याम निर्माणः माछा पालन, कृतिम झर्ना निर्माण, सिंचाइ तथा जलविद्युत उत्पादन | एकमुष्ट | | | १५०० | | २५०० | | ३५०० | | ५००० | | ५००० | ० | १७५०० |
| ७ | तटबन्ध निर्माणः देवीस्थान-नेपालथोक-कोशी धमिले खोला- जोतुआपबोट- कोशी-भोर्लुनी खोला दोभान | कि.मी. | ०.३ | ०.१ | ५०० | ०.२ | २००० | ०.३ | २५०० | ०.३ | ३००० | ०.२ | २००० | १ | १०००० |

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौं आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | मरिण-थुम्का पर्यटन प्रवर्द्धनः कालिमाटी र सानो न्युपाने डाँडा (वार्ड न. ३ र ४) जोड्ने बाटो बनाई सातदोबाटो मरिण-थुम्कामा बैशाखे पुर्णिमा, भदौरे पुर्णिमा तथा कार्तिक पुर्णिमामा लाग्ने मेला लाई प्रचार प्रसार तथा व्यवस्थापन | एकमुष्ट | | | ५०० | | २५०० | | १००० | | २००० | | १००० | ० | ७००० |
| | **आर्थिक विकास क्षेत्र** | | | | | | | | | | | | | ० | ० |
| १० | **कृषि र पशुपन्छी विकास** | | | | | | | | | | | | | ० | ० |
| ११ | अदुवा प्रवर्द्धन कार्यक्रम तथा तोरी पकेट क्षेत्र कार्यक्रम (वार्ड न. १, ३, र ४ - दुम्जा, रातामाटा, कालिमाटी र कोटगाउँ) | संख्या | | १ | ५०० | २ | १००० | १ | ५०० | २ | १००० | १ | १००० | ७ | ४००० |
| १२ | फूलको पकेट क्षेत्र प्रवर्द्धन र विकास कार्यक्रम | संख्या | | २ | २०० | १ | १०० | ३ | ३०० | २ | २०० | १ | १०० | ९ | ९०० |
| १३ | जुनार तथा अन्य अमिलो जातका फलफुलहरूको पकेट क्षेत्र विकास कार्यक्रम | संख्या | ४ | २ | ६०० | १ | ३०० | ३ | ९०० | २ | ६०० | १ | ३०० | ९ | २७०० |
| १४ | आलु पकेट क्षेत्र विकास र विस्तार कार्यक्रम | रोपनी | ८००० | २००० | १००० | २००० | १२०० | २००० | १५०० | २००० | १५०० | २००० | १५०० | १०००० | ६७०० |
| १५ | टनेल निर्माण (१००० वटा) | संख्या | ५० | १००० | १००० | १५०० | १५०० | २००० | २००० | २५०० | २५०० | ३००० | ३००० | १०००० | १०००० |
| १६ | खाद्यान्न तथा तरकारी बिजबृद्धी कार्यक्रम | संख्या | ३ | २ | १००० | २ | १००० | १ | ५०० | ३ | १५०० | २ | १००० | १० | ५००० |
| १७ | आलु खेतीको अनुसन्धान कार्यक्रम (दुम्जा, वडा नं ३ को सबै भाग , बन्दीपुर, खाल्टे, डुडेडामटारी, तीनखोप्टे) | संख्या | ० | १ | १००० | | | | | | | | | १ | १००० |
| १८ | एक वडा एक कृषि प्राविधिक | संख्या | ३ | १ | ३०० | २ | ६०० | १ | ३०० | | | | | ४ | १२०० |
| १९ | कृषि एम्बुलेन्स (४ वटा) | संख्या | ० | १ | २५०० | १ | २५०० | १ | २५०० | १ | २५०० | | | ४ | १०००० |
| २० | महिला समुहमा आधारित कृषि सहकारी स्थापना | संख्या | २ | १ | १०० | १ | १०० | २ | २०० | १ | १०० | २ | २०० | ७ | ७०० |
| २१ | कृषि उत्पादन समूह स्थापना | संख्या | २ | १ | ५० | ३ | १५० | २ | १०० | ४ | २०० | ४ | २०० | १४ | ७०० |

| क.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौ आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२ | कृषि यान्त्रिकरण कार्यक्रम कृषिमा यान्त्रीकरण थ्रेसर, हाते टयाक्टर हरेक वडामा १० वटाको दरले ७० वटा | संख्या | ५ | १५ | ७५० | १५ | ७५० | १५ | ७५० | १५ | ७५० | ५ | ३५० | ६५ | ३३५० |
| २३ | शित भण्डार निर्माण (२ वटा - ५०० मे.ट. क्षमता) | संख्या | ० | ० | ० | १ | ५००० | | | | | १ | ६००० | २ | ११००० |
| २४ | व्यवसायिक तरकारी उत्पादन पकेट विकास कार्यक्रम | रोपनी | २००० | १००० | ५०० | २००० | १००० | २००० | १००० | ३००० | १५०० | २००० | १००० | १०००० | ५००० |
| २५ | कृषि प्राविधिक शिक्षालय स्थापना (१ वटा) | संख्या | ० | ० | ० | १ | १५००० | | | | | | | १ | १५००० |
| २६ | उन्नत जातको घाँस उत्पादन प्रवर्द्धन कार्यक्रम (इपिल, जय घाँस, नेपियर, किमु जस्ता घाँसको प्रजातिहरू उत्पादनको लागि मानव संसाधन र प्राविधिक पूर्वाधारको विकास) | रोपनी | ५० | २० | १०० | १०० | ५०० | १०० | ५०० | २०० | १००० | २०० | १००० | ६२० | ३१०० |
| २७ | दूध सङ्कलन केन्द्र स्थापना | संख्या | ५ | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | ५ | २५०० |
| | फलफुल केरा, नासपती, सुन्तला,लिची, आँप प्रवर्द्धन कार्यक्रम (वडा नं १मा केरा खेती, वडा नं २, वडा नं ५ सिउरानी ,सिम्ले क्षेत्रमा जुनार र सुन्तलाको पकेट क्षेत्र, रातोडाँडा, सल्लेनी गोडधुम, मथिल्लो चैनपुरमा जुनार, वडा नं ७ को नाघी चालिसे क्षेत्रलाई किवी, अलैंची, पकेट क्षेत्रको रूपमा विकास गर्ने) | रोपनी | ५००० | २००० | २००० | १००० | १००० | २००० | २००० | २००० | २००० | १००० | १००० | ८००० | ८००० |
| | ३ बहुउद्येश्यीय कृषि नर्सरी स्थापना र सञ्चालन गर्ने | संख्या | ० | ० | ० | १ | ५०० | १ | ५०० | ० | ० | १ | ५०० | ३ | १५०० |
| २८ | मौरीपालन पकेट क्षेत्र (वडा नं. ३, ५ र ७) | के.जी | २००० | ४०० | १०० | ५०० | १२० | ६०० | २०० | ८०० | ३०० | १००० | ५०० | ३३०० | १२२० |
| २९ | व्यवसायिक माछा पालन प्रवर्द्धन कार्यक्रम | रोपनी | १०० | ५० | १००० | १०० | २००० | २०० | ३००० | १०० | २००० | १०० | २००० | ५५० | १०००० |
| | पशु विकास रणानीति तर्जूमा | संख्या | ० | १ | ५०० | | | | | | | | | १ | ५०० |

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौं आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | पशु एम्बुलेन्स (२ वटा) | संख्या | ० | ० | ० | १ | २५०० | ० | ० | १ | २५०० | ० | ० | २ | ५००० |
| ३१ | बाखा पालन पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम | वटा | ० | २ | ४०० | ३ | ६०० | ५ | १००० | २ | ४०० | ३ | ६०० | १५ | ३००० |
| ३२ | कुखुरा फर्म प्रवर्द्धन कार्यक्रम | वटा | ४ | ४ | ४०० | ५ | ५०० | १० | १००० | १० | १००० | ३ | ६०० | ३२ | ३५०० |
| ३३ | खोर तथा गोठ सुधार कार्यक्रम | वटा | १०० | ७ | ३५० | ७ | ३५० | ७ | ३५० | ७ | ३५० | ७ | ३५० | ३५ | २४५० |
| ३४ | भैंसी पालन पकेट क्षेत्र कार्यक्रम | एकमुष्ट | | | ५०० | | १००० | | २००० | | १००० | | १००० | | ५५०० |
| ३६ | नश्ल सुधार कार्यक्रम | एकमुष्ट | | | ५०० | | ५०० | | १००० | | १००० | | २००० | | ५००० |
| ३८ | पशु बिमा कार्यक्रम / परिवार | संख्या | १०० | १५० | १०० | ३०० | २०० | ३०० | २०० | ३०० | २०० | १०० | ५० | ११५० | ७५० |
| ३९ | **पर्यटन विकास** | | | | | | | | | | | | | ० | ० |
| | पर्यटन गुरूयोजना | संख्या | ० | १ | ५०० | | | | | | | | | १ | ५०० |
| | पर्यटकीय पदमार्ग विकास कार्यक्रम (फापरचुली तामाङ वस्ती, कुशेश्वर बाट खुर्कोट सम्म Rafting सञ्चालन, होमस्टे, पर्यटन सुचना केन्द्रहरू पर्यटन सेवा क्षमता विकास कार्यक्रम) | एकमुष्ट | ० | | ५०० | | ७०० | | १००० | | ५०० | | १००० | ० | ३७०० |
| ४० | धार्मिक, साँस्कृतिक एवं पुरातात्विक सम्पदाको संरक्षण | संख्या | २ | २ | ५०० | ३ | ४०० | ४ | ५०० | २ | ४०० | ३ | ७०० | १४ | २५०० |
| ४१ | सुनकोशी जलविहार क्षेत्र एवं अन्य साहसिक खेल क्षेत्रको प्रवर्द्धन कार्यक्रमको सम्भाव्यता अध्ययन | संख्या | | | | १ | १५०० | | | | | | | १ | १५०० |
| ४२ | होमस्टेको व्यवस्थापन तथा प्रवर्द्धन | एकमुष्ट | | | ५०० | | ५०० | | ५०० | | ५०० | | ५०० | | २५०० |
| ४६ | **लघु उद्यमशिलता विकास र स्व–व्यवसाय प्रवर्धन** | | | | | | | | | | | | | ० | ० |
| ४७ | टपरी उद्योग, माछापालन, फाइवर झोला, खानेपानी र सावुन, ढाका, सिस्नु धुलो प्रसोधन | एकमुष्ट | | | १०००० | | १०००० | | १०००० | | ५००० | | ५००० | | ४०००० |

| क्र.सं. | | एकाइ | आ.व. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौ आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि, जडीबुटी, प्रसोधन उद्योग स्थापना र सञ्चालन | संख्या | | | | १ | १००० | १ | १००० | १ | १००० | १ | १००० | ४ | ४००० |
| | उद्यमी स्तरोन्नति कार्यक्रम | संख्या | ० | ० | ० | ५ | १०० | ५ | १०० | ५ | १०० | १० | ४०० | २५ | ७०० |
| | परम्परा पेशालाई आधुनिकिकरण कार्यक्रम (आरन थाप्ने, औजार बनाउने बेत बाँस छाला जुत्ता) | संख्या | ० | ५ | २०० | ५ | २०० | ५ | २०० | ५ | २०० | ५ | २०० | २५ | १००० |
| ४८ | स्थानीय बजारको माग र आपूर्तिको आधारमा व्यवसाय सञ्चालनमा सहजिकरण तालिम कार्यक्रम | संख्या | १ | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | ५०० |
| ४९ | प्रविधि तथा सिप हस्तान्तरण र सबलीकरण कार्यक्रम | पटक | ० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | ५०० |
| ५० | लगानी स्रोत सम्मको पहुँच स्थापित गर्न सहजिकरण कार्यक्रम | पटक | २ | २ | १०० | २ | १०० | २ | १०० | १ | ५० | २ | १०० | ९ | ४५० |
| ५१ | **वित्तिय संस्था र सहकारी क्षेत्र परिचालन** | | | | | | | | | | | | | ० | ० |
| ५२ | हरेक बस्ती तथा टोलमा महिला आत्मनिर्भर समूहहरूको गठन र परिचालन | संख्या | १० | ५ | १०० | ५ | १०० | ५ | १०० | ५ | १०० | ५ | १०० | २५ | ५०० |
| ५३ | विप्रेषण पुँजी परिचालन कार्यक्रम (बैदेशिक रेजगारबाट फर्किएका वा परिवारलाई लक्षित, कृषि, पशुपालन, पर्यटन, बेरोजगार उद्यमशिलता विकास कार्यक्रम) | संख्या/ पटक | ० | २ | १०० | ३ | ३०० | ५ | ४०० | ३ | ३०० | २ | २०० | १५ | १३०० |
| ५४ | सहकारीको व्यवसायिक योजना निर्माण | संख्या | ० | १ | २०० | | | | | | | | | १ | २०० |
| ५५ | डिजीटल अभिलेखनका लागि सहजिकरण कार्यक्रम | संख्या | ० | १ | ५० | १ | ५० | २ | १०० | | | | | ४ | २०० |
| ५६ | सहकारी सिद्धान्त र अन्तरराष्ट्रिय अभ्यासको आधारमा अनुगमन | पटक | | ५ | १०० | ५ | १०० | ५ | १०० | ५ | १०० | ५ | १०० | २५ | ५०० |

| क्र.सं. | | एकाइ | आ.व. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौं आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५७ | गाउँपालिकाका सबै घरधुरीलाई सहकारीमा आवद्ध गर्ने सचेतना कार्यक्रम | पटक | | ५ | १०० | ५ | १०० | ५ | १०० | ५ | १०० | ५ | १०० | २५ | ५०० |
| ५९ | **उद्योग, बाणिज्य तथा आपुर्ती** | | | | | | | | | | | | | ० | ० |
| ६० | औद्योगिक ग्राम स्थापना | एकमुष्ट | | | २००० | | २००० | | २००० | | २००० | | २००० | | १०००० |
| ६१ | स्थानीय विशेषतामा आधारित अन्य उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययन | संख्या | ० | १ | ५०० | | | | | | | | | १ | ५०० |
| ६२ | उद्योग दर्ता तथ सञ्चालन सम्बन्धि कार्यविधि तर्जुमा | संख्या | ० | १ | ३०० | | | | | | | | | १ | ३०० |
| ६३ | पालिका क्षेत्र भित्र समग्रमा ३ वटा सम्म सुपथ मुल्य पसल स्थापना | संख्या | ० | १ | ३०० | १ | ३०० | १ | ३०० | | | | | ३ | ९०० |
| ६४ | कच्चा पदार्थ उत्पादन लाई बढवा दिदै कच्चा पदार्थ मा आधारित उद्योग स्थापना | संख्या | २ | २ | १०० | ३ | १५० | २ | १०० | २ | १०० | ३ | १५० | १२ | ६०० |
| ६६ | समूहलाई पालिका स्तरको उत्पादन सहकारीमा आवद्धता र आवश्यकता भएकाहरूको मर्जिङ | एकमुष्ट | | | १००० | | १००० | | | | | | | | २००० |
| ६९ | **खाद्य सुरक्षा र गरिवी निवारण** | | | | | | | | | | | | | ० | ० |
| ७० | एक घर एक रोजगार | एकमुष्ट | | | ५०० | | ५०० | | ५०० | | ५०० | | ५०० | | २५०० |
| ७१ | विऊ पुँजी वितरण | एकमुष्ट | | | १००० | | १००० | | १००० | | १००० | | १००० | | १०००० |
| ७३ | लघु उद्यमशिलताको विकास | जना | २० | २० | १०० | ४० | २०० | २० | १०० | २० | १०० | २० | १०० | १२० | ६०० |
| ७४ | कामका लागि नगद कार्यक्रम | एकमुष्ट | | | १००० | | १००० | | १००० | | १००० | | १००० | | १०००० |
| ७५ | गरिव लक्षित कार्यक्रम जस्तै गरिवसँगका विशेष कार्यक्रम | संख्या | ३ | ४ | ४०० | २ | २०० | ५ | ५०० | ३ | ३०० | २ | २०० | १६ | १६०० |
| ७६ | युवा स्वरोजगार कार्यक्रम | संख्या | २ | ३ | १५० | २ | १०० | ३ | १५० | ४ | २०० | ३ | १५० | १५ | ७५० |

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौ आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **सिंचाइ तथा जलस्रोत** | | | | | | | | | | | | | | |
| | साना सिंचाइ कार्यक्रम | रोपनी | ५००० | २०० | १००० | ३०० | १५०० | ५०० | २००० | ७०० | ८००० | ८०० | १२०० | २५०० | १३७०० |
| | कूलो मर्मत संभार कार्यक्रम | रोपनी | १०००० | ५०० | ४००० | ४०० | ३००० | ३०० | २००० | ४०० | ३००० | ५०० | ६००० | २१०० | १८००० |
| | लिफ्ट् सिंचाइ कार्यक्रम | रोपनी | ७०० | १०० | २००० | २०० | ४००० | ३०० | ८००० | ३०० | ८००० | २०० | ६००० | ११०० | २८००० |
| | थोपा सिंचाइ कार्यक्रम | रोपनी | १०० | १०० | ५०० | २०० | १००० | २०० | १००० | २०० | १००० | २०० | १००० | ९०० | ४५०० |
| | प्लास्टिक पोखरी निर्माण कार्यक्रम | रोपनी | ५० | १० | २०० | २० | ४०० | ३० | ६०० | ३० | ६०० | ३० | ६०० | १२० | २४०० |
| ७८ | **सामाजिक विकास क्षेत्र** | | | | | | | | | | | | | ० | ० |
| ७९ | **जनसङ्ख्या तथा बसाईँसराइ** | | | | | | | | | | | | | ० | ० |
| ८० | जनसङ्ख्या सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन तथा अद्यावधिक | संख्या | ० | १ | ५०० | | | | | | | | | १ | ५०० |
| ८२ | मानवीय सेवा र सुविधा उपलब्ध | पटक | ५ | २ | १०० | ५ | ३०० | १० | ५०० | १० | ५०० | ५ | २५० | ३२ | १६५० |
| ८३ | हरेक वस्तीहरूमा जनसङ्ख्या व्यवस्थापन कार्यकम सञ्चालन | पटक | ० | २ | ५० | ३ | ८० | २ | ५० | ४ | ८० | ५ | १०० | १६ | ३६० |
| ८४ | किशोर किशोरी मैत्री तथा यूवामुखी कार्यक्रमहरू सञ्चालन | संख्या | ५ | ५ | १०० | ५ | १०० | ५ | १०० | ६ | १२० | ७ | १४० | २८ | ५६० |
| ८५ | वस्तीहरूमा स्वास्थ्य सेवा पु¥याउने लागि गाउँघर किल्निक कार्यक्रम सञ्चालन | संख्या | १०० | २० | १०० | ३० | १५० | ३० | १५० | ३० | १५० | २० | १०० | १३० | ६५० |
| ८६ | गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरी बसाइँसराइलाई कम गर्ने कार्यक्रम जनचेतना सञ्चालन | संख्या | २ | ५ | १०० | ५ | १०० | २ | २० | ५ | १०० | ५ | १०० | २२ | ४२० |
| ८७ | विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | संख्या | २० | ५१ | १००० | ५१ | १००० | ५१ | १००० | ५१ | १००० | ५१ | १००० | ५१ | ५००० |
| ८८ | **शिक्षा** | | | | | | | | | | | | | ० | ० |
| ८९ | विद्यालयको भौतिक पूर्वाधार (भवन) निर्माण तथा व्यवस्था | संख्या | ५१ | १० | ५००० | १२ | ५००० | | | | | | | २२ | १०००० |

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौं आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९० | नमुना विद्यालय निर्माण | संख्या | ० | ० | ० | ० | ० | १ | ९००० | | | | | १ | ९००० |
| ९१ | विद्यालयमा कम्प्युटर ल्याब निर्माण | संख्या | २० | १० | ५००० | १० | ५००० | १० | ५००० | १० | ५००० | ११ | ६००० | ५१ | २६००० |
| | इ-लाईब्रेरी वा पुस्तकालय स्थापना | संख्या | १० | १० | ५००० | १० | ५००० | १० | ५००० | १० | ५००० | ११ | ६००० | ५१ | २६००० |
| ९२ | विद्यालयको घेराबार | कि.मि. | २ | ०.५ | ५०० | १ | १००० | २ | २००० | ३ | ३००० | ३ | ३००० | १० | ९५०० |
| ९३ | शिक्षकहरूको क्षमता अभिवृद्धि तालिम | पटक | २० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | ११ | १००० | ५१ | ५००० |
| ९४ | विद्यालयको भौतिक पूर्वाधार (खानेपानी) को निर्माण तथा व्यवस्था | संख्या | २० | १० | १००० | १० | १००० | १० | १००० | १० | १००० | ५ | ७०० | ४५ | ४७०० |
| ९५ | विद्यालयको भौतिक पूर्वाधार (शौचालय)को निर्माण तथा व्यवस्था | संख्या | ३० | ५ | ७५०० | ५ | ७५० | ५ | ७५० | ५ | ७५० | ५ | ७५० | २५ | १०५०० |
| ९६ | विद्यालयको भौतिक पूर्वाधार (इन्टरनेट)को जडान तथा व्यवस्था | संख्या | २० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | २५ | २५०० |
| ९७ | विद्यालयको भौतिक पूर्वाधार (प्रोजेक्टर-ल्यापटप-स्मार्टबोर्ड)को व्यवस्था | संख्या | १० | १० | ३००० | १० | ३००० | १० | ३००० | १० | ३००० | १० | ३००० | ५० | १५००० |
| ९९ | आवश्यकता अनुसार स्कुलहरूलाई मर्जिंगमा लैजान सम्भाव्यता अध्ययन | संख्या | ० | १ | १००० | | | | | | | | | १ | १० |
| १०० | स्कुल बसको व्यवस्थापन तथा सञ्चालन | संख्या | ० | १ | २५०० | १ | २५०० | १ | २५०० | | | | | ३ | ७५०० |
| १०१ | **खानेपानी, सरसफाई र स्वच्छता** | | | | | | | | | | | | | ० | ० |
| १०२ | खानेपानीका स्रोतहरूको संरक्षण र व्यवस्थापन | संख्या | २० | २० | ८०० | ३० | ९०० | ५० | १२०० | ४० | ८०० | ३० | १०५० | १७० | ४७५० |
| | गहते- नाङ्गेडाँडा- खहरे गाउँ खानेपानी योजना | एकमुष्ट | ० | | ५००० | | ५००० | | ५००० | | | | | ० | १५००० |
| १०३ | खानेपानी आयोजनाहरूको मर्मत संभार | संख्या | ३० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | ५० | २५०० |
| १०४ | एक घर एक धारा कार्यक्रम | एकमुष्ट | १५०० | १००० | ६००० | १००० | ६००० | १००० | ६००० | १००० | ६००० | १००० | ६००० | ५००० | ३०००० |
| १०५ | खानेपानी पुर्वाधार निर्माण कार्यक्रम | एकमुष्ट | २० | | १००० | | १००० | | १००० | | १००० | | १००० | | ५००० |

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौ आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १०६ | लिफ्ट प्रणालीबाट खानेपानीको व्यवस्था | एकमुष्ट | | | १००० | | १००० | | १००० | | १००० | | १००० | | ५००० |
| १०७ | टोल स्तरीय सरसफाइका लागि टोल सुधार समितिहरू गठन एवम् परिचालन | संख्या | ४ | २ | २०० | २ | २०० | २ | २०० | २ | २०० | २ | २०० | १० | १००० |
| १०८ | सार्वजनिक शौचालय निर्माण (१० वटा) | संख्या | ३ | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | २ | १००० | १० | ५००० |
| १०९ | पुर्ण आनिबानी परिवर्तन सम्वन्धि सरसफाइ चेतनामुलक कार्यक्रम | पटक | ५ | ७ | २०० | ७ | ३०० | ७ | ३५० | ७ | ३०० | ७ | ४०० | ३५ | १५५० |
| ११० | विद्यालय स्तरमा सरसफाइ सम्बन्धि सचेतना कार्यक्रम | पटक | २० | ५१ | ५१० | ५१ | ५१० | ५१ | ५१० | ५१ | ५१० | ५१ | ५१० | २५५ | २५५० |
| १११ | **स्वास्थ्य र पोषण** | | | | | | | | | | | | | ० | ० |
| ११२ | जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम (कोभिड व्यवस्थापनको लागि गाउँपालिका स्तरमा २ वटा कोभिड क्लिनिक स्थापना) | संख्या | १ | १ | ७०० | १ | ९०० | १ | १००० | | | | | ३ | २६०० |
| ११३ | बर्थिंग सेन्टर स्थापना (बर्थिंग सेन्टरमा प्लासेन्टा किट व्यवस्थापन) | संख्या | ० | १ | ८०० | १ | ९०० | १ | ९०० | | | | | ३ | २६०० |
| ११४ | नागरिक स्वास्थ्य विमा प्रर्वद्धन कार्यक्रम | पटक | २ | ५ | ५०० | ७ | ७०० | ७ | ७०० | ७ | ७०० | ७ | ७०० | ३३ | ३३०० |
| ११५ | "सवैका लागि स्वास्थ्य" जनचेतनामुलक कार्यक्रम | पटक | ५ | ४ | २०० | ५ | ३०० | २ | १०० | ३ | २५० | ४ | ४०० | १८ | १२५० |
| ११६ | १५ शैयाको अस्पताल निर्माण तथा सञ्चालन (वडा नं ३ रातामाटामा संघीय सरकारको सहयोगमा काम भएर प्रारम्भिक वतावरणीय अध्ययन (IEE) भै रहेको) | संख्या | ० | १ | १५००० | | १५००० | | | | | | | १ | ३०००० |
| ११७ | आधारभूत तथा पुनर्ताजकी तालिम | जना | १० | २० | २०० | २५ | २५० | २५ | २५० | ३० | ३०० | ३० | ३०० | १३० | १३०० |
| ११८ | सबै स्वास्थ्यचौकीमा ल्याबको व्यवस्था | संख्या | १ | २ | ८०० | २ | ९०० | २ | १००० | | | | | ६ | २७०० |
| ११९ | सबै स्वास्थ्यचौकीमा खानेपानीको व्यवस्था | संख्या | ७ | २ | ५०० | २ | ३०० | २ | ३०० | २ | ३५० | १ | ४०० | ९ | १८५० |
| १२० | स्वास्थ्यचौकी भवन निर्माण | संख्या | ७ | ० | ० | १ | ५००० | ० | ० | १ | ५००० | १ | ५००० | ३ | १५००० |

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौं आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२१ | स्वास्थ्यचौकी भवनको घेराबार | कि.मी. | ०.५ | ०.४ | ४०० | ०.५ | ५०० | ०.५ | ५०० | ०.६ | ६०० | ०.५ | ५०० | ३ | २५०० |
| १२२ | स्वास्थ्य शिविर सञ्चालन | पटक | २० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | ५० | २५०० |
| *** | **महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिहरू** | | | | | | | | | | | | | ० | ० |
| * | **महिला** | | | | | | | | | | | | | ० | ० |
| * | लैङ्गिक हिंसा बिरुद्ध सचेतनामूलक कार्यक्रम | पटक | ४ | २ | ५० | ४ | १०० | ३ | ९० | ४ | १०० | ३ | ९० | १६ | ४३० |
| * | कानुनी सचेतना तथा अभिमुखीकरण | पटक | ५ | २ | ८० | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | १० | ४८० |
| * | स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर्स्थापना र सुरक्षा गृह स्थापना | संख्या | ० | ० | ० | १ | ७५०० | | | | | | | १ | ७५०० |
| * | महिला उद्यमशीलताको विकासका लागि तालिम र व्यवसायिक केन्द्रको स्थापना | संख्या | ० | ० | ० | ० | ० | १ | ३५०० | | | | | १ | ३५०० |
| * | **बालबालिका** | | | | | | | | | | | | | ० | ० |
| * | बालअधिकार समिति बाल क्लव तथा बालसञ्जालहरूको गठन, सञ्चालन, संस्थागत तथा क्षमता विकास | संख्या | ११ | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | १० | ५०० | ५० | २५०० |
| * | वार्डस्तरमा बालउद्यान र बाल-पुस्तकालयको व्यवस्था | संख्या | १ | २ | ४०० | २ | ४०० | २ | ४०० | २ | ४०० | १ | २०० | ९ | १८०० |
| * | जनजातिका तथा सीमान्तीकृत परिवारका वालवालिकाकालागि पोषण | जना | २० | ५० | २०० | ५० | २५० | ६० | ३०० | ५० | २०० | ५० | २०० | २६० | ११५० |
| * | बालअधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | ५ | ४ | ४० | ७ | ७० | ७ | ७० | ७ | ७० | ७ | ७० | ३२ | ३२० |
| | **ज्येष्ठ नागरिक** | | | | | | | | | | | | | ० | ० |
| | दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन | संख्या | २ | ३ | ३०० | ७ | ७०० | ५ | ५०० | ४ | ४०० | ५ | ५०० | २४ | २४०० |
| | ज्येष्ठ नागरिक आश्रमहरू (सत्सङ्ग भवन) को संस्थागत क्षमता | पटक | ३ | २ | ५० | ४ | १०० | ७ | २०० | ७ | २०० | ७ | २०० | २७ | ७५० |
| | अन्तरपुस्ता छलफल तथा अन्तरक्रिया | पटक | २ | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | १ | १०० | ५ | ५०० |

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौ आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ज्येष्ठ नागरिकहरूको तथ्याङ्क संकलन तथा अद्यावधिक | संख्या | १ | १ | २०० | | | | | | | | | १ | २०० |
| | **अपाङ्गता** | | | | | | | | | | | | | ० | ० |
| | अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन तथा अद्यावधिक | पटक | ० | १ | २०० | | | | | | | | | १ | २०० |
| | गाउँपालिकामा अपाङ्गता सम्बन्धी हेल्प डेक्स स्थापना | संख्या | १ | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | ५ | १५०० |
| | अपाङ्गता भएका व्यक्तिहरूका लागि क्षमता अनुसारको रोजगारी प्रारम्भ सीप विकास तालिम | पटक | २ | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | २ | १०० | १० | ५०० |
| | अपाङ्गता मैत्री संरचना निर्माण सचेतना | संख्या | १ | २ | ५०० | २ | ५०० | २ | ५०० | २ | ५०० | २ | ५०० | १० | २५०० |
| | पूर्ण अशक्त अपाङ्गता भएका विपन्न परिवारका सदस्यहरूको लागि रोजगारी श्रृजना | संख्या | २ | १ | २०० | २ | ४०० | ३ | ६०० | | | | | ६ | १२०० |
| | **युवा तथा खेलकुद** | | | | | | | | | | | | | ० | ० |
| | युवा सूचना केन्द्रको स्थापना र सञ्चालन | संख्या | १ | २ | ४०० | ३ | ६०० | २ | ४०० | २ | ५०० | २ | ५०० | ११ | २४०० |
| | युवाहरूकालागि प्राविधिक तथा व्यवसायिक तालिम र उद्यमशीलताको विकास | पटक | २ | ३ | ३०० | ४ | ४०० | ५ | ५०० | ४ | ४०० | ५ | ५०० | २१ | २१०० |
| | प्रत्येक वार्डमा खेलमैदान निर्माण तथा स्तरबृद्धि | एकमुष्ट | १४ | | ८०० | | १००० | | १००० | | ६०० | | ६०० | | ४००० |
| | रंगशाला निर्माण (वडा नं १ को अर्चलेमा काभ्रे, रामेछाप र सिन्धुलीको केन्द्र पारेर) | एकमुष्ट | | | | | १५००० | | १५००० | | १०००० | | | | ४०००० |
| | **समाजिक सुरक्षा तथा संरक्षण** | | | | | | | | | | | | | ० | ० |
| | सामाजिक सुरक्षा कोषको व्यवस्थापन | एकमुष्ट | | | ५०० | | ५०० | | ५०० | | ५०० | | ५०० | | २५०० |
| | सामाजिक सुरक्षा सम्बन्धी जनचेतना | पटक | २ | २ | २० | २ | २० | ३ | ३० | ४ | ४० | ५ | ५० | १६ | १६० |
| | वैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरणका लागी सहकार्य | प्रतिशत | | २० | २०० | ४० | २०० | ४० | २०० | | | | | १०० | ६०० |

| क्र.सं. | | एकाइ | आ.व. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौं आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२४ | **पूर्वाधार विकास क्षेत्र** | | | | | | | | | | | | | ० | ० |
| १२५ | **ऊर्जा** | | | | | | | | | | | | | ० | ० |
| १२६ | सौर्य उर्जाको उत्पादन वृद्धि गरी लघु उद्यम, लिफ्ट, सिंचाई र खानेपानीमा प्रयोग | एकमुष्ट | | | १००० | | २००० | | २००० | | १००० | | २००० | | ८००० |
| १२७ | सबै वडामा थ्री फेज लाइन विस्तार | एकमुष्ट | | | १००० | | १००० | | १००० | | | | | | ३००० |
| १२९ | फोहोर प्रसोधनबाट जैविक उर्जा उत्पादन र प्रवर्द्धन | एकमुष्ट | | | ५०० | | ५०० | | ५०० | | ५०० | | ५०० | | २५०० |
| १३० | खाना बनाउनका लागि बिद्युतीय उर्जा प्रयोग प्रोत्साहन कार्यक्रम | एकमुष्ट | | | ५०० | | ५०० | | ५०० | | ५०० | | ५०० | | २५०० |
| १३१ | **यातायात पूर्वाधार** | | | | | | | | | | | | | ० | ० |
| १३२ | सडक गुरूयोजना तयारी | संख्या | ० | १ | १००० | | | | | | | | | १ | १००० |
| * | सातवटै वडालाई बि.पि. राजमार्गसंग जोडेर सर्वयाम यातायात सञ्चालन हुने गरेर नाला र ग्याविन वाल समेतको सडकको स्तरोन्नती (सबै वडाका १०५ कि.मि. सडक नाला सहित, ग्याबिन वाल सहित) | कि.मि. | ३० | ५ | ७५००० | २५ | ३७५००० | २५ | ३७५००० | २५ | ३७५००० | २५ | ३७५००० | १०५ | १५७५००० |
| | वडा नं ३ बाहेक सबै वडाहरुलाई छोएर जाने करिब ५५ कि.मी कालोपत्रे सडक निर्माण (प्रदेश सरकारको कार्यक्रम मार्फत) | कि.मि. | | | | | | | | | | | | ५५ | ० |
| * | दुम्जा - टुपि गौडा लालबन्दी सडक संघ सरकारको सहयोगमा ६० कि.मी. मध्ये २५ कि.मी. सुनकोशी १ मा पर्ने ११ मिटर चौडाई भएको सडक निर्माण | कि.मि. | | | | | | | | | | | | २५ | ० |
| * | कृषि सडक बिभिन्न वस्ती हुँदै (नागी - काफलचौर) | कि.मी. | १० | ५ | १५००० | ५ | १५००० | १० | ३०००० | १० | ३०००० | ५ | १५००० | ३५ | १०५००० |

| क्र.सं. | | एकाइ | आ.ब. | पहिलो आ.व. | बजेट | दोस्रो आ.व. | बजेट | तेस्रो आ.व. | बजेट | चौथो आ.व. | बजेट | पाँचौ आ.व. | बजेट | लक्ष्य | बजेट (रू. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
